# DIRECTORATE OF DISTANCE EDUCATION

# UNIVERSITY OF NORTH BENGAL

## MASTER OF ARTS – NEPALI

## SEMESTER-II

## साहित्य-तत्त्व तथा पूर्वीय काव्य सिद्धान्त

## NEP (DE)-PG-C-203

## BLOCK – 2

**UNIVERSITY OF NORTH BENGAL**

Postal Address:

The Registrar,

University of North Bengal,

Raja Rammohunpur,

P.O.-N.B.U., Dist-Darjeeling,

West Bengal, Pin-734013,

India.

Phone: (O) +91 0353-2776331/2699008

Fax: (0353) 2776313, 2699001

Email: regnbu@sancharnet.in ; regnbu@nbu.ac.in

Wesbsite: www.nbu.ac.in

First Published in 2019

All rights reserved. No Part of this book may be reproduced or transmitted, in any form or by any means, without permission in writing from University of North Bengal. Any person who does any unauthorized act in relation to this book may be liable to criminal prosecution and civil claims for damages. This book is meant for educational and learning purpose. The authors of the book has/have taken all reasonable care to ensure that the contents of the book do not violate any existing copyright or other intellectual property rights of any person in any manner whatsoever. In the even the Authors has/ have been unable to track any source and if any copyright has been inadvertently infringed, please notify the publisher in writing for corrective action.

# FOREWORD

The Self Learning Material (SLM) is written with the aim of providing simple and organized study content to all the learners. The SLMs are prepared on the framework of being mutually cohesive, internally consistent and structured as per the university's syllabi. It is a humble attempt to give glimpses of the various approaches and dimensions to the topic of study and to kindle the learner's interest to the subject

We have tried to put together information from various sources into this book that has been written in an engaging style with interesting and relevant examples. It introduces you to the insights of subject concepts and theories and presents them in a way that is easy to understand and comprehend.

We always believe in continuous improvement and would periodically update the content in the very interest of the learners. It may be added that despite enormous efforts and coordination, there is every possibility for some omission or inadequacy in few areas or topics, which would definitely be rectified in future.

We hope you enjoy learning from this book and the experience truly enrich your learning and help you to advance in your career and future endeavours.

# साहित्य-तत्त्व तथा पूर्वीय काव्य सिद्धान्त

## BLOCK-1

एकाइ – १, काव्यको परिचय, काव्य तथा साहित्यका विविध विधा

एकाइ – २, काव्य हेतु र काव्य प्रयोजन

एकाइ – ३, काव्यका प्रकार, काव्य गुण र दोष

एकाइ – ४, रीति र शैली, छन्द र अलङ्कार, प्रतीक र बिम्ब

एकाइ – ५, ध्वनिको अर्थ र परिचय, ध्वनि विरोधी मत र तिनका खण्डन

एकाइ – ६, शब्दशक्ति र व्यङ्ग्यार्थ

एकाइ – ७, काव्यमा ध्वनिको स्थान, उपयोगिता र महत्व, ध्वनिका भेद - उपभेदहरू

## BLOCK-2

एकाइ **– 8** रसको अर्थ र परिचय**,** रसोत्पत्ति प्रक्रिया र चिन्तनको विकासक्रम **8**

एकाइ **– 9** रसको स्वरूप र रसानुभूति प्रक्रिया **........................................ 35**

एकाइ **– 10** काव्यमा रसको स्थिति**,** रसदोष **.............................................. 76**

एकाइ **– 11** रसवादको प्राप्ति र सीमा **...................................................... 113**

एकाइ **– 12** विविध रसहरूको सोदाहरण परिचय **..................................... 148**

एकाइ **– 13** वक्रोक्तिको अर्थ र परिभाषा**,** वक्रोक्तिबारे चिन्तनको विकासक्रम **183**

एकाइ **– 14** वक्रोक्तिका भेदहरू**,** काव्य तथा समीक्षा सिद्धान्तमा वक्रोक्तिको स्थान र महत्व **........................................................................... 220**

# □ □ □-2 साहित्य-तत्त्व तथा पूर्वीय काव्य सिद्धान्त

यस **साहित्य-तत्त्व तथा पूर्वीय काव्य सिद्धान्त**अन्तर्गत रहेको यस प्रभाग - २ लाई हामी यसरी अध्ययन गर्न सक्छौं –

**एकाइ – ८, रसको अर्थ र परिचय, रसोत्पत्ति प्रक्रिया र चिन्तनको विकासक्रम ।** यस एकाइमा रसबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ रसको अर्थ र परिभाषालाई अध्ययन गर्दै रसोत्पत्तिको मूल प्रक्रियालाई यस एकाइलाई अध्ययन – विश्लेषण गरिने छ । यसका साथै रस चिन्तनको विसासक्रमबारे पूर्वीय साहित्यको सन्दर्भमा यसको विषद् रूपमा अध्ययन – अवलोकन गरिएको छ ।

**एकाइ – ९, रसको स्वरूप र रसानुभूति प्रक्रिया ।** -यस एकाइमा रस र यसका स्वरूपबारे विस्तृत रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ रसको सामान्य परिचय दिँदै रसका के – कस्ता स्वरूप छन् भन्ने कुराको पनि अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ । यसका साथै रसानुभूति प्रक्रिया कसरी र के कारणले काव्य वा साहित्यमा भावकलाई प्राप्त हुँदछ भन्ने कुराको खोजी गर्दै यसको विस्तृत अध्ययन गरिएको छ ।

**एकाइ – १०, काव्यमा रसको स्थिति, रसदोष ।** - यस एकाइमा काव्यको सन्दर्भमा रसबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययनमा विशेष काव्य र रसको सामान्य परिचयात्मक टिप्पणी दिँदै काव्यमा रसको के – कस्तो स्थिति रहेको छ भन्ने विषयको अध्ययन यस एकाइमा गरिने छ । यसका अतिरिक्त रसदोषबारे विषद् रूपमा अध्ययन गर्दै काव्यमा रहेका तीनवटा दोषहरू अर्थ दोष, वाक्य दोष र रस दोषको विस्तृत रूपमा अध्ययन – चिन्तन गरिएको छ ।

**एकाइ – ११, रसवादको प्राप्ति र सीमा ।** - यस एकाइमा रसवादलाई विशेष रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ पूर्वीय साहित्यमा प्रचलित रस – सिद्धान्तको परिप्रक्ष्यमा रसवादको प्राप्तिहरूबारे अध्ययन – विश्लेषण

यस एकाइमा गरिने छ । यसका साथै काव्य वा साहित्यमा रसवाद कोबाट र कहिले प्रारम्भ भयो भन्ने विषयमा गवोषण गर्दै रसवादका सीमाहरूबारे विस्तृत रूपमा अध्ययन गरिएको छ ।

**एकाइ – १२, विविध रसहरूको सोदाहरण परिचय ।**- यस एकाइमा रस र यसका विविध प्रकारबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ विविध रसका प्रकारहरू जस्तै शृङ्गार रस, करूण रस, वीर रस, अद्भूत रस, विभत्स रस, हास्य रस, शान्त रस आदि नौवटा रसहरूको उदाहरण सहित परिभाषाको अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ ।

**एकाइ – १३, वक्रोक्तिको अर्थ र परिभाषा, वक्रोक्तिबारे चिन्तनको विकासक्रम ।**

यस एकाइमा वक्रोक्तिबारे विस्तृत रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ वक्रोक्तिको अर्थ र परिभाषालाई केलाउँदै वक्रोक्ति सम्भन्धि चिन्तनको विकासक्रमलाई यस एकाइमा अध्ययन – विश्लेषण गरिने छ । यसका अतिरिक्त वक्रोक्तिको उत्पत्ति र विकास, यसको चरणगत विशेषताहरू र यस वादका प्रवर्तक क्षेमेन्द्रको बारेमा पनि यस एकाइमा विस्तृत रूपमा अध्ययन – मनन गरिएको छ ।

**एकाइ – १४, वक्रोक्तिका भेदहरू, काव्य तथा समीक्षा सिद्धान्तमा वक्रोक्तिको स्थान र महत्व ।**- यस एकाइमा वक्रोक्तिबारे नै विस्तृत रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ वक्रोक्तिको सामान्य परिचयलाई केलाउँदै वक्रोक्तिको विभिन्न भेदहरूको पनि यस एकाइमा अध्ययन – विश्लेषण गरिने छ । यसका अतिरिक्त काव्य वा समीक्षा सिद्धान्तमा वक्रोक्तिको स्थान र मूल्य के – कस्तो रहेको छ भन्ने विषयमा यस एकाइमा विस्तृत रूपमा अध्ययन – मनन गरिएको छ ।

# एकाइ – 8 रसको अर्थ र परिचय, रसोत्पत्ति प्रक्रिया र चिन्तनको विकासक्रम

**संरचना**

8.0 उद्देश्य

8.1 परिचय

8.2 रसको अर्थ र परिभाषा

8.3 रसोत्पत्ति प्रक्रिया

8.3.1 रसोत्पत्ति प्रक्रिया साधारणीकरण पद्धति

8.4 रस चिन्तनको विकासक्रम

8.5 उपसंहार

8.6 सार

8.7 अनुशीलनी

8.8 अतिरिक्त अध्ययन

8.9 मूल्यबृद्धिको निम्ति उत्तर

## 8.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- रसको सामान्य परिचय
- रसको अर्थ र परिभाषा
- रसोत्पत्ति प्रक्रिया
- रस चिन्तनको विकासक्रम

## 8.1 परिचय

साहित्यमा शास्त्रीय रूपमा रसको विवेचना गर्ने प्रथम आचार्य भरतमुनिलाई मानिन्छ । उनले काव्यको आवश्यक तत्वका रूपमा रसको प्रतिष्ठा गर्दै शृङ्गार, हास्य, रौद्र, करुण, वीर, अद्भुत, बीभत्स र भयानक आदि आठवटा भेदलाई स्पष्टतः उल्लेख गरेका छन् तथा विद्वान्हरू उनैले शान्त नामक नवौं रसलाई पनि स्वीकृति दिएको बताउँदछन् । यिनै हुन् – नवरस । उनले आफ्नो 'नाट्यशास्त्र' - मा रसोत्पत्ति विषयको चर्चालाई यसरी सूत्रबद्ध गरेको पाइन्छ – विभाव, अनुभाव र सञ्चारीभावको संयोगले यी विभिन्न रसको निष्पत्ति हुन्छ वा हृदयको स्थायीभावले विभाव, अनुभाव र सञ्चारीभावको संयोग प्राप्त गर्दा रस रूप निष्पन्न हुन्छ।(२) त्यसैले रसका चारवटा अङ्ग मानिन्छन् – स्थायीभाव, विभाव, अनुभाव र सञ्चारीभाव । प्रत्येक रसको स्थायीभाव बेग्लाबेग्लै छ । त्यसैको विभावादि संयोगले परिपूर्ण हुने निर्विघ्न – प्रतीति - ग्राह्य अवस्थालाई नै रस भनिन्छ ।

पूर्वीय साहित्यशास्त्रका पछिल्ला प्रखर आचार्यहरूले रसबारे आ – आफ्नो धारणा व्यक्त गरेका पाउँछौ । काव्यमा रमणीयतालाई विशेष महत्त्व गर्ने रस

पूर्वीय साहित्यमा काव्यमा सन्दर्भमा मूल रूपमा रहेको देखिन्छ । पूर्वीय आचार्यहरूले प्रस्तुत गरेको रसको लक्षण साथै यसको अर्थ र परिभाषालाई अध्ययन – अनुशिलन गर्दा रस काव्यको केन्द्रीय स्थानमा रहेको हुन्छ । साथै यो काव्यको प्रमुख घटक पनि पूर्वीय आचार्यहरूले मानेका छन् । भरतमूनिदेखि जगन्नानाथ, बामन, विश्वनाथ, आनन्दवर्धन आदिमा आइपुग्दा यी सबै आचार्यहरूका रसबारे परिभाषाहरू आफ्ना - आफ्नै र मौलिक छन् । यिनमा आनन्दवर्धन तथा रसवादीबाहेक अन्य सबैले काव्यको वस्तुवादी, भाषावादी परिभाषा गरेका छन् भने ध्वनिवादी - रसवादी चिन्तकहरूले भाषावादी दृष्टिलाई अपेक्षाकृत कम महत्त्व दिँदै रस सिद्धान्तको विकास गरेर लगेको प्रतीत हुन्छ ।

## 8.2 रसको अर्थ र परिभाषा

प्राचीन कालदेखि नै रस शब्दको प्रयोग विभिन्न अर्थमा भएको पाइन्छ। यसका विभिन्न अर्थमध्ये निम्नलिखित चारवटा अर्थलाई विशेष महत्व दिइन्छ -

(1) **पदार्थको रस** – जडीबुटी वा झारपाट निचोरेर विकालेको झोल, पानी, दूध, सोमरस आदिलाई पदार्थको रस भनिन्छ । रसको प्रयोग यी सबै झोलिला वस्तुहरूका साथै तिनको अमिलो, तितो, टर्रो, गुलियो, नुनिलो, पिरो आदि स्वादका लागि पनि भएको छ ।

(2) **आयुर्वेदको रस** – पदार्थको औषधीय झोललाई आयुर्वेदको रस (पारद/पारो) भनिन्छ । आयुर्वेदले रसको स्वाद होइन गुण वा शक्तिमथि

विशेष जोड दिएको छ । यसलाई शरीरका ग्रन्थिहरूमा रहेर शारीरिक वृद्धि गर्ने रसका रूपमा समेत लिइएको छ ।

(3) **मोक्ष वा भक्तिको रस** – आत्माको आनन्दलाई मोक्ष वा भक्तिको रस भनिन्छ । यस आत्मानान्दको अनुभव ईश्वरसँग अभिन्न भएर गरिन्छ।

(4) **साहित्यको रस** – काव्यसौन्दर्यबाट प्राप्त आनन्द र त्यसको आस्वादलाई साहित्यको रस भनिन्छ । यो पदार्थ र आयुर्वेदको रसजस्तो भौतिक नभएर मोक्ष वा भक्तिको रसजस्तो आत्मिक हुन्छ । भौतिक रसको आस्वादन जिब्राले गर्छ भने साहित्यिक रसको आस्वादन मन वा आत्माले गर्छ ।

रसका उपर्युक्त चार अर्थमध्ये पहिलो अर्थको प्रयोग वेदहरूमै भएको पाइन्छ । त्यहाँ यसको प्रयोग झोल (पानी, दूध, सोमरस आदि) अर्थमा भएकाले यसैलाई मूल अर्थ मानिन्छ। रसको यस अर्थमा विस्तार उपनिषदकालमा भएको छ । त्यस समयदेखि यसको अर्थ आस्वाद मात्र नभई गुण (औषधीय शक्ति) पनि हुन पुगेको पाइन्छ । रसको मोक्ष वा भक्तिरस भन्ने प्रयोग पनि यसै कालदेखि हुन थालेको हो । यसरी रस शब्दको अर्थ स्थूलबाट सूक्ष्मतिर विकसित भएको पाइन्छ ।

साहित्यिक अर्थमा रस शब्दको प्रयोग वैदिक कालमा नभएर लौकिक कालमा भएको हो । वाल्मीकिको रामायणमा नवैरसहरूको उल्लेख र प्रयोग पाइन्छ । यसमा गरिएको प्रयोग शास्त्रीय नभएर साहित्यिक हो । रस शब्दको शास्त्रीय प्रयोग सर्वप्रथम भारतको नाट्यशास्त्रमा भएको पाइन्छ । **नाट्यशास्त्र**मा रसको परिभाषा प्रस्तुत गरी यसरी चिनाइएको छ –

विभाव, अनुभाव, व्यबिचारी भाव संयोगान्त रसनिष्पत्ति :

अर्थानृत् विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट रसको निष्पति हुन्छ भन्ने रस सूत्र प्रतिपादन गर्ने आचार्यहरूले बताएका छन् । यसपछि रस काव्यशास्त्रको केन्द्रीय विषय बनेको र एउटा सशक्त सम्प्रदायका रूपमा विकसित भएको हो । भरतपछिका अधिकांश रसवादी चिन्तकहरूले रसलाई काव्यको आत्मा र ब्रह्मानन्द सहोदर मानेका छन् ।

## 8.3 रसोत्पत्ति प्रक्रिया

आचार्य भरतमुनिपछि अनेक विद्वानहरूले रसको व्याख्या गरेका छन् । भरतपछि रसका जेजति व्याख्या भए ती सबै मुख्यतः रसनिष्पत्ति विषयमा केन्द्रित छन् । यसो हुनाले मुख्य कारण के हो भने भरत स्वयंले आफ्नो रससूत्रमा रसको स्वरूप वा लक्षण नबताई त्यसको निष्पत्तिको कुरा उठाएका छन् । प्रवर्तकद्वारा नै निष्पत्तिको कुरो उठाइएको हुँदा पछिका विचारकहरूले पनि त्यही सन्दर्भमा सोचविचार गर्नु स्वाभाविकै हो ।

भरतपछि विभिन्न विद्वान्हरूले रसको व्याख्या गरे तापनि अधिकांशका मूलग्रन्थ फेला परेका छैनन् । पण्डितराज जगन्नाथले रसका भिन्नभिन्न आठवटा व्याख्याहरूको उल्लेख गरेका छन् । तर तीमध्ये चारवटा व्याख्या मात्र उपलब्ध छन् । ती चारवटा व्याख्यामध्ये भट्टलोल्ट, शङ्कुक र भट्टनायकका मूलग्रन्थ फेला परेका छैनन् । यी तीनै व्याख्याताहरूको मान्यतालाई चौथा व्याख्याता अभिनवगुप्तले आफ्ना ग्रन्थमा गाभेर प्रस्तुत गरेका छन् । यी चारैजनाको रसनिष्पत्तिसम्बन्धी व्याख्या तल प्रस्तुत गरिएको छ ।

(1) **भट्टलोल्लटको मान्यता - उत्पत्तिवाद**

भरतको रससूत्रको व्याख्या गर्ने प्रथम विचारक भट्टलोल्लट हुन् । लोल्लटको मूलग्रन्थ फेला नपरे पनि यिनका मतको उतार अभिनवगुप्त र मम्मटले आ-आफ्ना ग्रन्थमा दिएका छन् । यिनलाई मुख्यतः मीमांसक मानिन्छ । लोल्लटले भरतको रससूत्रमा प्रयुक्त निष्पत्ति शब्दको अर्थ उत्पत्ति र संयोगात् शब्दको अर्थ कार्य-कारण सम्बन्ध भन्ने निर्धारण गरेका छन् । कार्य - कारण सम्बन्धलाई स्पष्ट पार्दै उनले विभाव, अनुभाव र व्यभिचारी भावलाई रस उत्पत्तिको कारण तथा रसलाई कार्य मानेका छन् ।

कार्य - कारण सम्बन्धको अझै सूक्ष्म व्याख्या गर्दै उनले रस र विभावमा उत्पाद्य उत्पादकको सम्बन्ध, रस र अनुभवमा गम्य - गमकको सम्बन्ध तथा रस र व्यभिचारीभावमा पोष्य - पोषक सम्बन्ध हुन्छ भन्ने धारणा अगि सारेका छन् । यसको खास तात्पर्य रसको उत्पत्ति विभावबाट, यसको प्रतीति अनुभावबाट र यसको पोषण व्यभिचारी भावबाट हुन्छ भन्ने हो । निष्कर्षतः कार्य - कारण सम्बन्ध भनेको उत्पाद्य – उत्पादक + गम्य – गमक + पोष्य -पोषक सम्बन्धहरूको समष्टि हो ।

भट्टलोल्लटका मतअनुसार रस मूल रूपमा राम, सीता आदि अनुकार्यमा हुन्छ । कुनै अनुकर्ता (नट, अभिनेता) - ले रामको दुरुस्त अभिनय गर्छ भने प्रेक्षकहरू त्यसको अभिनयबाट प्रभावित भई त्यही अनुकर्तामा मूल पात्र राम, सीता आदिलाई आरोपित गरेर अभिनयबाटै आनन्द प्राप्त गर्छन् । यसरी मूल पात्र राममा नै उत्पन्न हुन्छ भन्ने मान्यताका आधारमा यसालई उत्पत्तिवाद भनिएको हो । दर्शकहरूले मूल रामको आरोप अभिनेतामा पनि गर्ने हुँदा गौण रूपमा रस अभिनेतामा पनि हुन्छ भन्ने लोल्लटको मान्यता छ । जसरी डोरीमा आरोपित सर्पले वास्तविक सर्पझैँ डर उत्पन्न गर्छ त्यसै गरी

दर्शकले अनुकर्तामा पनि राम आदिको आरोप गर्दा रसको उत्पत्ति हुन्छ भन्ने मान्यता पनि रहेको छ । यसरी अनुकार्यका रसको आरोप अनुकर्तामा गरिने हुँदा यसलाई आरोपवाद पनि भनिन्छ ।

रससूत्र सम्बन्धी भट्टलोल्लटले गरेको व्याख्यामा उनले पनि भरतझैँ रसलाई आस्वाद नभएर आस्वाद्यकै रूपमा प्रस्तुत गरेका छन् । मुख्यतः अनुकार्यमा र अंशतः अनुकर्तामा रस हुन्छ, तर प्रेक्षकमा हुँदैन भन्ने उनको व्याख्या रहेको छ । उनको यस व्याख्यामा प्रेक्षकको उपेक्षा भएको हुँदा उत्तरवादी विद्वानहरूले त्यसको खण्डन गरेका छन् । जतिसुकै खण्डन गरिए तापनि लोल्लटको स्थापना रससूत्रको पहिलो व्याख्या भएकाले यसलाई विशेष महत्त्व समेत दिइन्छ ।

**(2) शङ्कुकको मान्यता - अनुमितिवाद**

शङ्कुक भरतको रससूत्रका दोस्रो प्रसिद्ध व्याख्याता हुन् । यिनको मूलग्रन्थ फेला नपरे पनि यिनका मतको उतार अभिनवगुप्त र मम्मटले आफ्ना ग्रन्थमा दिएका छन् । यिनै दुईका आधारमा हेमचन्द्रले पनि शङ्कुकको मत प्रस्तुत गरेका छन् । यिनलाई मुख्यतः नैयायिक मानिन्छ । यिनले भट्टलोल्लटको उत्पत्तिवाद वा आरोपवादको खण्डन गर्दै आफ्नो स्थापना गरेका छन् ।

शङ्कुकले भरतका रससूक्षमा प्रयुक्त निष्पत्ति शब्दको अर्थ अनुमति र संयोगात्को अर्थ अनुमाप्य - अनुमापक सम्बन्ध भन्ने निर्धारण गरेका छन् । अनुमाप्य - अनुमपक सम्बन्धलाई स्पष्ट पार्दै उनले विभाव, अनुभाव र व्यभिचारीभावलाई अनुमापक तथा रसलाई अनुमाप्य मानेका छन् । यिनले

धूमवह्नि तथा चित्रतुरग न्यायका आधामरा आफ्नो मान्यता प्रस्तुत गरेका छन् । उनले धूमवह्नि न्यायका आधारमा जसरी धुवाँ देखेर आगाको अनुमान हुन्छ त्यसै गरी अनुकर्ताद्वारा राम आदि विभाव एवं तिनका अनुभाव र व्यभिचारीभावको अभिनय गर्दा रसको अनुमान हुन्छ भनेका छन् । चित्रतुरग न्यायका आधारमा जसरी चित्रको घोडालाई साँच्चीकै घोडा ठानेर दर्शकहरू आनन्दित हुन्छन् त्यसै गरी राम आदिको अभिनय गर्ने अनुकर्तालाई वास्तविक रामको अनुमान गरी प्रेक्षकहरू चमत्कृत हुन्छन् भन्ने यिनको दृष्टिकोण छ । यस व्याख्याबाट अनुकर्तामा स्थायीभाव वा रस हुन्छ भन्ने शङ्कुकले प्रमाणित गरेका छन् । अनुकर्ताले राम आदिको अभिनय गर्दा दर्शकले अनुकर्तामै स्थायीभाव छ भन्ने अनुमान गरी रसको अनुभूति  गर्छ । यहीआधारमा यसलाई अनुमितिवाद भनिएको हो । यसमा राम आदिको अनुकरण वा अभिनयमा विशेष जोड दिइएको हुँदा यसलाई अनुकरणवाद पनि भनिन्छ ।

भट्टलोल्लटझैँ शङ्कुकले पनि रसलाई आस्वाद नभएर आस्वाद्य मानेका छन् । यस दृष्टिबाट यिनले गरेको रससूत्रको व्याख्या पनि विषयगत नै ठहरिए तापनि उनले लोल्लटझैँ दर्शकहरूको एकदमै उपेक्षा गरेका छैनन् । उनले दर्शकहरूलाई अनुमान गर्नसम्म छुट दिएर तिनलाई सक्रिय तुल्याउने प्रयास गरेका छन् । साथै यिनले रससूत्रको व्याख्या दार्शनिक (न्याय दर्शन) कोणबाट गरेका हुँदा विवेचनामा गहिराइ उत्पन्न भई व्याख्यालाई उच्चतातर्फ उन्मुख गराएको देखिन्छ । यिनको अनुमितिवाद वा अनुकरणवादको खण्डन भट्टतौत र उनका शिष्य अभिनवगुप्तले गरेका छन् ।

**(3) भट्टनायकको मान्यता - भुक्तिवाद**

भरतको रससूत्रमा तेस्रा विख्यात व्याख्याता भट्टनायक हुन् । यिनको पनि मूल ग्रन्थ उपलब्ध छैन, तर यिनका मतको उतार अभिनवगुप्तले आफ्नो ग्रन्थ अभिनव भारतीमा दिएका छन् । भट्टनायकले भोग शब्दको आधारमा रसको व्याख्या गरेका हुँदा यिनलाई शाङ्ख्य दर्शनका अनुयायी मानिन्छ ।

भट्टनायकले भरतको रससूत्रमा प्रयुक्त निष्पत्ति शब्दको अर्थ भुक्ति वा भोग र संयोगात् शब्दको अर्थ भाव्य-भावक वा भोज्य - भोजक सम्बन्ध भन्ने निर्धारण गरेका छन् । यिनले गरेको व्याख्यानुसार अनुकर्तामा स्थायीभाव रहन्छ भने दर्शकमा रसको स्थिति हुन्छ । रसको निष्पत्ति प्रक्रियालाई यिनले अभिधा, भावकत्व र भोजकत्व व्यापारबाट सम्पन्न हुने जनाएका छन् । यस सन्दर्भमा अभिधा भनेको नाटक वा काव्यको सोझो अर्थ हो । भावकत्व भनेको अनुकर्ता व्यष्टि रूपबाट समष्टि रूप प्राप्त गरी विशेष अवस्थाबाट साधारणीकरण / सामान्यीकरणको अवस्थामा पुग्नु हो । भोजकत्व भनेको भावकत्व पछिको उत्कर्षावस्था हो । भोजकत्वको अवस्थामा पुगेपछि रजोगुण र तमोगुण तिरोहित भई सत्त्वगुण मात्र शेष रहन्छ । यही सत्त्वगुण उत्कर्षमा पुग्दा रस दर्शकका लागि भुक्ति वा भोगका रूपमा प्राप्त हुन्छ ।

भट्टनायकको मान्यतालाई मम्मटले **काव्यप्रकाश**मा सार - संक्षेप गरी यसप्रकार प्रस्तुत गरेका छन् -

न तटस्थ न स्वगत रूपमा रसको प्रतीति, उत्पत्ति वा अभिव्यक्ति हुन्छ । काव्य र नाटकमा अभिधाभन्दा दोस्रो विभावादिका साधारणीकरण रूप भावकत्व भन्ने व्यापारले भाव्यमान स्थायीभाव तथा सत्त्वको उद्रेकबाट प्रकाश र आनन्दमय संविद्विश्रान्ति जस्तो भोजकत्व व्यापारद्वारा भोग

गरिन्छ । यसमा भावकले रसको भोग गर्ने हुँदा रसलाई भुक्तिवाद वा भोगवाद भनिएको हो ।

भट्टनायकले रससम्बन्धी सम्पूर्ण पूर्वमान्यताहरूको खण्डन गर्दै आफ्नो मतको स्थापना गरेका छन् । उनको रससूत्रको व्याख्या विषयीगत हुन खोजेको छ, तर उनको स्थापनामा पनि रस आस्वाद्य नै रहेकाले त्यसलाई विषयगत व्याख्या नै मानिन्छ । उनले आफ्ना पूर्ववर्ती विचारकभन्दा बढी मात्रामा दर्शकहरूका दृष्टिकोणले सोचविचार गरेका छन्। यिनका मतको खण्डन अभिनवगुप्तले गरेको देखिन्छ ।

**(4) अभिनवगुप्तको मान्यताः अभिव्यक्तिवाद**

भरतको रससूत्रका चौथा र सबैभन्दा प्रतिभाशाली व्याख्याता अभिनवगुप्त हुन् । उनले अभिनव भारती र ध्वन्यालोकलोचन नामक आफ्ना दुवै ग्रन्थहरूमा गम्भीरताका साथ रससम्बन्धी चिन्तन प्रस्तुत गरेका छन् । यिनले आफ्ना पूर्ववर्ती विचारकहरूका रससम्बन्धी व्याख्यालाई आफ्ना ग्रन्थमा समावेश गरी तिनको उचित समीक्षा गरेका छन् ।

अभिनवगुप्तका मूलग्रन्थ उपलब्ध रहेकाले उनको रस व्याख्याको पृष्ठभूमि के कस्तो थियो भन्ने कुरामा कुनै अलमल छैन । उनी शैव थिए र उनले रसको व्याख्या शिवाद्वैत सिद्धान्तका आधामरा गरेका छन् भन्ने अधिकांशको मान्यता छ ।

अभिनवगुप्तले भरतको रससूत्रमा प्रयुक्त निष्पत्ति शब्दको अर्थ अभिव्यक्ति वा व्यञ्जना र संयोगात् शब्दको अर्थ व्यङ्ग्य-व्यञ्जक सम्बन्ध भन्ने निर्धारण गरेका छन् । यिनका मतमा रस व्यङ्ग्य हो र विभाव आदि

Notes

व्यञ्जकक हुन् । उनका अनुसार रस अभिव्यक्त हुन्छ र यो सदैव आस्वादात्मक रहन्छ । आस्वादात्मक र निर्बिघ्न प्रतीति भएको स्थायीभावलाई नै उनले रस मानेका छन् । यो स्थायीभाव वासना वा संस्कारका रूपमा प्रत्येक प्रेक्षकका चित्तमा रहिरहेका हुन्छ । वासनाका रूपमा रहेका यी स्थायी भावहरू विभावादिद्वारा उकासिएर अभिव्यक्त हुन्छन् र साधारणीकरण भई रसमा परिवर्तित हुन्छन् । पूर्वाचार्यका विपरीत उनले अनुकार्य तथा अनुकर्तालाई कारण मानी दर्शकलाई कार्यका अर्थमा स्वीकारेका छन् ।

अभिनवगुप्त रसको विषयीगत वा आत्मगत व्याख्या गर्ने सबैभन्दा सशक्त चिन्तक हुन् । यिनले रसलाई आस्वाद्यका रूपमा नभएर आस्वादका रूपमा लिएका छन् । यिनले रस प्रेक्षकमा हुन्छ भन्ने महत्त्वपूर्ण मान्यताको स्थापना गरेका छन्। साथै रस आनन्दमय नै हुन्छ भन्ने धारणा पनि यिनैले अघि सारेका हुन् । उत्तरवर्ती सबै आचार्यहरूले अभिनवगुप्तकै मान्यता शिरोपर गरी रसको व्याख्या गरेका पाइने हुँदा यिनलाई सबैभन्दा महत्त्वपूर्ण रस व्याख्याताका रूपमा लिइन्छ ।

रस व्याख्यासँग सम्बद्ध उपर्युक्त चर्चामा आएका मुख्यमुख्य तथ्यहरूको तालिकाबद्ध प्रस्तुति तल गरिएको छः

| व्याख्याता | वाद | निष्पत्ति | संयोग | आश्रय | आस्वाद | व्याख्या |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| भट्टलोल्लट | उत्पत्तिवाद | उत्पत्ति | कार्य - कारण सम्बन्ध | अनुकार्य | आस्वाद | विषयगत |
| शङ्कुक | अनुमितिवाद | अनुमिति | अनुमाप्य - अनुमापक सम्बन्ध | अनुकर्ता | आस्वाद | विषयगत |
| भट्टनायक | भुक्तिवाद | भुक्ति | भोज्य-भोजक सम्बन्ध | भावक | आस्वाद | विषयगत |
| अभिनवगुप्त | अभिव्यक्तिवाद | अभिव्यक्ति | व्यङ्ग्य-व्यञ्जक सम्बन्ध | प्रेक्षक | आस्वाद | विषयीगत |

## 8.3.1 रसोत्पत्ति प्रक्रिया साधारणीकरण पद्धति

साधारणीकरण रसनिष्पत्तिको व्याख्या गर्ने क्रममा देखापरेको सिद्धान्त हो । यसको शाब्दिक अर्थ असाधारणलाई साधारण बनाउनु वा विशेषलाई सामान्य बनाउनु भन्ने हुन्छ । साधारणीकरण सिद्धान्तको सर्वप्रथम प्रवर्तन भट्टनायकले गरेका हुन् । उनीभन्दा पहिला भरतले रति आदि भावहरू

Notes

सामान्य गुणले युक्त हुने हुँदा रस उत्पन्न गर्छन् भनेर यसतर्फ सामान्य सङ्केत गरे तापनि साधारणीकरण शब्दको प्रथम प्रयोग र व्याख्या भट्टनायकले गरेका हुन् ।

भट्टनायकले अभिधा, भावकत्व र भोजकत्व व्यापारका माध्यमबाट साधारणीकरण भई रसको आस्वादन गरिन्छ भन्ने मान्यता स्थापित गरेका छन् । सर्वप्रथम अभिधा व्यापारद्वारा काव्यका अर्थको बोध गरिन्छ । काव्यको यस अर्थबोधमा नायक, नायिका वा तिनको प्रेमकथा व्यक्ति विशेषसँग सम्बद्ध हुन्छ । भावकत्व व्यापारले यस बोधको परिष्कार गरी त्यसबाट व्यक्ति विशेषको सम्बन्ध अलग्याएर स्व र परको विभेद हटाउँदै साधारणीकरण गर्छ । साधारणीकरणका साथै सामाजिक (दर्शक, पाठक, श्रोता) - को सम्बन्ध नायक, नायिका र तिनका कथासँग स्थापित हुन्छ । यसरी विशेष नायक, नायिकाको स्थिति सामान्य पाठकको स्थितिसँग समान हुनु नै **साधारणीकरण** हो । भावकत्व व्यापारद्वारा काव्यार्थको साधारणीकरण भएपछि भोजकत्व व्यापार सक्रिय हुन्छ र यसै व्यापारका सहायताबाट सामाजिकले रसको भोग गर्छ । रसको भोजकत्व वा भोगको धारणा अघि सारिएको हुँदा भट्टनायकको रसनिष्पत्ति सिद्धान्तलाई भुक्तिवाद भनिन्छ ।

भट्टनायकले अभिधा व्यापारसँग अर्थतत्त्वको, भावकत्व व्यापारसँग रसको तथा भोजकत्व व्यापारसँग सहृदयको सम्बन्ध हुन्छ भन्ने कुरा स्पष्ट पारेका छन् । सामाजिकले सर्वप्रथम अभिधाद्वारा काव्यको साधारण अर्थबोध गर्छ । त्यसपछि भावकत्व व्यापारद्वारा विभावादिको साधारणीकरण गर्छ । फलस्वरूप राम, सीता आदि पात्रहरू विशिष्ट नरहेर सामान्य नर-नारीका रूपमा उपस्थित हुन्छन् । साथै स्थायीभाव र अनुभाव पनि आफ्ना विशिष्ट

सम्बन्धबाट मुक्त भएर साधारणीकृत हुन्छन् । यस प्रक्रियाबाट शकुन्तलादि आलम्बन, उद्यानादि उद्दीपन, आलिङ्गनादि अनुभाव र हर्ष, शङ्कादि सञ्चारीभाव आफ्ना विशिष्ट स्वरूपको परित्याग गरी सामान्य वा साधारणीकृत रूपमा देखा पर्दछन् । यो नै भावकत्व र साधारणीकरण भएकाले भावकत्व र साधारणीकरणलाई पर्यायवाची मानिन्छ । भट्टनायकका अनुसार भावकत्व व्यापार नै साधारणीकरण हो। यसपछि मात्र रसको निष्पत्ति हुन्छ र सामाजिकले त्यसको भोग गर्छ । उनको साधारणीकरण सम्बन्धी यस सिद्धान्तलाई पूर्वीय काव्यशास्त्रमा महत्त्वपूर्ण उपलब्धि मानिन्छ । यसप्रकार यिनले रससूत्रका पूर्ववर्ती व्याख्याता भट्टलोल्लट र शङ्कुकका रस - निष्पत्तिसम्बन्धी व्याख्यामा देखापरेका त्रुटिहरूको निकारण गरी साधारणीकरणको सिद्धान्त प्रतिपादन गरेका छन् ।

अभिनवगुप्तले भट्टनायकको साधारणीकरण सिद्धान्तलाई स्वीकार्दै त्यसको परिष्कार तथा थप व्याख्या गरेका छन् । उनले भावकत्व र भोजकत्व व्यापार शास्त्रसम्मत नभएकाले अस्वीकार गरी तिनको स्थान व्यञ्जनालाई दिएका छन् । सर्वप्रथम अभिधा व्यापारले काव्यका सामान्य अर्थको बोध गराउँछ। त्यसपछि व्यञ्जनावृत्तिका माध्यमबाट विभावन भई साधारणीकरण हुन्छ । विभावन भनेको रति आदि विभावलाई आस्वादयोग्य रूप प्रदान गर्नु हो । यसैअन्तर्गत अनुभावन र व्यभिचारण पनि पर्छन् । यस प्रक्रियामा सर्वप्रथम विभावादिको विशेष सम्बन्ध हट्छ । त्यसपछि सामाजिकको व्यक्ति संस्कार नष्ट हुन्छ र अन्ततः साधारणीकरण हुन्छ । उनका अनुसार साधारणीकरण स्थायीभावको पनि हुन्छ र विभावादिको पनि हुन्छ ।

साधारणीकरण भएपछि देशकालको सीमा हट्छ र व्यक्ति संस्कार तथा सुखदुखका चेतनाबाट मुक्त हुन्छ ।

अभिनवगुप्तले साधारणीकरणका दुई स्तरहरू देखाएका छन् । पहिलो स्तरमा विभाव्ादिको व्यक्ति विशिष्ट सम्बन्ध समाप्त हुन्छ र दोस्रो स्तरमा सामाजिकको व्यक्तित्वबन्धन समाप्त हुन्छ । यसरी विभावादिका साथ स्थायीभावको पनि साधारणीकरण हुन्छ साथै सामाजिकका अनुभूतिको पनि साधारणीकरण हुन्छ ।

साधारणीकरणको चर्चा गर्ने तेस्रा महत्त्वपूर्ण व्यक्ति विश्वनाथ हुन् । यिनका अनुसार प्माताको आश्रयसँग अभेद स्थापित हुनु साधारणीकरण हो । साधारणीकृत स्थितिमा रत्यादि स्थायीभावको अनुभव त्यही रूपमा हुन्छ र रसानुभूतिका समयमा यो मेरो हो, यो मेरो होइन, यो अर्काको हो, यो अर्काको होइनजस्ता भेदहरू हटेर जान्छन् । यो स्थिति तादात्म्यको स्थिति हो र यो तादत्म्य साधारणीकरणको परिणामका रूपमा देखापर्छ । तादात्म्यको यही अनुभूतिले रसको अनुभूति गराउँछ । यही तादात्म्यका कारण सामाजिकले हनुमानद्वारा गरिएको समुद्रलङ्घन रामद्वारा गरिएको रावणवध आदिलाई आफूले नै गरेको ठान्छ र साधारणीकरण हुन्छ । अभिनवगुप्तझैँ विश्वनाथले पनि विभावादि सबैको साधारणीकरण हुन्छ भनेका छन् ।

पण्डितराज जगन्नाथले पनि साधारणीकरणको व्याख्या दोषदर्शनका आधारमा गरेका छन्, तर उनको मान्यता स्वीकार्य नभएको देखिन्छ । निष्कर्षतः साधारणीकरण भनेको काव्यको मूलभावसँग दर्शक वा श्रोताको सम्बन्ध स्थापित गराउनु हो ।

## 8.4 रस चिन्तनको विकासक्रम

रस सम्प्रदायको चिनारीः चिन्तन परम्परालाई अध्ययन गर्दा यसलाई भारयीत साहित्यमा देखा परेको सुरूको सिद्धान्त मानिन्छ । रस सम्प्रदाय पूर्वीय साहित्यशास्त्रका क्षेत्रमा देखापरेको पहिलो साहित्य सिद्धान्त हो । रस सम्प्रदाय र रस सिद्धान्तको विकास निम्नलिखित तीन चरणमा भएको पाइन्छ –

**क) पहिलो चरण (इस्वीको पहिलो शताब्दीदेखि आठौँ शताब्दीको अन्त्यसम्म)**

यस चरणमा रस सम्प्रदायको थालनी गर्ने प्रथम आचार्य भरत हुन् । हालसम्म प्राप्त काव्य - शास्त्रसम्बन्धी प्रथम ग्रन्थ यिनको नाट्यशास्त्र हो र यसैमा नाट्यशास्त्रका गम्भीर व्याख्या भट्टलोल्लट, शङ्कुक, रुद्र भट्ट आदिबाट भएको छ । यी तीनलाई यस चरणका प्रमुख रसवादी चिन्तक एवं विचारक मानिन्छ । यस चरणमा भरतका रससम्बन्धी स्थापना वस्तुवादी वा विषयगत रहेको ठानिन्छ । यसमा भट्टलोल्लट आदि प्रमुख चिन्तकहरूले पनि वस्तुवादी व्याख्या नै गरेको पाइन्छ । यस चरणमा रसलाई आस्वाद नभएर आस्वाद्यका रूपमा व्याख्या गरिएको हुँदा यस सम्प्रदायको रसवादी धारणा वस्तुवादी हो भन्ने मानिएको छ ।

यसै समयमा रस सम्प्रदायको विरोधीका रूपमा अलङ्कार सम्प्रदायको थालनी भामहबाट र त्यसको उन्नयन दण्डी, वामन, उद्भट, रुद्रट आदिबाट भए तापनि रस सम्प्रदायको विकास भने निरन्तर रूपमा भएको देखिन्छ । पूर्वीय

साहित्य चिन्तन परम्परामा यस चरणलाई ध्वनि पूर्वकाल पनि भन्न सकिन्छ ।

**ख) दोस्रो चरण (नवौँ शताब्दीदेखि प्रारम्भदेखि एघारौँ शताब्दीको मध्यसम्म)**

यस चरणको प्रारम्भ आनन्दवर्धनको ध्वनि सिद्धान्तको स्थापनाबाट भएको हो । ध्वनिवादको जग रस सिद्धान्त हो भन्ने मानिन्छ । ध्वनि सिद्धान्तमा काव्यको आत्मा ध्वनिलाई र ध्वनिको आत्मा रसलाई मानिएको पाइन्छ । त्यसैले आनन्दवर्धनको सिद्धान्तलाई रस-ध्वनिवाद भनिन्छ । उनकै प्रयासबाट रसको क्षेत्र विस्तारित भई दृश्यकाव्य (नाटक) - बाट श्रव्यकाव्यसम्म फिँजिएर पुरै साहित्यलाई ओगट्न पुगेको छ । यस चरणमा रस सिद्धान्तको विकास वस्तुवादी वा विषयगतबाट आत्मावादी वा विषयीगत हुन पुगेको छ । यस चरणमा रसको सोझै समर्थन गर्ने चिन्तकहरू भट्टनायक, भट्टतौत, राजशेखर, धनञ्जय, धनिक, महिम भट्ट आदि हुन् । क्षेमेन्द्रले आफ्नो सिद्धान्त औचित्यका माध्यमबाट यसको समर्थन गरेका छन् । आनन्दवर्धनको ध्वनि सिद्धान्त औचित्य सिद्धान्तको जग पनि रस सिद्धान्त नै हो । रसलाई आत्मगत दृष्टिले हेर्ने विचारकहरूमध्ये सबैभन्दा सशक्त व्यक्तित्व अभिनवगुप्त हुन् । यस समयमा रसवादी चिन्तनका साथै रस एवं अलङ्कारको समन्वय गर्ने चिन्तन पनि विकसित भएको पाइन्छ ।

यसै समयमा रस विरोधी सम्प्रदायका रूपमा कुन्तकले वक्रोक्ति सिद्धान्तको प्रतिपादन गरे पनि उनले वक्रोक्तिलाई काव्यको आत्मा र रसलाई वक्रोक्तिको आत्मा मानेका छन् । रीतिवादीहरूले रसको खास चर्चा नगरे तापनि यस

चरणमा रस सिद्धान्तले निकै प्रौढता र विस्तार पाएको छ । पूर्वीय साहित्य चिन्तन परम्परामा यस चरणलाई ध्वनिकाल पनि भन्न सकिन्छ ।

**ग) तेस्रो चरण (एघारौँ शताब्दीको मध्यदेखि सत्रौँ शताब्दीको अन्त्यसम्म)**

यस चरणको आरम्भमा मम्मट र अन्त्यमा पण्डितराज जगन्नाथ देखिएका छन् । विशेषतः मम्मट, हेमचन्द्र, विद्याधर, पण्डितराज जगन्नाथ आदिले ध्वनि सिद्धान्तका आधारमा रस सिद्धान्तको प्रवर्द्धन गरेका छन् भने अग्निपुराणकार, रामचन्द्र गुणचन्द्र, विश्वनाथ, शारदा तनय, भानुदत्त, शिंगभूपाल, रूपगोस्वामी आदिले शुद्ध रसवादी दृष्टिकोणबाट यसको व्याख्या विवेचना गरेका छन् । यस चरणमा रुय्यक, जयदेव, अप्यय दीक्षितजस्ता अलङ्कारवादीहरूले पनि रसको विस्तृत विवेचना गरेका पाइन्छ । पूर्वीय साहितय चिन्तन परम्परामा यस चरणलाई ध्वनि उत्तरकाल पनि भन्न सकिन्छ ।

उपर्युक्त तीन चरणहरूमा विकसित भई रस सम्प्रदाय पूर्वीय काव्यशास्त्रको सबैभन्दा प्रमुख तथा सशक्त काव्य सिद्धान्तका रूपमा स्थापित हुन पुगेको देखिन्छ । यस सम्प्रदाय तथा सिद्धान्तलाई पूर्वीय साहित्य सिद्धान्तको केन्द्रीय चिन्तनधारा मानिन्छ ।

## 8.5 उपसंहार

रस कविता वा साहित्यको सबैभन्दा एउटा पुरानो सिद्धान्त हो । संसारका प्राय : साहित्यको थालनी पध्यबाटै भएको जस्तै पूर्वीय साहित्यमा रसबाट

भएको मानिन्छ । साहित्यमा शास्त्रीय रूपमा रसको विवेचना गर्ने प्रथम आचार्य भरतमुनिलाई मानिन्छ । उनले काव्यको आवश्यक तत्वका रूपमा रसको प्रतिष्ठा गर्दै शृङ्गार, हास्य, रौद्र, करुण, वीर, अद्भुत, बीभत्स र भयानक आदि आठवटा भेदलाई स्पष्टतः उल्लेख गरेका छन् तथा विद्वान्हरू उनैले शान्त नामक नवौं रसलाई पनि स्वीकृति दिएको बताउँदछन् । यिनै हुन् – नवरस । उनले आफ्नो 'नाट्यशास्त्र' - मा रसोत्पत्ति विषयको चर्चालाई यसरी सूत्रबद्ध गरेको पाइन्छ – विभाव, अनुभाव र सञ्चारीभावको संयोगले यी विभिन्न रसको निष्पत्ति हुन्छ वा हृदयको स्थायीभावले विभाव, अनुभाव र सञ्चारीभावको संयोग प्राप्त गर्दा रस रूप निष्पन्न हुन्छ

त्यसैले रसका चारवटा अङ्ग मानिन्छन् – स्थायीभाव, विभाव, अनुभाव र सञ्चारीभाव । प्रत्येक रसको स्थायीभाव बेग्लाबेग्लै छ । त्यसैको विभावादि संयोगले परिपूर्ण हुने निर्विघ्न – प्रतीति - ग्राह्य अवस्थालाई नै रस भनिन्छ । पूर्वीय आचार्यहरूले प्रस्तुत गरेको रसको लक्षण साथै यसको अर्थ र परिभाषालाई अध्ययन – अनुशिलन गर्दा रस काव्यको केन्द्रीय स्थानमा रहेको हुन्छ । साथै यो काव्यको प्रमुख घटक पनि पूर्वीय आचार्यहरूले मानेका छन् । भरतमूनिदेखि जगन्नानाथ, बामन, विश्वनाथ, आनन्दवर्धन आदिमा आइपुग्दा यी सबै आचार्यहरूका रसबारे परिभाषाहरू आफ्ना - आफ्नै र मौलिक छन् ।

रसको चारवटा अर्थलाई आचार्यहरूले विशेष महत्व दिएका छन् । ती हुन् - पदार्थको रस, आयुर्वेदको रस, मोक्ष वा भक्तिको रस र साहित्यको रस । रसका उपर्युक्त चार अर्थमध्ये पहिलो अर्थको प्रयोग वेदहरूमै भएको पाइन्छ । रसको मोक्ष वा भक्तिरस भन्ने प्रयोग पनि यसै कालदेखि हुन थालेको हो ।

यसरी रस शब्दको अर्थ स्थूलबाट सूक्ष्मतिर विकसित भएको पाइन्छ । साहित्यिक अर्थमा रस शब्दको प्रयोग वैदिक कालमा नभएर लौकिक कालमा भएको हो । वाल्मीकिको रामायणमा नवैरसहरूको उल्लेख र प्रयोग पाइन्छ । यसमा गरिएको प्रयोग शास्त्रीय नभएर साहित्यिक हो । रस शब्दको शास्त्रीय प्रयोग सर्वप्रथम भारतको नाट्यशास्त्रमा भएको पाइन्छ । **नाट्यशास्त्र**मा रसको निष्पत्ति विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट रसको निष्पति हुन्छ भन्ने छ । यसपछि पूर्वीय साहित्यमा रस काव्यशास्त्रको केन्द्रीय विषय बनेको र एउटा सशक्त सम्प्रदायका रूपमा विकसित भएको हो । भरतपछिका अधिकांश रसवादी चिन्तकहरूले रसलाई काव्यको आत्मा र ब्रह्मानन्द सहोदर मानेका छन् ।

## 8.6 सार

यस प्रखण्डमा **रसको अर्थ र परिचय, रसोत्पत्ति प्रक्रिया र चिन्तनको विकासक्रम**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ -

- ❖ रस कविता वा साहित्यको सबैभन्दा एउटा पुरानो सिद्धान्त हो । संसारका प्राय : साहित्यको थालनी पध्यबाटै भएको जस्तै पूर्वीय साहित्यमा रसबाट भएको मानिन्छ ।
- ❖ साहित्यमा शास्त्रीय रूपमा रसको विवेचना गर्ने प्रथम आचार्य भरतमुनिलाई मानिन्छ ।
- ❖ उनले काव्यको आवश्यक तत्वका रूपमा रसको प्रतिष्ठा गर्दै शृङ्गार, हास्य, रौद्र, करुण, वीर, अद्भुत, बीभत्स र भयानक आदि आठवटा

भेदलाई स्पष्टतः उल्लेख गरेका छन् तथा विद्वान्हरू उनैले शान्त नामक नवौं रसलाई पनि स्वीकृति दिएको बताउँदछन् ।

- ❖ भरतमुनिले आफ्नो 'नाट्यशास्त्र' - मा रसोत्पत्ति विषयको विभाव, अनुभाव र सञ्चारीभावको संयोगले यी विभिन्न रसको निष्पत्ति हुन्छ वा हृदयको स्थायीभावले विभाव, अनुभाव र सञ्चारीभावको संयोग प्राप्त गर्दा रस रूप निष्पन्न हुन्छ भनेका छन् ।
- ❖ रसका चारवटा अङ्ग हुन्छन् – स्थायीभाव, विभाव, अनुभाव र सञ्चारीभाव ।
- ❖ प्रत्येक रसको स्थायीभाव बेग्लाबेग्लै छ । त्यसैको विभावादि संयोगले परिपूर्ण हुने निर्विघ्न – प्रतीति - ग्राह्य अवस्थालाई नै रस भनिन्छ ।
- ❖ पूर्वीय आचार्यहरूले प्रस्तुत गरेको रसको लक्षण साथै यसको अर्थ र परिभाषालाई अध्ययन – अनुशिलन गर्दा रस काव्यको केन्द्रीय स्थानमा रहेको हुन्छ ।
- ❖ यो काव्यको प्रमुख घटक पनि पूर्वीय आचार्यहरूले मानेका छन् । भरतमूनिदेखि जगन्नानाथ, बामन, विश्वनाथ, आनन्दवर्धन आदिमा आइपुग्दा यी सबै आचार्यहरूका रसबारे परिभाषाहरू आफ्ना - आफ्नै र मौलिक छन् ।
- ❖ रसको चारवटा अर्थलाई आचार्यहरूले विशेष महत्व दिएका छन् । ती हुन् - पदार्थको रस, आयुर्वेदको रस, मोक्ष वा भक्तिको रस र साहित्यको रस ।
- ❖ रसका चार अर्थमध्ये पहिलो अर्थको प्रयोग वेदहरूमै भएको पाइन्छ । रसको मोक्ष वा भक्तिरस भन्ने प्रयोग पनि यसै कालदेखि हुन थालेको

हो । यसरी रस शब्दको अर्थ स्थूलबाट सूक्ष्मतिर विकसित भएको पाइन्छ ।

- ❖ साहित्यिक अर्थमा रस शब्दको प्रयोग वैदिक कालमा नभएर लौकिक कालमा भएको हो । वाल्मीकिको रामायणमा नवैरसहरूको उल्लेख र प्रयोग पाइन्छ ।
- ❖ यसमा गरिएको प्रयोग शास्त्रीय नभएर साहित्यिक हो । रस शब्दको शास्त्रीय प्रयोग सर्वप्रथम भारतको नाट्यशास्त्रमा भएको पाइन्छ ।
- ❖ **नाट्यशास्त्र**मा रसको निष्पत्ति विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट रसको निष्पति हुन्छ भन्ने छ ।
- ❖ यसपछि पूर्वीय साहित्यमा रस काव्यशास्त्रको केन्द्रीय विषय बनेको र एउटा सशक्त सम्प्रदायका रूपमा विकसित भएको हो ।
- ❖ भरतपछिका अधिकांश रसवादी चिन्तकहरूले रसलाई काव्यको आत्मा र ब्रह्मानन्द सहोदर मानेका छन् ।

यस प्रखण्डको अध्ययनले **रसको अर्थ र परिचय, रसोत्पत्ति प्रक्रिया र चिन्तनको विकासक्रम**बारे बुनियाँदी जानकारी प्राप्त भयो । रसको परिचय र यसको निष्पत्ति साथै चिन्तनको विकासक्रम सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 8.7 अनुशीलनी

१. रसको उद्भवबारे चर्चा गर्दै यसका पूर्वीय साहित्यमा रहेको रस – सिद्धानतलाई सविस्तार चर्चा गर्नु होस् ।

Notes

२. रसको अर्थ सम्बन्धि उल्लेख गर्दै यसको परिभाषाबारे पूर्वीय र पाश्चात्य मतको टिप्प्णी गर्नुहोस् ।

३. साहित्यमा रसको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस् ।

४. रसको प्रमुख तत्त्वहरू के के हुन् ? विश्लेषण गर्नुहोस् ।

५. रस निष्पत्तिबारे पूर्वीय आचार्यहरूको मत र विचारलाई सबिस्तार चर्चा गर्नुहोस्।

६. रस चिन्तनको विकासक्रम पूर्वीय साहित्यमा कसरी र किन भएको पाइन्छ ? विवेचना गर्नुहोस् ।

७. साधरणीकरण पद्धितिलाई किन रसोत्पत्ति प्रक्रिया मूल तन्तु मानिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

८. पूर्वीय साहित्यको रस सिद्धान्तले अन्य भाषा वा साहित्यमा के - कस्तो प्रभाव पारेको ठान्नुहुन्छ ? चर्चा गर्नुहोस्।

९. रस सिद्धान्तको पृष्ठभूमिबारे एउटा टिप्पणी लेख्नुहोस् ।

१०. 'विभाव, अनुभव, व्यभिचारी भाव संयोगान्त रसनिष्पत्ति' - बारे लेख लयार पार्नुहोस् ।

१२. नेपाली साहित्यमा रस सिद्धान्तको कस्तो मूल्य रहेको पाइन्छ ? आफ्नो मनतव्य लेख्नुहोस् ।

## 8.8 अतिरिक्त अध्ययन


१. सिग्देल, सोमनाथ – **साहित्य प्रदीप** ।

२. उपाध्याय, डा. केशवप्रसाद - **साहित्य प्रकाश** ।

३. श्रेष्ठ, डा. दयाराम – **वीरकालीन कविता** ।

४. अधिकारी, हेमाङ्ग – **पूर्वीय समालोचना - सिद्धान्त** ।

५. हिमांशु, राजुप्रधान - **साहित्य परिचय** ।

६. उपाध्याय, केशवप्रसाद - **पूर्वीय काव्य सिद्धान्त** ।

७. सिंह, अमरकुमार – **नयी कविता की रचना प्रक्रिया** ।

८. लुइँटेल, खगेन्द्रप्रसाद – **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** ।

९. गोतम, लक्ष्मीप्रसाद – **कविताको सैद्धान्तिक विमर्श** ।

१०. न्यौपाने, टङ्कप्रसाद - **साहित्यको रूपरेखा** ।

११. तिवारी, डा. रामचन्द्र - **भारतीय व पाश्चात्य काव्यशास्त्र तथा हिन्दी आलोचना** ।

१२. आनन्दवर्धन - **ध्वन्यालोक**, वाराणसी, चौखम्बा विद्याभवन ।

१३. कुन्तक – **वक्रोक्तिजीवित**, वाराणसी ।

१४. जगन्नाथ – **रसगङ्गाधर**, वाराणसी, चौं विद्याभवन ।

१५. जयदेव – **चन्द्रालोक**, वाराणसी ।

१६. दण्डी – **काव्यादर्श**, वाराणसी ।

१७. भरत - **नाट्यशास्त्र** – २, वाराणसी, काशी ।

१८. भामह – **काव्यालङ्कार**, पटना, विहार राष्ट्रभाषा परिषद् ।

१९. मम्मट - **काव्यप्रकाश**, वाराणसी ज्ञानमण्डल लिमिटेड ।

२०. वामन – **काव्यालङ्कार सूत्रवृत्ति**, वाराणसी ।

२१. विश्वनाथ – **साहित्यदर्पण**, वाराणसी ।

२२. वेदव्यास – **अग्निपुराण**, दिल्ली , चौखम्बा संस्कृत प्रतिष्ठान ।

२३. शर्मा, मोहनराज - **नेपाली कविता, नाटक र इतिहास**, काठमाण्डौं, नवीन प्रकाशन ।

२४. त्रिपाठी, वासुदेव - **नेपाली कविता**, भाग – ४ ।

यस अतिरिक्त **रसको अर्थ र परिचय, रसोत्पत्ति प्रक्रिया र चिन्तनको विकासक्रम**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 8.9 मुल्यबृद्धिका निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

१. रसको अर्थ र परिभाषा ।

.......................................................................................

.......

.......................................................................................

.......

.......................................................................................

.......

**(प्रश्न १ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ८.३ को रसको अर्थ र परिभाषा खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२. रसोत्पत्ति प्रक्रिया ।

.....................................................................................

.......

.....................................................................................

.......

.....................................................................................

.......

**(प्रश्न २ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ८.४ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

३. विभाव, अनुभव र व्यभिचारी भाव ।

.....................................................................................

.......

.....................................................................................

.......

.....................................................................................

.......

**(प्रश्न ३ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ८.४ को खण्डमै उत्तर खोज्न सक्नेछन् )**

४. साधारणीकरण पद्धति ।

.....................................................................................

.......

Notes

.............................................................................................

.......

.............................................................................................

.......

**(प्रश्न ४ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ८.४.१ अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

५. रस चिन्तनको विकासक्रम ।

.............................................................................................

.......

.............................................................................................

.......

.............................................................................................

.......

**(प्रश्न ५ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ८.५ अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 9 रसको स्वरूप र रसानुभूति प्रक्रिया

**संरचना**

9.0 उद्देश्य

9.1 परिचय

9.2 स्वरूप र रसानुभूतिको सामान्य परिचय

9.3 रसको स्वरूप

9.4 रसानुभित प्रक्रिया

9.4.1 □ □ □ □ □ □ □ □ □ □□□□ □ □ □ □□□ □ □ □ □ □ □ □

9.4.2 □ □ □ □ □ □ □ □ □□□ □ □ □ □ □□□□ □ □ □ □ □ □ □

9.4.3 □ □ □ □ □ □ □ □□□ □ □ □ □ □□□□ □ □ □ □ □ □ □

9.4.4 □ □ □ □□ □ □ □ □ □□□ □ □ □ □ □□□□ □ □ □ □ □ □ □

9.5 उपसंहार

9.6 सार

9.7 अनुशीलनी

9.8 अतिरिक्त अध्ययन

9.9 मूल्यबृद्धिको निम्ति उत्तर

## 9.0 उद्देश्य

Notes

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- रसको सामान्य परिचय
- रसको अर्थ र परिभाषा
- स्वरूप र रसानुभूतिको सामान्य परिचय
- रसको स्वरूप
- रसानुभित प्रक्रिया

## 9.1 परिचय

रस संस्कृत भाषाको 'रस्' धातुमा 'अ' प्रत्यय गाँसिएर व्युत्पन्न शब्द हो । यसको व्युत्पत्तिगत अर्थ स्वाद ग्रहण गर्न मिल्ने पदार्थ तत्त्व हो । रसको प्रायोगिक क्षेत्र विविध छन् । दार्शनिक सन्दर्भमा विभिन्न किसिमले रस प्रयुक्त हुन्छ , त्यहाँ यसलाई पदार्थको गुणका रूपमा प्रयोग गरिएको पाइन्छ, आयुर्वेदमा रसलाई अमिलो, पिरो, तितो, टर्रो, गुलियो नुनिलो आदि छ किसिमका स्वादका रूपमा चर्चा गरिन्छ । व्यावहारिक परिप्रेक्ष्यमा रुचि र सन्तुष्टिका सन्दर्भमा यसको प्रयोग हुन्छ भने खाद्यपदार्थका प्रसङ्गमा झोलिलो तरल पदार्थको द्योतन रसले गर्दछ । यी विभिन्न प्रायोगिक सन्दर्भमा रसको उपयोग भए पनि यो विशेषतः साहित्यिक सन्दर्भमा बढी प्रयुक्त छ । वास्तवमा परमात्मा नै रसरूपी आनन्द हुन् ।

साहित्यमा शास्त्रीय रूपमा रसको विवेचना गर्ने प्रथम आचार्य भरतमुनिलाई मानिन्छ । उनले काव्यको आवश्यक तत्वका रूपमा रसको प्रतिष्ठा गर्दै शृङ्गार, हास्य, रौद्र, करुण, वीर, अद्भुत, बीभत्स र भयानक आदि आठवटा

भेदलाई स्पष्टतः उल्लेख गरेका छन् । विद्वानहरू उनैले शान्त नामक नवौं रसलाई पनि स्वीकृति दिएको बताउँदछन् । यिनै हुन् – नवरस । उनले आफ्नो 'नाट्यशास्त्र' - मा रसोत्पत्ति विषयको चर्चालाई यसरी सूत्रबद्ध गरेको पाइन्छ – विभाव, अनुभाव र सञ्चारीभावको संयोगले यी विभिन्न रसको निष्पत्ति हुन्छ वा हृदयको स्थायीभावले विभाव, अनुभाव र सञ्चारीभावको संयोग प्राप्त गर्दा रस रूप निष्पन्न हुन्छ । त्यसैले रसका चारवटा अङ्ग मानिन्छन् - स्थायीभाव, विभाव, अनुभाव र सञ्चारीभाव । प्रत्येक रसको स्थायीभाव बेग्लाबेग्लै छ । त्यसैको विभावादि संयोगले परिपूर्ण हुने निर्विघ्न – प्रतीति - ग्राह्य अवस्थालाई नै रस भनिन्छ ।

रस अन्तःकरणको त्यो शक्ति हो, जसका बलले इन्द्रियहरू क्रियाशील हुन्छन्, मनले कल्पना गर्दछ, स्वप्नका अनुभूति स्मृतिका रूपमा जीवन्त रहन्छन् । रस आनन्दको प्रतीक हो र यही आनन्द नै विशालताको र विराटपनको अनुभव पनि हो । यो आनन्द नै अन्य समस्त अनुभवको अतिक्रमण पनि हो। व्यक्तिविशेष इन्द्रिय - संयम हुनसक्छ र ऊ विषयविमुख पनि बन्न सक्छ, तर उसले ती विषयप्रतिका भाव पन्साउन सक्दैन । रसका रूपमा जुन वस्तुको निष्पत्ति हुन्छ, त्यही बास्तवमा भाव हो । रसानुभूति भएपछि भाव रहंदैन । केवल रसमात्र शेष रहन्छ, भावना रूपान्तरित हुन्छ ।

## 9.2 रसका स्वरूप र रसानुभूतिको सामान्य परिचय

भरतका विचारमा रस आस्वाद नभएर आस्वाद्य हो । आस्वाद स्वयं गरिने अनुभूति हो र यो विषयीगत वा आत्मगत हुन्छ । आस्वाद्य चाहिँ अनुभूति

गराउने माध्यम मात्र हो र यो विषयगत वा वस्तुगत हुन्छ । यसै आधारभूत धारणाका कारण भरतदेखि अभिनवगुप्तपूर्वसम्म रस आस्वाद नभएर आस्वादको विषय मात्र भएको देखिन्छ । भरतका विचारमा स्थायीभाव सोझै रस नभई रसको माध्यम वा विषय हो । स्थायीभावको उत्पत्ति विभिन्न भाव र अभिनयहरूको मिश्रण भएपछि मात्र हुन्छ र यसले प्रेक्षकहरूलाई रसको अनुभव गर्ने मौका दिन्छ । यो स्थायीभाव पनि प्रेक्षकका मनमा नउब्जेर अभिनय गर्ने अभिनेताहरूमा उब्जिन्छ । प्रेक्षकहरू त अभिनेताहरूका विभिन्न भाव र अभिनयद्वारा सिर्जित स्थायीभावलाई देखेर हर्ष आदिको अनुभव गर्दछन् ।

उत्तर – जसरी अनेकौं व्यञ्जनले संस्कृत अन्नको उपयोग गरेर सहृदय पुरुष रसहरूको आस्वादन गर्छन् र हर्षादिको अनुभव गर्छन् । त्यसै गरी अनेक भाव र अभिनयद्वारा व्यञ्जित तथा वाचिक, आङ्गिक र सात्त्विक अभिनयले संयुक्त स्थायी भावहरूको आस्वादन सहृदय प्रेक्षकहरूले गर्दछन् र हर्षादिको अनुभव गर्छन् । त्यसैले यसलाई नाट्य रस भनिएको हो । श्रव्यकाव्य पढ्दा वा सुन्दा एवं दृश्यकाव्य हेर्दा वा सुन्दा जुन अलौकिक आनन्द प्राप्त हुन्छ, त्यसैलाई काव्यमा रस भन्ने गरिन्छ । रसद्वारा जुन भावको अनुभूति हुनपुग्छ त्यसलाई रसको स्थायीभाव भन्ने गरिन्छ । रसको अर्थ हो - निचोड, सारतत्त्व वा मुख्यभाव । काव्यमा जुन आनन्द प्राप्ति हुन्छ, बास्तवमा त्यही नै काव्यको रस हो । काव्य रसास्वादनबाट प्राप्त आनन्द अर्थात् रस लौकिक नभएर अलौकिक वा आत्मिक हुन्छ । रस पूर्वानुभूति होइन, यो त तात्कालिक अनुभव हो । यद्यपि काव्य, नाटक वा सिनेमामा प्रस्तुत हुने विषयवस्तुको जानकारी पहिले नै हुनसक्छ, ज्ञात वा देखेसुनेको हुनसक्छ ।

रसानुभूति प्रक्रिया निम्न लिखित तथ्यअनुरूप हुन् गर्दछ । ती हुन् –

क. विभावलाई रति आदि स्थायीभावहरू सक्रिय तुल्याउने कारण मानिएको ।

ख. अनुभावलाई सहकारी बनाउनमा सहायक छ ।

ग. व्यभिचारी भावलाई स्थायीभाव सहायक बन्उन सहकारी मानिन्छ ।

घ. विभावसँग उत्पाद्य स्थायीभावको उत्पादक सम्बन्ध, अनुभवसँग गम्य – गमक सम्बन्ध र व्यभिचारी भावसँग पोष्य – पोषक सम्बन्ध मानिएको छ ।

ङ. राम आदिको अनुकरण गर्नाले नट (आरोपित) र प्रतीयमान (अभिनेता) रसमा हुन्छ ।

यी पाँचवटै सम्बन्धद्वारा रसको उत्पत्ति, प्रतीति र पुष्टि हुन्छ भन्ने आचार्यहरूको मत पाइन्छ ।

## 9.3 रसको स्वरूप

रसको उत्पत्ति गर्ने घटकहरूलाई रस सामग्री वा अवयव भनिन्छ । भरतको विभाव, अनुभाव र व्यभिचारीभावको संयोगबाट रसको निष्पत्ति हुन्छ भन्ने रससूत्रअनुसार रस सामग्रीहरू निम्नलिखित तीनवटा छन् । ती हुने – विभाव, अनुभव, व्यभिचारी भाव वा सञ्चारी भाव । सुरुदेखि अन्त्यसम्म स्थायी रूपमा रहिरनहे चित्तवृत्तिलाई भाव भनिन्छ । भावलाई स्थायीभाव मानिन्छ । स्थायीभावलाई विरोधी वा अविरोधी कुनै पनि भावले बिथोल्दैन र ती कहिले रहने र कहिले हराउने नभई आरम्भदेखि अन्त्यसम्म निरन्तर रहिरहन्छन् ।

Notes

स्थायीभावहरू मुख्यतः निम्नलिखित नौवटा मानिएका छन् -

| स्थायीभाव | रस |
| --- | --- |
| रति/प्रीति | शृङ्गार |
| उत्साह | वीर |
| शोक | करुम |
| विस्मय/आश्चार्य | अद्भुत |
| क्रोध | रौद्र |
| हास/हाँसो | हास्य |
| घृणा / जुगुप्सा | वीभत्स |
| भय | भयानक |
| शम / निर्वेद | शान्त |

रसको निर्धारण यिनै स्थायी भावबाट हुन्छ ।

१) **विभाव -**

स्थायीभावलाई प्रकट वा प्रकाशित गर्ने कारण, हेतु वा निमित्तलाई विभाव भनिन्छ । यो निम्नलिखित दुई प्रकारको हुन्छ-

(क) **आलम्बन विभाव** – स्थायीभावको उदय गराउने कारणलाई आलम्बन विभाव भनिन्छ । जस्तै – रति स्थायीभाव हुँदा नायक (दुश्यन्त) वा नायिका (शकुन्तला आदि) आलम्बन विभाव हुन् ।

(ख) **उद्दीपन विभाव** – स्थायीभावलाई उकास्ने (उद्दीप्त पार्ने) कारणलाई उद्दीपन विभाव भनिन्छ । जस्तै – रति स्थायीभाव नायिकाको हाउभाउ, बगैँचा, एकान्त ठाउँ, जून आदि उद्दीपन विभाव हुन् ।

**२) अनुभाव -**

उत्पन्न भाव व्यक्त गर्ने चेष्टाहरूलाई अनुभाव भनिन्छ । जस्तै – कम्प, स्वेद (पसिना), रोमाञ्च, स्वरभङ्ग, विभ्रम, मद, तपन, मौग्द्य, विक्षेप, हसित, चकित, केलि आदि अनुभाव हुन्।

अनुभावलाई निम्नलिखित चार मुख्य प्रकारमा बाँडिएको पाइन्छ ।

(क) कायिक – मनका भावहरूलाई शरीरका अङ्गहरूको विभिन्न चेष्टा र प्रतिक्रियाबाट व्यक्त गर्नु । जस्तै – आँखा रातो हुनु, दाँत कटकटाउनु आदि।

(ख) वाचिक – मनका भावहरूलाई बोलीका विभिन्न प्रतिक्रियाबाट व्यक्त गर्नु । जस्तै- आवाज अनौठो हुनु, घाँटी अवरुद्ध हुनु आदि ।

(ग) सात्त्विक – मानसिक आवेद व्यक्त गर्नु । जस्तै – स्तम्भ, स्वेद, रोमाञ्च, स्वरभङ्ग, कम्प, वैवर्ण्य, आँसु, प्रलय आदि ।

(घ) आहार्य – विभिन्न गर - गहना र पहिरनद्वारा भाव व्यक्त गर्नु ।

**३) व्यभिचारी भाव**

स्थायीभावलाई उकास्न सहयोगीका रूपमा आउने अस्थायीभावलाई व्यभिचारी भाव  भनिन्छ । यो अस्थायी भएकाले बीचबीचमा देखापर्छ र स्थायीभावलाई विकसित गरी हराउँछ । यो अस्थिर वा सञ्चरणशील भएकाले यसलाई सञ्चारीभाव पनि भनिन्छ । व्यभिचारी भाव वा सञ्चारी भाव मुख्यतः निम्नलिखित 33 प्रकारका मानिएका छन् -

(1) निर्वेद - ज्ञान, आपत्तिद आदिबाट उत्पन्न वैराग

(2) आवेग - उत्पात आदिबाट उत्पन्न हडबड

(3) दैन्य - गरिबी आदिबाट उत्पन्न दीनता

(4) श्रम - मिहिनेतबाट उत्पन्न थकाइ

(5) मद - नसा आदिबाट उत्पन्न मात

(6) जडता - अनिष्ट आदिबाट उत्पन्न जड अवस्था

(7) उग्रता - सुर्‍याइँबाट उत्पन्न प्रचण्ड अवस्था

(8) मोह - डर, दुःख आदिबाट विचेत हुने अवस्था

(9) विबोध - निद्राबाट ब्युँझिने चेतन अवस्था

(10) स्वप्न - निद्रामा सपना देख्ने अवस्था

(11) अपस्मार - मानसिक दुःखबाट उत्पन्न रोग

(12) गर्व - सम्पत्ति, प्रभाव आदिबाट उत्पन्न घमण्ड

(13) मरण - आघातबाट उत्पन्न मृत्यु

(14) अलसता - परिश्रमबाट उत्पन्न आलस्य

(15) अमर्ष - धैर्य शून्य हुने अवस्था, असह्य भएको बोध

(16) निद्रा - थकाइबाट निद्रित हुने अवस्था

(17) अवहित्था - आन्तरिक भाव लुकाउने काम

(18) औत्सुक्य - इच्छित प्राप्तिका उत्कण्ठा

(19) उन्माद - सनकबाट उत्पन्न विक्षिप्तता

(20) शङ्का - अनिष्टको कल्पना

(21) स्मृति - पूर्वज्ञानको सम्झना

(22) मति - विवेकपूर्वक कर्तव्य निश्चित गर्ने काम

(23) व्याधि - विभिन्न विकारबाट उत्पन्न रोग

(24) त्रास - चट्याङ आदिबाट उत्पन्न डर

(25) व्रीडा - लाज, शरम

(26) हर्ष - मनमा उत्पन्न खुसी

(27) असूया - अर्काको उन्नति देखेर उत्पन्न हुने डाहा

(28) विषाद - उपायहीन अवस्थाबाट उत्पन्न खिन्नता

(29) धृति - धैर्य, सन्तोष

(30) चपलता - मनको चञ्चलता

Notes

(31) ग्लानि - अङ्गको शिथिलता

(32) चिन्ता - दुःखद शोकपूर्ण विचार

(33) तर्क - सन्देहबाट उत्पन्न तर्कना

माथि वर्णित भाव, विभाव, अनुभाव र व्यभिचारीभाव गरी चार अवयवहरू रसको उत्पत्ति गर्ने अनिवार्य अङ्ग हुन् । यिनैलाई रस सामग्री पनि भनिन्छ । यिनै रस सामग्रीबाट रसको उत्पत्ति हुन्छ । रस सम्प्रदायका प्रथम प्रवर्तक आचार्य भरतको नाट्यशास्त्रमा पाइने परिभाषालाई रसको पहिलो परिभाषा मानिन्छ। यस पहिलो परिभाषालाई नै रससूत्र भनिन्छ । रससम्बन्धी सम्पूर्ण चर्चा - परिचर्चामा केन्द्रीय विचारका रूपमा उल्लेख हुने रससूत्र यसप्रकार छ -विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट रसको निष्पत्ति हुन्छ ।

भरतको नाट्यशास्त्रमा यो सूत्र यसरी उल्लिखित छ -

*तत्र विभावानुभाव व्यभिचारी संयोगाद्र रसनिष्पत्तिः ।*

यस सूत्रमा रस कसरी सिर्जिन्छ भन्ने कुराको सोझो वर्णन छ तर त्यो के कस्तो हुन्छ भन्ने उल्लेख छैन । यस सूत्रलाई स्पष्ट्याउँदै भरतले यसो भनेका छन् - जसरी अनेक प्रकारका व्यञ्जनहरू, औषधीहरू र द्रव्यहरूको संयोगले (भोग्य) रसको निष्पत्ति हुन्छ, जसरी गुडादि द्रव्यहरू, व्यञ्जनहरू र औषधीहरूबाट षाडवादि रस बन्दछ, त्यसै गरी अनेक भावहरू (विभाव, अनुभाव र व्यभिचारी भाव) ले संयुक्त भएर स्थायी भावले पनि (नाट्य) रसको रूप लिन्छ । भरतको यस खोलुवाबाट स्थायीभाव रस हो भन्ने बुझाएको छ । यस सम्बन्धमा आफ्नो मतलाई अझै टड्कारो र स्पष्ट पार्न उनले प्रश्नोत्तरको रूपमा यसरी प्रस्तुत गरेका छन् -

प्रश्न – रस कुन पदार्थ हो ?

उत्तर – रस आस्वाद्य हो ।

प्रश्न – रसको आस्वादन कसरी गरिन्छ ?

उत्तर – जसरी अनेकौ व्यञ्जनले संस्कृत अन्नको उपयोग गरेर सहृदय पुरुष रसहरूको आस्वादन गर्छन् र हर्षादिको अनुभव गर्छन् । त्यसै गरी अनेक भाव र अभिनयद्वारा व्यञ्जित तथा वाचिक, आङ्गिक र सात्त्विक अभिनयले संयुक्त स्थायी भावहरूको आस्वादन सहृदय प्रेक्षकहरूले गर्दछन् र हर्षादिको अनुभव गर्छन् । त्यसैले यसलाई नाट्य रस भनिएको हो ।

उपर्युक्त व्याख्यामा रस सम्बन्धी निम्नलिखित दुईवटा महत्त्वपूर्ण कुराहरू फेला पर्छन् -

(1) रस आस्वाद्य हो – भरतका विचारमा रस आस्वाद नभएर आस्वाद्य हो । आस्वाद स्वयं गरिने अनुभूति हो र यो विषयीगत वा आत्मगत हुन्छ । आस्वाद्य चाहिँ अनुभूति गराउने माध्यम मात्र हो र यो विषयगत वा वस्तुगत हुन्छ । यसै आधारभूत धारणाका कारण भरतदेखि अभिनवगुप्तपूर्वसम्म रस आस्वाद नभएर आस्वादको विषय मात्र भएको देखिन्छ ।

(2) स्थायीभाव रस हो – भरतका विचारमा स्थायीभाव सोझै रस नभई रसको माध्यम वा विषय हो । स्थायीभावको उत्पत्ति विभिन्न भाव र अभिनयहरूको मिश्रण भएपछि मात्र हुन्छ र यसले प्रेक्षकहरूलाई रसको अनुभव गर्ने मौका दिन्छ । यो स्थायीभाव पनि प्रेक्षकका मनमा नउब्जेर अभिनय गर्ने अभिनेताहरूमा उब्जिन्छ । प्रेक्षकहरू त अभिनेताहरूका

विभिन्न भाव र अभिनयद्वारा सिर्जित स्थायीभावलाई देखेर हर्ष आदिको अनुभव गर्दछन् ।

रससूत्रको उपर्युक्त आधारभूत व्याख्याले रसबारे भरतका निम्नलिखित दुई मुख्य निष्कर्ष छन् भन्ने देखिन्छ -

(1) रस आस्वाद नभएर आस्वाद्य हो ।

(2) विभिन्न भाव र अभिनयको मिश्रणबाट उत्पन्न स्थायीभाव नै रस हो।

रससूत्रको व्याख्या भरतपछिका विभिन्न आचार्यहरूले पनि गरेका छन् । उत्तरवर्ती आचार्यहरूमध्ये भट्टलोल्लट र शङ्कुकले यसको वस्तुवादी वा विषयगत (आस्वाद्य) व्याख्या गरेका छन् भने भट्टनायक र अभिनवगुप्तले आत्मवादी वा विषयीगत (आस्वाद) व्याख्या गरेका छन् ।

## 9.4 रसानुभित प्रक्रिया

एउटा प्रसिद्ध वैदिक सूक्ति छ - रसौ वै सः । अर्थात् ती परमात्मा नै रसरूपी आनन्द हुन् । **रस** संस्कृत भाषाको 'रस्' धातुमा 'अ'प्रत्यय गाँसिएर व्युत्पन्न शब्द हो । यसको व्युत्पत्तिगत अर्थ स्वाद ग्रहण गर मिल्ने पदार्थ तत्त्व हो । रसक प्रायोगिक क्षेत्र विविध छन् । दार्शनिक सन्दर्भमा विभिन्न किसिमले रस प्रयुक्त हुन्छ, त्यहाँ यसलाई पदार्थको गुणका रूपमा प्रयोग गरिएको पाइन्छ । आयुर्वेदमा रसलाई अमिलो, पिरो, तीतो, टर्रो, गुलियो नुनिलो आदि छ किसिमका स्वादका रूपमा चर्चा गरिन्छ, व्यावहारिक परिप्रेक्ष्यमा रुचि र सन्तुष्टिका सन्दर्भमा यसको प्रयोग हुन्छ भने खाद्यपदार्थका प्रसङ्गमा

झोलिलो तरल पदार्थको द्योतन रसले गर्दछ । यी विभिन्न प्रायोगिक सन्दर्भमा रसको प्रयोग भए पनि यो विशेषतः साहित्यिक सन्दर्भमा बढी प्रयुक्त छ ।

रस, छन्द, अलङ्कार, ध्वनि अदि पूर्वीय काव्यशास्त्रका अनिवार्य र निर्विकल्प अवयव हुन् । काव्य चिन्तनको पूर्वीय परम्परामा रस सिद्धान्त सर्वाधिक चर्चित र पुरानो सिद्धान्त मानिन्छ । वेदमा ब्रह्मको चर्चाका क्रममा रस सब्दको उल्लेख गरिए तापनि, राजशेखर, कृतिधर आदि केही आचार्यले नन्दीकेशरबाट रसको आविश्कार भएको भने तापनि रसका आधिकारिक र प्रामाणिक अधिष्ठाता भरतमुनि हुन् । उनले नाट्यशास्त्रको विवेचनाका क्रममा व्यक्त गरेको रससूत्र नै रस सिद्धान्तको आधार तत्त्व हो । श्रव्यकाव्य पढ्दा वा सुन्दा एवं दृश्यकाव्य हेर्दा वा सुन्दा जुन अलौकिक आनन्द प्राप्त हुन्छ, त्यसैलाई काव्यमा रस भन्ने गरिन्छ । रसद्वारा जुन भावको अनुभूति हुनपुग्छ त्यसलाई रसको स्थायीभाव भन्ने गरिन्छ । रसको अर्थ हो - निचोड, सारतत्त्व वा मुख्यभाव । काव्यमा जुन आनन्द प्राप्ति हुन्छ, बास्तवमा त्यही नै काव्यको रस हो । काव्य रसास्वादनबाट प्राप्त आनन्द अर्थात् रस लौकिक नभएर अलौकिक वा आत्मिक हुन्छ । रस पूर्वानुभूति होइन, यो त तात्कालिक अनुभव हो । यद्यपि काव्य, नाटक वा सिनेमामा प्रस्तुत हुने विषयवस्तुको जानकारी पहिले नै हुनसक्छ, ज्ञात वा देखेसुनेको हुनसक्छ । तैपनि काव्य, नाटक वा सिनेमा हेर्दा केही नौलोपनको आभास र अनुभूति हुन्छ, नयाँ आस्वादनले पुराना अनुभूति हराउँदै जान्छ, तात्कालिक अनुभूतिमात्र चरममा पुगे झैं लाग्दछ ।

रसको यही अपूर्व रूप अप्रमेय र अनिर्वचनीय मानिन्छ । रस काव्यको आत्मा हो र रसिलो वाक्य नै काव्य हो । रमणीय र आलङ्कारिक कव्यत्वको अनुभूति जसले मानव हृदयमा कुनै न कुनै भावलाई वा संवेदनालाई जागृत गराउन सक्छ त्यो नै रस हो । अथवा, भनौं साहित्यबाट प्राप्त हुने मानसिक सन्तुष्टिको नाम नै रस हो । रस अन्तःकरणको त्यो शक्ति हो, जसका बलले इन्द्रियहरू क्रियाशील हुन्छन्, मनले कल्पना गर्दछ, स्वप्नका अनुभूति स्मृतिका रूपमा जीवन्त रहन्छन् । रस आनन्दको प्रतीक हो र यही आनन्द नै विशालताको र विराटपनको अनुभव पनि हो । यो आनन्द नै अन्य समस्त अनुभवको अतिक्रमण पनि हो। व्यक्तिविशेष इन्द्रिय - संयम हुनसक्छ र ऊ विषयविमुख पनि बन्न सक्छ, तर उसले ती विषयप्रतिका भाव पन्साउन सक्दैन । रसका रूपमा जुन वस्तुको निष्पत्ति हुन्छ, त्यही बास्तवमा भाव हो । रसानुभूति भएपछि भाव रहंदैन । केवल रसमात्र शेष रहन्छ, भावना रूपान्तरित हुन्छ ।

साहित्यमा शास्त्रीय रूपमा रसको विवेचना गर्ने प्रथम आचार्य भरतमुनि (ईशाको दोस्रो शताब्दी) - लाई मानिन्छ । उनले काव्यको आवश्यक तत्वक रूपमा रसको प्रतिष्ठा गर्दै श्रृङ्गार, हास्य, रौद्र, करुण, वीर, अद्भुत, बीभत्स र भयानक आदि आठवटा भेदलाई स्पष्टतः उल्लेख गरेका छन् तथा विद्वानहरू उनैले शान्त नामक नवौं रसलाई पनि स्वीकृति दिएको बताउँदछन् । यिनै हुन् – नवरस । उनले आफ्नो नाट्यशास्त्रमा रसोत्पत्ति विषयको चर्चालाई यसरी सूत्रबद्ध गरेको पाइन्छ-विभाव, अनुभाव र सञ्चारीभावको संयोगले यी विभिन्न रसको निष्पत्ति हुन्छ । हृदयको स्थायीभावले विभाव, अनुभाव र सञ्चारीभावको संयोग प्राप्त गर्दा रस रूप

निष्पन्न हुन्छ । त्यसैले रसका चारवटा अङ्ग मानिन्छन् - स्थायीभाव, विभाव, अनुभाव र सञ्चारीभाव । प्रत्येक रसको स्थायी भाव बेग्लाबेग्लै छ । त्यसैको विभावादि संयोगले परिपूर्ण हुने निर्विघ्न – प्रतीति - ग्राह्य अवस्थालाई नै रस भनिन्छ ।

श्रृङ्गारको स्थायीभाव रति, हास्यको स्थायीभाव हास, रौद्रको स्थायीभाव क्रोध, करुणको स्थायीभाव शोक, वीरको स्थायीभाव उत्साह, अद्भुतको स्थायीभाव विस्मय, बीभत्सको स्थायीभाव जुगुप्सा, भयानकको स्थायीभाव भय तथा शान्तको स्थायीभाव शम वा निर्वेद मानिन्छ । भरतले आठवटा रसका देवता क्रमशः विष्णु, प्रमथ, रुद्र, यमराज, इन्द्र, ब्रह्मा, महाकाल तथा कालदेवलाई मानेका छन् र शान्त रसका देवता नारायण बताइन्छ । यस सूत्रको व्याख्या बुझ्न स्थायीभाव, विभाव, अनुभाव र व्यभिच्री भावको जानकारी हुनु आवश्यक छ । रस - सिद्धान्तका आदि प्रवर्तक आचार्य भरतमुनिद्वारा प्रणीत नाट्यसूत्रका परवर्ती व्याख्याता र आचार्यले मुख्यतः चारवटा रस - सिद्धान्तको व्याख्यालाई विकसित गरे । ती हुन् - उत्पत्तिवाद, अनुमितिवाद, भुक्तिवाद र अभिव्यक्तिवाद ।

आचार्य भरतमुनिको सूत्रमा प्रयुक्त निष्पत्ति शब्दको चारवटा भिन्न - भिन्न व्याख्या गर्ने क्रममा भट्टलोल्लटको उत्पत्तिवाद स्थायीभावसित विभावको उत्पाद्य - उत्पादक सम्बन्ध, अनुभावको स्थायीभावसँगको अनुमेयानुमापक सम्बन्ध र व्यभिचारी भावको स्थायीभावसँगको पोष्य - पोषक सम्बन्ध, नैयायिक श्रीशङ्कुकको अनुमितिवाद, विभावादिको स्थायीभावसँगको अनुमेयानु - मापक सम्बन्ध, भट्टनायकको भुक्तिवाद र

स्थायीभावसितको विभावादिको सम्बन्ध, विभावादिको स्थायीभावसितको व्यङ्ग्य - व्यञ्जक सम्बन्ध जस्ता मत प्रचलित रहेको पाइन्छ ।

### 9.4.1 भट्टलोल्लटको रसानुभित सिद्धान्त

आचार्य अभिनवगुप्तले 'अभिनवभारती' नामक ग्रन्थमा भट्टलोल्लटको उल्लेख भरतमुनिको नाट्यसूत्रको आदरणीय टीकाकार आचार्य का रूपमा गरेको पाइन्छ । यिनको जन्मकाल तथा ग्रन्थ आदि अप्राप्य छन् । 'अभिनवभारती', 'ध्वन्यालोक' आदिमा यीसँग सम्बन्धित केही फुटकर विचारहरू प्राप्त हुन्छन् , जुन विचारबाट यिनको विद्वत्ता र सिद्धान्तका बारेमा जानकारी प्राप्त हुन्छ । 'काव्यप्रकाश' नामक ग्रन्थको सङ्केत टीका र श्रीशङ्कुक आदि आचार्य द्वारा गरिएको खण्डनबाट यी श्रीशङ्कुकभन्दा पूर्ववर्ती हुन् भन्ने अनुमान गर्न सकिन्छ । श्रीशङ्कुकको समय ईश्वीसन् ८५० मानिन्छ । त्यसैले यिनको समय पनि त्यसै बिन्दुको छेउछाउ अर्थात् नवौं शताव्दीका प्रथम चरणतिर ठहरिन्छ । यी भारतको कस्मिरका थिए । भरतमुनिको रसपरक सिद्धान्तको व्याख्या गर्ने सर्वप्रथम विद्वान् भट्टलोल्लट नै हुन् ।

रसनिष्पत्तिका बारेमा यिनको स्वतन्त्र मत साहित्यजगत्मा प्रख्यात छ । यी मीमांसक र अभिधावादी थिए । यिनको मतमा शब्दको प्रत्येक अर्थको प्रतिपत्ति अभिधाबाट ठीक त्यसरी नै हुन्छ, जसरी एउटै बाणले कवचलाई छेड्दै शरीरभित्र प्रवेश गरी प्राण हरण गर्दछ । यिनको दृष्टिमा महाकाव्यको मुख्य रस र त्यसका विभिन्न अङ्गमा पूर्ण सामञ्जस्य हुनु आवश्यक छ । यी रसको स्थिति रामादि अनुकार्य पात्रहरुमा हुन्छ भन्दछन् । नटहरू र

सामाजिक भावक र प्रेक्षकको रूपमा हुँदैन भन्दछन् । उनको कथन अनुसरा अर्थ सम्बन्धको अन्त हुँदैन । तर काव्यमा रसपूर्ण अर्थको निबन्ध हुन्छ, नीरसको होइन । कुनै पनि सरस वर्णनमा यदि प्राकृत रससँग सामञ्जस्य छैन वा राख्दैन भने त्यसको विस्तार गर्न आवश्यक छैन भने उनले भनेका छन् । महाकाव्यमा यमक र चित्रकाव्यको निबन्धन कविको अभिमानको परिचायक हुनसक्छ, त्यसले काव्यको मुख्य रसको अभिव्यञ्जना गर्दैन । अलङ्कार सम्प्रदायका अर्को अनुयायी आचार्य उद्भटले भरतमुनिद्वारा निर्दिष्ट स्थायीभाव, विभाव, अनुभाव र व्यभिचारीजस्ता चारवटा वृत्तिभन्दा भिन्न न्यायवृत्ति, अन्यायवृत्ति, र फलवृत्तिको प्रतिपादन गरेको प्रसङ्ग उल्लेख गर्दै भट्टलोल्लटले उद्भटको तीव्र आलोचना गर्दै उनीद्वारा निरूपित न्यायवृत्ति, अन्यायवृत्ति, र फलवृत्तिलाई स्वीकारेको देखिंदैन र उनको त्यस व्याख्यालाई कल्पनामात्र ठहर्याउँदछन् । यिनले 'शकलीगर्भ'नामक 'नाट्यशास्त्र'का अर्को आचार्यको पनि खण्डन गरेका छन् । शकलीगर्भले उद्भटका तीनवटा वृत्तिको त खण्डन गरेका छन् तर भरतमुनिको वृत्ति चतुष्टयीलाई मान्दै 'आत्मसंवित्ति' नामको एउटा पाँचौं वृत्तिको सिर्जना गरेका छन् ।

भट्टलोल्लटका तीनवटा पद्यलाई राजशेखर, हेमचन्द्र तथा नमिसाधुले उद्धृत गरेका छन्, जुन पद्य औचित्य विचारका दृष्टिले महत्त्वपूर्ण मानिन्छन् । राजशेखरले यी पद्यलाई काव्यमीमांसामा 'इति आपराजितिः यदाह' भनी भट्टलोल्लटलाई आपराजितिको नामले उद्धृत गरेका छन् र हेमचन्द्रले काव्यानुशासनमा यिनैमध्ये दुई पद्य उद्धृत गरी भट्टलोल्लटकै नामको सङ्केत गरेका छन् । यसबाट के थाहा पाइन्छ भने यिनको एउटा नाम आपराजिति

पनि थियो । सम्भवतः यी अपराजितका पुत्र थिए । 'ध्वन्यालोक'को टीकामा यिनलाई प्रभाकर भनिएको पाइन्छ ।

आचार्य भट्टलोल्लटको रस सूत्रको व्याख्याअनुसार आचार्य भट्टलोल्लटले आचार्य भरतका उपर्युक्त सूत्रमा आएको संयोग शब्दको तीन किसिमका अर्थ पहिल्याएका छन् । विभावको संयोगले उत्पाद्य - उत्पादक सम्बन्ध, अनुभावको संयोगले गम्य - गमक भाव सम्बन्ध र व्यभिचारी भावको संयोगले पोष्य - पोषक भाव सम्बन्ध । यी तीनैवटा अर्थका सन्दर्भमा निष्पत्ति शब्दको पनि तीनवटै अर्थ बताइएको छ – स्थायीभावहरूसँग विभावहरूको संयोग हुँदा उत्पाद्य - उत्पादक भाव सम्बन्धद्वारा रसको निष्पत्ति अर्थात् उत्पत्ति हुन्छ, अनुभावहरूको संयोग हुँदा गम्य - गमक भावको सम्बन्ध हुने हुँदा रसको निष्पत्ति अर्थात् प्रतीति हुन्छ र व्यभिचारी भावहरूको संयोग हुँदा पोष्य - पोषक भावको सम्बन्धबाट रस - निष्पत्ति अर्थात् रसको पुष्टि हुन्छ । यसलाई यसरी स्पष्ट्याउन सकिन्छ –

क) स्थायीभाव र विभाव – उत्पाद्य - उत्पादक सम्बन्धद्वारा रसको उत्पत्ति।

ख) स्थायीभाव र अनुभव – गम्य - गमक सम्बन्धद्वारा रसको प्रतीति ।

ग) स्थायीभाव र व्याभिचारी भाव – पोष्य - पोषक सम्बन्धद्वारा रसको पुष्टि ।

आचार्य मम्मटले आचार्य भट्टलोल्लटको मत सङ्क्षेपमा यसरी उल्लेख गरेका छन् – भट्टलोल्लट आदि आचार्य अनुसार ललना (स्त्री) यहाँ नायिका आलम्बन विभाव वा उद्यान आदि उद्दीपन भावका कारण रती आदि प्रकट हुन्छ भन्ने छ । भाव, कटाक्ष, भुजाक्षेप आदि कार्यभूत अनुभावहरूबाट प्रतीति

योग्य र सहकारी - रूप निर्वेद आदि व्यभिचारीभावद्वारा पुष्ट गरिएको, मुख्य रूपले अनुकार्यरूप राम आदिमा र तिनको रूपको अनुकरण गर्नाले नटमा प्रतीयमान रती आदिका कारण रस निष्पन्न हुन्छ । आचार्य भट्टलोल्लटको मतलाई निम्न बुँदाहरूमा यसरी अध्ययन गर्न सकिन्छ –

च. विभावलाई रति आदि स्थायीभावहरू सक्रिय तुल्याउने कारण मानिएको ।

छ. अनुभावलाई सहकारी बनाउनमा सहायक छ ।

ज. व्यभिचारी भावलाई स्थायीभाव सहायक बन्उन सहकारी मानिन्छ ।

झ. विभावसँग उत्पाद्य स्थायीभावको उत्पादक सम्बन्ध, अनुभवसँग गम्य – गमक सम्बन्ध र व्यभिचारी भावसँग पोष्य – पोषक सम्बन्ध मानिएको छ ।

ञ. राम आदिको अनुकरण गर्नाले नट (आरोपित) र प्रतीयमान (अभिनेता) रसमा हुन्छ ।

यी पाँचवटै सम्बन्धद्वारा रसको उत्पत्ति, प्रतीति र पुष्टि हुन्छ भन्ने आचार्यहरूको मत पाइन्छ । आचार्य भट्टलोल्लट एकजना मीमासंक हुन् , त्यसैले यहाँ यसलाई यदि उत्तर - मीमांसा का दृष्टिले (वेदान्त) अवलोकन गर्ने हो भने डोरीमा सर्पको भ्रम उत्पन्न हुनाले सर्पको अभावमा पनि सर्पको प्रतीतिले भय स्थायीभावको उत्पत्ति हुन्छ। यसरी नै को अभ (अभिनेता) राम आदिको अभिनय गर्ने नटिनियलाई देखेर तिनमा राम आदिको भावको आरोपण हुनाले सामाजिक भावक र ) मा रसको उत्पत्ति(प्रेक्षक, प्रतीति र पुष्टि हुन्छ ।

### 9.4.2 श्रीशङ्कुको रसानुभित सिद्धान्त

आचार्य श्रीशङ्कुकले रसको उपस्थिति सामाजिक मा हुन्छ (भावक र प्रेक्षक) नामक ग्रन्थमा भनी प्रमाणित गरेका छन्। राजतरङ्गिणी उल्लेख भएअनुसार श्रीशङ्कुक पनि भारतको कस्मिरी विद्वान् थिए र अजितापीडनामक राजाको शासनकालमा यी विद्यमान थिए। यी न्याय दर्शनका आचार्य हुन्। यिनले 'भुवनाभ्युदय' नामक महाकाव्यको रचना गरेका थिए, जसमा मम्मट र उत्पलको भयङ्कर युद्धको वर्णन गरेका छन्, जुन युद्धमा मारिएका योद्धाहरूको शवले वितस्ता नदीको प्रवाह रोकिएको प्रसङ्ग उल्लेख गरिएको छ। राजतरङ्गिणीका रचनाकारले यिनलाई सम्मान गरेका छन् । श्रीशङ्कुको समय ईश्वी ८५० मानिन्छ । शाङ्कर पद्धित र जल्हणको 'सूक्तिमुक्तावली' - मा श्रीशङ्कुकलाई मयूरको पुत्र भनिएको छ। विक्रमादित्यका सभाका नवरत्नहरुमा पनि एउटा शङ्कु वा शङ्कुक नाम प्राप्त हुन्छ, तर यी दुबै नाम भरतमुनिको 'नाट्यशास्त्र'का व्याख्याता, रसनिरूपणमा अनुमितिवादका प्रतिष्ठापक एवं 'भुवनाभ्युदय' महाकाव्यका रचयिता श्रीशङ्कुक होइनन्, फरक हुन् ।

आचार्य श्रीशङ्कुको रस सूत्रको व्याख्याअनुसार श्रीशङ्कुक भरतमुनिको 'नाट्यशास्त्र'का अर्को विशिष्ट व्याख्याता हुन् । हुन त यिनको व्याख्या मूल रूपमा प्राप्त छैन, तर 'अभिनवभारती' - मा त्यसको उल्लेख छ । भरतमुनिको रससूत्रलाई यिनले जुन व्याख्या गरेका छन् । त्यो अनुमितिवाद नामले प्रसिद्ध छ । सामाजिक मा रसानुभव नमान्ने सिद्धान्त (भावक र प्रेक्षक) भट्टलोल्लटको उत्पत्तिवादको खण्डन यिनैले सर्वप्रथम गरेका हुन्। यी नटमा अनुमानद्वारा ) राम आदिको चित्रतुरग न्यायको माध्यमबाट रसलाई अनुमेय

मान्दछन्। (बोध्य  यिनले विभाव आदि साधन र रसरूप साध्यमा अनुमाप्य–अनुमापक भावको कल्पना गरेका छन् र रसको आस्वादन अनुमानद्वारा अनुमेय वा अनुमितिगम्य बताएका छन्। यिनले रसको उपस्थिति सामाजिक मा हुन्छ भन्ने मानेका छन्। चित्रतुरग (भावक र प्रेक्षक) न् सार नट साँच्चै राम त होइनयायबमोजिम यिनले गरेको विवेचनाअनु, त्यो त चित्रमा अङ्कित घोडा जस्तै हो। जसरी घोडाको चित्रलाई देखेर त्यसको अनुभव हुन्छ, त्यसरी नै नटको अभिनयात्मक रूपलाई देखेर सामाजिक मा अनुभूति हुन्छ। यिनको सिद्धान्तका आधारमा रसका (भावक र प्रेक्षक) सम्बन्धमा यस्तो  न्छतथ्य उपस्थित हु–

चित्रतुरग न्यायको अर्थ हुन्छ – घोडाको चित्रलाई देखेर घोडाको अनुमान गर्नु। यी अनुमानगत प्रतीतिलाई न सत्य भन्न सकिन्छ, न मिथ्या, न संशयग्रस्त र न सादृश्यरूपी नै मान्न सकिन्छ। त्यसैले यस प्रतीतिलाई ती चारवटा बुद्धिगत सम्यक, मिथ्या, संशय र सादृश्य प्रतीतिहरुभन्दा भिन्न र विलक्षण भनिएको हो। यसरी नै नट मा रामादि बुद्धि सम्यक(अभिनेता), मिथ्या, संशय र सादृश्यभन्दा बाहेक बेग्लै हुन्छ । यस अतिरिक्त अनुमितिवादमा राम - सीता आदि विभावको अनुभाव र व्यभिचारी भावको संयोगले नटादिको अभिनयले लिङ्गादिको अनुमान हुन्छ, तर ती लिङ्गादि यथार्थ हुँदैनन् र न त स्मित, कटाक्ष आदि अनुभाव नै बास्तविक हुन्छन्, अर्थात् चित्रतुरगन्यायका आधारमा सीतारामरूपी नटमा यथार्थ, स्मित, कटाक्ष आदि हुँदैन, जसरी यथार्थ रूपमा साक्षात् राम - सीतामा थियो होला । यी सबै कृत्रिम हुन् । त्यसैले यसरी सीतारामरूपी नटमा एउटा अनुमानित रसको प्रतीति हुन्छ । यिनी नाटयशास्त्रको सूत्रमा प्रयुक्त संयोग शब्दको अर्थ गम्य -

गमक भाव - सम्बन्ध मान्दछन् । उक्त अनुमानित रसको प्रतीतिको आधार पनि भावक हुँदैन, तर भावकलाई केवल त्यसको अनुमान हुन्छ ।

सामान्यतया अनुमानादि प्रमाणबाट हुने ज्ञान परोक्षज्ञान मानिन्छ । किन भने प्रत्यक्ष प्रमाणद्वारा नै अपरोक्षको प्रतीति हुन्छ । तर रसको अनुमान अन्य अनुमानभन्दा भिन्न र अपरोक्ष हुन्छ । त्यसै कारणले त्यस अनुमित रसलाई सामाजिक (भावक र प्रेक्षक) – ले गर्ने आस्वाद्य मानिन्छन् । रस - प्रतीतिमा विलक्षण अपरोक्ष कल्पना हो । किनभने अनुमानित रस न त कृत्रिम रामादि नटहरुमा हुन्छ र न त सामाजिक (भावक र प्रेक्षक) – मा हुन्छ । यो त वासनाको कारणले भावक र प्रेक्षकले त्यसको अनुमान मात्र गर्दछ भन्ने विद्वानहरूको मत पाइन्छ ।

### 9.4.3 भट्टनायकको रसानुभित सिद्धान्त

आचार्य भट्टनायक मूलतः मीमांसक हुन् र यिनको समय ईशाको दसौं शताब्दी मानिन्छ । यी आनन्दवर्द्धनभन्दा पछिका हुन् । काव्यशास्त्रमा यिनको एउटा मात्र ग्रन्थ 'हृदयदर्पण' छ, तर त्यो पनि अनुपलब्ध छ । यी ध्वनि - सम्प्रदायका कट्टर विरोधी हुन् । एउटा मीमांसकका निमित्त वेद नै परम प्रमाण हो र उसका लागि सबै किसिमको अर्थ अभिधार्थमा नै अन्तर्भाव हुन्छ । त्यसैले आचार्य आनन्दवर्द्धनद्वारा 'ध्वन्यालोक'मा प्रतिपादित ध्वनिसिद्धान्तको अति नै सशक्त ढङ्गले यिनले आफ्नो पुस्तक 'हृदयदर्पण'मा विरोध गरेका छन् । जबकि यिनको मतको खण्डन आचार्य अभिनवगुप्तले 'ध्वन्यालोक'मा लोचननामक टीका लेख्दा त्यति नै सशक्त रूपले गरेको

देखिन्छ। यस तथ्यबाट थाहा पाइन्छ, आचार्य भट्टनायक आचार्य अभिनवगुप्तभन्दा पहिलेका हुन् ।

ईशाको एघारौं शताब्दीका आचार्य महिमभट्ट पनि आचार्य भट्टनायक जस्तै एक जना मीमांसक थिए । उनले आफ्नो ग्रन्थ व्यक्तिविवेकमा आचार्य भट्टनायकद्वारा रचित 'हृदयदर्पण' प्राप्त गर्न नसकेको पीडाको उल्लेख गरेका छन् । उनी भन्दछन् – अहिलेसम्म 'हृदयदर्पण' नामक ग्रन्थलाई देख्दै नदेखी मेरी बुद्धिरूपी नायिका अलङ्कार सज्जामा लागेकी छ, यसले कसरी थाहा पाओस् अलङ्कार सज्जामा कुनै दोष छ वा छैन ? अर्थात् उक्त ग्रन्थको अभावमा मेरो आफ्नो ग्रन्थ व्यक्तिविवेकमा भएका कमजोरी कसरी पत्तो पाउने होला ? उक्त विवरणबाट एघारौं शताब्दी अघिदेखि नै 'हृदयदर्पण' अनुपलब्ध छ वा कारणवश व्यक्तिविवेककार आचार्य महिमभट्टले यो ग्रन्थ फेला पार्न सकेनन् । हुन त यीभन्दा पहिला कै आचार्य अभिनवगुप्तले 'हृदयदर्पण'को अध्ययन गर्ने अनुकूलता प्राप्त गरेका थिए, नत्र उनीबाट आचार्य भट्टनायकद्वारा प्रतिपादित सिद्धान्तको खण्डन हुने थिएन ।

'हृदयदर्पण' ध्वनिविरोधी सिद्धान्त र रसनिष्पति सम्बन्धी सिद्धान्तको अधिकारिक ग्रन्थ मानिन्छ । यी दुईवटै विषयमा आचार्य भट्टनायकको दृष्टिकोण नौलो थियो । त्यसो त आचार्य अभिनवगुप्तले यिनका ध्वनिविरोधी सिद्धान्तको 'ध्वन्यालोक'को लोचन टीकामा र रसनिष्पत्तिसम्बद्ध सिद्धान्तको आचार्य भरतमुनिको 'नाट्यशास्त्र'को टीका 'अभिनवभारती'मा जोडदार ढङ्गले खण्डन गरेका छन् । 'काव्यप्रकाश' - कार आचार्य मम्मटले पनि आचार्य भट्टनायकको मतलाई आदरपूर्वक उल्लेख गरेका छन् । आचार्य भट्टनायकको रसनिष्पत्ति सम्बन्धी सिद्धान्तको उल्लेख आचार्य मम्मटले

आफ्नो 'काव्यप्रकाश' - मा गरेका छन् । भट्टनायकको मतमा व्यापार तीन किसिमको हुन्छ – अभिधा व्यापार, भावकत्व व्यापार र भोजकत्व व्यापार । अभिधा व्यापारबाट काव्यको सामान्य अर्थको ज्ञान हुन्छ, भावकत्व व्यापारबाट सीताराम आदिको स्वरूपको साधारणीकरण हुन्छ र भोजकत्वव्यापारबाट सामाजिक (भावक र प्रेक्षक)लाई रसको अनुभूति हुन्छ । आचार्य भट्टनायकको यस सिद्धान्तलाई प्रतिपादन गर्ने दुईवटा श्लोकहरू (१२) आचार्य जयरथद्वारा गरिएको आचार्य रूप्यकको'अलङ्कारसर्वस्व'नामक ग्रन्थको टीकामा र आचार्य हेमचन्द्रद्वारा लिखित 'काव्यानुशासनविवेक' नामक टीकामा उद्धृत गरिएको छ ।

आचार्य भट्टनायकको रस सूत्रको व्याख्याअनुसार आचार्य भट्टनायक द्वारा प्रतिपादित रसानुभूतिको सिद्धान्त अतीव महत्वपूर्ण छ । यिनी रसलाई परब्रह्मानन्दको स्वादतुल्य मान्दछन् । उनले साङ्ख्यादर्शनको आधारमा रसानुभूतिको जुन मार्गलाई अनुसरण गरेका छन् , त्यसलाई पूर्वीय काव्यशास्त्रमा भुक्तिवादको संज्ञा दिइएको छ । साङ्ख्यदर्शन अनुसार सुख र दुख अन्तस्करण मन, बुद्धि, चित्त र अहंकारको विषय हुन् , आत्माको होइन । व्यक्तिको चित्तको आफ्नो अन्तस्करणसित सम्बन्ध हुने हुनाले त्यसलाई सुख, दुख आदिको अनुभूति उपाधिगत रूपले प्राप्त हुन्छ । त्यसरी नै दर्शकमा उपस्थित नहुने रसलाई, उसले आफू स्वयंलाई रसको भोक्ता ठान्दछ । यसै कारण यिनको यस मतलाई भुक्तिवाद भनिएको हो । उनका मतमा रसको निष्पत्ति न त अनुकार्य  राम आदिमा हुन्छ र न अनुकर्ता नट (अनुकरणीय) आदिमा (अभिनेता), यी दुबै पक्ष तटस्थ र उदासीन हुन्छन्, अतएव रसको अनुभूति तिनलाई हुँदैन, रसको अनुभूति त केवल सामाजिक भावक र )

लाई मात्र हुन्छ। जबकि आचार्य भट्टलोल्लटको(प्रेक्षक मतमा रसको अनुभूति मुख्यरूपले तटस्थ राम आदिमा र गौण रूपले तटस्थ नट आदिमा हुन्छ, तर सामाजिक रसानुभूतिरहित हुन्छ। त्यस (क्षकभावक र प्रे) - ले भट्टलोल्लटको उत्पत्तिवादमा यस किसिमको विसङ्गति प्राप्त हुन्छ ।

उता आचार्य श्रीशङ्कुक तटस्थ नट आदिमा रसको अनुमान द्वारा प्रतीति र संस्कारवश द्वारा त्यसको (भावक र प्रेक्षक) सामाजिक (वासनाका कारण) आचार्य भट्टनायक आफ्नो सिद्धान्त भुक् आस्वादन हुने बताउँदछन्।तिवादको स्थापनाका क्रममा शब्दको अभिधा र लक्षणा शक्ति व्यापारका अतिरिक्त भावकत्व र भोजकत्व नामका अन्य दुईवटा व्यापारलाई पनि मान्दछन् । उनको मत छ – नायक - नायिकाको प्रेमकथाको सम्बन्ध व्यक्तिविशेषसँग हुन्छ, त्यसैले अभिधा र लक्षणा शक्तिबाट निस्कने अर्थ शब्दको भावकत्व शक्तिद्वारा परिष्कृत भएर सामाजिक का लागि भोजकत्व (भावक र प्रेक्षक) शक्ति वा व्यापारका माध्यमले उपभोग्य हुन्छ। अर्को शब्दमा भावकत्व शक्तिबाट काव्यार्थ वा रसको साधारणीकरण हुन्छ र भोजकत्व व्यापारबाट लाई हुन्छ।(भावक र प्रेक्षक) माजिकत्यसको आस्वादन सा'काव्यप्रकाश' - मा आचार्य भट्टनायकका मतलाई उल्लेख गर्दै आचार्य मम्मटले यिनको वैशिष्ट्य बताएका छन् ।

आचार्य भट्टनायकले एउटै वाक्यमा आफ्ना पूर्ववर्ती आचार्यहरू भट्टलोल्लट तथा श्रीशङ्कुक र समसामयिक आचार्य अभिनवगुप्त तीनैजनाको मतलाई न प्रतीति हुन्छ, न उत्पत्ति हुन्छ र न अभिव्यक्ति नै हुन्छ भनेर खण्डन गरेका छन् । यिनको मतानुसार रस केवल अनुभूतिस्वरूप हो । काव्य अथवा नाटकमा अभिधा तथा लक्षणाभन्दा भिन्न विभावादिको साधारणीकरण -

स्वरूप भावकत्व नामक व्यापारद्वारा साधारणीकृत स्थायीभाव सत्त्वोद्रेकद्वारा प्रकाश र आनन्दमय अनुभूति समान संविद विश्रान्तियुक्त आफ्नो चैतन्य वोधले विश्रान्ति लिएको अवस्थामा यसको अर्थ पनि प्रतीती हुन्छ । अर्को शब्दमा भन्नुपर्दा आल्मबन र उद्दीपनका कारण त्यसको व्यक्तिक भावना समान्प हुन्छ । यसरी विभावादि साधारणीकरण हुँदा सामाजिकमा तमोगुण र रजोगुण शान्त हुनपुग्छ । उसमा सत्त्वको उद्रेक हुन्छ, जसबाट ऊ प्रकाशयुक्त र आनन्दयुक्त भएर रसको अनुभूति गर्दछ । यही भोजकत्वको स्थिति हो ।

### 9.4.4 अभिनव गुप्तको रसानुभित सिद्धान्त

अभिनवगुप्तको जन्म भारतको कस्मिरमा ईशाको दसौं शताब्दीको मध्यभागमा लगभग ईस्वी ९६० देखि ईस्वी ९५० को बीच भएको मानिन्छ । उनले आफ्नो मूल निवास र परिवारको सम्बन्धमा **तन्त्रलोक** नामक पुस्तकमा उल्लेख गरेका पाउँछौं । यस कृतिअनुसार यिनका पूर्वज गङ्गा र यमुनाको मध्यवर्ती क्षेत्र कान्यकुब्जका निवासी हुन् ।

विद्वान् कान्यकुब्जका तत्कालीन राजा यशोवर्माका  अत्यन्त प्रसिद्ध राज्याश्रि कस्मिरनरेश ललितादित्यले कन्नौजका अधिपति यशोवर्मालाई पराजित गरे र अविगुप्तलाई ठूला आदरका साथ आफ्नो राज्य कस्मिर लिएर गए र भौतिक सुखसुविधा प्रदान गरेर सम्मनित गरे। यिनै अविगुप्तका वंशमा आचार्य अभिनवगुप्तको जन्म भएको थियो। यिनी बाल्यकालमा निकै बाठा र चञ्चल थिए। यिनी आफ्ना सहपाठीलाई असाध्यै दुःख दिन्थे। यिनको यस प्रवृत्तिका कारण यिनका गुरुले यिनको नाम अभिनव गुप्तपाद राखी दिएका थिए । आमाको वात्सल्यबाट वञ्चित भएको केही समयपछि

यिनका पिताले पनि सन्यास ग्रहण गरे। मातापिता दुबैजनाको वियोगले यिनको जीवनको दिशा नै परिवर्तित भयो, परिणामतः साहित्यका सरस विषयमा अनासक्त भई शिवभक्ति र दर्शनशास्त्रको अध्ययनमा उनी प्रवृत्त भए। उनले आजीवन ब्रह्मचर्य व्रतको पालन गरे र उनको जीवनको अन्त्य पनि तिनको कठिन साधनाअनुरूप नै भयो। अन्तिम समयमा ती कस्मिरमा श्रीनगर र गुलमार्गका माझमा पर्ने भैरव नामक नदीका किनारमा मगम नामक स्थानमा बसे। यहाँको वातावरण र प्रकृति धेरै रमणीय थियो। आफ्नो अन्तिम समयमा यिनले त्यहाँ रहेको प्रसिद्ध भैरव गुफामा प्रवेश गरे, त्यसपछि यिनी बाहिर निस्किएर आएनन्, त्यस महायात्रामा यिनका १२०० शिष्य यिनीसँगै थिए।

अभिनवगुप्तको कुल आफ्नो विद्या, विद्वता र तान्त्रिक साधनाका निमित्त कस्मिरमा निकै प्रसिद्ध थियो। यिनको पितामह वराहगुप्त र पिता नरसिंहगुप्त थिए। यिनका पितालाई चुखुल वा चुखुलक पनि भनिन्थ्यो, यो उनको घरायसी नाम थियो। अभिनवगुप्तमा ज्ञानको तीव्र पिपासा थियो, ज्ञानतृप्तिका निमित्त यिनले कस्मिरबाहिर जालन्धरको यात्रा गरे र त्यहाँ अर्द्धत्र्यम्बक मतका प्रधान आचार्य शम्भुनाथसित कौलिक मतका सिद्धान्त र उपासनातत्त्वको अनुशीलन गरे। उनले आफ्ना गुरुको नाम निर्देशन त गरेका छैनन् तर तिनीहरूसँग अध्ययन गरेका शास्त्रको चाहिँ उलेख गरेका छन्। यिनले व्याकरणको अध्ययन आफ्ना पिता नरसिंहगुप्तसित, ब्रह्मविद्याको भूतिराजसित, क्रम र त्रिक्दर्शनको लक्ष्मणगुप्तसित, ध्वनिको भट्टेन्द्रराजसित एवं 'नाट्यशास्त्र'को अध्ययन भट्टतोत ङ्ग सित गरेको प्रस (भट्टतौत) बताएका छन्। यिनले आफ्ना गुरुको सङ्ख्या बीससम्म पुर्याएको देखिन्छ।

अभिनवगुप्त तन्त्रशास्त्र, साहित्य र दर्शनका प्रौढ आचार्य थिए र यी तीनवटै विषयमा यिनले ५० वटाभन्दा पनि धेरै मौलिक ग्रन्थ, टीका र स्तोत्रको रचना गरेको देखिन्छ। अभिरुचिको आधारमा यिनको सुदीर्घजीवन तीन कालखण्डमा विभाजन गर्न सकिन्छ। जीवनको प्रारम्भमा अभिनवगुप्तले तन्त्रशास्त्रको गहन अनुशीलन गरे र उपलब्ध प्राचीन तन्त्रग्रन्थका आधारमा यिनले अद्वैतपरक व्याख्या गरी जनमानसमा व्याप्त भ्रान्त सिद्धान्तलाई निराकरण गर्न सफल भए। यिनको अध्ययनको मध्य बिन्दु आलङ्कारिक काल हो।

अलङ्कारग्रन्थको अनुशीलन र प्रणयन यस समयावधिको वैशिष्ट्य हो। यस कालखण्डका उनका तीनवटा प्रौढ रचनाहरू उपलब्ध छन्– 'काव्यकौतुकविवरण', 'ध्वन्यालोकलोचन' र 'अभिनवभारती'। 'काव्यकौतुक' अभिनवगुप्तका 'नाट्यशास्त्र'का गुरु भट्टतौतको अनुपलब्ध प्रख्यात कृति हो, जसको विवरण पनि सङ्केतित मात्र छ, उपलब्ध छैन। 'लोचन' आनन्दवर्द्धनको 'ध्वन्यालोक'को प्रौढ व्याख्यानग्रन्थ हो र 'अभिनवभारती', भरतमुनिको 'नाट्यशास्त्र'को पूर्णग्रन्थको पाण्डित्यपूर्ण व्याख्या हो। यो 'नाट्यशास्त्र'को एउटामात्र टीका हो । अभिनवगुप्तको जीवनको उत्तरार्द्ध काल उनको पाण्डित्यको उत्कर्षको युग हो, यसलाई उनको दार्शनिक अवधारणाको युग मानिन्छ। अभिनवगुप्तको व्यक्तित्व असाध्यै रहस्यमय मानिन्छ । यिनले रससिद्धान्तको मनोवैज्ञानिक व्याख्यागरेर अलङ्कारशास्त्रलाई दर्शनको उच्चता दिलाए।

आचार्य अभिनव गुप्तको रस सूत्रको व्याख्याअनुसरा अभिव्यक्तिवादलाई अभिव्यञ्जनावाद पनि भनिन्छ, यो आचार्य अभिनवगुप्तको मत हो। यद्यपि

यस मतको उठान आचार्य भट्टनायकको मत भुक्तिवादसँगसँगै भएको मानिन्छ, किनभने यी दुबैले एकअर्काका मतको खण्डनमण्डन गरेका छन्। यसरी अभिनवगुप्त र भट्टनायक दुबैजना समकालिक हुन् भन्ने अनुमान पनि गर्न सकिन्छ। आचार्य अभिनवगुप्त दार्शनिक र साहित्यप्रेमी दुबै थिए। यिनले अभिव्यक्तिवाद आचार्य आनन्दवर्द्धनको सिद्धान्त ध्वनिलाई आधार मानेर प्रतिष्ठापित गरेका हुन्। हुन त यसको निष्पत्तिका सन्दर्भमा अभिव्यक्ति शब्द यिनले आचार्य भरतमुनिको 'नाट्यशास्त्र' - बाट नै ग्रहण गरेका हुन् । आचार्य अभिनव गुप्तको मतअनुसरा सामाजिक ( भावक र प्रेक्षक) – को अन्तस्करणमा रहेको स्थायीभाव नै रसानुभूतिको साधन हो । कारण मनको संवेग वा वासना, रति आदि स्थायीभाव संस्कार रूपमा सामाजिक (भावक र प्रेक्षक) – को अन्तर्वर्तिमा रहने गर्दछ भन्ने पाइन्छ । यही स्थायीभाव विभावदिको उपस्थितिमा साधारणीकरण हुन गई सक्रिय हुन्छन् , जसबाट सामाजिकले रसको आस्वादन वा अनुभव गर्दछ । 'अभिनवभारती' नामक आफ्नो टीकामा रसोत्पत्तिका विवेचनाको केन्द्र सामाजिक (भावक र प्रेक्षक – को रसानुभूति नै हो भन्ने अभिनव गुप्तले मानेका छन् । उनले भावकत्व र भोजकत्वलाई दुई व्यापार मानेका पनि छन्।

'काव्यप्रकाश'मा आचार्य अभिनवगुप्तको मतलाई यी शब्दमा अभिव्यक्ति गरिएको छ - लोकमा प्रमदा आदिबाट स्थायीभावको अनुमानमा निपुण सामाजिकको, काव्य तथा नाटकमा कारणत्व आदि छोडेर विभावन आदि व्यापारले युक्त हुनाले विभावादि शब्दद्वारा व्यवहार्य हुँदछ । यस सहकार्यबाट यो मेरो हो वा शत्रुको हो, न शत्रुकै हो र न तटस्थकै हो आदि सम्बन्ध विशेषको स्वीकार वा परिहार गर्न निश्चय गरिनुको कारण साधारण

रूपले प्रतीत हुने विभावादिबाट नै अभिव्यक्त हुने गर्दछ । सामाजिक (भावक र प्रेक्षक) – मा वासना रूपमा अवस्थित रति आदि स्थायीभाव प्रमातृभावमा अवस्थित भएर पनि साधारण उपायको बलले त्यसै वेला परिमित प्रमातृभाव प्रमातृभाव जसमा नष्ट हुन जानाले वेद्यान्तरको सम्पर्कद्वारा शून्य र अपरिमित उदित भएको छ । त्यस्तो सामाजिकद्वारा समस्त भाव समान हुँदा – हुँदै पनि आस्वादको विषय भएर, केवल आस्वादस्वरूप, विभावादिको उपस्थिति पर्यन्त रहने, पानक–रसन्यायबमोजिम (सर्बतबाट प्राप्त हुने आस्वाद्य पक्ष) आस्वाद्यमान, साक्षात् प्रतीत भए झैं, हृदयमा प्रतीत भए झैं, समस्त अङ्गलाई आलिङ्गन गर्दछ झैं, अन्य सबै वस्तुलाई तिरोभूत गर्दछ झैं, ब्रह्म - साक्षात्कारकै अनुभव गराउँदो झैं, अलौकिक चमत्कृति उत्पन्न गर्ने शृङ्गारादि रस हुने गर्दछ ।

आचार्य अभिनवगुप्तका उद्धृत यी विचार संश्लिष्ट छन् । यी भोजकत्वलाई रसको स्वभाव मान्दछन् र भावकत्वलाई भावको विशेषता, आचार्य भरतमुनिका अनुसार काव्यको अर्थलाई प्रकट गर्ने तत्त्व भाव हो । (२०) यसकारण भावकत्व र भोजकत्व व्यापारकोकल्पनालाई अभिनवगुप्त सङ्गतिपूर्ण मान्दैनन् । आचार्य अभिनवगुप्तको प्रस्तुत अभिव्यक्तिवाद वा अभिव्यञ्जनावादबाट निम्न तथ्य उजागर हुन्छ -

शब्दको अर्थप्रकाश र साधरणीकरणको मूल कारण व्यञ्जनाको विभावना व्यापारका कारण रसलाई व्याङ्ग्य मानिन्छ । यसको स्थाही भाव व्याङ्ग्य हो र विभावादि व्यञ्जक हो । यसैले रसानुभूति प्रक्रियामा व्यञ्जक – व्यङ्ग्यको सम्बनधलाई संयोग मात्र होइन महत्वपूर्ण पनि मानिने गरिन्छ । व्यञ्जनाको विभावना व्यापारबाट विभाव र स्थायीभावको साधरणीकरण

हुन्छ । रसको रसानुभूति प्रक्रियाले विशेष सामाजिक ( भावक र प्रेक्षक) –को अन्तस्करणमा स्थित वासनारूपी भावलाई जागृत तुल्याउँदछ ।

## 9.5 उपसंहार

भरतका विचारमा रस आस्वाद नभएर आस्वाद्य हो । आस्वाद स्वयं गरिने अनुभूति हो र यो विषयीगत वा आत्मगत हुन्छ । आस्वाद्य चाहिँ अनुभूति गराउने माध्यम मात्र हो र यो विषयगत वा वस्तुगत हुन्छ । यसै आधारभूत धारणाका कारण भरतदेखि अभिनवगुप्तपूर्वसम्म रस आस्वाद नभएर आस्वादको विषय मात्र भएको देखिन्छ । भरतका विचारमा स्थायीभाव सोझै रस नभई रसको माध्यम वा विषय हो । स्थायीभावको उत्पत्ति विभिन्न भाव र अभिनयहरूको मिश्रण भएपछि मात्र हुन्छ र यसले प्रेक्षकहरूलाई रसको अनुभव गर्ने मौका दिन्छ । यो स्थायीभाव पनि प्रेक्षकका मनमा नउब्जेर अभिनय गर्ने अभिनेताहरूमा उब्जिन्छ । प्रेक्षकहरू त अभिनेताहरूका विभिन्न भाव र अभिनयद्वारा सिर्जित स्थायीभावलाई देखेर हर्ष आदिको अनुभव गर्दछन् ।

रस आस्वाद नभएर आस्वाद्य हो । विभिन्न भाव र अभिनयको मिश्रणबाट उत्पन्न स्थायीभाव नै रस हो । श्रृङ्गारको स्थायीभाव रति, हास्यको स्थायीभाव हास, रौद्रको स्थायीभाव क्रोध, करुणको स्थायीभाव शोक, वीरको स्थायीभाव उत्साह, अद्भुतको स्थायीभाव विस्मय, बीभत्सको स्थायीभाव जुगुप्सा, भयानकको स्थायीभाव भय तथा शान्तको स्थायीभाव शम वा निर्वेद मानिन्छ । भरतले आठवटा रसका देवता क्रमशः विष्णु, प्रमथ, रुद्र, यमराज, इन्द्र, ब्रह्मा, महाकाल तथा कालदेवलाई मानेका छन् र शान्त रसका देवता

नारायण बताइन्छ । यस सूत्रको व्याख्या बुझ्न स्थायीभाव, विभाव, अनुभाव र व्यभिचारी भावको जानकारी हुनु आवश्यक छ ।

भरतमुनिको रसपरक सिद्धान्तको व्याख्या गर्ने सर्वप्रथम विद्वान् भट्टलोल्लट नै हुन् । रसनिष्पत्तिका बारेमा यिनको स्वतन्त्र मत साहित्यजगत्मा प्रख्यात छ । यी मीमांसक र अभिधावादी थिए । यिनको मतमा शब्दको प्रत्येक अर्थको प्रतिपत्ति अभिधाबाट ठीक त्यसरी नै हुन्छ, जसरी एउटै बाणले कवचलाई छेड्दै शरीरभित्र प्रवेश गरी प्राण हरण गर्दछ । यिनको दृष्टिमा महाकाव्यको मुख्य रस र त्यसका विभिन्न अङ्गमा पूर्ण सामञ्जस्य हुनु आवश्यक छ । यी रसको स्थिति रामादि अनुकार्य पात्रहरुमा हुन्छ भन्दछन् । नटहरू र सामाजिक भावक र प्रेक्षकको रूपमा हुँदैन भन्दछन् । आचार्य श्रीशङ्कुको रस सूत्रको व्याख्याअनुसार श्रीशङ्कुक भरतमुनिको 'नाट्यशास्त्र'का अर्को विशिष्ट व्याख्याता हुन् । हुन त यिनको व्याख्या मूल रूपमा प्राप्त छैन, तर 'अभिनवभारती' - मा त्यसको उल्लेख छ । भरतमुनिको रससूत्रलाई यिनले जुन व्याख्या गरेका छन् । त्यो अनुमितिवाद नामले प्रसिद्ध छ ।

आचार्य भट्टनायकको रस सूत्रको व्याख्याअनुसार आचार्य भट्टनायक द्वारा प्रतिपादित रसानुभूतिको सिद्धान्त अतीव महत्वपूर्ण छ । यिनी रसलाई परब्रह्मानन्दको स्वादतुल्य मान्दछन् । उनले साङ्ख्यादर्शनको आधारमा रसानुभूतिको जुन मार्गलाई अनुसरण गरेका छन् , त्यसलाई पूर्वीय काव्यशास्त्रमा भुक्तिवादको संज्ञा दिइएको छ । साङ्ख्यदर्शन अनुसार सुख र दुख अन्तस्करण मन, बुद्धि, चित्त र अहंकारको विषय हुन् , आत्माको होइन । व्यक्तिको चित्तको आफ्नो अन्तस्करणसित सम्बन्ध हुने हुनाले त्यसलाई सुख, दुख आदिको अनुभूति उपाधिगत रूपले प्राप्त हुन्छ । आचार्य अभिनव

गुप्तको मतअनुसरा सामाजिक ( भावक र प्रेक्षक) – को अन्तस्करणमा रहेको स्थायीभाव नै रसानुभूतिको साधन हो । कारण मनको संवेग वा वासना, रति आदि स्थायीभाव संस्कार रूपमा सामाजिक (भावक र प्रेक्षक) – को अन्तर्वर्तिमा रहने गर्दछ भन्ने पाइन्छ । यही स्थायीभाव विभावदिको उपस्थितिमा साधारणीकरण हुन गई सक्रिय हुन्छन् , जसबाट सामाजिकले रसको आस्वादन वा अनुभव गर्दछ । 'अभिनवभारती' नामक आफ्नो टीकामा रसोत्पत्तिका विवेचनाको केन्द्र सामाजिक (भावक र प्रेक्षक – को रसानुभूति नै हो भन्ने अभिनव गुप्तले मानेका छन् । उनले भावकत्व र भोजकत्वलाई दुई व्यापार मानेका पनि छन् ।

## 9.6 सार

यस प्रखण्डमा **रसको स्वरूप र रसानुभूति प्रक्रिया**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- रस कविता वा साहित्यको सबैभन्दा एउटा पुरानो सिद्धान्त हो । संसारका प्राय : साहित्यको थालनी पध्यबाटै भएको जस्तै पूर्वीय साहित्यमा रसबाट भएको मानिन्छ ।
- साहित्यमा शास्त्रीय रूपमा रसको विवेचना गर्ने प्रथम आचार्य भरतमुनिलाई मानिन्छ ।
- भरतले काव्यको आवश्यक तत्वका रूपमा रसको प्रतिष्ठा गर्दै शृङ्गार, हास्य, रौद्र, करुण, वीर, अद्भुत, बीभत्स र भयानक आदि आठवटा भेदलाई स्पष्टतः उल्लेख गरेका छन् तथा विद्वान्हरू उनैले शान्त नामक नवौं रसलाई पनि स्वीकृति दिएको बताउँदछन् ।

- शब्दको अर्थप्रकाश र साधरणीकरणको मूल कारण व्यन्जनाको विभावना व्यापारका कारण रसलाई व्याङ्ग्य मानिन्छ ।
- रस आस्वाद नभएर आस्वाद्य हो । विभिन्न भाव र अभिनयको मिश्रणबाट उत्पन्न स्थायीभाव नै रस हो ।
- श्रृङ्गारको स्थायीभाव रति, हास्यको स्थायीभाव हास, रौद्रको स्थायीभाव क्रोध, करुणको स्थायीभाव शोक, वीरको स्थायीभाव उत्साह, अद्भुतको स्थायीभाव विस्मय, बीभत्सको स्थायीभाव जुगुप्सा, भयानकको स्थायीभाव भय तथा शान्तको स्थायीभाव शम वा निर्वेद मानिन्छ ।
- भरतले आठवटा रसका देवता क्रमशः विष्णु, प्रमथ, रुद्र, यमराज, इन्द्र, ब्रह्मा, महाकाल तथा कालदेवलाई मानेका छन् र शान्त रसका देवता नारायण बताइन्छ ।
- यस सूत्रको व्याख्या बुझ्न स्थायीभाव, विभाव, अनुभाव र व्यभिचारी भावको जानकारी हुनु आवश्यक छ ।
- भरतमुनिको रसपरक सिद्धान्तको व्याख्या गर्ने सर्वप्रथम विद्वान् भट्टलोल्लट नै हुन् । रसनिष्पत्तिका बारेमा यिनको स्वतन्त्र मत साहित्यजगत्मा प्रख्यात छ । यी मीमांसक र अभिधावादी थिए ।
- यिनको मतमा शब्दको प्रत्येक अर्थको प्रतिपत्ति अभिधाबाट ठीक त्यसरी नै हुन्छ, जसरी एउटै बाणले कवचलाई छेड्दै शरीरभित्र प्रवेश गरी प्राण हरण गर्दछ । यिनको दृष्टिमा महाकाव्यको मुख्य रस र त्यसका विभिन्न अङ्गमा पूर्ण सामञ्जस्य हुनु आवश्यक छ । यी रसको स्थिति रामादि अनुकार्य पात्रहरुमा हुन्छ भन्दछन् ।

- ❖ नटहरू र सामाजिक भावक र प्रेक्षकको रूपमा हुँदैन भन्दछन् ।

आचार्य श्रीशङ्कुको रस सूत्रको व्याख्याअनुसार श्रीशङ्कुक भरतमुनिको 'नाट्यशास्त्र'का अर्का विशिष्ट व्याख्याता हुन् । हुन त यिनको व्याख्या मूल रूपमा प्राप्त छैन, तर 'अभिनवभारती' - मा त्यसको उल्लेख छ ।

- ❖ भरतमुनिको रससूत्रलाई यिनले जुन व्याख्या गरेका छन् । त्यो अनुमितिवाद नामले प्रसिद्ध छ ।
- ❖ आचार्य भट्टनायकको रस सूत्रको व्याख्याअनुसार आचार्य भट्टनायक द्वारा प्रतिपादित रसानुभूतिको सिद्धान्त अतीव महत्वपूर्ण छ । यिनी रसलाई परब्रह्मानन्दको स्वादतुल्य मान्दछन् ।
- ❖ उनले साङ्ख्यादर्शनको आधारमा रसानुभूतिको जुन मार्गलाई अनुसरण गरेका छन् , त्यसलाई पूर्वीय काव्यशास्त्रमा भुक्तिवादको संज्ञा दिइएको छ ।
- ❖ साङ्ख्यदर्शन अनुसार सुख र दुख अन्तस्करण मन, बुद्धि, चित्त र अहंकारको विषय हुन् , आत्माको होइन ।
- ❖ व्यक्तिको चित्तको आफ्नो अन्तस्करणसित सम्बन्ध हुने हुनाले त्यसलाई सुख, दुख आदिको अनुभूति उपाधिगत रूपले प्राप्त हुन्छ ।

आचार्य अभिनव गुप्तको मतअनुसरा सामाजिक ( भावक र प्रेक्षक) – को अन्तस्करणमा रहेको स्थायीभाव नै रसानुभूतिको साधन हो ।

- ❖ कारण मनको संवेग वा वासना, रति आदि स्थायीभाव संस्कार रूपमा सामाजिक (भावक र प्रेक्षक) – को अन्तर्वर्तिमा रहने गर्दछ भन्ने पाइन्छ ।

- यही स्थायीभाव विभावदिको उपस्थितिमा साधारणीकरण हुन गई सक्रिय हुन्छन् , जसबाट सामाजिकले रसको आस्वादन वा अनुभव गर्दछ ।
- 'अभिनवभारती' नामक आफ्नो टीकामा रसोत्पत्तिका विवेचनाको केन्द्र सामाजिक (भावक र प्रेक्षक – को रसानुभूति नै हो भन्ने अभिनव गुप्तले मानेका छन् । उनले भावकत्व र भोजकत्वलाई दुई व्यापार मानेका पनि छन् ।
- यसको स्थाही भाव व्याङ्ग्य हो र विभावादि व्यञ्जक हो । यसैले रसानुभूति प्रक्रियामा व्यञ्जक – व्यङ्ग्यको सम्बनधलाई संयोग मात्र होइन महत्वपूर्ण पनि मानिने गरिन्छ ।
- व्यञ्जनाको विभावना व्यापारबाट विभाव र स्थायीभावको साधरणीकरण हुन्छ । रसको रसानुभूति प्रक्रियाले विशेष सामाजिक ( भावक र प्रेक्षक) – को अन्तस्करणमा स्थित वासनारूपी भावलाई जागृत तुल्याउँदछ ।

यस प्रखण्डको अध्ययनले **रसको स्वरूप र रसानुभूति प्रक्रिया**बारे बुनियाँदी जानकारी प्राप्त भयो । रसको परिचय र यसको रसानुभूति प्रक्रिया सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 9.7 अनुशीलनी

१. रसको उद्भवबारे चर्चा गर्दै यसका पूर्वीय साहित्यमा रहेको रस – सिद्धानतलाई सविस्तार चर्चा गर्नु होस् ।

२. रसको अर्थ सम्बन्धि उल्लेख गर्दै यसको परिभाषाबारे पूर्वीय र पाश्चात्य मतको टिप्प्णी गर्नुहोस् ।

३. साहित्यमा रसको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस् ।

४. रसको स्वरूपबारे विश्लेषण गर्नुहोस् ।

५. रसानुभूति प्रक्रियाबारे पूर्वीय आचार्यहरूको मत र विचारलाई सबिस्तार चर्चा गर्नुहोस् ।

६. रस चिन्तनको विकासक्रम पूर्वीय साहित्यमा कसरी र किन भएको पाइन्छ ? विवेचना गर्नुहोस् ।

७. साधरणीकरण पद्धितिलाई किन रसोत्पत्ति प्रक्रिया मूल तन्तु मानिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

८. पूर्वीय साहित्यको रस सिद्धान्तले अन्य भाषा वा साहित्यमा के - कस्तो प्रभाव पारेको ठान्नुहुन्छ ? चर्चा गर्नुहोस्।

९. रस सिद्धान्तको पृष्ठभूमिबारे एउटा टिप्पणी लेख्नुहोस् ।

१०. 'विभाव, अनुभव, व्यभिचारी भाव संयोगान्त रसनिष्पत्ति' - बारे लेख लयार पार्नुहोस् ।

१२. रसमा रसानुभूति किन र कसरी भएको पाइन्छ ? आफ्नो मनतव्य लेख्नुहोस् ।

## 9.8 अतिरिक्त अध्ययन

२५. सिग्देल, सोमनाथ - **साहित्य प्रदीप** ।

२६. उपाध्याय, डा. केशवप्रसाद - **साहित्य प्रकाश** ।

२७. श्रेष्ठ, डा. दयाराम - **वीरकालीन कविता** ।

२८. अधिकारी, हेमाङ्गराज - **पूर्वीय समालोचना - सिद्धान्त** ।

२९. हिमांशु, राजुप्रधान - **साहित्य परिचय** ।

३०. उपाध्याय, केशवप्रसाद - **पूर्वीय काव्य सिद्धान्त** ।

३१. लुइँटेल, खगेन्द्रप्रसाद - **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** ।

३२. गोतम, लक्ष्मीप्रसाद - **कविताको सैद्धान्तिक विमर्श** ।

३३. न्यौपाने, टङ्कप्रसाद - **साहित्यको रूपरेखा** ।

३४. तिवारी, डा. रामचन्द्र - **भारतीय व पाश्चात्य काव्यशास्त्र तथा हिन्दी आलोचना** ।

३५. आनन्दवर्धन - **ध्वन्यालोक**, वाराणसी, चौखम्बा विद्याभवन ।

३६. कुन्तक – **वक्रोक्तिजीवित** ,वाराणसी ।

३७. जगन्नाथ – **रसगङ्गाधर** ,वाराणसी, चौं विद्याभवन ।

३८. जयदेव – **चन्द्रालोक** ,वाराणसी ।

३९. दण्डी – **काव्यादर्श** ,वाराणसी ।

४०. भरत - **नाट्यशास्त्र** – २, वाराणसी, काशी ।

४१. भामह –**काव्यालङ्कार** ,पटना, विहार राष्ट्रभाषा परिषद् ।

४२. मम्मट - **काव्यप्रकाश**, वाराणसी ज्ञानमण्डल लिमिटेड ।

४३. वामन – **काव्यालङ्कार सूत्रवृत्ति**, वाराणसी ।

४४. विश्वनाथ – **साहित्यदर्पण** ,वाराणसी ।

४५. वेदव्यास – **अग्निपुराण** ,दिल्ली , चौखम्बा संस्कृत प्रतिष्ठान ।

४६. शर्मा, मोहनराज - **नेपाली कविता, नाटक र इतिहास**, काठमाण्डौं ,नवीन प्रकाशन ।

४७. त्रिपाठी, वासुदेव - **नेपाली कविता**, भाग –४ ।

यस अतिरिक्त **रसको स्वरूप र रसानुभूति प्रक्रिया**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 9.9 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

६. रसको सामान्य परिचय ।

.................................................................................................

.......

.................................................................................................

.......

.................................................................................................

.......

**(प्रश्न १ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ९.२ को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

७. रसको स्वरूप ।

.................................................................................................

.......

.................................................................................................

.......

..............................................................................................

.......

**(प्रश्न २ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ९.४ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

८. रसानुभूति प्रक्रिया ।

..............................................................................................

.......

..............................................................................................

.......

..............................................................................................

.......

**(प्रश्न ३ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ९.५ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

९. रसको स्वरूप र रसानुभूतिको परिचय ।

..............................................................................................

.......

..............................................................................................

.......

..............................................................................................

.......

**(प्रश्न ४ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ९.३ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१०. रसानुभूति प्रक्रियाबारे भट्टलोल्लट, श्रीशङ्कु, अभिनव गुप्तको सिद्धान्त

।

.........................................................................................

.......

.........................................................................................

.......

.........................................................................................

.......

**(प्रश्न ५ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ९.५.१, ९.५.२ र ९.५.३ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 10 काव्यमा रसको स्थिति, रसदोष

**संरचना**

10.0 उद्देश्य

10.1 परिचय

10.2 काव्यमा रसको स्थिति

10.3 रस दोष

10.4 उपसंहार

10.5 सार

10.6 अनुशीलनी

10.7 अतिरिक्त अध्ययन

10.8 मूल्यबृद्धिको निम्ति उत्तर

## 10.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- रसको सामान्य परिचय
- रसको अर्थ र परिभाषा
- काव्यमा रसको स्थिति

- रस दोष

## 10.1 परिचय

रस भन्नाले एउटा तरल, झोल, द्रव, पन्यालो वस्तु (Liquid, juice, fluid, savour, Flavour, taste, syrup, Exudation, serum) आदिलाई बुझिन्छ । साहित्यमा हृदयले जुन कुराको आस्वादन गर्छ वा स्वाद पाउँछ त्यो रस हो । संस्कृत साहित्य चिन्तक आदि आचार्य भरतमुनिदेखि आनन्दवर्द्धन, अभिनव गुप्त, विस्वनाथ तथा जगन्नाथ सम्मका आचार्यहरूले साहित्यमा रसको तात्पर्य आनन्दसित छ भनेर व्यख्या गरे । काव्यद्वारा मनमा भावको प्रस्फुटन हुन थालेफछि एक प्रकारको आनन्दको अनुभव हुन्छ । भावनालाई उकास्दै र उद्वेलित पार्दै त्यसको रूप र तत्वको छाप बस्नु नै रस हो । रसको मुख्य आश्रय भाव हो भाव भन्नाले मनका विभिन्न स्थिति र तरंग बुझिन्छ ।

साहित्यमा शास्त्रीय रूपमा रसको विवेचना गर्ने प्रथम आचार्य भरतमुनि (ईशाको दोस्रो शताब्दी) - लाई मानिन्छ । उनले काव्यको आवश्यक तत्वक रूपमा रसको प्रतिष्ठा गर्दै श्रृङ्गार, हास्य, रौद्र, करुण, वीर, अद्भुत, बीभत्स र भयानक आदि आठवटा भेदलाई स्पष्टतः उल्लेख गरेका छन् तथा विद्वानहरू उनैले शान्त नामक नवौं रसलाई पनि स्वीकृति दिएको बताउँदछन् । यिनै हुन्- नवरस । काव्यमा विभाव (आलम्बन र उद्दीपन), अनुभाव, र व्यभिचारी वा सञ्चारीभावको संयोगमा स्थायीभाव नै रसका रूपमा परिणत हुन्छ । यस्ता रस नौ थरी मानिएका छन् । ती हुन् – शृङ्गार, वीर, शान्त आदि । विभाव, अनुभाव र सञ्चारीभावको संयोगले यी विभिन्न रसको निष्पत्ति हुन्छ

। हृदयको स्थायीभावले विभाव, अनुभाव र सञ्चारीभावको संयोग प्राप्त गर्दा रस रूप निष्पन्न हुन्छ ।  त्यसैले रसका चारवटा अङ्ग मानिन्छन् - स्थायीभाव, विभाव, अनुभाव र सञ्चारीभाव। प्रत्येक रसको स्थायी भाव बेग्लाबेग्लै छ । त्यसैको विभावादि संयोगले परिपूर्ण हुने निर्विघ्न – प्रतीति - ग्राह्य अवस्थालाई नै रस भनिन्छ ।

श्रृङ्गारको स्थायीभाव रति, हास्यको स्थायीभाव हास, रौद्रको स्थायीभाव क्रोध, करुणको स्थायीभाव शोक, वीरको स्थायीभाव उत्साह, अद्भुतको स्थायीभाव विस्मय, बीभत्सको स्थायीभाव जुगुप्सा, भयानकको स्थायीभाव भय तथा शान्तको स्थायीभाव शम वा निर्वेद मानिन्छ । भरतले आठवटा रसका देवता क्रमशः विष्णु, प्रमथ, रुद्र, यमराज, इन्द्र, ब्रह्मा, महाकाल तथा कालदेवलाई मानेका छन् र शान्त रसका देवता नारायण बताइन्छ । यस सूत्रको व्याख्या बुझ्न स्थायीभाव, विभाव, अनुभाव र व्यभिच्री भावको जानकारी हुनु आवश्यक छ । शृङ्गार रसको तात्पर्य काम - वासनाको उद्रेक र प्रणय हुनु हो । यौनाकर्षण सबैको साझा चेतना हो । त्यसैले यो रस यौन सन्तुष्टि तर्फको प्रास्यान र करूणामूलक यौनेच्छाको स्मरणानन्दका रूपमा शृङ्गार र वियोग शृङ्गार द्वारा व्याख्यायीत छ। यो शृङ्गार रस पनि दुई प्रकारका हुन्छन् । ती हुन् – संयोग र वियोग । वीर रसमा व्यक्तिले केही नयाँ गर्न, आफूलाई अरूका अगाडि विस्वासका साथ प्रदर्शन गर्न, विद्रोह र प्रतिस्पर्धाको चेतना दिन उत्प्रेरक रहने शूरतामय रचना नै वीर रस हुन् । युद्ध, झगडा, प्रशंसा र आक्रोश जस्ता कुराहरूमा वीर रस उपस्थित हुन्छ। वीर रस व्यक्ति निहित त्यस्तो चेतनाको प्रतीक हो जुन सदैव उत्साह, साहस र उत्कर्ष तर्फ उन्मुख हुन्छ ।

रसको औचित्य अनुसार विभाव, अनुभव र संचारी भाव आदिको वर्णन गर्नुमा औचित्यमा पुरा पुरी ध्यान राख्न पर्दछ मुख्य रसको विवेचन कुन प्रकार ! हुनु पर्छ रसोत्मक पारस्परिक विरोध कुन प्रकारले हुन्छ ? कुन प्रकारको रस कुन चाहि रसको साथमा कुन विधि सित निवन्ध भएमा आफ्नो विरूद्धताको परिमार्जत गर्छ ? यो सबै विवेचन रसौचितेयको विषय हो । यस विवेचनबाट स्पष्ट हुन्छ कि काव्य निर्माणमा विविध अनुकूलहरूमाथि ध्यान दिनु औचित्य छ काव्यको ! छयसको ध्यान राखेन भने काव्यमा सरसता आउँ ! शोभा बड्छ भाव प्रेषणीयतामा वृद्धि हुन्छ अनि काव्यको सदस्यहरुको निम्ति यो आल्छादकारी वन्न पुग्छ आफ्नो स्थानमा -काव्यको सबै सिद्धान्तहरु आ ! उपस्थित भए पनि त्यसमा औचित्यको निवहि गरिएन भने त्यस्तो काव्य ! समाप्त भएर जान्छ अनेकौ दोषयुक्त हुन्छ अनि त्यको प्रभावोत्पादकता ।

औचित्यको महत्त्व प्रतिपादित गर्दा क्षेमेन्द्रले भनेका थिए कि काव्यमा गुण र अलंकार यदि उचित रूपमा विन्यास्त रूपमा हुन्छ भने काव्यको भूषण आभूषण कहलाइन्छ यदि यो उचित रूपमा विन्यस्त छैन भने त्यो नै ! अलंकार र गुणलाई भूषण बनाउने स्पष्ट छ कि ! काव्यको दूषण बन्नपुग्छ तत्त्व औचित्य नै हो !

## 10.2 काव्यमा रसको स्थिति

एउटा प्रसिद्ध वैदिक सूक्ति छ - रसौ वै सः। अर्थात् ती परमात्मा नै रसरूपी आनन्द हुन् । **रस** संस्कृत भाषाको 'रस्' धातुमा 'अ'प्रत्यय गाँसिएर व्युत्पन्न शब्द हो । यसको व्युत्पत्तिगत अर्थ स्वाद ग्रहण गर मिल्ने पदार्थ तत्त्व हो । रसक प्रायोगिक क्षेत्र विविध छन्, दार्शनिक सन्दर्भमा विभिन्न किसिमले रस

प्रयुक्त हुन्छ, त्यहाँ यसलाई पदार्थको गुणका रूपमा प्रयोग गरिएको पाइन्छ । आयुर्वेदमा रसलाई अमिलो, पिरो, तीतो, टर्रो, गुलियो नुनिलो आदि छ किसिमका स्वादका रूपमा चर्चा गरिन्छ, व्यावहारिक परिप्रेक्ष्यमा रुचि र सन्तुष्टिका सन्दर्भमा यसको प्रयोग हुन्छ भने खाद्यपदार्थका प्रसङ्गमा झोलिलो तरल पदार्थको द्योतन रसले गर्दछ । यी विभिन्न प्रायोगिक सन्दर्भमा रसको प्रयोग भए पनि यो विशेषतः साहित्यिक सन्दर्भमा बढी प्रयुक्त छ ।

रस, छन्द, अलङ्कार, ध्वनि अदि पूर्वीय काव्यशास्त्रका अनिवार्य र निर्विकल्प अवयव हुन् । काव्य चिन्तनको पूर्वीय परम्परामा रस सिद्धान्त सर्वाधिक चर्चित र पुरानो सिद्धान्त मानिन्छ। वेदमा ब्रह्मको चर्चाका क्रममा रस सब्दको उल्लेख गरिए तापनि, राजशेखर, कृतिधर आदि केही आचार्यले नन्दीकेशरबाट रसको आविश्कार भएको भने तापनि रसका आधिकारिक र प्रामाणिक अधिष्ठाता भरतमुनि हुन् । उनले नाट्यशास्त्रको विवेचनाका क्रममा व्यक्त गरेको रससूत्र नै रस सिद्धान्तको आधारतत्त्व हो । श्रव्यकाव्य पढ्दा वा सुन्दा एवं दृश्यकाव्य हेर्दा वा सुन्दा जुन अलौकिक आनन्द प्राप्त हुन्छ, त्यसैलाई काव्यमा रस भन्ने गरिन्छ। रसद्वारा जुन भावको अनुभूति हुनपुग्छ त्यसलाई रसको स्थायीभाव भन्ने गरिन्छ। रसको अर्थ हो - निचोड, सारतत्त्व वा मुख्यभाव । काव्यमा जुन आनन्द प्राप्ति हुन्छ, बास्तवमा त्यही नै काव्यको रस हो । काव्य रसास्वादनबाट प्राप्त आनन्द अर्थात् रस लौकिक नभएर अलौकिक वा आत्मिक हुन्छ ।

रस पूर्वानुभूति होइन, यो त तात्कालिक अनुभव हो । यद्यपि काव्य, नाटक वा सिनेमामा प्रस्तुत हुने विषयवस्तुको जानकारी पहिले नै हुनसक्छ, ज्ञात वा

देखेसुनेको हुनसक्छ । तैपनि काव्य, नाटक वा सिनेमा हेर्दा केही नौलोपनको आभास र अनुभूति हुन्छ, नयाँ आस्वादनले पुराना अनुभूति हराउँदै जान्छ । तात्कालिक अनुभूतिमात्र चरममा पुगे झैं लाग्दछ । रसको यही अपूर्व रूप अप्रमेय र अनिर्वचनीय मानिन्छ । रस काव्यको आत्मा हो र रसिलो वाक्य नै काव्य हो । रमणीय र आलङ्कारिक कव्यत्वको अनुभूति जसले मानव हृदयमा कुनै न कुनै भावलाई वा संवेदनालाई जागृत गराउन सक्छ त्यो नै रस हो । अथवा, भनौं साहित्यबाट प्राप्त हुने मानसिक सन्तुष्टिको नाम नै रस हो । रस अन्तःकरणको त्यो शक्ति हो, जसका बलले इन्द्रियहरू क्रियाशील हुन्छन्, मनले कल्पना गर्दछ, स्वप्नका अनुभूति स्मृतिका रूपमा जीवन्त रहन्छन् । रस आनन्दको प्रतीक हो र यही आनन्द नै विशालताको र विराटपनको अनुभव पनि हो । यो आनन्द नै अन्य समस्त अनुभवको अतिक्रमण पनि हो। व्यक्तिविशेष इन्द्रिय-संयम हुनसक्छ र ऊ विषयविमुख पनि बन्न सक्छ, तर उसले ती विषयप्रतिका भाव पन्साउन सक्दैन । रसका रूपमा जुन वस्तुको निष्पत्ति हुन्छ, त्यही बास्तवमा भाव हो। रसानुभूति भएपछि भाव रहंदैन, केवल रसमात्र शेष रहन्छ, भावना रूपान्तरित हुन्छ ।

साहित्यमा शास्त्रीय रूपमा रसको विवेचना गर्ने प्रथम आचार्य भरतमुनि (ईशाको दोस्रो शताब्दी) - लाई मानिन्छ । उनले काव्यको आवश्यक तत्वक रूपमा रसको प्रतिष्ठा गर्दै श्रृङ्गार, हास्य, रौद्र, करुण, वीर, अद्भुत, बीभत्स र भयानक आदि आठवटा भेदलाई स्पष्टतः उल्लेख गरेका छन् तथा विद्वानहरू उनैले शान्त नामक नवौं रसलाई पनि स्वीकृति दिएको बताउँदछन् । यिनै हुन्- नवरस । उनले आफ्नो नाट्यशास्त्रमा रसोत्पत्ति विषयको चर्चालाई यसरी सूत्रबद्ध गरेको पाइन्छ - विभाव, अनुभाव र सञ्चारीभावको संयोगले यी

Notes

विभिन्न रसको निष्पत्ति हुन्छ । हृदयको स्थायीभावले विभाव, अनुभाव र सञ्चारीभावको संयोग प्राप्त गर्दा रस रूप निष्पन्न हुन्छ । त्यसैले रसका चारवटा अङ्ग मानिन्छन् - स्थायीभाव, विभाव, अनुभाव र सञ्चारीभाव। प्रत्येक रसको स्थायी भाव बेग्लाबेग्लै छ । त्यसैको विभावादि संयोगले परिपूर्ण हुने निर्विघ्न-प्रतीति-ग्राह्य अवस्थालाई नै रस भनिन्छ ।

श्रृङ्गारको स्थायीभाव रति, हास्यको स्थायीभाव हास, रौद्रको स्थायीभाव क्रोध, करुणको स्थायीभाव शोक, वीरको स्थायीभाव उत्साह, अद्भुतको स्थायीभाव विस्मय, बीभत्सको स्थायीभाव जुगुप्सा, भयानकको स्थायीभाव भय तथा शान्तको स्थायीभाव शम वा निर्वेद मानिन्छ । भरतले आठवटा रसका देवता क्रमशः विष्णु, प्रमथ, रुद्र, यमराज, इन्द्र, ब्रह्मा, महाकाल तथा कालदेवलाई मानेका छन् र शान्त रसका देवता नारायण बताइन्छ । यस सूत्रको व्याख्या बुझ्न स्थायीभाव, विभाव, अनुभाव र व्यभिचारी भावको जानकारी हुनु आवश्यक छ ।

भावनाको भण्डार मनमा अनगिन्ती संवेगात्मक भावहरू अनुभव, वासना एवं संस्कारका रूपमा सँगालिएका हुन्छन् । यी भावहरू धेरैजसो सुसुप्त अवस्थामा रहेका हुन्छन् । जुन भावहरू स्थायी रूपमा मनलाई आबद्ध गरेर रहेका हुन्छन्, ती स्थायी हुन् । अर्को शब्दमा सहृदयको अन्तःकरणमा जुन मनोविकार वासना वा संस्कारका रूपमा सधैं रहिरहन्छ, जुन कहिल्यै दमित हुँदैन, त्यसैलाई स्थायीभाव भन्दछन् । स्थायीभाव मानवमनमा बीजका रूपमा चिरकालसम्म स्थिर र अविचलित भएर बसेको हुन्छ । यसलाई संस्कार अथवा भावनाको द्योतक मानिन्छ। स्थयीभाव यति समर्थ र बलियो हुन्छ, यसले अन्य भावलाई आफूमा विलीन गर्दछ । विशेषतः काव्य पढ्दा अथवा

नाटक वा चलचित्र हेर्दा पाठक र दर्शकमा एक किसिमको आनन्दको अनुभव पनि हुन्छ । यही भाव रसरूपमा परिणत भएको हुन्छ । त्यही स्थायी भाव नै रस हो । भरतमुनिले स्थायीभावलाई आठवटा मानेका छन् भने उत्तरवर्ती धेरैजसो विद्वानहरूले यसलाई नौ वटा हुन्छ भनेका छन् । कालन्तरमा भक्ति र वात्सल्यलाई पनि छुट्टै रसका रूपमा मान्नेहरूले स्थायीभावलाई ११ वटासम्म पुर्याएको देखिन्छ । ती एघारवटा स्थायी भाव हुन् - रति, हास, शोक, उत्साह, क्रोध, भय, जुगुप्सा, विस्मय, निर्वेद, वात्सल्य और ईश्वर विषयक प्रेम ।

रसो वै सः । रसो ह्येवायं लब्ध्वाऽऽनन्दी भवति । अर्थात् त्यो)ब्रह्म (नै रस हो । रसलाई पाएर नै त्यो आनन्दमग्न हुन्छ । सुप्रसिद्ध गौडीय वैष्णव आचार्य रूपगोस्वामीले भक्ति रसलाई रसतत्व प्रदान गरेको पाइन्छ । उनको कृति हरिभक्तिरसामृत सिन्धुमा भक्तिरसलाई शास्त्रीय रूप प्रदान गरिएको छ । उनले भक्ति रसलाई मूल रस र अन्य नव रसलाई भक्ति रसमा अन्तर्निहित रस मानेका छन् । त्यसैगरी मधुसूदन सरस्वती) १६०० इस्वी (पनि भक्ति रसलाई शास्त्रीय रूप प्रदान गर्ने अर्को विद्वान् हुन् । केही आचार्यहरूले भक्तिरसलाई शान्तरसभित्रै अन्तर्भाव गरेका छन् । अभिनवगुप्तले शान्तरसभित्र भक्तिरसलाई राखेर धृति, मति, स्मृति तथा उत्साहभित्र यसको अन्तर्भाव गरेका छन् भने आचार्य जगन्नाथले भक्तिरसको स्थायिभाव अनुराग र शान्तरसको स्थायिभाव वैराग्य वा निर्वेद भएकाले शान्तरसभित्र भक्तिरस अन्तर्भूत हुन सक्तैन भन्ने तर्क राखेका छन् । त्यसैले भक्तिरस र शान्तरस भिन्नभिन्न स्थयीभावको परिपाकमय अवस्था हुन् भन्न सकिन्छ ।

निर्गुणोपासक र सगुणोपासक दुबै प्रकारका भक्तहरूले आआफ्ना हृदयको भावना आआफ्ना उपास्यप्रति व्यक्त गर्दै गरिएको रचनालाई भक्ति साहित्य भनिन्छ । यस्ता साहित्य पद्यात्मक र गद्यात्मक दुबै किसिमका हुन सक्छन् । यस्ता रचनाहरू साहित्यको उत्कर्षका लागि भन्दा पनि कसरी आदर्शमय आध्यात्मिक जीवन जिउनुपर्छ भन्ने कुरा सञ्चार गर्न प्रस्तुत गरिएका हुन्छन् । मूलतः मानिसले किन र कसरी आदर्शमय आध्यात्मिक जीवन जिउनुपर्छ भन्ने कुरा नै भानुभक्तीय रामायण र रामचरितमानसको प्रमुख सन्देश रहेको पाइन्छ । काव्यमा रसको स्थितिलाई अध्ययन गर्दा **भानुभक्तीय रामायणमा रस** आधिक्य रूपमा रहेको पाइन्छ । **रामायण** विभिन्न रसमा आप्लावित भगवद्गाथा किंवा महापुरुषको गाथा भएकाले यसमा विभिन्न किसिमका रसको बोध र व्यञ्जना हुन्छ नै । भानुभक्तीय रामायणमा जे जति रसानुभूति र रस योजना रहेको छ त्यो मूलबाटै स्थानान्तरित भएर आएको छ । यसमा वीरता प्रदर्शनका कार्यहरू नै बढी भएकाले वीर र रौद्र रसले स्थान पाउनु स्वाभाविक र आवश्यक देखिन्छ । यति हुँदा - हुँदै पनि यहाँ भक्तिरस करुणरसको मर्मस्पर्शी पक्ष महत्त्वपूर्ण मानिन्छ । विशेषतः सुन्दरकाण्डमा करुण रसको सुन्दर परिपाक भएको छ । रावणको भयले ग्रस्त सीताको करुणाजनक मूर्ति र वेदनापूर्ण अवस्थाको चित्रण भानुभक्तले यसरी गरेका छन् । उदाहरण -

**भोकी कैलि निन्याउरीन त कपाल् कोर्याकि सब्केश् उसै ।**

**लट्टा मात्र धर्याकि खालि भुमिमा रुँदै बस्याकी यसै ।।**

**रांरांरां यति मात्र बोलि रहँदी देख्या र साना भई ।**

**पात्का अन्तरमा लुक्या ति हनुमान् रुख्का उपर्मा गई ।।[८]**

भरतको विलाप र मिलाप, दशरथको मनोदशा; कौशल्या, तारा र मन्दोदरीको मनोभावको प्रसङ्गमा कविले करुण रसमा आ०नो अभिव्इक्ति दिएका छन् । भयानक, वीभत्स,अद्भूत र वत्सल रस पनि काव्यमा यत्रतत्र पाउन सकिन्छ । कतैकतै हास्य रसको झलक पनि अनुभव गर्न पाइन्छ । समग्रमा भक्तिरस, करुणरस र वीररस मूल रसका रूपमा र अन्य रसहरू सहायक रसका रूपमा रहेका पाइन्छन् ।

आदिकवि भानुभक्त जस्तै तुलसीदासको **रामचरितमानसमा रसको विशेष प्रयोग भएको पाइन्छ ।** अशोक वाटिकामा हनुमान्ले भेटेकी सीताको करुण अवस्थाको वर्णन तुलसीदासले यस प्रकार गरेका छन् -

**देखि मनहि महुँ कीन्ह प्रनामा ।**

**बैठेहिं बीति जात निसि जामा ।।**

**कृस तनु सीस जटा एक बेनी ।**

**जपति हृदयँ रघुपति गुन श्रेनी ।।**

अर्थात् हनुमान्ले सीतालाई देखेर मनमनै प्रणाम गरे । उनी सीतासँगै बसेर चार प्रहर रात विताउँथिन् । शरीर दुब्लो भएको थियो । शिरमा जटा बाँधेकी थिइन् । उनले मन मनै गधुनाथ जीका गुणहरूको स्मरण गरेको पनि यहाँ प्रतीत हुन्छ । उपर्युक्त उदाहरणमा करुण रस र भक्ति रस दुबै समाहित छन् । यस रामायणमा पनि भानुभक्तीय रामायणमा झैँ विभिन्न रसको परिपाक

Notes

भएको छ । यसमा अङ्गी रस कुन हो ? भन्नेबारे दुई मत हुन सक्छन् । कसैले यसलाई वीरगाथा मानी वीररस नै अङ्गी हो भन्न सक्छ र कसैले भक्तिरसलाई प्रधानता दिन सक्छ । भक्ति रसका निमित्त अपेक्षित मानिने रागात्मक तल्लीनता यहाँ प्रचूर मात्रामा रहेकाले यो रामायण भक्ति रसमा आप्लावित छ भन्दा फरक नपर्ला । किनभने यो रामायण पढेर अन्ततः जाग्रित हुने भाव भनेको रामभक्ति नै हो । नवरसकै समायोजन भएको प्रस्तुत रामायण भक्तिरसमा पूर्णतः आप्लवित छ भन्न सकिनछ ।

**प्रकृति, परमेश्वर, ज्ञान, विज्ञान, चेतना, जीवनको विवेचना वा विश्लेषण गर्ने शास्त्रलाई दर्शन भनिन्छ। यो आध्यात्मिक वा भौतिक वस्तुको चिन्तन , मनन, विश्लेषण गर्ने शास्त्र पनि हो।**

**पौरस्त्य परम्परामा दर्शनलाई मोक्ष वा परमसत्ताको साक्षात्कार गराउने साधन पनि मानिएको छ**

**।भारतीय दर्शन अन्तर्गत वेद र यसको प्रभाव क्षेत्रअन्तर्गत सम्पूर्ण द र्शनहरू पर्दछन्। वेदका टीका -**

**टीप्पणी र समालोचनामा पूर्वीय दर्शनको विकास हुँदै गएको पाइन्छ। वेदलाई प्रमाण मान्ने दर्शन आस्तिक र प्रमाण नमान्ने दर्शनहरू ना स्तिक हुन्छन्।**

**यसरी हेर्दा साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त दर्शन आस्तिक दर्शनमा पर्दछन्। यी दर्शनले वेदलाई प्रमाण मान्दछन्। पर लोकप्रति विश्वास राख्छन्। पौरस्त्य आस्तिक दर्शनहरूले आ -**

**आफ्नै मान्यता अघि सारेका पाइन्छन्। त्यसो भए तापनि ईश्वर, आ**

**त्मा, जगत्, मन, मोह, जीवनको क्षणिकता सम्बन्धी कतिपय विषयहरू मा यी दर्शनहरूको सारभूत मान्यता समान रहेको पाइन्छ।**

**काव्य वा कवितामा रसको स्थिति सर्वोपरी रहको हुन्छ । उपर्युक्त दर्शनको आधारमा पनि काव्यमा रस एउटा महत्वपूर्ण वस्तुको रूपमा देखा पर्दछ । कविहरूद्वरारा आफ्ना**

**कृतिका विश्लेषणका लागि प्रयोग गरिएका पौरस्त्य दर्शनसँग सम्बन्धित**

**ईश्वर, भौतिकताप्रतिको विरोध, मन र मोह एवं जीवनको क्षणिकतासँग सम्बन्धित मान्यताहरू विशेष रसकै परिप्रक्ष्यमा अडिएको पाइन्छ ।**

भरतमूनिदेखि जगन्ननाथ पर्यन्तका विद्वान्हरूले गुणको लक्षण एवं संख्याका बारेमा आ - आफ्ना मतहरू प्रस्तुत गरेको देखिन्छ । त्यसैगरी काव्यमा गुणको स्थान वा महत्व के छ भन्ने सन्दर्भमा पनि केही विद्वानहरू बोलेको देखिन्छ । आचार्य वामन एवं भोजले यस सन्दर्भमा अधिक स्पष्ट गरेको देखिन्छ । आचार्य वामनले "काव्य युवतीको रूपसमान हुन्छ । किनभने जसरी युवतीको रूप शील एवं पातिब्रत्य आदि असल गुण तथा सुन्दर अलंकारहरूद्धारा सुशोभित हुन्छ त्यसैगरी काव्य पनि माधुर्यादि गुण एवं उपमादि अलंकारहरूद्धारा सुशोभित हुन्छ त्यसैगरी काव्य पनि यौवन विहीन नायिकाको शरीरसमान हुन्छ , जसमा सुन्दर आभूषण पनि अप्रिय देखिन्छन् भन्दै काव्यमा गुणको महत्वपूर्ण स्थान रहेको पुष्टि गरेको देखिन्छ । रसगंगाधरमा अलंकारयुक्त भएर पनि गुणहीन काव्य श्रवणयोग्य हुँदैन, गुण र अलंकारको योगमध्ये गुणको योग प्रधान हुन्छ भनिएको पाइन्छ ।

यस कृतिको भूमिकामा नै काव्यमा रसको स्थान अलंकारको भन्दा बढी भएको जनाएको पाइन्छ ।

त्यसैगरी आचार्य आनन्दवर्धन मम्मट र विश्वनाथले पनि रसलाई काव्यात्म भूतका अभिन्न अङ्गका रूपमा स्वीकारेको देखिन्छ । यथार्थमा भन्नुपर्दा काव्यमा रसको योग अपरिहार्य नै मानिन्छ , किनभने बिना रसोत्कर्ष काव्य हुंदैन र बिनारस काव्य बन्न सक्दैन । त्यसैले सत्काव्य वा सुन्दर काव्यका लागि रस - योग अनिवार्य मानिन्छ । अतः काव्यमा रसको स्थान अन्य तत्वहरूका हारा – हारी भन्दा माथि रहेको देखिन्छ । भरतदेखि जगन्नाथ पर्यन्तका सबै आचार्यहरूले काव्यमा रसको आवश्यकता र महत्वपूर्ण स्थान रहेको बताएको देखिन्छ । संस्कृतमा यसो भनिएको पाइन्छ -

**अर्थस्य च व्यक्तिरूदारता च कान्तिश्च काव्यार्थगुणा दशैने ।।**

भरतमूनिन , **नाट्यशास्त्र** , १६/१६ पङ्क्ति ।

मूलरूपमा आचार्यहरूले रसको सङ्ख्या ९ वटा मानेका छन् । तर गुणको सङ्ध्याको बारेमा मत – मतान्तर देखिन्छ । व्यासद्धारा रचित अग्निपुराणमा ‘श्लेष, लालित्य, गाम्भीर्य, सौकुमार्य,उदारता , सती र यौगिकी’ गरी ७ वटा अर्थगुण एवं ‘प्रसाद, सौभाग्य,यथासंख्य, उदारता, पाक र राग गरी ६ वटा उभयगुण गरी जम्मा १९ वटा गुणहरू मानिएको पाइन्छ । त्यसैगरी आचार्य कुन्तकले ‘माधुर्य,प्रसाद,लावण्य र आधिजात्य’ ४ वटा विशिष्ट गुण (मार्गका) एवं ओचित्य रसौभाग्य दुइवटा सामान्य गुण गरी मार्गका ६ वटा गुणहरू भएको बताएको पाइन्छ । त्यसैगरी आचार्य भोजराजले वामनसम्मत १०

गुणका अतिरिक्त उदात्तता, ऊर्तितता, प्रेयान्, सुशव्दता, सूक्ष्मता, गम्भीरता, विस्तर, संक्षेप, संमितत्त्व, भाविक, गति ,रीति, उक्ति र प्रौढि' १४ भेद सहित जम्मा २४ वटा गुण मानेको देखिन्छ । त्यसैगरी आचार्य आनन्दवर्धनले 'माधुर्य, ओजर प्रसाद' गरी तीनोटा गुण मानेको पाइन्छ । त्यसैगरी आचार्य मम्मटले पनि माधुर्य ,ओज र प्रसाद गरी ३ ओटा मात्र गुण मानेको पाइन्छ ।

मूल रूपमा काव्यमा रसको स्थान गुण, छन्द, अलङ्कार आदिको भन्दा अपरिहार्य रहेको पाइन्छ । कतिपय विद्वानहरूले रस विना काव्यको कल्पना नै गर्न सकिन्न समेत भनेका पनि छन् । काव्यमा चमत्कारपूर्ण शब्दार्थलाई व्यक्त गर्नु अलङ्कारको विशिष्ट पक्ष वा प्राप्ति भन्दा रसको आफ्नै माधुर्यता काव्यमा रहेको हुन्छ । विशिष्ट पक्षले काव्यको आशय र मर्मलाई अझ गहकिलो पार्नु प्रतिष्ठा र गौरव वृद्धि गर्नु अझ उपलब्धिपूर्ण कार्य हो । नेपाली काव्यमा भानुभक्तको रामायण, देवकोटाका मुना – मदन, लेखनाथ पौड्यालको 'ऋतुविचार खण्डकाव्यलाई रसकै उपज मान्न सकिन्छ । काव्यमा रसको स्थान के छ ? भन्ने सन्दर्भमा निम्न बुँदाहरूलाई निम्नानुसार उल्लेख गरिन्छ :

– काव्यको सौन्दर्य वृद्धिको महत्त्वपूर्ण साधन रस हो ।

– काव्यलाई शब्द र अर्थगत दृष्टिले चमत्कारपूर्ण र सार्थक बनाउनु भएको महत्त्वपूर्ण काम हो ।

– रसको चमत्कार भावकको मनसित हुन्छ। घुमाउरो भनाइ र वक्रोक्तिमा रस हुँदैन । रसको स्थितिबाट साहित्य जीवित र अर्थपूर्ण बन्न सक्दछ।

– विशिष्ट आहलादपूर्ण कथन रस भएकाले काव्यमा विशिष्ट कथनको महत्त्व र उपयोगिता उच्च रहेको पाइन्छ ।

– काव्यको सौन्दर्यभित्र रसको अस्तित्व र प्रतिष्ठान पनि अन्तर्निहित हुने भएकाले काव्य साहित्यमा रसको भूमिका महत्त्वपूर्ण मानिन्छ ।

## 10.3 रस दोष

आचार्य मम्मटको मतअनुसार काव्यका मुख्य अर्थको विघात तत्त्व नै दोष हो । काव्यमा रहने दोषहरूका विभाजनमा आचार्यहरूको एक मत पाइन्न । काव्यप्रकाशमा पाँच प्रकारका काव्यको दोष रहने बताइएको पाइन्छ । मूल रूपमा काव्यमा चार प्रकारका दोषहरू रहने गर्दछन् । ती हुन् - अर्थ दोष, पद दोष, वाक्य दोश र रस दोष । अग्नि पुराणमा काव्य स्वादमा उद्वेग उत्पन्न गर्ने वस्तुलाई दोष भनिएको पाइन्छ । साहित्य दर्णणका आचार्य विश्वनाथले शब्दार्थद्वारा रसको अपकर्ष नै दोष हो भनेका छन् । मम्मटले गुणको विरोधि शक्तिको रूपमा दोषलाई मानेका छन् ।

मुख्यार्थ अर्थको प्रतीतिमा बाधा पुराउने हुनाले काव्यमा दोष देखिने पनि आचार्यहरूले बताएका छन् । यस प्रकार काव्यमा अलिकति पनि दोषले काव्यको सौन्दर्यलाई नष्ट गर्दछ । यस अतिरिक्त काव्यवाट प्राप्त हुने आनन्दमा पनि यसले बाधक सृष्टि गर्दछ । यसर्थ कुनै पनि काव्यको निम्ति निर्दोष हुनु आश्यक देखिन्छ । चाहे त्यसमा सरसता एवं अलङ्कारहरूको कम नै प्रयोग किन नहोस् । यसैले आचार्यहरूले काव्यमा गुणहरूका साथ

दोषको पनि विवेचना गरेको पाइन्छ । आचार्यहरूको मतअनुसरा काव्यमा दोष तीन प्रकारका रहेका हुन्छन् । ती हुन् –

**क. शब्द दोष**

**ख. अर्थ दोष र**

**ग. रस दोष ।**

काव्यमा रहेको शब्द दोष ती कारणहरूलाई भनिन्छ, जो काव्य रसास्वादनमा बाधा पुराउने गर्दछ । यस शब्द दोषबारे निम्तिरूपमा यसरी वर्णन गरिएको छ ।

**श्रुति कटुता**

यो शब्द दोषमा पाइने एउटा प्रमुख कारक हो । कानहरूको अप्रियमा लाग्ने कठोर शब्दहरूको रचनाका कारण श्रुति कटुता हुने गर्दछ । यसर्थ जहाँ कठोर वर्णहरूको प्रयोग गरिन्छ, त्यहाँ अवश्य श्रुति कटुता रहने गर्दछ । यहाँ यो पनि ध्यान दिनु आवश्यक देखिन्छ कि श्रंगार, करुण आदि कोमल रसहरूमा नै यस प्रकारको कठोर शब्दहरूलाई दोष मानिने गरिन्छ । तर रौद्र, भयानक आदि कठोर रसहरूमा यसलाई दोषको विपरित गुण मानिने प्रचलन छ ।

उदाहरण..

**"भर्त्सनाले भीत हो त्यो बाल तब चुप भइगयो ।"**

यहाँ 'भर्त्सना' शब्दमा कर्ण कटुता रहेको पाइन्छ । यसरी नै अर्को उदाहरण

- **'कार्तार्थी 'तब पुग्छन् , भेट भयो है प्रीतम आयो ।'**

यहाँ वियोग संघार जस्तै कोमल रसमा 'कार्तार्थी ' शब्द श्रुति कटुता भएको पाइन्छ ।

**संस्कृति - तच्यु दोष**

जहाँ कुनै शब्दले आफ्नो शब्दका शुद्ध रूपमा नआएर अर्थात जहाँ व्याकरणको नियमलाई अवहेलना गरेर शब्दहरूको मनमानी रूपले काव्य लेखिन्छ, त्यसलाई संस्कृति – च्युत दोष भनिन्छ । उदाहरण -

**सीता जीको रूपमा देवता कुरूप भएको छ,**

**रूपहीको रूपक तो वारी – वारी डराएको छ ।**

यहाँ देवता शब्द हिन्दी व्याकरणको अनुसार पुल्लिंग हो । तर यहाँ कवि केशव दासले त्यसको प्रयोग देव नारीहरूका अर्थमा स्त्रीलिंगमा गरेको देखिन्छ, जसलाई काव्यको दोष मानिन्छ । यसै प्रकार कवि गोस्वामीले यसो भनेका छन् -

**मर्म वचन सीता तब बोल्यो ।**

**हरी प्रेरित लछमनको मति डोल्यो ॥**

यहाँ 'डोल्यो' एवम् 'बोल्यो' - को स्थानमा 'बोली' र 'डोली' हुनु पर्थ्यो । कारण सीता एव् मति दुवै स्त्रीलिंग हुन् ।

काव्यमा रहेको अर्थ दोषको अनुसरा पुनरुक्ति, दुष्क्रमत्व जस्ता कुराहरू रहने गर्दछन् । एक शब्द अथवा वाक्यद्वारा अर्थ विशेषको प्रतीति भएपछि पनि त्यस अर्थले अन्या दोस्रो शब्द अथवा वाक्यद्वारा त्यसको प्रतिपादन गरयो भने काव्यमा पुनरुक्ति दोष हुन जान्छ । उदाहरण -

**एक त मदन विशिख लाग्यो, मुर्छा परी सुधि छैन |**

**दुवै बद बदरा अरी घिरि ! घिरि  विष  बरसहिं ||**

यहाँ  'मुर्छा परी' तथा 'सुधी छैन' – मा  एकै नै अर्थको वाचक भएको देखिन्छ । अतएव यहाँ पुनरुक्ति दोष भएको छ । यसरी नै जहाँ मानिसहरू अथवा शास्त्रको विरुद्ध क्रम हुने गर्दछ,  त्यहाँ दुष्क्रमत्व दोष भएर जान्छ । उदाहरण -

**'मारुत नन्दन मारुतको मनलाई खगराजको वेग लगायो |'**

यस वाक्यांशमा दुष्क्रमत्व दोष परेको छ । कारण मन सबैभन्दा पछि आउनु पर्थ्यो । तर यहाँ वेग वा हावा सबैभन्दा पहिला आएको देखिन्छ । वास्तवमा खगराजदेखि मारुत तथा मारुतदेखि मनका वेग अधिक हुने गर्दछ ।

काव्यमा रहेको विभिन्न दोषहरू मध्ये सबैभन्दा प्रमुख र मुख्य रस दोषलाई मानिन्छ । यस दोषमा स्वशब्द वाच्यत्व भन्ने कुरो प्रमुख रूपमा रहने गर्दछ । जहाँ वर्णनका माध्यमद्वारा भावलाई प्रकट गरेर यसको नाम दियौ भने त्यहाँ रस दोष मुख्यरूपमा देखिन आउँछ ।    उदाहरण -

**'कौशल्या के गर्दा थी ?**

**के केही धीरज धरती थिइ ?'**

यय वाक्यमा धीरज संचारी भाव व्यङ्ग नभएर त्यसको नाम उल्लेख गरिएको देखिन्छ । अतः यहाँ स्वशब्द वाच्यत्व दोष परेको छ । दोषहरूको विषयमा एउटा कुरा यो ध्यानमा राख्नु आवश्यक देखिन्छ कि रसहरूको

भेदबाट नै गुण या दोषको पनि उत्पन्न भएको प्रतीत हुन्छ । उदाहरणका लागि यदि रौद्र रसलाई वर्णन गरयो भने त्यहाँ श्रुति कटुत्व दोषलाई गुण नै मानिने गरिन्छ । कारण त्यहाँ यस्तो शब्दहरूले उद्वेग उत्पन्न गर्दैनन् । यसै प्रकार कामशास्त्रको चर्चामा ब्रीड़ा व्यञ्जक पदलाई अश्लीलत्व दोष मानिने गरिन्दैन । जहाँ कुनै ग्रामीण व्यक्ति आफ्नो भाषामा आफ्नो भावहरूलाई व्यञ्जना गर्ने गर्दछन् , त्यहाँ ग्राम्यत्व दोष हुने स्थानमा उल्टो गुण भएर जादछ । किनकि यो शब्द स्वाभाविक हुने गर्दछ । यसा प्रकार यदि वक्ता तथा श्रोता दुवै नै शास्त्रले परिचित छन् भने उनीहरूका शब्दहरूमा अप्रतितत्व दोष हुने गर्दैन । यसै प्रकार अन्य दोषहरूको विषयमा पनि सन्दर्भलाई काव्यमा ध्यान दिनु आवश्यक हुन्छ । कारण काव्यमा केही समय प्रसङ्गका अनुकूल एउटा दोष गुण हुन पुग्छन् भने अर्को गुण दोष हुन पुग्दछ ।

गुण शब्दको शाब्दिक अर्थ दोषको अभाव,सुन्दरता, मधुरता, आह्लादकता, आकर्षकता वा आत्मधर्म भन्ने हुन्छ । यो सामान्यतया सबै प्राणिवर्ग वा वस्तु समूहमा हुन्छ । संसारका सबै प्राणिवर्ग वा वस्तुसमूहमा कुनै न कुनै गुण अवश्य नैरहेको हुन्छ । यसले मानिसलाई आकर्षक सुन्दर वा लोकप्रिय बनाउँछ , समाजमा प्रतिष्ठत बनाउँछ, ठीक त्यसैगरी समाजको दर्पण मानिएको साहित्यमा पनि गुणको अनिवार्यता स्वीकारिएको छ । गुणले साहित्यलाई सुमधुर एवं आकर्षक बनाउँछ । गुणविनाको साहित्य वास्तविक साहित्य बन्न सक्दैन । पूर्वीय काव्य – शास्त्रको अनुसार रसलाई काव्यको आत्मा मानिएको छ भने गुणलाई रसको आत्मा वा आत्मधर्म मानिएको देखिन्छ । आचार्य मम्मटले 'शौर्य–वीर्य आदि गुणहरू जसरी मान्छेका आकारका गुणहरू नभई आत्माका धर्म हुन् ठीक त्यसैगरी काव्यका माधुर्यादि

गुणहरू वर्णहरूका धर्म नभई काव्यात्मभूत रसका आत्मधर्म हुन् भनेका छन् । यसरी आचार्यहरूले गुणलाई काव्यको शोधाकारी धर्म, रसाश्रित धर्म वा रसोत्कर्ष धर्म मानेको देखिन्छ । अतः काव्य वा साहित्यमा गुणलाई आवश्यक मात्र होइन अनिवार्य तत्त्वका रूपमा मान्दै आएको देखिन्छ ।

निर्दोषता , सुगमता, सरलता, मधुरता, आकर्षकता, शोभाधायकता आदि आदि अर्थलाई बोकेको गुण शब्दले काव्य वा साहित्यमा काव्यात्मभूत रसको उत्कर्षबर्धक तत्त्वका रूपमा स्थान सुरक्षित गरेको देखिन्छ । माधुर्यादि गुणहरूबिना काव्यमा काव्यत्व रहँदैन । 'काव्यको आत्मा रस वा ध्वनि हो' भने 'रसको आत्मा गुण हो ' गुणबिना रसको अस्तितत्व रहंदैन भने रसविना काव्यको । अतः रस र गुणबीच तादात्म्य वा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । अतः काव्यमा गुणको अनिवार्यता स्वीकारिएको देखिन्छ । संस्कृत साहित्यमा गुणको चर्चा सर्वप्रथम आचार्य भरतले गरेको पाइन्छ उनले नाट्यशास्त्रमा "विपर्यस्ता ः गुणाः काव्येषु कीर्तिताः " अर्थात् 'दोषाभावलाई गुण भनिन्छ । काव्यमा दोषाभावरूपी गुणलाई स्वीकारिएको छ ।' भन्दै सर्वप्रथम गुणको परिभाषा गरेका छन् साथै काव्यगुण १० वटा भएको कुरा समेत उल्लेख गरेका छन् । अतः आचार्य भरत रसका साथै गुणका पनि प्रवर्तक मानिन्छन् ।

भरतपछि भामह, वामन, मम्मट आदि सबैजसो काव्यशास्त्रीहरूले रस सम्बन्धी चर्चा गरेको पाइन्छ । काव्य रसको अर्थ एवं तात्पर्यका सन्दर्भमा भने आचार्यहरूमा भिन्न - भिन्न धारणा रहेको देखिन्छ । कतिपय आचार्यहरूले रसलाई 'शब्दार्थ आश्रित धर्म' मानेको देखिन्छ भने कतिपयले 'रसाश्रित धर्म' मानेको देखिन्छ । भरत, भामह, वामन, भोजराज, जयदेव, जगन्नाथ आदि

आचार्यले रसलाई 'शब्दार्थ आश्रित धर्म' मानेको देखिन्छ भने आनन्दवर्धन, मम्मट एवं विश्वनाथ आदिले 'रसाश्रित धर्म' मानेको देखिन्छ । यसरी काव्यमा रसलाई शव्दार्थ आश्रित धर्म वा रसाश्रित धर्म जे - जसरी मानेता पनि सबै जसो आचार्यहरूले रसलाई काव्यको अनिवार्य तत्वका रूपमा स्वीकारेको कुरा नकार्न सकिदैन । अतः यहाँ केही प्रमुख आचार्यहरूका रस दोष सम्बन्धी मान्यता - परिभाषाहरूलाई क्रमशः प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ ।

आचार्य भरतमूनिले आफ्नो नाट्यशास्त्र नामक ग्रन्थमा गुणको विपर्यय विपरित दोषलाई मानेका छन् । उनले यसरी रस दोष मुल रूपमा गुणको सट्टामा हुने बताएका छन् । मुख्य गरेर भरतले रसको परिभाषा र संख्या बाहेक गुण र दोषसम्बन्धी अरू कुनै पनि किसिमको चर्चा गरेका छैनन् । यसर्थ पूर्वीय साहित्यमा रसबारे पश्चवर्ती आचार्यहरूले आ - आफ्नै किसिमले रस सम्बन्धी धारणाहरू प्रस्तुत गरेको पाइन्छन् । भरत रस - सिद्धान्तका संस्थापक हुन् । उनी पछि आचार्य भामहको उदय भएको पाइन्छ । उनले 'काव्यालङ्कार' नामक ग्रन्थमा दोषको स्पष्ट परिभाषा नगरे पनि अलंकारको चर्चा गर्ने सन्दर्भमा रसदोषको पनि चर्चा गर्दै 'मधुर रचना चाहनेले माधुर्य र प्रसाद गुण अनि ओज चाहनेले ओजगुण प्रयोग गर्नुपर्दछ । नत्र त्यो काव्य दोष छहरिन्छन् ' भनेका छन् । उनले शब्द र अर्थको शोभा बढाएर त्यसैको माध्यमबाट काव्यको सौन्दर्य अभिबृद्धि गर्नु गुणको कार्य हो भन्ने धारणा प्रस्तुत गर्दै रस दोषका कारण काव्य ओजस्वी नहुने बताएका छन् । भामहले भरतद्वारा प्रतिपादित १० गुणलाई समन्वय गरी तीनवटा गुणलाई मात्र प्रतिपादन गरेका छन् । भामह त्रिगुणवादका संस्थापक मानिन्छन् ।

पछि आएर मम्मट, विश्वनाथ आदिले यही त्रिगुणवादको अनुशरण गरेका छन्।

भामहलाई मूलरूपमा अलंकारवादी आचार्य एवं अलंकार सिद्धान्तका प्रवर्तक मानिन्छन् । उनी पछि आचार्य दण्डीको उदय भएको देखिन्छ । इसाको सातौं शताब्दीतिरका आचार्य दण्डीले आफ्नो लक्षण ग्रन्थमा ‘वस्तुविशिष्ट रचनाको प्राणलाई गुण भनिन्छ’ मान्दै काव्यको शोभाकारक तत्त्व रसलाई मानेका छन् । उनले रस दोषका कारण काव्य कुरूप र भद्द हुने पनि बताएका छन् । अलंकारवादी आचार्य मानिने दण्डीले विशेष अलङ्कारको प्रसङ्गमा रसका दोषहरूलाई पनि खुट्याएको पाइन्छ । आचार्य वामन आठौं शताब्दीका रीति संस्थापक आचार्य हुन् । उनले रीतिलाई काव्यको आत्मा माने जस्तै रसलाई पनि काव्यको शोभाकारक तत्त्व मानेको पाइन्छ । वामन रीतिवादी भएतापनि गुण र अलंकारबीचको भिन्नतालाई पहिलो पटक प्रस्तुत गरेको पाइन्छ । उनले काव्यको शोभा उत्पन्न गर्ने धर्मलाई गुण भनिन्छ भनेको छ । यसरी नै उनले रसलाई काव्यको आन्तरिक तत्त्वका रूपमा मानेको पनि देखिन्छ । उनी गुणलाई नित्यधर्म र अलंकारलाई अनित्यधर्म मानेको पाइन्छ । यसैले वामन भन्ने गर्छन् - ‘केवल गुणले मात्र पनि काव्यको शोभा उत्पन्न गर्न सक्छन् । तर अलंकारले मात्र काव्यको शोभालाई उत्पन्न गर्न वा बढाउन सक्दैनन्। कृष्णद्वै व्यासद्वारा द्वापर ग युगमा लेखिएको भनिएको र आधुनिक भाषा - वैज्ञानिकहरूका मतमा इसाको नवौं शताब्दीतिरको मानिएको अग्निपुराण नामक कृतिमा ‘ काव्यमा महत् सौन्दर्य उत्पन्न गर्ने वस्तुलाई गुण र यसको विपर्यायलाई दोष भनिन्छ ’ भनिएको पाइन्छ ।

इसाको दशौं शताब्दीतिरका आचार्य कुन्तकलाई वक्रोक्ति सिद्धान्तका प्रवर्तक मानिन्छन् । उनले रस दोष सम्बन्धी छुट्टै चर्चा नगरेर रीति मार्ग चर्चाका सन्दर्भमा दोषको पनि चर्चा गरेको पाइन्छ । उनले सुकुमार , विचित्र र मध्यम मार्गका प्रत्येकका ४ वटा विशिष्ट गुण र दुईवटा सामान्य गुण गरी ६ वटा गुण रहेको उल्लेख गर्दै रसमा रहेको यस्तै दोषहरूको चर्चा गरेका छन् । कुन्तकले अरूले जस्तै छुट्टै काव्यगुण र दोषको चर्चा नगरी गुणलाई मार्गका गुणका रूपमा विश्लेषण गरेको देखिन्छ । यो मत संस्कृत काव्यपरम्पराकै नयाँ मान्यताको रूपमा देखिएको छ । यसरी नै एघारौं शताब्दीतिरका आचार्य भोजराजले 'विना गुणको काव्य सुन्न वा पढ्न लायक हुँदैन' भन्ने मान्यता रसगंगाधरमा प्रतिपादन गर्दै रस दोष विशेष काव्यमा गुणकै अभावमा खटकिन्छ भनेका छन् । उनले गुण र दोष संयोजनको मुख्य भूमिका काव्यमा हुने हुनाले रस दोषबारे सबै लेखकहरू सतर्क रहनु पर्ने पनि बताएका छन् । यसरी नै बाह्रौ शताब्दीतिरका आचार्य जयदेवले गुणको लक्षण नगरेर गुण जस्तै दोष पनि काव्यमा आवश्यकता रहेने बताएका छन् । उनले विभिन्न गुणहरू जसरी श्रृंगार, हास्य, वीर आदि रसहरूमा रहको हुन्छ, त्यसरी नै दोष पनि सबै रसमा अर्थव्यक्ति हुन सक्छन् भन्ने मत प्रकट गरेको पाइन्छ ।

इसाको सत्रौं शताब्दीतिरका आचार्य जगन्नाथले कोही आफु भन्दा अधिका आचार्यहरूको मतलाई खण्डन गर्दै रस दोषबारे आफ्नो विचार - मान्यता प्रस्तुत गरेको देखिन्छ । उनका मतमा –"प्रयोजकता सम्बन्धद्वारा द्रुत्यादि चित्रवृत्तिहरू नै गुण हुन् र यसको विपर्यायमा प्रयो हुने कुरा चाहिँ दोष हुन् । अर्थात् द्रुत्यादि चित्तवृत्तिहरूले जब रसादिका साथमा प्रयोजकता सम्बन्ध

राख्दछन् तब तिनै चित्रवृत्तिहरू माधुयादि गुण बन्दछन् । त्यसैले उनको विचार अनुसरा रस मधुर छ वा हुन्छ भन्नेमा रही काव्यमा पनि यस्को व्यवहार गरिन्छ भने उनले भनेका छन् । इसाको नवौं शताब्दीतिरका आचार्य आनन्दवर्धन ध्वनि सिद्धान्तका प्रवर्तक मानिन्छन् । उनले सर्वप्रथम रसाश्रित धर्मलाई काव्यको धर्म मानेका छन् । उनी गुण र दोषको सम्बन्धमा यसो भन्छन् -"जसले रसादिरूप अङ्गी अर्थलाई अवलम्बन गर्दछन् ,शौयादिवत् तिनलाई गुण भनिन्छ भने जसले रसादिको अङ्गी अर्थलाई बहन गर्दैनन, त्यसलाई चाहिँ दोष भनिन्थ । " उनले काव्य – भङ्गीमा काव्यको उत्कर्ष र सौन्दर्य बढाउने प्रमुख कारक रसलाई नै मानेका छन् ।

इसाको एघारौं शताब्दीतिरका आचार्य मम्मट काव्य - शास्त्रीहरूमध्ये सर्वाधिक चर्चित काव्यशास्त्री मानिन्छन् । उनले आफ्नो ग्रन्थमा ध्वनि एवं रस - विरोधी मतहरूलाई तर्क सहित खण्डन गरी रस ध्वनिको स्थापना गरेको देखिन्छ । उनलाई ***ध्वनि प्रस्थापन परमाचार्य***का नामले पनि चिनिन्छ । मम्मटले आनन्दवर्धनको मतलाई स्वीकार गरी रसलाई 'काव्याश्रित धर्म' मानेको पाइन्छ र 'आत्माका' शौयादि धर्म भए जस्तै काव्यात्मभूत रसका अपरिहार्य एवं उत्कर्षाधायक धर्मलाई मानेका छन् । उनी गुणलाई रसको धर्म मान्दछन् । यसरी नै इसाको चोधौं शताब्दी तिरका आचार्य विश्वनाथ रसवादी आचार्य मानिन्छन् । उनले विशेष रसलाई 'काव्यको शोभाकारक धर्म' मानेको देखिन्छ । उनले 'शौर्यादि आत्माका धर्म भएझै काव्याङ्गीभूत रसको धर्म मान्दै रसको परिभाषा दिएका छन् ।

यसरी भरतदेखि जगन्नाथ पर्यन्तका आचार्यहरूले कुनै न कुनै रूपमा रसको चर्चा गरेको देखिन्छ । भरत, वामन, जगन्नाथ आदि आचार्यहरूले

रसलाई शब्द र अर्थमा आश्रित बाह्य धर्मका रूपमा चित्रण गरेको देखिन्छ भने आनन्दवर्धन, मम्मट आदि आचार्यहरूले काव्याङ्गीभूत रसलाई आन्तरिक तत्त्वका रूपमा चित्रण गरेको देखिन्छ । काव्य वा साहित्यका सन्दर्भमा प्राचीन मतभन्दा नवीन मत नै सर्वोयुक्त देखिन्छ अर्थात् काव्याङ्गीभूत रसमा आश्रित अनिवार्य एवं आन्तरिक तत्त्व हुन् भन्नु उपर्युक्त देखिन्छ । भरतदेखि जगन्नाथ पर्यन्तका आचार्यहरूले कुनै न कुनै रूपमा गुण एवं अलंकार, रस र गुण, रस र अलङ्कारसम्बन्धी चर्चा गरेको देखिन्छ तर धेरैजसो आचार्यहरूले रस र गुणको सम्बन्ध अनि गुणलंकारबीचको भिन्नता वा पार्थक्यका बारेमा मौनब्रत लिएको देखिन्छ । गुणालंकारबीचको भिन्नताका बारेमा सर्वप्रथम अचार्य वामनले प्रयक्ष वा परोक्षरूपमा विश्लेषण गरेको देखिन्छ । यहाँ केही मतलाई प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ ।

वामन गुण र अङ्कारबीचको पार्थक्यलाई देखाउने प्रथम आचार्य हुन् । उनले 'काव्यको शोभालाई उत्पन्न गर्ने धर्मलाई गुण भनिन्छ भने गुणले उत्पन्न गरेको शोभालाई बढाउने धर्मलाई रस भन्न सकिन्छ भनेका छन् । त्यसैगरी उनले 'गुणलाई काव्यको आन्त्रिक एवं नित्य धर्म मान्दै गुण विना काव्यसौन्दर्य रहन नसक्ने' दावी समेत गरेको देखिन्छ भने अलंकारलाई काव्यको वाह्यतत्त्व एवं अनित्य धर्म मानेको देखिन्छ । त्यसैगरी उनले 'केवल गुणले मात्र पनि काव्यको शोभालाई उत्पन्न गर्न सक्छन् तर अलंकारले मात्र काव्यको शोभालाई कदापि बढाउन सक्दैनन्' भनेका छन् । आचार्य आनन्दवर्धनले वामनले जस्तै गुणालंकारवीचको पार्थक्यलाई स्पष्ट र विस्तृत रूपमा विश्लेषण नगरेपनि गुण र अलंकारको परिभाषा गर्ने क्रममा यी दुई बीचको भिन्नतालाई स्पष्ट रूपमा प्रस्तुत गरेको देखिन्छ । उनले 'शौयादि

आत्माका धर्म भए झैं' काव्यात्मभूत रसादिरूप अङ्गीअर्थलाई अवलम्बन गर्ने धर्मलाई गुण भनिन्छ भने शरीरका कटककुण्डलादि अलंकार जस्तै काव्यका वाच्यवाचकरूप अङ्गमा रहने धर्म वा तत्त्वलाई अलंकार भनिन्छ' भनेका छन् । उनले अलङ्कारलाई काव्यको बाह्य धर्म मान्दै रसलाई आन्तरिक धर्म मानेका पनि छन् ।

आचार्य मम्मटले "आत्माका शौर्यादि धर्मजस्तै काव्यात्मभूत रसका अपरिहार्य एवं उत्कर्षाधायक धर्मलाई गुण भनिन्छ भने काव्यात्मभूत रसलाई शब्द र अर्थरूप अङ्गद्धारा शरीरीलाई कटक कुण्डलादि अलंकारले जस्तै उपमा अनुप्रास आदिद्वारा कहिले - काहीं उपकार गर्ने सुशोभित गर्ने तत्त्वलाई अलंकार भनिन्छ ।" मम्मटले गुण र अलङ्कारको परिभाषाका माध्यम रसको पनि भिन्नतालाई देखाउन चाहेका छन् । काव्यात्मभूत रसमा समवाय सम्बन्धले रहन्छन् भने अलंकारहरू संयोग सम्बन्धले यसमा कुनै खण्डन गर्दैन भन्ने उनको मान्यता पाइन्छ । आचार्य विश्वनाथले , 'शौर्यादि आत्माका धर्म भए भै काव्याङ्गीभूत रसका धर्मलाई गुण भनिन्छ भने कटक कुण्डलादिद्वारा शरीरको शोभा बढाए भैं उपमा आदिद्वारा शब्द र अर्थको शोभा बढाएर रसको उपकार गर्ने अस्थिर धर्म रहन्छ भनेका छन् । यसरी वामन, आनन्दवर्धन मम्मट र विश्वनाथको गुण र रस , अलङ्कार र रस आदिका बीचको पार्थक्यलाई देखाउँदै गुणलाई काव्यको आन्तरिक एवं अनिवार्य धर्म मानेको देखिन्छ भने रसलाई काव्यको बाह्य नभएर आन्तरिक एवं ऐच्छिक अस्थिर धर्म मानेको देखिन्छ ।

काव्यमा रीतिका दुई सर्व साधारण गुणमा औचित्यलाई पनि गुणका रूपमा लिएको जस्तै रसमा गुण र दोष दुवै रहने विद्वानहरूले बताएका छन् ।

काव्यमा वक्रोक्तिको प्राण औचित्य हो भने रसको प्राण गुण हो । यसैले संस्कृतमा यसो भनिएको पाइन्छ –

**गुण विपर्ययात्मानो दोषा**: (काव्यालङ्कार सूत्रवृत्ति)

काव्यात्मक अनौचित्यको महत्वपूर्ण पक्ष काव्य दोष पनि हो । पूर्वीय साहित्य आचार्यहरूमा गुणविहिन काव्यको दोष हुन्छ भन्ने आचार्य वामनको विचार पाइन्छ । ध्वानिवादीहरुले दोषलाई रसापकर्ष वा रस घातकको रूपमा लिएका छन् । काव्य – प्रकाशमा यसो भनिएको पाइन्छ –

**मुख्यार्थहतिदोर्षा:**

आचार्य मम्मटको भनाइमा मूल अर्थ एवं भावलाई हानि पुर्‍याउने तत्व दोष हुन् । यसरी दोषको चर्चाले पनि अर्को शब्दमा काव्यात्मक औचित्यप्रति काव्यकारहरुलाई सचेत गराउने दृष्टिकोण प्रस्तुत गरेको स्पष्ट देखिन्छ । काव्यमा विशेष रसदोष विभिन्न रूपमा प्रकट भएको पाइन्छ । उदाहरणको निम्ति निम्न पङ्क्तिलाई लिन सकिन्छ ।

**काम्दै छन् किन थर्र ओठ प्रिययी ?**

**काढ्यौ पसिना किन ?**

**तिम्रो बैँस र**

**चैतका कुसुमको बास्ना छ यौटै किन ?**

यो संयोग शृङ्गराको उदाहरण हो ।

**सम्पर्क नहुँदै**

**हामी पानीपानी भयौ किन ?**

**पानी मै पनि भा'कै थैं**

**जानीजानी गयौ किन ?**

यो वियोग शृङ्गराको उदाहरण हो ।

## 10.4 उपसंहार

रस, छन्द, अलङ्कार, ध्वनि अदि पूर्वीय काव्यशास्त्रका अनिवार्य र निर्विकल्प अवयव हुन् । काव्य चिन्तनको पूर्वीय परम्परामा रस सिद्धान्त सर्वाधिक चर्चित र पुरानो सिद्धान्त मानिन्छ। वेदमा ब्रह्मको चर्चाका क्रममा रस सब्दको उल्लेख गरिए तापनि, राजशेखर, कृतिधर आदि केही आचार्यले नन्दीकेशरबाट रसको आविश्कार भएको भने तापनि रसका आधिकारिक र प्रामाणिक अधिष्ठाता भरतमुनि हुन् । उनले नाट्यशास्त्रको विवेचनाका क्रममा व्यक्त गरेको रससूत्र नै रस सिद्धान्तको आधारतत्त्व हो । श्रव्यकाव्य पढ्दा वा सुन्दा एवं दृश्यकाव्य हेर्दा वा सुन्दा जुन अलौकिक आनन्द प्राप्त हुन्छ, त्यसैलाई काव्यमा रस भन्ने गरिन्छ। रसद्वारा जुन भावको अनुभूति हुनपुग्छ त्यसलाई रसको स्थायीभाव भन्ने गरिन्छ। रसको अर्थ हो - निचोड, सारतत्त्व वा मुख्यभाव । काव्यमा जुन आनन्द प्राप्ति हुन्छ, बास्तवमा त्यही नै काव्यको रस हो । काव्य रसास्वादनबाट प्राप्त आनन्द अर्थात् रस लौकिक नभएर अलौकिक वा आत्मिक हुन्छ ।

रस पूर्वानुभूति होइन, यो त तात्कालिक अनुभव हो । यद्यपि काव्य, नाटक वा सिनेमामा प्रस्तुत हुने विषयवस्तुको जानकारी पहिले नै हुनसक्छ, ज्ञात वा

देखेसुनेको हुनसक्छ । तैपनि काव्य, नाटक वा सिनेमा हेर्दा केही नौलोपनको आभास र अनुभूति हुन्छ, नयाँ आस्वादनले पुराना अनुभूति हराउँदै जान्छ । तात्कालिक अनुभूतिमात्र चरममा पुगे झैं लाग्दछ । रसको यही अपूर्व रूप अप्रमेय र अनिर्वचनीय मानिन्छ । रस काव्यको आत्मा हो र रसिलो वाक्य नै काव्य हो । रमणीय र आलङ्कारिक कव्यत्वको अनुभूति जसले मानव हृदयमा कुनै न कुनै भावलाई वा संवेदनालाई जागृत गराउन सक्छ त्यो नै रस हो । अथवा, भनौं साहित्यबाट प्राप्त हुने मानसिक सन्तुष्टिको नाम नै रस हो । रस अन्तःकरणको त्यो शक्ति हो, जसका बलले इन्द्रियहरू क्रियाशील हुन्छन्, मनले कल्पना गर्दछ, स्वप्नका अनुभूति स्मृतिका रूपमा जीवन्त रहन्छन् । रस आनन्दको प्रतीक हो र यही आनन्द नै विशालताको र विराटपनको अनुभव पनि हो । यो आनन्द नै अन्य समस्त अनुभवको अतिक्रमण पनि हो। व्यक्तिविशेष इन्द्रिय-संयम हुनसक्छ र ऊ विषयविमुख पनि बन्न सक्छ, तर उसले ती विषयप्रतिका भाव पन्साउन सक्दैन । रसका रूपमा जुन वस्तुको निष्पत्ति हुन्छ, त्यही बास्तवमा भाव हो। रसानुभूति भएपछि भाव रहंदैन, केवल रसमात्र शेष रहन्छ, भावना रूपान्तरित हुन्छ ।

विशेषतः काव्य पढ्दा अथवा नाटक वा चलचित्र हेर्दा पाठक र दर्शकमा एक किसिमको आनन्दको अनुभव पनि हुन्छ । यही भाव रसरूपमा परिणत भएको हुन्छ । त्यही स्थायी भाव नै रस हो । भरतमुनिले स्थायीभावलाई आठवटा मानेका छन् भने उत्तरवर्ती धैरैजसो विद्वानहरूले यसलाई नौ वटा हुन्छ भनेका छन् । कालन्तरमा भक्ति र वात्सल्यलाई पनि छुट्टै रसका रूपमा मान्नेहरूले स्थायीभावलाई ११ वटासम्म पुर्याएको देखिन्छ । ती

एघारवटा स्थायी भाव हुन् - रति, हास, शोक, उत्साह, क्रोध, भय, जुगुप्सा, विस्मय, निर्वेद, वात्सल्य और ईश्वर विषयक प्रेम ।

**काव्य वा कवितामा रसको स्थिति सर्वोपरी रहको हुन्छ । उपर्युक्त दर्शनको आधारमा पनि काव्यमा रस एउटा महत्वपूर्ण वस्तुको रूपमा देखा पर्दछ । कविहरूद्वरारा आफ्ना कृतिका विश्लेषणका लागि प्रयोग गरिएका पौरस्त्य दर्शनसँग सम्बन्धित ईश्वर, भौतिकताप्रतिको विरोध, मन र मोह एवं जीवनको क्षणिकतासँग सम्बन्धित मान्यताहरू विशेष रसकै परिप्रक्ष्यमा अडिएको पाइन्छ ।** भरतमूनिदेखि जगन्ननाथ पर्यन्तका विद्वान्हरूले गुणको लक्षण एवं संख्याका बारेमा आ - आफ्ना मतहरू प्रस्तुत गरेको देखिन्छ । त्यसैगरी काव्यमा गुणको स्थान वा महत्व के छ भन्ने सन्दर्भमा पनि केही विद्वानहरू बोलेको देखिन्छ । आचार्य वामन एवं भोजले यस सन्दर्भमा अधिक स्पष्ट गरेको देखिन्छ । आचार्य वामनले "काव्य युवतीको रूपसमान हुन्छ । किनभने जसरी युवतीको रूप शील एवं पातिब्रत्य आदि असल गुण तथा सुन्दर अलंकारहरूद्धारा सुशोभित हुन्छ त्यसैगरी काव्य पनि माधुर्यादि गुण एवं उपमादि अलंकारहरूद्धारा सुशोभित हुन्छ त्यसैगरी काव्य पनि यौवन विहीन नायिकाको शरीरसमान हुन्छ , जसमा सुन्दर आभूषण पनि अप्रिय देखिन्छन् भन्दै काव्यमा गुणको महत्वपूर्ण स्थान रहेको पुष्टि गरेको देखिन्छ ।

## 10.5 सार

यस प्रखण्डमा **काव्यमा रसको स्थिति, रसदोष**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- रस कविता वा साहित्यको सबैभन्दा एउटा पुरानो सिद्धान्त हो । संसारका प्राय : साहित्यको थालनी पध्यबाटै भएको जस्तै पूर्वीय साहित्यमा रसबाट भएको मानिन्छ ।
- साहित्यमा शास्त्रीय रूपमा रसको विवेचना गर्ने प्रथम आचार्य भरतमुनिलाई मानिन्छ ।
- भरतले काव्यको आवश्यक तत्वका रूपमा रसको प्रतिष्ठा गर्दै शृङ्गार, हास्य, रौद्र, करुण, वीर, अद्भुत, बीभत्स र भयानक आदि आठवटा भेदलाई स्पष्टतः उल्लेख गरेका छन् तथा विद्वान्हरू उनैले शान्त नामक नवौं रसलाई पनि स्वीकृति दिएको बताउँदछन् ।
- शब्दको अर्थप्रकाश र साधरणीकरणको मूल कारण व्यन्जनाको विभावना व्यापारका कारण रसलाई व्याङ्ग्य मानिन्छ ।
- रस आस्वाद नभएर आस्वाद्य हो । विभिन्न भाव र अभिनयको मिश्रणबाट उत्पन्न स्थायीभाव नै रस हो ।
- श्रृङ्गारको स्थायीभाव रति, हास्यको स्थायीभाव हास, रौद्रको स्थायीभाव क्रोध, करुणको स्थायीभाव शोक, वीरको स्थायीभाव उत्साह, अद्भुतको स्थायीभाव विस्मय, बीभत्सको स्थायीभाव जुगुप्सा, भयानकको स्थायीभाव भय तथा शान्तको स्थायीभाव शम वा निर्वेद मानिन्छ ।
- भरतले आठवटा रसका देवता क्रमशः विष्णु, प्रमथ, रुद्र, यमराज, इन्द्र, ब्रह्मा, महाकाल तथा कालदेवलाई मानेका छन् र शान्त रसका देवता नारायण बताइन्छ ।

- यस सूत्रको व्याख्या बुझ्न स्थायीभाव, विभाव, अनुभाव र व्यभिचारी भावको जानकारी हुनु आवश्यक छ ।
- काव्यमा रसको स्थान अनुसार काव्यको सौन्दर्य वृद्धिको महत्त्वपूर्ण साधन रस हो ।
- काव्यलाई शब्द र अर्थगत दृष्टिले चमत्कारपूर्ण र सार्थक बनाउनु भएको महत्त्वपूर्ण काम हो ।
- रसको चमत्कार भावकको मनसित हुन्छ। घुमाउरो भनाइ र वक्रोक्तिमा रस हुँदैन । रसको स्थितिबाट साहित्य जीवित र अर्थपूर्ण बन्न सक्दछ ।
- विशिष्ट आहलादपूर्ण कथन रस भएकाले काव्यमा विशिष्ट कथनको महत्त्व र उपयोगिता उच्च रहेको पाइन्छ ।
- काव्यको सौन्दर्यभित्र रसको अस्तित्व र प्रतिष्ठान पनि अन्तर्निहित हुने भएकाले काव्य साहित्यमा रसको भूमिका महत्त्वपूर्ण मानिन्छ ।
- काव्यमा केही समय प्रसङ्गका अनुकूल एउटा दोष गुण हुन पुग्छन् भने अर्को गुण दोष हुन पुग्दछ ।

यस प्रखण्डको अध्ययनले **काव्यमा रसको स्थिति, रसदोष**बारे बुनियाँदी जानकारी प्राप्त भयो । रसको परिचय र यसको काव्यमा स्थिति र रसदोष सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 10.6 अनुशीलनी

१. रसको उद्भवबारे चर्चा गर्दै यसका पूर्वीय साहित्यमा रहेको रस – सिद्धानतलाई सविस्तार चर्चा गर्नु होस् ।

२. रसको अर्थ सम्बन्धि उल्लेख गर्दै यसको परिभाषाबारे पूर्वीय र पाश्चात्य मतको टिप्प्णी गर्नुहोस् ।

३. साहित्यमा रसको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस् ।

४. रसको स्वरूपबारे विश्लेषण गर्नुहोस् ।

५. काव्यमा रसको स्थितिबारे पूर्वीय आचार्यहरूको मत र विचारलाई सबिस्तार चर्चा गर्नुहोस् ।

६. रस चिन्तनको विकासक्रम पूर्वीय साहित्यमा कसरी र किन भएको पाइन्छ ? विवेचना गर्नुहोस् ।

७. रस दोष भन्नाले को बुझिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

८. पूर्वीय साहित्यको रस सिद्धान्तले अन्य भाषा वा साहित्यमा के - कस्तो प्रभाव पारेको ठान्नुहुन्छ ? चर्चा गर्नुहोस्।

९. रस सिद्धान्तको पृष्ठभूमिबारे एउटा टिप्पणी लेख्नुहोस् ।

१०. ‘अर्थ दोष र वाक्य दोषको परिप्रेक्ष्यमा रस दोषबारे लेख लयार पार्नुहोस् ।

१२. काव्यमा रस दोष हुनु कतिको न्यून मानिन्छ ? आफ्नो मनतव्य लेख्नुहोस् ।

## 10.7 अतिरिक्त अध्ययन

४८.सिग्देल, सोमनाथ - **साहित्य प्रदीप** ।

४९.उपाध्याय, डा. केशवप्रसाद - **साहित्य प्रकाश** ।

५०.श्रेष्ठ, डा. दयाराम - **वीरकालीन कविता** ।

५१.अधिकारी, हेमाङ्गराज - **पूर्वीय समालोचना - सिद्धान्त** ।

५२. हिमांशु, राजुप्रधान - **साहित्य परिचय** ।

५३. उपाध्याय, केशवप्रसाद - **पूर्वीय काव्य सिद्धान्त** ।

५४. लुइँटेल, खगेन्द्रप्रसाद - **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** ।

५५. गोतम, लक्ष्मीप्रसाद - **कविताको सैद्धान्तिक विमर्श** ।

५६.न्यौपाने, टङ्कप्रसाद - **साहित्यको रूपरेखा** ।

५७. तिवारी, डा. रामचन्द्र - **भारतीय व पाश्चात्य काव्यशास्त्र तथा हिन्दी आलोचना** ।

५८. आनन्दवर्धन - **ध्वन्यालोक**, वाराणसी, चौखम्बा विद्याभवन ।

५९. कुन्तक – **वक्रोक्तिजीवित** ,वाराणसी ।

६०. जगन्नाथ – **रसगङ्गाधर** ,वाराणसी, चौं विद्याभवन ।

६१. जयदेव – **चन्द्रालोक** ,वाराणसी ।

६२. दण्डी – **काव्यादर्श** ,वाराणसी ।

६३. भरत - **नाट्यशास्त्र** – २, वाराणसी, काशी ।

६४. भामह –**काव्यालङ्कार** ,पटना, विहार राष्ट्रभाषा परिषद् ।

६५. मम्मट - **काव्यप्रकाश**, वाराणसी ज्ञानमण्डल लिमिटेड ।

६६. वामन – **काव्यालङ्कार सूत्रवृत्ति**, वाराणसी ।

६७. विश्वनाथ – **साहित्यदर्पण** ,वाराणसी ।

६८. वेदव्यास – **अग्निपुराण** ,दिल्ली , चौखम्बा संस्कृत प्रतिष्ठान ।

६९. शर्मा, मोहनराज - **नेपाली कविता, नाटक र इतिहास**, काठमाण्डौं ,नवीन प्रकाशन ।

७०. त्रिपाठी, वासुदेव - **नेपाली कविता**, भाग –४ ।

यस अतिरिक्त **काव्यमा रसको स्थिति, रसदोष**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 10.8 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

११. रसको सामान्य परिचय ।

..........................................................................................

.......

..........................................................................................

.......

..........................................................................................

.......

**(प्रश्न १ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १०.२ को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१२. रस दोष ।

..........................................................................................

.......

................................................................................

.......

................................................................................

.......

**(प्रश्न २ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १०.४ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१३. काव्यमा रसको स्थिति ।

................................................................................

.......

................................................................................

.......

................................................................................

.......

**(प्रश्न ३ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १०.३ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१४. अर्थ दोष र वाक्य दोष ।

................................................................................

.......

................................................................................

.......

.........................................................................................

.......

**(प्रश्न ४ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १०.४ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१५. गुण र दोष अनि रस दोष ।

.........................................................................................

.......

.........................................................................................

.......

.........................................................................................

.......

**(प्रश्न ५ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १०.४ को खण्डमै उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 11 रसवादको प्राप्ति र सीमा

**संरचना**


11.0 उद्देश्य

11.1 परिचय

11.2 रसवादको अर्थ र परिभाषा

11.3 रसवादको प्राप्ति

11.4 रसवादको सीमा

11.5 उपसंहार

11.6 सार

11.7 अनुशीलनी

11.8 अतिरिक्त अध्ययन

11.9 मूल्यबृद्धिको निम्ति उत्तर


## 11.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- रसको सामान्य परिचय

- रसवादको अर्थ र परिभाषा
- रसवादको प्राप्ति
- रसवादको सीमा

## 11.1 परिचय

रस संस्कृत भाषाको ‘रस्’ धातुमा ‘अ’ प्रत्यय गाँसिएर व्युत्पन्न शब्द हो । यसको व्युत्पत्तिगत अर्थ स्वाद ग्रहण गर्न मिल्ने पदार्थ तत्त्व हो । रसको प्रायोगिक क्षेत्र विविध छन् । दार्शनिक सन्दर्भमा विभिन्न किसिमले रस प्रयुक्त हुन्छ , त्यहाँ यसलाई पदार्थको गुणका रूपमा प्रयोग गरिएको पाइन्छ, आयुर्वेदमा रसलाई अमिलो, पिरो, तितो, टर्रो, गुलियो नुनिलो आदि छ किसिमका स्वादका रूपमा चर्चा गरिन्छ । व्यावहारिक परिप्रेक्ष्यमा रुचि र सन्तुष्टिका सन्दर्भमा यसको प्रयोग हुन्छ भने खाद्यपदार्थका प्रसङ्गमा झोलिलो तरल पदार्थको द्योतन रसले गर्दछ । यी विभिन्न प्रायोगिक सन्दर्भमा रसको उपयोग भए पनि यो विशेषतः साहित्यिक सन्दर्भमा बढी प्रयुक्त छ । वास्तवमा परमात्मा नै रसरूपी आनन्द हुन् ।

साहित्यमा शास्त्रीय रूपमा रसको विवेचना गर्ने प्रथम आचार्य भरतमुनिलाई मानिन्छ । उनले काव्यको आवश्यक तत्वका रूपमा रसको प्रतिष्ठा गर्दै शृङ्गार, हास्य, रौद्र, करुण, वीर, अद्भुत, बीभत्स र भयानक आदि आठवटा भेदलाई स्पष्टतः उल्लेख गरेका छन् । विद्वानहरू उनैले शान्त नामक नवौं रसलाई पनि स्वीकृति दिएको बताउँदछन् । यिनै हुन् – नवरस । उनले आफ्नो ‘नाट्यशास्त्र’ - मा रसोत्पत्ति विषयको चर्चालाई यसरी सूत्रबद्ध गरेको पाइन्छ – विभाव, अनुभाव र सञ्चारीभावको संयोगले यी विभिन्न रसको

निष्पत्ति हुन्छ वा हृदयको स्थायीभावले विभाव, अनुभाव र सञ्चारीभावको संयोग प्राप्त गर्दा रस रूप निष्पन्न हुन्छ । त्यसैले रसका चारवटा अङ्ग मानिन्छन् - स्थायीभाव, विभाव, अनुभाव र सञ्चारीभाव । प्रत्येक रसको स्थायीभाव बेग्लाबेग्लै छ । त्यसैको विभावादि संयोगले परिपूर्ण हुने निर्विघ्न – प्रतीति - ग्राह्य अवस्थालाई नै रस भनिन्छ ।

रस अन्तःकरणको त्यो शक्ति हो, जसका बलले इन्द्रियहरू क्रियाशील हुन्छन्, मनले कल्पना गर्दछ, स्वप्नका अनुभूति स्मृतिका रूपमा जीवन्त रहन्छन् । रस आनन्दको प्रतीक हो र यही आनन्द नै विशालताको र विराटपनको अनुभव पनि हो । यो आनन्द नै अन्य समस्त अनुभवको अतिक्रमण पनि हो। व्यक्तिविशेष इन्द्रिय - संयम हुनसक्छ र ऊ विषयविमुख पनि बन्न सक्छ, तर उसले ती विषयप्रतिका भाव पन्साउन सक्दैन । रसका रूपमा जुन वस्तुको निष्पत्ति हुन्छ, त्यही बास्तवमा भाव हो । रसानुभूति भएपछि भाव रहंदैन । केवल रसमात्र शेष रहन्छ, भावना रूपान्तरित हुन्छ ।

## 11.2 रसवादको अर्थ र परिभाषा

रसको उत्पत्ति गर्ने घटकहरूलाई रस सामग्री वा अवयव भनिन्छ । भरतको विभाव, अनुभाव र व्यभिचारीभावको संयोगबाट रसको निष्पत्ति हुन्छ भन्ने रससूत्रअनुसार रस सामग्रीहरू निम्नलिखित तीनवटा छन् । ती हुने – विभाव, अनुभव, व्यभिचारी भाव वा सञ्चारी भाव । सुरुदेखि अन्त्यसम्म स्थायी रूपमा रहिरनहे चित्तवृत्तिलाई भाव भनिन्छ । भावलाई स्थायीभाव मानिन्छ । स्थायीभावलाई विरोधी वा अविरोधी कुनै पनि भावले बिथोल्दैन र

ती कहिले रहने र कहिले हराउने नभई आरम्भदेखि अन्त्यसम्म निरन्तर रहिरहन्छन् ।

भाव, विभाव, अनुभाव र व्यभिचारीभाव गरी चार अवयवहरू रसको उत्पत्ति गर्ने अनिवार्य अङ्ग हुन् । यिनैलाई रस सामग्री पनि भनिन्छ । यिनै रस सामग्रीबाट रसको उत्पत्ति हुन्छ । रस सम्प्रदायका प्रथम प्रवर्तक आचार्य भरतको नाट्यशास्त्रमा पाइने परिभाषालाई रसको पहिलो परिभाषा मानिन्छ। यस पहिलो परिभाषालाई नै रससूत्र भनिन्छ । रससम्बन्धी सम्पूर्ण चर्चा - परिचर्चामा केन्द्रीय विचारका रूपमा उल्लेख हुने रससूत्र भरतको नाट्यशास्त्रमा यसप्रकार छ -

***तत्र विभावानुभाव व्यभिचारी संयोगाद्र रसनिष्पत्तिः ।***

अर्थात् विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट रसको निष्पत्ति हुन्छ । एउटा प्रसिद्ध वैदिक सूक्ति छ –

***रस्यते असौ रसः ।***

अर्थात् ती परमात्मा नै रसरूपी आनन्द हुन् । **रस** संस्कृत भाषाको 'रस्' धातुमा 'अ'प्रत्यय गाँसिएर व्युत्पन्न शब्द हो । यसको व्युत्पत्तिगत अर्थ स्वाद ग्रहण गर मिल्ने पदार्थ तत्त्व हो । रसक प्रायोगिक क्षेत्र विविध छन् । दार्शनिक सन्दर्भमा विभिन्न किसिमले रस प्रयुक्त हुन्छ, त्यहाँ यसलाई पदार्थको गुणका रूपमा प्रयोग गरिएको पाइन्छ ।

रस, छन्द, अलङ्कार, ध्वनि अदि पूर्वीय काव्यशास्त्रका अनिवार्य र निर्विकल्प अवयव हुन् । काव्य चिन्तनको पूर्वीय परम्परामा रस सिद्धान्त सर्वाधिक चर्चित र पुरानो सिद्धान्त मानिन्छ । वेदमा ब्रह्मको चर्चाका क्रममा रस

सब्दको उल्लेख गरिए तापनि, राजशेखर, कृतिधर आदि केही आचार्यले नन्दीकेशरबाट रसको आविश्कार भएको भने तापनि रसका आधिकारिक र प्रामाणिक अधिष्ठाता भरतमुनि हुन् । उनले नाट्यशास्त्रको विवेचनाका क्रममा व्यक्त गरेको रससूत्र नै रस सिद्धान्तको आधार तत्त्व हो ।

श्रव्यकाव्य पढ्दा वा सुन्दा एवं दृश्यकाव्य हेर्दा वा सुन्दा जुन अलौकिक आनन्द प्राप्त हुन्छ, त्यसैलाई काव्यमा रस भन्ने गरिन्छ । रसद्वारा जुन भावको अनुभूति हुनपुग्छ त्यसलाई रसको स्थायीभाव भन्ने गरिन्छ । रसको अर्थ हो - निचोड, सारतत्त्व वा मुख्यभाव । काव्यमा जुन आनन्द प्राप्ति हुन्छ, बास्तवमा त्यही नै काव्यको रस हो । काव्य रसास्वादनबाट प्राप्त आनन्द अर्थात् रस लौकिक नभएर अलौकिक वा आत्मिक हुन्छ । रस पूर्वानुभूति होइन, यो त तात्कालिक अनुभव हो ।

आस्वाद नार्थक रस् धातुमा अच् प्रत्यय लागी बनेको संस्कृत रस शब्दको अर्थ आस्वादित हुने वस्तु वा स्वाद, रससिक्त हुने गुण, वीर्य, देह आदि, रसमय बनाउने वस्तु, पानी, द्रव, पारद आदिलाई बुझिन्छ । यसमा श्रृङ्गार, हास्य, करुण, वीर आदि भावावस्था आदि हुन्छ । स्वादका रूपमा षड्रस गुलियो, नुनिलो, अमिलो, तितो, टर्रो र पिरो भन्ने अर्थ रसले बुझाउछ । आर्युवोदमा जलीय पदार्थ र रसनेन्द्रिय ग्राह्य गुणलाई रस भनिने गरिन्छ । रसलाई **रामायण**मा जीवन र **महाभारत**मा मदिरा र गन्धको रूपमा लिएको पाइन्छ । लोक व्यवहार वा लोकजीवनमा खाद्य तरल पदार्थ अथवा पेय पदार्थलाई र साहित्यमा काव्यानन्दलाई **रस** भनिन्छ । वेद, उपनिषद्, रामायण, महाभारत र अग्नि पुराणपछि साहित्य क्षेत्रमा सर्वप्रथम नन्दिकेश्वरले रस शब्दको प्रयोग गरेका हुन् भन्ने पाइए पनि पूर्वीय काव्यशास्त्रीय परम्परामा रससिद्धान्तको

स्थापना चाहिँ ईप्रथम .पू.÷द्वितीय शताब्दीतिरका आचार्य भरतमुनिले गरेका हुन् । उनले आफ्नो नाट्यशास्त्रमा रसलाई नाटकको आत्मा भनेका छन् तापनि सम्पूर्ण काव्यविधामा यसको व्याप्ति छ । रसवाद पूर्वीय काव्यशास्त्र परम्पराको जेठो र प्रमुख साहित्य सिद्धान्त हो ।

## 11.3 रसवादको प्राप्ति

आचार्य भरतमुनि नाट्यशास्त्रका प्रणेता हुन् । यिनको जन्मसमय सम्बन्धमा मतमतान्तर छ, यद्यपि यिनलाई इशापूर्व ५०० र ईशाको १०० को बीचमा मानिन्छ। यिनी असाध्य प्रतिभाशाली थिए । यिनको 'नाट्यशास्त्र' संस्कृत नाट्य र काव्यशास्त्रको आदिग्रन्थ हो । यसमा नाट्यशास्त्र, सङ्गीतशास्त्र, छन्दशास्त्र, अलङ्कार, रस आदिको साङ्गोपाङ्ग प्रतिपादन गरिएको छ । 'नाट्यशास्त्र' आफ्नो विषयको आधारभूत ग्रन्थ मानिन्छ । भरतमुनिद्वारा रचित नाट्यशास्त्रको पूर्णरूप अहिले उपलब्ध छैन, अहिले उपलब्ध हुने नाट्यशास्त्रमा क्षेपकहरू थपिएको विश्वास गरिन्छ। पूर्वीय साहित्यशास्त्रका वर्तमान समयमा प्राप्त हुने वा उपलब्ध ग्रन्थका साक्ष्यका आधारमा साहित्यको यस परम्पराका प्रतिष्ठापक आदि आचार्य भरतमुनि नै हुन् भन्ने तथ्य निर्विवाद छ, यद्यपि उनको एउटा मात्र ग्रन्थ 'नाट्यशास्त्र' उपलब्ध अवस्थामा छ ।

हुन त नाम सुन्दा यो ग्रन्थ नाट्य विषयक पो हो कि झैं लाग्दछ, तर यो विविध कलाको विश्वकोष नै हो भन्दा अत्युक्ति हुँदैन । आचार्य भरतमुनि स्वयं स्वीकार्दछन् – त्यस्तो ज्ञान, शिल्प, विद्या, कला, योग र कर्म छँदैछैन जुन यस नाट्यग्रन्थमा उल्लेख नभएको होस् ।

भरतमुनिको समयका विषयमा विद्वान्का माझमा प्रशस्त मतमतान्तर छ ।

कतिपयले त यिनलाई काल्पनिक व्यक्तित्व समेत मानेको देखिन्छ । तर विविध प्रमाणलाई नियाल्दा यिनी एकजना ऐतिहासिक पुरुष नै हुन् भन्ने आधार छन् । उनको उल्लेख मत्स्यपुराणमा समेत भएको छ, भनिन्छ – स्वर्गलोकमा लक्ष्मीस्वयंवर नाटिकाको मञ्चन आचार्य भरतमुनिको निर्देशनमा भएको थियो, जसमा प्रसिद्ध अप्सरा उर्वशीले लक्ष्मीको भूमिका निर्वाह गरेकी थिइन् र अभिनयका क्रममा पुरुरवालाई देखेर उर्वशी उनीप्रति मोहित हुन पुगेकी थिइन् । उनको यस त्रुटिका कारण भरतमुनिले कुपित भई दुबैलाई श्राप दिएका थिए ।

महाकवि कालिदासले‘विक्रमोर्वशीयम्’ नाटकमा यस घटनाको सङ्केत गर्दै आचार्य भरतमुनिको समुल्लेख गरेका छन् ।  यसबाहेक उद्भट, भट्टलोल्लट, श्रीशङ्कुक, भट्टनायक, अभिनवगुप्त, कीर्तिधर, राहुल, भट्टयन्त्र र हर्षवार्तिक जस्ता विशिष्ट आचार्यहरूले यिनको ‘नाट्यशास्त्र’ ग्रन्थको टीका पनि गरे । यी तथ्य देख्दादेख्दै ‘नाट्यशास्त्र’का प्रणेता भरतमुनि एकजना काल्पनिक व्यक्तित्व हुन् भन्नु विसङ्गतिपूर्ण हुन्छ । ऐतिहासिक दृष्टिगोचरका निमित्त आवश्यक तत्वहरू, जस्तै व्यक्तिको जन्मसमय, पुर्ख्यौली पृष्ठभूमि, शिक्षादीक्षा आदिका विषयमा भने कुनै समाग्री उपलब्ध छैनन् । उपलब्ध फुटकर साक्ष्य र प्रमाणका आधारमा अनुमान गर्दै अधिकांश विद्वान् भरतमुनिको जीवनकाल ईशापूर्व ५०० वर्षदेखि ईशाको प्रथम शताब्दीको बीचमा रहेको धारणामा सहमत छन् । यिनले रचना गरेको नाट्यशास्त्रमा ६००० श्लोक उपलब्ध छन्, यसै ग्रन्थलाई ‘षट्साहस्री संहिता’ पनि भनिन्छ । तर ‘द्वादशसाहस्री संहिता’ नामको उल्लेख पनि भरतमुनिकै ‘नाट्यशास्त्र’का निमित्त हुने भएकाले यसमा प्रारम्भमा १२००० श्लोक भएको अनुमान गर्न सकिन्छ । आचार्य शारदातनयद्वारा रचित ‘भावप्रकाशन’ नामक ग्रन्थमा यसबारेमा उल्लेख गरेका

छन् । उनले 'नाट्यशास्त्र' ग्रन्थलाई 'नाट्यवेद' भनेको देखिन्छ । आचार्य शारदातनयले 'द्वादशसाहस्रीर संहिता'का रचयिता वृद्धभरत (नन्दीकेशर) - लाई र 'षट्साहस्री संहिता' - का रचयिता आचार्य भरतलाई मानेका छन् । नाट्यशास्त्रको हाल उपलब्ध संस्करण अर्थात् 'षट्साहस्री संहिता' - मा ३६ अध्याय छन् ।

रस, छन्द, अलङ्कार, ध्वनि आदि पूर्वीय काव्यशास्त्रका अनिवार्य र निर्विकल्प अवयव हुन् । काव्य चिन्तनको पूर्वीय परम्परामा रससिद्धान्त सर्वाधिक चर्चित र पुरानो सिद्धान्त मानिन्छ । वेदमा ब्रह्मको चर्चाका क्रममा रस शब्दको उल्लेख गरिए तापनि, राजशेखर, कृतिधर आदि केही आचार्यले नन्दीकेशरबाट रसको आविष्कार भएको भने तापनि रसका आधिकारिक र प्रामाणिक अधिष्ठाता भरतमुनि नै हुन् । उनले 'नाट्यशास्त्र'को विवेचनाका क्रममा व्यक्त गरेको रससूत्र नै रससिद्धान्तको आधारतत्त्व हो । श्रव्यकाव्य पढ्दा वा सुन्दा एवं दृश्यकाव्य हेर्दा वा सुन्दा जुन अलौकिक आनन्द प्राप्त हुन्छ, त्यसैलाई काव्यमा रस भन्ने गरिन्छ । रसद्वारा जुन भावको अनुभूति हुनपुग्छ त्यसलाई रसको स्थायीभाव भन्ने गरिन्छ । रसको अर्थ हो – निचोड, सारतत्त्व वा मुख्यभाव । काव्यमा जुन आनन्द प्राप्ति हुन्छ, बास्तवमा त्यही नै काव्यको रस हो। काव्य रसास्वादनबाट प्राप्त आनन्द अर्थात् रस लौकिक नभएर अलौकिक वा आत्मिक हुन्छ । रस पूर्वानुभूति होइन, यो त तात्कालिक अनुभव हो । यद्यपि काव्य, नाटक वा चलचित्रमा प्रस्तुत हुने विषयवस्तुको जानकारी पहिले नै हुनसक्छ, ज्ञात वा देखेसुनेको हुनसक्छ, तैपनि काव्य, नाटक वा चलचित्र हेर्दा केही नौलोपनको आभास र अनुभूति हुन्छ, नयाँ आस्वादनले पुराना अनुभूति हराउँदै जान्छ, तात्कालिक

अनुभूतिमात्र चरममा पुगे झैं लाग्दछ । रसको यही अपूर्वरूप अप्रमेय र अनिर्वचनीय मानिन्छ ।

रस काव्यको आत्मा हो र रसिलो वाक्य नै काव्य हो । रमणीय र आलङ्कारिक काव्यत्वको अनुभूति जसले मानव हृदयमा कुनै न कुनै भावलाई वा संवेदनालाई जागृत गराउन सक्छ त्यो नै रस हो । अथवा, भनौं साहित्यबाट प्राप्त हुने मानसिक सन्तुष्टिको नाम नै रस हो । रस अन्तस्करणको त्यो शक्ति हो, जसका बलले इन्द्रियहरू क्रियाशील हुन्छन्, मनले कल्पना गर्दा, स्वप्नका अनुभूति स्मृतिका रूपमा जीवन्त रहन्छन् । रस आनन्दको प्रतीक हो र यही आनन्द नै विशालताको र विराटपनको अनुभव पनि हो । यो आनन्द नै अन्य समस्त अनुभवको अतिक्रमण पनि हो । व्यक्तिविशेष इन्द्रिय–संयम हुनसक्छ र ऊ विषयविमुख पनि बन्न सक्छ, तर उसले ती विषयप्रतिका भाव पन्छाउन सक्दैन । रसका रूपमा जुन वस्तुको निष्पत्ति हुन्छ, त्यही बास्तवमा भाव हो। रसानुभूति भएपछि भाव रहंदैन, केवल रसमात्र शेष रहन्छ, भावना रूपान्तरित हुन्छ । रस सूत्रको व्याख्या बुझ्न स्थायीभाव, विभाव, अनुभाव र सञ्चारी भावको जानकारी हुनु आवश्यक छ ।

ईस्वी पूर्व दोस्रोदेखि प्रथम शदाबादीका आचार्य मानिने भरतमूनिद्वारा प्रतिपादित रस – सिद्धान्त साहित्यको जोठो सिद्धान्त हो । विभाव, अनुभाव र व्यभिचारी भावको संयोगले सहृदयको अन्तःकरणमा सुषुप्त अवस्थामा रहेका स्थायी भाव जागृत भएर रस निस्पत्ति हुन्छ भन्ने भरतमुनिको रस सूत्रको व्याख्या गरी विभिन्न उत्तरवर्ती आचार्यहरूले रसवादलाई महत्वपूर्ण काव्य सिद्धान्तका रूपमा स्थापना गरेर रसलाई काव्यको आत्मा सिद्ध गरेका छन् । भरतमुनिदेखि छैटौं शताब्दीका भामह, सातौ शताब्दीका दण्डी, नवौं शताब्दीका

आनन्दवर्धन, एघारौं शताब्दीका अभिनव गुप्त, चौधौं शताब्दीका विश्वनाथ र सत्रौं शताब्दीका जगन्नाथसम्मका आचार्यहरूले रससिद्धान्त र विविध रस तथा तिनको महत्तालाई पुष्टि गरेका छन् ।

नेपाली साहित्यमा प्राथमिक कालदेखि नै विविध रस प्रयोगको परम्परा अघि बढेको देखिन्छ । प्राथमिक कालमा वीर तथा भक्ति रस प्रमुख रहे पनि हास्य एवम् अन्य रस समेत केहीमात्रामा प्रयोग भएको पाइन्छ । माध्यमिक कालमा प्रमुख रूपमा शृङ्गार रस प्रयोग । करुण रस सुरुदेखि नै केही मात्रामा प्रयोग हुँदै आएर खास गरी आधुनिक कालमा गुरुप्रसाद मैनालीका कथा, लैनसिंह बाङ्देलका उपन्यास, लक्ष्मीप्रसाद देवकोटाका काव्यजस्ता कालजयी कृतिहरूमा प्रभावकारी ढङ्गले प्रयोग भयो भने यो परम्परा माधव घिमिरे हुँदै निरन्तर रूपमा गतिशील रहेकै छ ।

रसवादको प्राप्तिलाई अद्ययन – अनुशिलन गर्दा यो साहित्यको सबैभन्दामा विधामान रहेको पाइन्छ । काव्य र कवितामा मात्र नभएर उपन्यास र कथामा पनि उत्तिकै रूपमा रहेको पाइन्छ । वाच्यार्थ जति सरल र मन छुने छ, त्यति नै यस कथामा रसात्मक अभिव्यक्ति गहन, रमणीय हुनका साथै करुण रसको प्रयोग झन मर्मस्पर्शी छ । आस्वाद नार्थक रस् धातुमा अच् प्रत्यय लागी बनेको संस्कृत रस शब्दको अर्थ आस्वादित हुने वस्तु वा स्वाद, रससिक्त हुने गुण, वीर्य,  देह आदि, रसमय बनाउने वस्तु, पानी, द्रव, पारद आदिलाई बुझिन्छ । यसमा श्रृङ्गार, हास्य, करुण, वीर आदि भावावस्था आदि हुन्छ । स्वादका रूपमा षड्रस गुलियो, नुनिलो, अमिलो, तितो, टर्रो र पिरो भन्ने अर्थ रसले बुझाउछ । आर्युवोदमा जलीय पदार्थ र रसनेन्द्रिय ग्राह्य गुणलाई रस भनिने गरिन्छ । रसलाई **रामायण**मा जीवन र **महाभारत**मा मदिरा र गन्धको रूपमा लिएको पाइन्छ ।

लोक व्यवहार वा लोकजीवनमा खाद्य तरल पदार्थ अथवा पेय पदार्थलाई र साहित्यमा काव्यानन्दलाई **रस** भनिन्छ । वेद, उपनिषद्, रामायण, महाभारत र अग्नि पुराणपछि साहित्य क्षेत्रमा सर्वप्रथम नन्दिकेश्वरले रस शब्दको प्रयोग गरेका हुन् भन्ने पाइए पनि पूर्वीय काव्यशास्त्रीय परम्परामा रस सिद्धान्तको स्थापना आचार्य भरतमुनिले गरेका हुन् । उनले आफ्नो **नाट्यशास्त्र**मा रसलाई नाटकको आत्मा भनेका छन् तापनि सम्पूर्ण काव्यविधामा यसको व्याप्ति छ । रसवाद पूर्वीय काव्यशास्त्र परम्पराको जेठो र प्रमुख साहित्य सिद्धान्त हो । आचार्य भरतमुनिले रस सूत्रबारे यसो भनेका छन् –

*विभावानुभावव्यभिचारीसंयोगाद्रसनिष्पत्तिः*

अर्थात् रस सूत्रमार्फत विभाव, अनुभाव र व्यभिचारी - सञ्चारी भावहरूका साथ स्थायी भावको संयोग हुँदा रसको निष्पत्ति हुन्छ हुन्छ भनेका (उत्पत्ति) छन् । आचार्य मम्मटका अनुसार आलम्बन विभावबाट उद्बुद्ध, उद्दीपन विभावबाट उद्दीप्त, अनुभावद्वारा व्यक्त अनि व्यभिचारी भावद्वारा परिपुष्ट भएको सहृदयको स्थायीभाव नै रस हो । आचार्य विश्वनाथको मतअनुसार कुनै स्थायी भाव विभावादिद्वारा परिपक्व अवस्थामा परिणत हुन्छ र त्यसैलाई रस भनिन्छ । उनले रसलाई अखण्ड स्वप्रकाशानन्द, चिन्मय, वेद्यान्तरस्पर्शशून्य, ब्रह्मस्वाद सहोदर लोकोत्तर चमत्कार–प्राण भनेका छन् । उनले 'वाक्यं रसात्मकं काव्यम्' भन्ने मान्यताको स्थापना गरी रसलाई काव्यको आत्मा मानेका छन् । भरतमुनिको रससूत्रमा उल्लेख भएका विभाव, अनुभाव, व्यभिचारी वा सञ्चारी भाव र स्थायी भावलाई रससामग्री वा रस उत्पत्तिका साधन भनिन्छ ।

सहृदयको मनमा सुषुप्त अवस्थामा वासना वा संस्कारका रूपमा रहेको स्थायी

भावलाई जगाउने वा रस रूपमा परिणत गराउने पात्र, वस्तु र परिवेशलाई विभाव भनिन्छ । रसोत्पत्तिको महŒवपूर्ण कारण स्वरूप यसका पनि आलम्बन विभाव र उद्दीपन विभाव गरी दुई भेद छन् ।

साहित्यिक कृतिमा वर्णित जुन पात्र वा वस्तुका कारण सहृदयीका मनमा वासना वा संस्कारका रूपमा रहेको स्थायी भाव जागृत भई रस रूपमा व्यक्त हुन्छ, त्यो पात्र वा वस्तु आलम्बन विभाव हुन्छ । यो पनि विषयालम्बन र आश्रयालम्बन गरी दुई किसिमको हुन्छ । जुन पात्र वा वस्तुलाई देखेर स्थायी भाव जागृत हुन्छ, त्यो विषयालम्बन हो भने जुन पात्रमा स्थायी भाव जागृत हुन्छ, त्यो आश्रयालम्बन हो ।

साहित्यिक कृतिमा वर्णित सहृदयीको मनमा अवस्थित स्थायी भावलाई रसावस्थामा उद्दीप्त पार्ने वा जगाउने उत्प्रेरक परिवेश वा वस्तुलाई उद्दीपन विभाव भनिन्छ । साहित्यिक कृतिमा वर्णित पात्र वा वस्तु आलम्बन विभाव हुन् भने परिवेश वा उद्दीप्त गराउने कुनै वस्तु उद्दीपन विभाव हो । स्थायी भावको अनुभव गराउने विभावको प्रतिक्रिmया अनुभाव हो । अथवा विभावलाई बाह्य रूपमा प्रकट गर्ने वा प्रकाशित हुने चेष्टा नै अनुभाव हो । अनुभाव रसको कार्य सूचक पनि हो । यो कायिक, वाचिक, आहार्य र सात्विक गरी चार किसिमको हुन्छ । विभावको भावलाई प्रकट गर्ने आङ्गिक वा शारीरिक चेष्टालाई कायिक अनुभाव भनिन्छ । विभावको मानसिक भावलाई बोलीका माध्यमबाट प्रकट गर्नुलाई वाचिक अनुभाव भनिन्छ । विभाव विभिन्न भाव प्रकट गर्ने लुगा, गहना आदि लवाइलाई आहार्य अनुभाव भनिन्छ । विभावको भाव बाह्य रूपमा प्रकट गर्ने आन्तरिक प्रतिक्रिmया साŒिवक अनुभाव हो । अथवा रस र स्थायी भाव अनुसार विभावका छक्क पर्नु , पसिना आउनु , काम्नु , स्वर बिग्रनु, गदगद हुनु , अनुहारको रङ बदलिनु

, आँसु आउनु , जिरिङ्ङ हुनु आदि प्रतिक्रियालाई सात्विक अनुभाव भनिन्छ । स्थिर रूपले रहने रति आदि स्थायी भावमा कहिले प्रकट हुने र कहिले हराउने चलनशील रहने निर्वेद आदिलाई व्यभिचारी वा सञ्चारी भाव भनिन्छ । सह्दयको मनमा अन्तर्निहित हर्ष, ग्लानि, आवेग आदि क्षणक्षणमा देखिने र क्षणक्षणमा हराउने गर्छन् । यस्ता भावलाई व्यभिचारी भाव भनिन्छ । यी भावहरू अस्थिर हुन्छन् र खालि स्थायी भावको पुष्टिका निम्ति मात्र देखिने गर्छन् । त्यसैले यस्ता भावलाई व्यभिचारी भाव वा सञ्चारी भाव भनिन्छ र यी रसका सहयोगी हुन्छन् । यस्ता भाव ३३ वटा हुन्छन् भनिएको छ । एउटै रस वा स्थायी भावमा विभिन्न सञ्चारी भाव देखिन सक्छन् । जस्तै रति स्थायी भावमा लज्जा, आवेग, दैन्य, उन्माद, शङ्का, चिन्ता, चञ्चलता आदि सञ्चारी भाव देखिन सक्छन् । हास स्थायी भावमा श्रम, हर्ष, चपलता आदि, शोक स्थायी भावमा जडता, मोह, विषाद, स्मृति आदि, व्रmोध स्थायी भावमा गर्व, आवेग, उग्रता आदि, उत्साह स्थायी भावमा गर्व, आवेग आदि, भय स्थायी भावमा शङ्का, ग्लानि आदि, जुगुप्सा स्थायी भावमा श्रम (घृणा), आलस्य आदि, विस्मय स्थायी भावमा जडता, हर्ष, शङ्का, औत्सुक्य आदि, निर्वेद स्थायी भावमा धृति, स्मृति, हर्ष आदि सञ्चारी भाव देखिन सक्छन् । सह्यको अन्तस्करणमा सुषुप्त अवस्थामा स्थायी रूपले रहेका संस्कार, मनोविकार वा वासनाजन्य भावलाई स्थायी भाव भनिन्छ । अथवा मानव ह्दयमा रहेका रति (अनुराग), हास शोक (हाँसो), व्रmोध, उत्साह, भय, जुगुप्सा (आश्चर्य) विस्मय (घृणा), निर्वेद आदि आवेग वा संवेगहरू स्थायी (समता) भाव हुन् । यिनको स्वभाव स्थिर किसिमको हुने हुँदा यी स्थायी भा

वलाई अन्य विरोधी भावले दबाउन वा हटाउन सक्तैनन् । यी नौ स्थायी भावको सङ्ख्या अनुसार पूर्वीय काव्यशास्त्रमा व्रmमशः श्रृङ्गार, हास्य,

करुण, रौद्र, वीर, भयानक, बीभत्स, अद्भुत र शान्त गरी नौ रसहरू स्थापित छन् । स्थायी भाव र रसको सङ्ख्यामा केही मतभिन्नता पनि पाइन्छ ।

विश्वनाथले वात्सल्य भावलाई रस र भक्तिलाई भने भाव मानेका छन् । यसै गरी विभिन्न आचार्यहद्वारा यी बाहेक प्रेयान् वा प्रेयस, लौल्य, उदात्त, उद्धत, स्नेह, व्यसन, दुःख, सुख, ब्राह्म, सम्भोग, विप्रलम्भ, कार्पण्य, माया, उज्ज्वल वा मधुर, भक्ति आदि विभिन्न रसको उल्लेख गरिएको पाइन्छ । संस्कृत काव्यशास्त्रका आचार्यहरूले भने देवता, राजा, गुरु आदिका प्रतिको रति वा अनुरक्ति लाई भावको संज्ञा मात्र दिएका छन् । अतः काव्यशास्त्रीय प्रेम) मान्यता अनुसार साहित्य सिद्धान्तमा भने नवरसको मान्यता नै प्रसिद्ध र स्थापित भएको पाइन्छ ।

जे होस्, साहित्यको अध्ययन, श्रवण र अवलोकन गर्दा विभाव, अनुभाव तथा सञ्चारी भावको संयोगबाट सहृदय वा मानव मनमा सुषुप्त अवस्थामा रहेका रति आदि स्थायी भावरूपी चित्तवृत्ति आनन्दको अवस्थामा पुगेर रसानुभूति हुन्छ । अथवा साहित्यको आस्वादन गर्दा सम्बन्धित साहित्यमा प्रस्तुत सुख - दुःखसँग एकाकार भएको भावक (पाठक, दर्शक र श्रोता) नै रस हुन् ।

शोक स्थायीभाव पूर्ण रूपमा अभिव्यञ्जित भएको अवस्था करुण रस हो । इष्ट नाश र अनिष्ट प्राप्तिबाट करूण रसको आविर्भाव हुन्छ । यसको वर्ण नेता वा देवताको रूपमा यम मानिन्छ । यसको स्थायीभाव शोक हो भने विनष्ट आत्मीय जन, बन्धुबान्धव आदि आलम्बन विभाव हुन् । दाह कर्म आदि उद्दीपन विभाव हो । दैवनिन्दा, भूमि पतन, बन्धन, वैवर्ण्य, उच्छ्वास, निश्वास, स्तम्भ, प्रलपन आदि अनुभाव हुन् । निर्वेद, मोह, अपस्मार, व्याधि, ग्लानि, स्मृति, श्रम, विषाद, जडता, उन्माद, चिन्ता आदि व्यभिचारी भाव हुन् ।

रसवादको प्राप्तिको आधारमा कथाकार गुरूप्रसाद मैनालीका **शहीद** कथामा यसरी प्रकट भएको पाइन्छ –

" के भन्नु बाबु † मेरो राम खसेछ । मेरो राजालाई दैवले चुँडेर लग्यो !" वीरबहादुर झन घोप्टो परेर डाँको छोडेर रुन लाग्यो । मैले पनि मन थाम्न सकिन, गहभरि आँसु भो । एकै छिनपछि वीरबहादुरले आँसु पुछ्दै भन्यो— "मेरो राम राजा रहीशको छोरोजस्तो राम्रो थियो । गोरो, कलकलाउँदो, यति अग्लो निधार भएको, बाँचिरहेको भए ठूलो मानिस हुने थियो ।"

यहाँ पुत्रवियोगबाट उत्पन्न कारुणिक अवस्थाको अभिव्यक्ति छ । प्रिय आत्मजको नाशबाट करुण रसको आविर्भाव भएको छ । वीरबहादुरको प्रिय पुत्र रामको आत्यन्तिक वियोगबाट उत्पन्न शोक करुण रसको स्थायीभाव रहेको छ भने दिवङ्गत पुत्र राम आलाम्बन विभाव र पुत्र नरहेको खबर, छोराको शारीरिक अवस्था, उसको देहावसानको झझल्को आदि उद्दीपन विभाव हुन् । वीरबहादुर घोप्टो परेर डाँको छोडेर रुनु, 'दैवले चुँडेर लग्यो' भन्नु, छोराको वर्णन गर्नु आदि अनुभाव हुन् । छोरा रामको बारम्बार स्मरण, चिन्ता आदि व्यभिचारीभाव हुन् भने यस अभिव्यक्तिबाट यहाँ वक्ता पात्र तथा श्रोता÷पाठकका हृदयलाई द्रवित गराई करुणा उत्पन्न गराउने प्रस्तुतिले करुण रस अभिव्यक्त छ ।

देशभित्र र बाहिरका स्थानीय परिवेश, केही हिन्दी मिश्रित बोली, पात्र अनुरूपको सरल भाषा तथा प्रथम पुरुषप्रधान शैलीमा लेखिएको प्रस्तुत कथा निकै प्रभावकारी र मार्मिक छ । साहुको ऋणले घरखेत बन्धकमा परी मायालु पत्नी र प्यारो सन्तानको विछोडमा विदेशमा दरबान तथा रिक्सावाल भएर जीवन बिताउन बाध्य नेपाली जातिको उदाहरण स्वरूप यहाँ वीरबहादुरलाई उभ्याइएको छ । सन्तानको मृत्युको खबर, पत्नी वियोग, चोरी

तथा वीरगति प्राप्त गर्नु जस्ता प्रमुख पात्रका कारुणिक पक्षको चित्रणले कथा अत्यन्त कारुणिक भएको छ ।

*करुण* शब्दले विशेषणका रूपमा मार्मिक, दयनीय, शोकयुक्त आदि अर्थ बुझाउँछ । साहित्यका नवरस मध्ये शोक स्थायीभाव भएको एक रसका रूपमा रहेको करुण नाम शब्द हो । यसै करुण शब्दमा 'आ' (टाप) प्रत्यय लागेर दया, माया, दयालुता, दुःख, पीडा, वेदना जस्ता अर्थ बुझाउने भाववाचक करुणा शब्द बन्छ । गुरुप्रसाद मैनालीको सहिद कथा मूल रूपमा यस्तै करुणाले भरिएको छ । कथाको प्रमुख पात्र वीरबहादुर ऋण लाग्नाले आफ्नो बाँच्ने आधारस्वरूप घरखेत साहुका हातमा परेको हुँदा त्यसलाई उकास्नका लागि परिवारबाट बिछोडिएर जीविकाका लागि आर्थिक उपार्जन गर्न बिदेसिएको छ । विदेशमा दरबान, रिक्सा चालक जस्ता निम्न स्तरका र कठोर श्रम गर्नुपर्ने काम गरेर खेत उकास्ने र परिवारसँगै बाँच्ने उद्देश्य राखेको वीरबहादुरको सम्पत्ति चोरिन्छ । त्यति हुँदा पनि ऊ परदेशमा दुःख पाएका नेपालीप्रति करुणा राखेर मद्दत गर्छ । ऊ परदेशकै भए पनि प्रहरी हवलदारको ज्यान बचाउँछ भने आफ्नो सम्पत्ति चोर्ने दुर्व्यसनी धनेलाई समेत करुणा राखेर सहयोग गर्छ । यस प्रकार कथाको प्रमुख पात्रको स्वभाव र चरित्रमा प्रशस्त करुणा रहेको देखिन्छ ।

यसरी अरुप्रति सद्भाव राखी दया र सहयोग गर्ने वीरबहादुर आफ्नो जीवनस्तर उकास्न उत्साहित हुँदा पनि अझ असफल हुँदै जान्छ । आफु विदेशमा दुःख गरिरहेको र आर्जेको सम्पत्ति चोरिँदा समेत हिम्मत नहारेको वीरबहादुरले आफ्नो प्रिय पुत्रको निधनको खबर पाउँछ । प्यारी पत्नी एक्लै पुत्रवियोगको पीडामा छट्पटाइरहेको अवस्थामा ऊ घरतर्पm लाग्छ । यो अवस्था कति कारुणिक छ त्यो सायद भाषाका माध्यमले पूर्ण रूपमा व्यक्त

गर्न सकिँदैन । यस कथाका अत्यन्त दुःखद परिस्थिति मध्ये यो एउटा ज्यादै पीडादायी कारुणिक अवस्था हो । यस्तो पुत्रशोकले विह्वल भएर दुःखी भएकी पत्नीलाई भेट्न व्यग्रताका साथ घरतिर हिँडेको वीरबहादुरलाई पूर्वपरिचित देवताबाबुले गोरखपुरमा भेटेर देशमा प्रजातन्त्र प्राप्तिका लागि मुक्ति सेनामा सामेल भई लाडाइँमा होमिन उत्प्रेरित गर्छ । त्यस अवस्थामा पुत्रशोकमा विह्वल र एक्ली भएकी आफ्नी पत्नीलाई भेटेर आउने अनुमति माग्दा समेत उसले त्यो अवसर पाउँदैन । यहाँ उस्तै कारुणिक अवस्था सृजना भएको छ । यसरी बाध्य भएर विभ्रान्तिमा सामेल भएको वीरबहादुर सरकारी सेनाको गोली लागी घाइते भएर विराटनगरको अस्पतालमा पुराइन्छ र त्यहाँ पूर्वपरिचित म पात्रको डाक्टरसित भेट हुनपुग्छ ।

**शहीद** कथामा बल्लबल्ल कमाएको धन चोरिँदा उत्पन्न शोक स्थायी भाव हो । यसरी यहाँ करुण रस अभिव्यक्त भएको छ । उदाहरण -

"... तीन–तीन जना बेरामीलाई ख्वाउनु छ । बिचराहरू भोकले छट्पटाइरहेका होलान् ......"

"बिरामीलाई ख्वाउनु छ ? को बिरामी छ ?"

"को - को भनूँ बाबु, मलाई रोजै दुई–चार जना बेरामीको स्याहार - सुसार गर्ने काम परिआउँछ । आज नम्बर सातमा दुई जना छन्, नम्बर पाँचमा एक जना । परदेशको ठाउँ बिचराहरू बेरामी हुनासाथ बोलाउँछन्, आफ्नू मुलुकका मानिस हुन् बाबुलाई हेर्छ कसले ।

यसरी रसवादको परिप्रेक्ष्यमा हेर्दा शहीद कथाको अत्यन्त कारुणिक अवस्थामध्येको एउटा मार्मिक प्रसङ्ग हो । यहाँ दिवङ्गत वीरबहादुर विषयालम्बन विभाव हो भने म पात्र (विद्यार्थी) आश्रयालम्बन विभाव हो । वीरबहादुरको मृत्युको दुःखद वातावरण, डल्ली र वीरबहादुरको कहिल्यै भेट

नहुने बिछोड, एक्लो अवस्थामा रहेकी विरहिणी पत्नीको सम्झना गर्दै वीरबहादुरले मृत्यु वरण गर्नु आदि उद्दीपन विभाव हुन् । परदेशमा मृत्यु हुन लाग्दा घरमा भएकी एक्ली पत्नीलाई आफ्नो मृत्युपछि चिठी लेखिदिन अनुरोध गर्नु, म पात्र दुःखी हुनु र उसको मन एकतमासको हुनु, वीरबहादुरको शवयात्रा, म पात्रका आँखाबाट आँसुका धारा बग्नु आदि अनुभाव हुन् । खिन्नता, आश्चर्य, चिन्ता, स्मरण, मलामीको मृतकप्रतिको आदर सम्मान निर्वेद आदि व्यभिचारीभाव हुन् । शोक स्थायीभाव भएको यो यस कथाको करुण रस अभिव्यक्त भएको अन्तिम प्रसङ्ग हो ।

## 11.4 रसवादको सीमा

साहित्यमा शास्त्रीय रूपमा रसको विवेचना गर्ने प्रथम आचार्य भरतमुनिलाई मानिन्छ । आचार्य भरतमुनि नाट्यशास्त्रका प्रणेता हुन् । यिनको जन्मसमय सम्बन्धमा मतमतान्तर छ, यद्यपि यिनलाई इशापूर्व ५०० र ईशाको १०० को बीचमा मानिन्छ। यिनी असाध्य प्रतिभाशाली थिए । यिनको ‘नाट्यशास्त्र’ संस्कृत नाट्य र काव्यशास्त्रको आदिग्रन्थ हो । यसमा नाट्यशास्त्र, सङ्गीतशास्त्र, छन्दशास्त्र, अलङ्कार, रस आदिको साङ्गोपाङ्ग प्रतिपादन गरिएको छ । ‘नाट्यशास्त्र’ आफ्नो विषयको आधारभूत ग्रन्थ मानिन्छ । भरतमुनिद्वारा रचित नाट्यशास्त्रको पूर्णरूप अहिले उपलब्ध छैन, अहिले उपलब्ध हुने नाट्यशास्त्रमा क्षेपकहरू थपिएको विश्वास गरिन्छ। पूर्वीय साहित्यशास्त्रका वर्तमान समयमा प्राप्त हुने वा उपलब्ध ग्रन्थका साक्ष्यका आधारमा साहित्यको यस परम्पराका प्रतिष्ठापक आदि आचार्य भरतमुनि नै हुन् भन्ने तथ्य निर्विवाद छ, यद्यपि उनको एउटा मात्र ग्रन्थ ‘नाट्यशास्त्र’ उपलब्ध अवस्थामा छ ।

श्रृङ्गारको स्थायीभाव रति, हास्यको स्थायीभाव हास, रौद्रको स्थायीभाव क्रोध, करुणको स्थायीभाव शोक, वीरको स्थायीभाव उत्साह, अद्भुतको स्थायीभाव विस्मय, बीभत्सको स्थायीभाव जुगुप्सा, भयानकको स्थायीभाव भय तथा शान्तको स्थायीभाव शम वा निर्वेद मानिन्छ । भरतले आठवटा रसका देवता क्रमशः विष्णु, प्रमथ, रुद्र, यमराज, इन्द्र, ब्रह्मा, महाकाल तथा कालदेवलाई मानेका छन् र शान्त रसका देवता नारायण बताइन्छ । यस सूत्रको व्याख्या बुझ्न स्थायीभाव, विभाव, अनुभाव र व्यभिचारी भावको जानकारी हुनु आवश्यक छ । भावनाको भण्डार मनमा अनगिन्ती संवेगात्मक भावहरू अनुभव, वासना एवं संस्कारका रूपमा सँगालिएका हुन्छन् । यी भावहरू धेरैजसो सुसुप्त अवस्थामा रहेका हुन्छन् । जुन भावहरू स्थायी रूपमा मनलाई आबद्ध गरेर रहेका हुन्छन्, ती स्थायी हुन् । अर्को शब्दमा सहृदयको अन्तःकरणमा जुन मनोविकार वासना वा संस्कारका रूपमा सधैं रहिरहन्छ, जुन कहिल्यै दमित हुँदैन, त्यसैलाई स्थायीभाव भन्दछन् । स्थायीभाव मानवमनमा बीजका रूपमा चिरकालसम्म स्थिर र अविचलित भएर बसेको हुन्छ । यसलाई संस्कार अथवा भावनाको द्योतक मानिन्छ । स्थयीभाव यति समर्थ र बलियो हुन्छ, यसले अन्य भावलाई आफूमा विलीन गर्दछ ।

विशेषतः काव्य पढ्दा अथवा नाटक वा चलचित्र हेर्दा पाठक र दर्शकमा एक किसिमको आनन्दको अनुभव पनि हुन्छ। यही भाव रसरूपमा परिणत भएको हुन्छ। त्यही स्थायी भाव नै रस हो । भरतमुनिले स्थायीभावलाई आठवटा मानेका छन् भने उत्तरवर्ती धेरैजसो विद्वानहरूले यसलाई नौ वटा हुन्छ भनेका छन् । कालन्तरमा भक्ति र वात्सल्यलाई पनि छुट्टै रसका रूपमा मान्नेहरूले स्थायीभावलाई ११ वटासम्म पुर्याएको देखिन्छ । ती एघारवटा स्थायी भाव

हुन्- रति, हास, शोक, उत्साह, क्रोध, भय, जुगुप्सा, विस्मय, निर्वेद, वात्सल्य और ईश्वर विषयक प्रेम ।

भावनाको भण्डार मनमा अनगिन्ती संवेगात्मक भावहरू अनुभव, वासना एवं संस्कारका रूपमा सँगालिएका हुन्छन् । यी भावहरू धेरैजसो सुसुप्त अवस्थामा रहेका हुन्छन् । जुन भावहरू स्थायी रूपमा मनलाई आबद्ध गरेर रहेका हुन्छन् , ती स्थायी हुन् । अर्को शब्दमा सामाजिक भावक र प्रेक्षकको अन्तसकरणमा जुन भावना र एषणा रहि रहन्छ, जुन कहिल्यै दमित हुँदैन, त्यसैलाई स्थायीभाव भन्दछन् । स्थायीभाव मानवमनमा बीजका रूपमा चिरकालसम्म स्थिर र अविचलित भएर बसेको हुन्छ । यसलाई संस्कार अथवा भावनाको द्योतक मानिन्छ । स्थायीभाव यति समर्थ र बलियो हुन्छ, यसले अन्य भावलाई आफूमा विलीन गर्दछ । विशेषतः काव्य पढ्दा अथवा नाटक वा चलचित्र हेर्दा पाठक र दर्शकमा एक किसिमको आनन्दको अनुभव पनि हुन्छ । यही भाव रसरूपमा परिणत भएको हुन्छ। त्यही स्थायीभाव नै रस हो । भरतमुनिले स्थायीभावलाई आठवटा मानेका छन् भने उत्तरवर्ती धेरैजसो विद्वान्हरूले यसलाई नौ वटा हुन्छ भनेका छन् । कालान्तरमा भक्ति र वात्सल्यलाई पनि छुट्टै रसका रूपमा मान्नेहरूले स्थायीभावलाई ११ वटासम्म पुर्याएको देखिन्छ ।

भावहरूलाई उत्पन्न गर्ने अथवा बिउँझाउने सामग्रीलाई विभाव भनिन्छ । विभावको अर्थ हो, कारण। यसले स्थायीभावलाई आस्वाद्य तुल्याउँदछ । विभावलाई रसको उत्पत्तिमा आधारभूत तत्वका रूपमा लिइन्छ । विभाव दुई किसिमका हुन्छन्- आलम्बन विभाव र उद्दीपन विभाव । आलम्बन विभाव - जुन मुख्य भाव वा वस्तुका कारणले भावको उद्गम हुन्छ त्यसलाई आलम्बन

भनिन्छ, वा जुन वस्तु देखेर त्यससम्बन्धी भावहरू उत्पन्न हुन्छन्, त्यस वस्तुलाई आलम्बन विभाव भन्दछन् । यस अन्तर्गत विषय र आश्रय पर्दछन् । चरित्र वा पात्रप्रति कुनै पात्रको भाव जागृत हुनुलाई विषय र जुन पात्रमा भाव जागृत हुन्छ त्यसलाई आश्रय भनिन्छ ।

उद्दीपन विभाव - स्थायी भावलाई जागरुकता प्रदान गर्ने सहायक कारणलाई उद्दीपन विभाव भनिन्छ । उदाहरणका रूपमा वीर रसको स्थायीभाव उत्साहका निम्ति सामुन्ने उभिएको शत्रु आलम्बन विभाव हो भने शत्रुसंगै रहने सेना व मतियार,युद्धका सरसामग्री, बाजगाजा, शत्रुका क्रियाकलाप दर्पोक्ति, गर्जना, तर्जना, शस्त्र संचालन आदि उद्दीपन विभाव हुन् । जुन कुरा देखेर व सुनेर भावहरू झन् उत्तेजित हुन पुग्छन्, त्यो उद्दीपन विभाव हो । त्यस्तै रामायणको कथामा रामका लागि सीता आलम्बन हुन् भने सीतसँग वनविहार अथवा खेलवाड गरेका ठाउँहरू र उनलाई सम्झाउने अन्य साधनहरू पनि शोक स्थायीभावका उद्दीपन हुन् । उद्दीपन विभाव पनि आलम्बनगत (विषयगत) र बाह्य (बर्हिगत) गरी दुई किसिमका हुन्छन् ।

भावहरूलाई उत्पन्न गर्न अथवा बिउँझाउने सामग्रीलाई विभाव भनिन्छ। विभावको अर्थ हो, कारण । यसले स्थायीभावलाई आस्वाद्य तुल्याउँदछ। विभावलाई रसको उत्पत्तिमा आधारभूत तत्त्वका रूपमा लिइन्छ । विभाव दुई किसिमका हुन्छन् - आलम्बन विभाव र उद्दीपन विभाव । जुन मुख्य भाव वा वस्तुका कारणले भावको उद्गम हुन्छ त्यसलाई आलम्बन भनिन्छ। जुन वस्तु देखेर त्यससम्बन्धी भावहरू उत्पन्न हुन्छन्, त्यस वस्तुलाई आलम्बन विभाव भन्दछन् । यस अन्तर्गत विषय र आश्रय पर्दछन् । चरित्र वा पात्रप्रति कुनै पात्रको भाव जागृत हुनुलाई विषय र जुन पात्रमा भाव जागृत

हुन्छ त्यसलाई आश्रय भनिन्छ । स्थायीभावलाई जागरुकता प्रदान गर्न सहायक कारणलाई उद्दीपन विभाव भनिन्छ । उदाहरणका रूपमा वीर रसको स्थायीभाव उत्साहका निम्ति सामुन्ने उभिएको शत्रु आलम्बन विभाव हो भने शत्रुसङ्गै रहने सेना वा मतियार, युद्धका सरसामाग्री, बाजागाजा, शत्रुका क्रियाकलाप दर्पोक्ति, गर्जना, तर्जना, शस्त्र सञ्चालन आदि उद्दीपन विभाव हुन् । जुन कुरा देखेर वा सुनेर भावहरू झन् उत्तेजित हुन पुग्छन्, त्यो उद्दीपन विभाव हो । त्यस्तै रामायणको कथामा रामका लागि सीता आलम्बन हुन् भने सीतासँग वनविहार अथवा खेलवाड गरेका ठाउँहरू र उनलाई सम्झाउने अन्य साधनहरू पनि शोक स्थायीभावका उद्दीपन हुन् । उद्दीपन विभाव पनि आलम्बन (विषयगत) र उद्दीपन (बाह्यगत) गरी दुई किसिमका हुन्छन् ।

आलम्बन र उद्दीपन सामग्रीले भावको अनुभव भएपछि देखापर्ने चेष्टादि कार्यहरू अनुभाव हुन्, अथवा रति, हास, शोक आदि स्थायीभावलाई प्रकाशित वा व्यक्त गर्न लगाउने आश्रयको चेष्टा नै अनुभाव हो । यो चेष्टा भावजागृतिपछि आश्रयमा उत्पन्न हुने गर्दछ , त्यसैले यसलाई अनुभाव भनिएको हो । जुन वस्तुले भावको अनुगमन गर्दछ त्यसैको नाम हो - अनुभाव । आलम्बन एवं उद्दीपनका माध्यमबाट आ - आफ्ना कारणले उत्पन्न, भावलाई बाह्य रूपमा प्रकाशित गराउने जेजस्ता चेष्टाहरू हुन्छन्, तिनैलाई काव्य, नाटक आदिमा निबद्ध अनुभाव भन्ने गरिन्छ । जस्तै - विरहबाट व्याकुल नायकद्वारा सुँकसुँक्क गर्नु, मिलनका अवसरमा आँसु, पसिना, रोमाञ्चकता, अनुराग आदि उपस्थित हुनु, रिसाउँदा (क्रोध जागृत हुँदा) हात - हतियार चलाउनु, कठोर वचन बोल्नु, आँखा राताराता पार्नु आदिलाई अनुभाव भन्दछन् । इच्छित र अनिच्छित गरी अनुभाव दुई

किसिमको हुन्छ । इच्छित अनुभावलाई साधारण अनुभाव वा बाह्य अनुभाव र अनिच्छित अनुभावलाई सात्विक अनुभाव वा आन्तरिक अनुभाव पनि भनिन्छ । इच्छित अनुभाव चारकिसिमका(आङ्गिक, वाचिक, आहार्य र सात्विक) र अनिच्छित अनुभाव आठ किसिमका (स्तंभ, स्वेद, रोमांच, स्वरभंग, वेपथु (कम्प), वैवर्ण्य, अश्रु र प्रलय) हुन्छन् ।

आलम्बन र उद्दीपन सामग्रीबाट भावको अनुभव भएपछि देखापर्ने चेष्टादि कार्यहरू अनुभाव हुन्, अथवा रति, हास, शोक आदि स्थायीभावलाई प्रकाशित वा व्यक्त गर्न लगाउने आश्रयको चेष्टा नै अनुभाव हो । यो चेष्टा भावजागृतिपछि आश्रयमा उत्पन्न हुने गर्दछ, त्यसैले यसलाई अनुभाव भनिएको हो । जुन वस्तुले भावको अनुगमन गर्दछ त्यसलाई अनुभाव भनिन्छ । आलम्बन एवं उद्दीपनका माध्यमबाट आ–आफ्ना कारणले उत्पन्न, भावलाई बाह्य रूपमा प्रकाशित गराउने जेजस्ता चेष्टाहरू हुन्छन्, तिनैलाई काव्य, नाटक आदिमा निबद्ध अनुभाव भन्ने गरिन्छ । जस्तै – विरहबाट व्याकुल नायकद्वारा सुँक्कसुँक्क गर्नु, मिलनका अवसरमा आँसु, पसिना, रोमाञ्चकता, अनुराग आदि उपस्थित हुनु, रिसाउँदा (क्रोध जागृत हुँदा) हातहतियार चलाउनु, कठोर वचन बोल्नु, आँखा राताराता पार्नु आदिलाई अनुभाव भन्दछन् । इच्छित र अनिच्छित गरी अनुभाव दुई किसिमको हुन्छ। इच्छित अनुभावलाई साधारण अनुभाव वा बाह्य अनुभाव र अनिच्छित अनुभावलाई सात्विक अनुभाव वा आन्तरिक अनुभाव पनि भनिन्छ । इच्छित अनुभाव चार किसिमका हुन्छन् । ती हुन् – आङ्गिक, वाचिक, आहार्य र सात्विक । यसमा स्वेद, रोमाञ्च, वेपथु वा काम्य, वैवणय, अश्रु, प्रलय आदि रहेको हुन्छ ।

Notes

सञ्चारी शब्दको अर्थ हुन्छ - सँगसँगै हिंड्नु व सञ्चरणशील हुनु । सञ्चारी भाव स्थायीभावका साथमा सञ्चरित हुन्छ । सञ्चारी भावलाई व्यभिचारी भाव पनि भन्ने गरिन्छ । अनगिन्ती मनका संवेगहरू जुन क्षणक्षणमा देखिने र लोप हुने प्रवृत्तिका हुन्छन् । तिनीहरूलाई व्यभिचारी अथवा सञ्चारी भाव मानिन्छ । स्थायीभावलाई परिपुष्ट तुल्याउन थोरै समय उपस्थित भएर तुरुन्त विलुप्त हुने भावलाई व्यभिचारी भाव वा सञ्चारी भाव भन्दछन् । यिनीहरू पानीकातरङ झैं अस्थिर हुने हुनाले यिनले स्थायी भावलाई आस्वादन अवस्थामा पुर्याउन सहयोगमात्र गर्नसक्छन् । यस भावमा प्रत्येक स्थायीभावका साथमा त्यस अनुकूल भई हिंड्ने सामर्थ्य हुन्छ, त्यसैले यसलाई व्यभिचारी भाव समेत भनिएको हो ।

संचारी अर्थात् व्यभिचारी भाव ३३ किसिमको हुन्छ - निर्वेद, ग्लानि, शङ्का, असूया, मद, श्रम, आलस्य, दीनता, चिण्ता, मोह, स्मृति, धृति, व्रीडा, चापल्य, हर्ष, आवेग, जडता, गर्व, विषाद, औत्सुक्य, निद्रा, अपस्मार (छारेरोग), स्वप्न, प्रबोध, अमर्ष (असहनशीलता), अवहित्था (भावलाई दमन गर्नु), उग्रता, मति, व्याधि, उन्माद, मरण, त्रास र वितर्क । यसरी सामान्य रूपमा विभाव, अनुभाव र सञ्चारीभावलाई रसरूपी स्थायीभावका क्रमशः कारण, कार्य र सहकारी वा सहायक भाव मानिन्छ । सञ्चारी शब्दको अर्थहुन्छ – सँगसँगै हिंड्नु वा सञ्चरणशील हुनु । सञ्चारी भाव स्थायीभावका साथमा सञ्चरित हुन्छ । सञ्चारी भावलाई व्यभिचारी भाव पनि भन्ने गरिन्छ । अनगिन्ती मनका संवेगहरू जुन क्षणक्षणमा देखिने र लोप हुने प्रवृत्तिका हुन्छन् । तिनीहरूलाई व्यभिचारी अथवा सञ्चारी भाव मानिन्छ । स्थायीभावलाई परिपुष्ट तुल्याउन थोरै समय उपस्थित भएर तुरुन्त विलुप्त हुने भावलाई व्यभिचारी भाव वा

सञ्चारी भाव भन्दछन् । यिनीहरू पानीका तरङ्ग झैं अस्थिर हुने हुनाले यिनले स्थायीभावलाई आस्वादन अवस्थामा पुर्याउन सहयोगमात्र गर्न सक्छन् । यस भावमा प्रत्येक स्थायीभावका साथमा त्यस अनुकूल भई हिंड्ने सामथ्र्य हुन्छ, त्यसैले यसलाई व्यभिचारी भाव समेत भनिएको हो । सञ्चारी अर्थात् व्यभिचारी भावमा निर्वेद, ग्लानि, शङ्का, असूया, मद, श्रम, आलस्य, दीनता, चिन्ता, मोह, स्मृति, धृति, व्रीडा, चापल्य, हर्ष आवेग, जडता, गर्व, विषाद, औत्सुक्य, निद्रा, अपस्मार (छारेरोग), स्वप्न, प्रबोध, अमर्ष (असहनशीलता), अवहित्था (भावलाई दमन गर्ने), उग्रता, मति, व्याधि, उन्माद, मरण, त्रास र वितर्क मुख्य रूपमा रहेको हुन्छ । यसरी सामान्य रूपमा विभाव, अनुभाव र सञ्चारीभावलाई रसरूपी स्थायीभावका क्रमशः कारण, कार्य र सहकारी वा सहायक भाव मानिन्छ ।

काव्यशास्त्रीय चिन्तन परम्परामा देखापरेको साहित्यिक मान्यता र रस विवेचनको स्वर्णयुगका रुपमा भट्टलोल्लट, श्रीशंकुक, भट्टनायक, अभिनवगुप्त आदि आचार्यहरुको युगलाई लिन सकिन्छ, ऐतिहासिक दृष्टिले पनि यो समय एउटा व्याख्यात्मक र कार्यात्मक चरणका रुपमा रहेको स्पष्ट हुन्छ। रससूत्रमा रहेका शब्दशब्दको विवेचना प्रक्रियाले पूर्वको काव्यचिन्तन अतिविस्तृत बनेको देखिन्छ र रसको व्याख्या, रससंख्या र भावहरुको सूक्ष्म मान्यताले फराकिलो समेत बन्दै गएको प्रतीत हुन्छ। भट्टलोल्लट, श्रीशङ्कुक र भट्टनायकले भरतको रससूत्रलाई लिएर विशद व्याख्या गरे भने अभिनवगुप्तले नाट्यशास्त्रको अभिनवभारती टीका लेखेर रसका सन्दर्भमा देखा परेका सम्पूर्ण विरोधाभास वृत्तिलाई शमन गरे। यसपछि कविराज विश्वनाथ, शारदातनय, भानुदत्त र पण्डितराज जगन्नाथ जस्ता प्रखर आचार्यहरुको समर्थनमा

जल्दोबल्दो बनेको रससूत्रले त्यसपछिको समयमा पनि सक्रिय र क्रियाशील हुने मौका प्राप्त गर्यो।

विश्वनाथ रसतत्त्व नै काव्यको एकमात्र मुख्य लक्ष्य वा आत्मा हो भन्ने धारणा राखेका छन् । यही धारणाकै कार्यपीठिकामा पण्डितराज जगन्नाथ उभिएको देखिन्छ । उनी भन्दछन् – जब भावक र प्रेक्षकको अनादिकालीन वासनास्वरुप रत्यादि स्थायीभाव प्रकाशमय वास्तविक रुप आनन्दसँग प्रत्यक्षीकृत हुन्छ, अनि मात्र रसका रुपमा परिणत हुन जान्छ। वासना रुपमा विद्यमान स्थायीभावादिका कारण रसस्वरुपलाई भोग्ने प्रमाता नै काव्यात्मभूत रसादि रुपको प्रथम चेतना हो । अलौकिक विभावादिहरूबाट अभिव्यञ्जित हुने हुनाले रसको कतिपय दोष वा अगुणहरू पनि देखिएका छन् । यस अतिरिक्त एकसाथ समस्त सामाजिकको दुःखभन्दा अभिन्न भई आनन्द प्रदान गर्ने हुनाले, कार्य एवं ज्ञाताज्ञातादिबाट टाढा रहने हुनाले, निर्विकल्प वा वैकल्पिक ज्ञानको विषयवस्तु नहुने हुनाले, नित्य र अनित्यभन्दा भिन्न हुने हुनाले, भूत, भविष्य र वर्तमान कुनै पनि कालखण्डसँग सम्बद्ध नहुने हुनाले तथा प्रत्यक्ष र परोक्षभन्दा पनि फरक हुने हुनाले रस अलौकिक तत्त्व मानिन्छ । रस सिद्धान्त संस्कृत सौन्दर्य चिन्तनको लामो ऐतिहासिक विकासको प्रतिफल हो ।

रस सिद्धान्तका निर्माणमा धेरै विद्वान् र विचारकहरूको परिश्रम खर्च भएको छ। ईशाको प्रथम शताब्दीदेखि अहिलेसम्म आउँदा संस्कृत सौन्दर्य चिन्तनका क्षेत्रमा रस सिद्धान्तबारे प्रशस्तै चर्चा परिचर्चा हुँदै आएका छन् । काव्यलाई केन्द्रविन्दुमा राखेर संस्कृत साहित्य चिन्तन विकसित भएको छ । प्रायशः सबै विचारकहरूले काव्यलाई 'शब्दार्थको समष्टि' , 'रसात्मक वाक्य',

'रमणीयार्थ प्रतिपादक शब्द' आदिका रूपमा परिभाषित गरेको पाइन्छ । काव्यको प्रयोजनको रूपमा सबैबाट घर्म, अर्थ, काम, मोक्ष जस्ता चार पुरुषार्थ सहित कीर्ति तथा प्रीति आदिलाई लिइएको छ । यी मध्ये प्रीति अर्थात् आनन्दलाई प्रधानता दिइएको छ । संस्कृत साहित्य चिन्तनमा विभिन्न सम्प्रदाय वा धाराहरू विकसित हुँदै आएका छन् । यस प्रकारका सम्प्रदायहरूमा रसवाद, अलङ्कारवाद, रीतिवाद, ध्वनिवाद र वक्रोक्तिवाद आदि हुन् ।

रसवादका संस्थापक भरतमुनिलाई मानिन्छ । उनले रसलाई प्रधानरूपमा स्वीकारेका छन् । संस्कृत काव्य चिन्तनको इतिहासमा रसवादी धाराले भावपक्षलाई र अलङ्कारवादी धाराले रूपपक्षलाई प्रधानता दिँदै आएका छन् । ध्वनिवादले रसलाई प्राथमिक स्थानमा राख्दै यी दुवै धाराका बिच सामञ्जस्य ल्याउने प्रयास गरेको छ । यी सबै धारा वा सम्प्रदायका केन्द्रमा भने रसवाद नै रहेको छ । सिद्धान्ततः रस सम्प्रदायका प्रवर्तक आचार्य भरतमुनिले स्पष्ट रुपले रसको प्रधानता स्वीकार गरेका छन् । जुन काव्यशास्त्रका क्षेत्रमा वर्तमान युगीन परिवेशमा समेत कुनै न कुनै रुपमा सर्वस्वीकार्य नै देखिन्छ ।

## 11.5 उपसंहार

आस्वाद नार्थक रस् धातुमा अच् प्रत्यय लागी बनेको संस्कृत रस शब्दको अर्थ आस्वादित हुने वस्तु वा स्वाद, रससिक्त हुने गुण, वीर्य, देह आदि, रसमय बनाउने वस्तु, पानी, द्रव, पारद आदिलाई बुझिन्छ । यसमा श्रृङ्गार, हास्य, करुण, वीर आदि भावावस्था आदि हुन्छ । स्वादका रूपमा षड्रस गुलियो,

नुनिलो, अमिलो, तितो, टर्रो र पिरो भन्ने अर्थ रसले बुझाउछ । आर्युवोदमा जलीय पदार्थ र रसनेन्द्रिय ग्राह्य गुणलाई रस भनिने गरिन्छ । रसलाई **रामायण**मा जीवन र **महाभारत**मा मदिरा र गन्धको रूपमा लिएको पाइन्छ । लोक व्यवहार वा लोकजीवनमा खाद्य तरल पदार्थ अथवा पेय पदार्थलाई र साहित्यमा काव्यानन्दलाई **रस** भनिन्छ । वेद, उपनिषद्, रामायण, महाभारत र अग्नि पुराणपछि साहित्य क्षेत्रमा सर्वप्रथम नन्दिकेश्वरले रस शब्दको प्रयोग गरेका हुन् भन्ने पाइए पनि पूर्वीय काव्यशास्त्रीय परम्परामा रससिद्धान्तको स्थापना चाहिँ ईप्रथम .पू.÷द्वितीय शताब्दीतिरका आचार्य भरतमुनिले गरेका हुन् । रसवादको प्राप्तिलाई अद्ययन – अनुशिलन गर्दा यो साहित्यको सबैभन्दामा विधामान रहेको पाइन्छ । काव्य र कवितामा मात्र नभएर उपन्यास र कथामा पनि उत्तिकै रूपमा रहेको पाइन्छ । वाच्यार्थ जति सरल र मन छुने छ, त्यति नै यस कथामा रसात्मक अभिव्यक्ति गहन, रमणीय हुनका साथै करुण रसको प्रयोग झन मर्मस्पर्शी छ ।

वासना रुपमा विद्यमान स्थायीभावादिका कारण रसस्वरुपलाई भोग्ने प्रमाता नै काव्यात्मभूत रसादि रुपको प्रथम चेतना हो । अलौकिक विभावादिहरूबाट अभिव्यञ्जित हुने हुनाले रसको कतिपय दोष वा अगुणहरू पनि देखिएका छन् । यस अतिरिक्त एकसाथ समस्त सामाजिकको दुःखभन्दा अभिन्न भई आनन्द प्रदान गर्ने हुनाले, कार्य एवं ज्ञाताज्ञातादिबाट टाढा रहने हुनाले, निर्विकल्प वा वैकल्पिक ज्ञानको विषयवस्तु नहुने हुनाले, नित्य र अनित्यभन्दा भिन्न हुने हुनाले, भूत, भविष्य र वर्तमान कुनै पनि कालखण्डसँग सम्बद्ध नहुने हुनाले तथा प्रत्यक्ष र परोक्षभन्दा पनि फरक हुने हुनाले रस अलौकिक तत्त्व मानिन्छ । रस सिद्धान्तलाई संस्कृत सौन्दर्य चिन्तनको लामो ऐतिहासिक विकासको प्रतिफल मान्न सकिन्छ ।

## 11.6 सार

यस प्रखण्डमा **रसवादको प्राप्ति र सीमा**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- ❖ रसवादका संस्थापक भरतमुनिलाई मानिन्छ । उनले रसलाई प्रधानरूपमा स्वीकारेका छन् ।
- ❖ रस कविता वा साहित्यको सबैभन्दा एउटा पुरानो सिद्धान्त हो साहित्यमा शास्त्रीय रूपमा रसको विवेचना गर्ने प्रथम आचार्य भरतमुनिलाई मानिन्छ ।
- ❖ भरतले काव्यको आवश्यक तत्वका रूपमा रसको प्रतिष्ठा गर्दै शृङ्गार, हास्य, रौद्र, करुण, वीर, अद्भुत, बीभत्स र भयानक आदि आठवटा भेदलाई स्पष्टतः उल्लेख गरेका छन् तथा विद्वान्हरू उनैले शान्त नामक नवौं रसलाई पनि स्वीकृति दिएको बताउँदछन् ।
- ❖ शब्दको अर्थप्रकाश र साधरणीकरणको मूल कारण व्यञ्जनाको विभावना व्यापारका कारण रसलाई व्याङ्ग्य मानिन्छ ।
- ❖ रस आस्वाद नभएर आस्वाद्य हो । विभिन्न भाव र अभिनयको मिश्रणबाट उत्पन्न स्थायीभाव नै रस हो ।
- ❖ भरतले आठवटा रसका देवता क्रमशः विष्णु, प्रमथ, रुद्र, यमराज, इन्द्र, ब्रह्मा, महाकाल तथा कालदेवलाई मानेका छन् र शान्त रसका देवता नारायण बताइन्छ ।
- ❖ भरतमुनिको रसपरक सिद्धान्तको व्याख्या गर्ने सर्वप्रथम विद्वान् भट्टलोल्लट नै हुन् । रसनिष्पत्तिका बारेमा यिनको स्वतन्त्र मत साहित्यजगत्मा प्रख्यात छ । यी मीमांसक र अभिधावादी थिए ।

- आचार्य श्रीशङ्कुको रस सूत्रको व्याख्याअनुसार श्रीशङ्कुक भरतमुनिको 'नाट्यशास्त्र'का अर्का विशिष्ट व्याख्याता हुन् । हुन त यिनको व्याख्या मूल रूपमा प्राप्त छैन, तर 'अभिनवभारती' - मा त्यसको उल्लेख छ ।
- भरतमुनिको रससूत्रलाई यिनले जुन व्याख्या गरेका छन् । त्यो अनुमितिवाद नामले प्रसिद्ध छ ।
- आचार्य भट्टनायकको रस सूत्रको व्याख्याअनुसार आचार्य भट्टनायक द्वारा प्रतिपादित रसानुभूतिको सिद्धान्त अतीव महत्वपूर्ण छ । यिनी रसलाई परब्रह्मानन्दको स्वादतुल्य मान्दछन् ।
- उनले साङ्ख्यादर्शनको आधारमा रसानुभूतिको जुन मार्गलाई अनुसरण गरेका छन् , त्यसलाई पूर्वीय काव्यशास्त्रमा भुक्तिवादको संज्ञा दिइएको छ ।
- साङ्ख्यदर्शन अनुसार सुख र दुख अन्तस्करण मन, बुद्धि, चित्त र अहंकारको विषय हुन् , आत्माको होइन ।
- व्यक्तिको चित्तको आफ्नो अन्तस्करणसित सम्बन्ध हुने हुनाले त्यसलाई सुख, दुख आदिको अनुभूति उपाधिगत रूपले प्राप्त हुन्छ । आचार्य अभिनव गुप्तको मतअनुसरा सामाजिक ( भावक र प्रेक्षक) – को अन्तस्करणमा रहेको स्थायीभाव नै रसानुभूतिको साधन हो ।
- कारण मनको संवेग वा वासना, रति आदि स्थायीभाव संस्कार रूपमा सामाजिक (भावक र प्रेक्षक) – को अन्तर्वर्तिमा रहने गर्दछ भन्ने पाइन्छ ।
- यही स्थायीभाव विभावदिको उपस्थितिमा साधारणीकरण हुन गई सक्रिय हुन्छन् , जसबाट सामाजिकले रसको आस्वादन वा अनुभव गर्दछ ।

- ‘अभिनवभारती’ नामक आफ्नो टीकामा रसोत्पत्तिका विवेचनाको केन्द्र सामाजिक (भावक र प्रेक्षक – को रसानुभूति नै हो भन्ने अभिनव गुप्तले मानेका छन् । उनले भावकत्व र भोजकत्वलाई दुई व्यापार मानेका पनि छन् ।
- यसको स्थाही भाव व्याङ्ग्य हो र विभावादि व्यञ्जक हो । यसैले रसानुभूति प्रक्रियामा व्यञ्जक – व्यङ्ग्यको सम्बनधलाई संयोग मात्र होइन महत्वपूर्ण पनि मानिने गरिन्छ ।
- व्यञ्जनाको विभावना व्यापारबाट विभाव र स्थायीभावको साधरणीकरण हुन्छ । रसको रसानुभूति प्रक्रियाले विशेष सामाजिक ( भावक र प्रेक्षक) – को अन्तस्करणमा स्थित वासनारूपी भावलाई जागृत तुल्याउँदछ ।

यस प्रखण्डको अध्ययनले **रसवादको प्राप्ति र सीमा**बारे बुनियाँदी जानकारी प्राप्त भयो । रसवादको परिचय र यसको प्राप्ति र सीमा सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 11.7 अनुशीलनी

१. रसवादको उद्भवबारे चर्चा गर्दै यसका पूर्वीय साहित्यमा रहेको रस – सिद्धानतलाई सविस्तार चर्चा गर्नु होस् ।

२. रसवादको अर्थ सम्बन्धि उल्लेख गर्दै यसको परिभाषाबारे पूर्वीय र पाश्चात्य मतको टिप्प्णी गर्नुहोस् ।

३. साहित्यमा रसवादको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस् ।

४. रसवादका स्वरूपबारे विश्लेषण गर्नुहोस् ।

५. रसानुभूति प्रक्रियाबारे पूर्वीय आचार्यहरूको मत र विचारलाई सबिस्तार चर्चा गर्नुहोस् ।

६. रसवादी चिन्तनको विकासक्रम पूर्वीय साहित्यमा कसरी र किन भएको पाइन्छ ? विवेचना गर्नुहोस् ।

७. साधरणीकरण पद्धितिलाई किन रसोत्पत्ति प्रक्रिया मूल तन्तु मानिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

८. पूर्वीय साहित्यको रस - सिद्धान्तले अन्य भाषा वा साहित्यमा के - कस्तो प्रभाव पारेको ठान्नुहुन्छ ? चर्चा गर्नुहोस्।

९. रसवादी सिद्धान्तको पृष्ठभूमिबारे एउटा टिप्पणी लेख्नुहोस् ।

१०. 'विभाव, अनुभव, व्यभिचारी भाव संयोगान्त रसनिष्पत्ति' - बारे लेख लयार पार्नुहोस् ।

१२. रसवादको प्रमुख प्राप्तिहरू के के हुन् ? आफ्नो मनतव्य लेख्नुहोस् ।

## 11.8 अतिरिक्त अध्ययन

७१. सिग्देल, सोमनाथ - **साहित्य प्रदीप** ।

७२. उपाध्याय, डा. केशवप्रसाद - **साहित्य प्रकाश** ।

७३. श्रेष्ठ, डा. दयाराम - **वीरकालीन कविता** ।

७४. अधिकारी, हेमाङ्गराज - **पूर्वीय समालोचना - सिद्धान्त** ।

७५. हिमांशु, राजुप्रधान - **साहित्य परिचय** ।

७६.उपाध्याय, केशवप्रसाद - **पूर्वीय काव्य सिद्धान्त** ।

७७. लुइँटेल, खगेन्द्रप्रसाद - **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** ।

७८. गोतम, लक्ष्मीप्रसाद - **कविताको सैद्धान्तिक विमर्श** ।

७९.न्यौपाने, टङ्कप्रसाद - **साहित्यको रूपरेखा** ।

८०. तिवारी, डा. रामचन्द्र - **भारतीय व पाश्चात्य काव्यशास्त्र तथा हिन्दी आलोचना** ।

८१. आनन्दवर्धन - **ध्वन्यालोक**, वाराणसी, चौखम्बा विद्याभवन ।

८२. कुन्तक – **वक्रोक्तिजीवित** ,वाराणसी ।

८३. जगन्नाथ – **रसगङ्गाधर** ,वाराणसी, चौं विद्याभवन ।

८४. जयदेव – **चन्द्रालोक** ,वाराणसी ।

८५. दण्डी – **काव्यादर्श** ,वाराणसी ।

८६. भरत - **नाट्यशास्त्र** – २, वाराणसी, काशी ।

८७. भामह –**काव्यालङ्कार** ,पटना, विहार राष्ट्रभाषा परिषद् ।

८८. मम्मट - **काव्यप्रकाश**, वाराणसी ज्ञानमण्डल लिमिटेड ।

८९. वामन – **काव्यालङ्कार सूत्रवृत्ति**, वाराणसी ।

९०. विश्वनाथ – **साहित्यदर्पण** ,वाराणसी ।

९१. वेदव्यास – **अग्निपुराण** ,दिल्ली , चौखम्बा संस्कृत प्रतिष्ठान ।

९२. शर्मा, मोहनराज - **नेपाली कविता, नाटक र इतिहास**, काठमाण्डौं ,नवीन प्रकाशन ।

९३. त्रिपाठी, वासुदेव - **नेपाली कविता**, भाग –४ ।

९४. व्यास - **अग्नि पुराण** ।

९५.**तैतरीयोपनिशद्** ।

९६. डा. नगेन्द्र - **भारतीय काव्यशास्त्र की परम्परा** ।

९७.डा. नगेन्द्र - **रस सिद्धान्त** ।

९८. गुप्त, डा. गणपति चन्द्र - **रस सिद्धन्त का पुनर्विवेचन** ।

९९. राकेश, विष्णुदत्त - **इतिहास और समीक्षा** ।

यस अतिरिक्त **रसवाद**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 11.9 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेखुहोस् –**

१६. रसको सामान्य परिचय ।

.......................................................................................

.......

.......................................................................................

.......

**(प्रश्न १ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ११.२ को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१७. रसवादको अर्थ र परिभाषा ।

.......................................................................................

.......

.......................................................................................

.......

..........................................................................................

**(प्रश्न २ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १०.३ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१८. रसवादको प्राप्ति ।

..........................................................................................

..........................................................................................

**(प्रश्न ३ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १०.४ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१९. रसवादको सीमा ।

..........................................................................................

..........................................................................................

**(प्रश्न ४ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १०.५ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२०. रसवादका प्रवर्तक भरतमूनि ।

..........................................................................................

..........................................................................................

**(प्रश्न ५ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १०.४ र १०.५ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 12 विविध रसहरूको सोदाहरण परिचय

**संरचना**

12.0 उद्देश्य

12.1 परिचय

12.2 रसका विविध प्रकार

12.2.1 शृङ्गार रस

12.2.2 हास्य रस

12.2.3 करुण रस

12.2.4 रौद्र रस

12.2.5 वीर रस

12.2.6 भयानक रस

12.2.7 वीभत्स रस

12.2.8 अद्भुत रस

12.2.9 शान्त रस

12.3 उपसंहार

12.4 सार

12.5 अनुशीलनी

12.6 अतिरिक्त अध्ययन

12.7 मूल्यबृद्धिको निम्ति उत्तर

## 12.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- रसको सामान्य परिचय
- रसको अर्थ र परिभाषा
- रसका विविध प्रकारहरूको विस्तृत अध्ययन
- शृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, वीभत्स, अद्भुत र शान्त आदि रस

## 12.1 परिचय

रस संस्कृत भाषाको 'रस्' धातुमा 'अ' प्रत्यय गाँसिएर व्युत्पन्न शब्द हो । यसको व्युत्पत्तिगत अर्थ स्वाद ग्रहण गर्न मिल्ने पदार्थ तत्व हो । रसको प्रायोगिक क्षेत्र विविध छन् । दार्शनिक सन्दर्भमा विभिन्न किसिमले रस प्रयुक्त हुन्छ , त्यहाँ यसलाई पदार्थको गुणका रूपमा प्रयोग गरिएको पाइन्छ, आयुर्वेदमा रसलाई अमिलो, पिरो, तितो, टर्रो, गुलियो नुनिलो आदि छ किसिमका स्वादका रूपमा चर्चा गरिन्छ । व्यावहारिक परिप्रेक्ष्यमा रुचि र सन्तुष्टिका सन्दर्भमा यसको प्रयोग हुन्छ भने खाद्यपदार्थका प्रसङ्गमा

झोलिलो तरल पदार्थको द्योतन रसले गर्दछ । यी विभिन्न प्रायोगिक सन्दर्भमा रसको उपयोग भए पनि यो विशेषतः साहित्यिक सन्दर्भमा बढी प्रयुक्त छ । वास्तवमा परमात्मा नै रसरूपी आनन्द हुन् । वास्तवमा अलंकार त्यस्तो गहना हो जसले काव्यसौन्दर्यलाई प्रतिविम्बित गर्छ। सही ठाउँमा लगाएको गहनाले अझै आकर्षण प्रदान गर्छ, लोभ्याउँछ पनि।

साहित्यमा शास्त्रीय रूपमा रसको विवेचना गर्ने प्रथम आचार्य भरतमुनिलाई मानिन्छ । उनले काव्यको आवश्यक तत्वका रूपमा रसको प्रतिष्ठा गर्दै शृङ्गार, हास्य, रौद्र, करुण, वीर, अद्भुत, बीभत्स र भयानक आदि आठवटा भेदलाई स्पष्टतः उल्लेख गरेका छन् । विद्वानहरू उनैले शान्त नामक नवौं रसलाई पनि स्वीकृति दिएको बताउँदछन् । यिनै हुन् – नवरस । उनले आफ्नो 'नाट्यशास्त्र' - मा रसोत्पत्ति विषयको चर्चालाई यसरी सूत्रबद्ध गरेको पाइन्छ – विभाव, अनुभाव र सञ्चारीभावको संयोगले यी विभिन्न रसको निष्पत्ति हुन्छ वा हृदयको स्थायीभावले विभाव, अनुभाव र सञ्चारीभावको संयोग प्राप्त गर्दा रस रूप निष्पन्न हुन्छ । त्यसैले रसका चारवटा अङ्ग मानिन्छन् - स्थायीभाव, विभाव, अनुभाव र सञ्चारीभाव । प्रत्येक रसको स्थायीभाव बेग्लाबेग्लै छ । त्यसैको विभावादि संयोगले परिपूर्ण हुने निर्विघ्न – प्रतीति - ग्राह्य अवस्थालाई नै रस भनिन्छ ।

रस अन्त:करणको त्यो शक्ति हो, जसका बलले इन्द्रियहरू क्रियाशील हुन्छन्, मनले कल्पना गर्दछ, स्वप्नका अनुभूति स्मृतिका रूपमा जीवन्त रहन्छन् । रस आनन्दको प्रतीक हो र यही आनन्द नै विशालताको र विराटपनको अनुभव पनि हो । यो आनन्द नै अन्य समस्त अनुभवको अतिक्रमण पनि हो। व्यक्तिविशेष इन्द्रिय - संयम हुनसक्छ र ऊ विषयविमुख पनि बन्न

सक्छ, तर उसले ती विषयप्रतिका भाव पन्साउन सक्दैन । रसका रूपमा जुन वस्तुको निष्पत्ति हुन्छ, त्यही बास्तवमा भाव हो । रसानुभूति भएपछि भाव रहंदैन । केवल रसमात्र शेष रहन्छ, भावना रूपान्तरित हुन्छ । भरतका विचारमा रस आस्वाद नभएर आस्वाद्य हो । आस्वाद स्वयं गरिने अनुभूति हो र यो विषयीगत वा आत्मगत हुन्छ । आस्वाद्य चाहिँ अनुभूति गराउने माध्यम मात्र हो र यो विषयगत वा वस्तुगत हुन्छ । यसै आधारभूत धारणाका कारण भरतदेखि अभिनवगुप्तपूर्वसम्म रस आस्वाद नभएर आस्वादको विषय मात्र भएको देखिन्छ । भरतका विचारमा स्थायीभाव सोझै रस नभई रसको माध्यम वा विषय हो । स्थायीभावको उत्पत्ति विभिन्न भाव र अभिनयहरूको मिश्रण भएपछि मात्र हुन्छ र यसले प्रेक्षकहरूलाई रसको अनुभव गर्ने मौका दिन्छ । यो स्थायीभाव पनि प्रेक्षकका मनमा नउब्जेर अभिनय गर्ने अभिनेताहरूमा उब्जिन्छ । प्रेक्षकहरू त अभिनेताहरूका विभिन्न भाव र अभिनयद्वारा सिर्जित स्थायीभावलाई देखेर हर्ष आदिको अनुभव गर्दछन् ।

## 12.2 रसका विविध प्रकार

पूर्वीय साहित्य सिद्धान्तमा रसको सङ्ख्याबारे मतभिन्नता रहेको देखिन्छ । कसैले यसको सङ्ख्या वा प्रकार आठ, कसैले नौ र कसैले सोभन्दा बढी उल्लेख गरेको पाइन्छ । रस सिद्धान्तका प्रथम चिन्तक भरतले शृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, वीभत्स र अद्भुत गरी आठवटा रसको उल्लेख गरेका छन् । पछि शान्त रसको नाम थपी यसको सङ्ख्या नौ पुर्‌याइएको हो । अधिकांश विद्वान्हरूले यिनै नौवटालाई स्वीकारी नवरसको

संज्ञा दिएका छन् । यसमा रसका यिनै नौ प्रकारलाई नवरस मानी प्रत्येक प्रकारको छोटो परिचय र उदाहरण तल प्रस्तुत गरिएको छ।

### 12.2.1 शृङ्गार रसः परिचय र उदाहरण

रति (प्रीति) स्थायीभाव हुने रसलाई शृङ्गार रस भनिन्छ। यसमा नायक वा नायिका आलम्बन विभाव, एकान्त ठाउँ, बगैचा, वसन्त आदि ऋतु, जून, जुनेली रात, कोइलीको कुहुकुहु, भमराको भुनुनु आदि उद्दीपन विभाव, कर्के हेराइ, आँखा सन्काइ आँखा झिम्काइ, परस्पर हेराइ, आँझीभौँ उफ्राइ आदि अनुभाव तथा व्रीडा, मोह, हर्ष, चिन्ता, औत्सुक्य, उन्माद, मद, गर्व, स्वप्न, आवेग, चपलता आदि व्यभिचारीभाव हुन्छन् । जस्तै

***कस्ता प्रीति थियो भने त उहिले एक ज्यू भई बस्तथ्यौँ,***

***अत्तर, चन्दन, केँवरा घसी दुवै एकान्तमा पस्तथ्यौँ।***

- मोतीराम भट्ट

शृङ्गार रसले सबैलाई संवेदित तुल्याउन सक्दछ। त्यसैले यसलाई रसराज(रसको राजा) पनि भनिन्छ। यो स्त्रीपुरुषको पवित्र प्रेमबाट व्यक्त हुन्छ। यसलाई मुख्य रूपमा दुई किसिमको मानिएको छ - सम्भोग श्रृङ्गार र विप्रलम्भ श्रृङ्गार। यस रसको स्थायीभाव रति(परस्पर प्रेम) हो। नायकनायिका एकअर्काको रतिका निम्ति आलम्बन विभाव बन्दछन्। सम्भोग श्रृङ्गारमा एकान्त ठाउँ, कोइलीको स्वर, भोगविलासका सामग्रीहरू उद्दीपन विभाव बन्दछन् भने विप्रलम्भमा पहिले सम्भोगावस्थामा उपभोग गरिएका साधनहरू देख्नु र सम्झनु उद्दीपन विभाव बन्दछन्। सम्भोगमा

प्रेमपूर्ण दृष्टि, कटाक्ष, पसिना आउनु आदि अनुभाव मानिन्छन् भने विप्रलम्भमा सम्भोगका लागि छट्पटाउनु, पिरोलिनु आदि नै अनुभाव बनेका हुन्छन्। लज्जादि सम्भोगका र उत्सुकता, चिन्ता आदि विप्रलम्भका सञ्चारी भाव हुन्। उदाहरण -

**मन मिसिसकी गाला प्रीतिले टम्म जोडी**

**क्रमनियम दुबैले बोलीको चाल छोडी**

**बलपनि भलिभाँती बाहुलीले लिएछ**

**नसकी मनकथा त्यो रात सुतै गएछ॥** - (सम्भोग श्रृङ्गार)

**आऊ प्रिये नगर बेर भनी मलाई**

**राखेर काखबीच हात दुबै समाई**

**ती लाल ओठ मुखनेर पुर्याउनु भो**

**लौ भन्न सक्दिन म ता अनि कुन्नी के भो ॥** - (सम्भोग श्रृङ्गार)

**कहाँ श्री भगवान कृष्ण अधिराज् कहाँ सुदाम सखा**

**भक्तिले कनिका दिंदा उठिलिया कस्तो मजाको भन्या**

**तस्तै प्रीति सदा छ प्यारी मनमा तिम्रा उपर्मा पनि**

**ल्यौ ल्यौ औंठी म दिन्छु राख तिमीले मेरो निशान भनी॥** - (सम्भोग श्रृङ्गार)

**लागे फर्कन स्वामि हेर सबका सम्झेर कान्ताकन**

**मेरैमात्र नफर्कने अझ पनि कस्तो कडा त्यो मन**

**बाटो हेर्दछु तैपनि म त सदा आए कि प्यारा भनी**

**पत्तै छैन कतै पनि निठुरको हा! गो त्यसै जोवनी॥ -**
(विप्रलम्भ श्रृङ्गार)

**बाटो हेर्लिन् बिरह दिनका नित्य औंला गनेर**

**सुस्केरामैं मिरमिर हुनन् रात कोल्टो फिरेर**

**तिम्रै जस्तो म पनि दिनहुँ देख्छु संसारलाई**

**भन्ने मेरो खबर् लगिद्यौ कल्पँदी बैंसलाई ॥ -** (विप्रलम्भ
श्रृङ्गार)

**पर्खें, शब्द सुनें, बसें शयनमा लेटें, उठें, झोक्रिएँ**

**हेरें, मार्ग घुमें, चटक्क चुडिएँ, फर्कें, सुकें, आत्तिएँ,**

**टोल्हाएँ, मनले, झलक्क समझें, झस्कें, कुनामा गएँ**

**निस्कें, दृष्टि दिएँ, फिरें, धुरुधुरु रोएँ, म हा! के भएँ ॥ -**
(विप्रलम्भ श्रृङ्गार)

### 12.2.2 वीर रसः परिचय र उदाहरण

उत्साह स्थायीभाव हुने रसलाई वीर रस भनिन्छ । यसमा शत्रु, विरोधी, दुखी, पीडित आदि आलम्बन विभाव, शक्ति, बल, सौर्य, अहङ्कार आदि उद्दीपन विभाव, सजगता, सहायताको खोजी, गर्वपूर्ण बोली, रोमाञ्च आदि अनुभाव तथा स्मृति, गर्व, धृति, तर्क, आवेग, असूया आदि व्यभिचारीभाव हुन्छ । जस्तै -

*नराम्रो होला परिणाम*

*बरु काल - सर्पसँग जिस्क*

*देशको अहम्माथि प्रहार गरी*

*मसँग नजिस्क।*

- केदारमान व्यथित

शत्रु वा प्रतिद्वन्द्वीको पराक्रम, उदारता, दानशीलताको प्रशंसा सुनेर आफूले पनि त्यस्तै कार्य गरेर यशस्वी हुने जुन उत्साह मनमा जाग्छ, त्यसबाट वीर रसको उत्पत्ति हुन्छ। यस रसको आलम्बन शत्रु वा प्रतिद्वन्द्वी हुन्छ भने युद्धदर्शन, वीरता प्रदर्शन आदि यसका उद्दीपन हुन्छन्। विपक्षीको तिरस्कार, अस्त्रप्रहार, कठोर वचन आदि यस रसका अनुभाव हुन् भने गर्व,धैर्य, रोमाञ्च आदि व्यभिचारी हुन्। उत्साह यस रसको स्थायीभाव हुन्छ। उदाहरण -

**नेपाली हुँ कठिन गिरिमा चढ्नलाई सिपालु**

**वैरी नै होस् तर पनि म छु दिनमाथि दयालु**

**तातोतातो रगत रिपुको प्युन हर्दम तयार**

**मेरो यै नै प्रिय छ खुकुरी हेर भै होसियार ॥**

**नेपालीका दिलदिल नयाँ ज्योति सल्काइदिन्छु**

**नौलो आशा नवरस नयाँ चाख पल्काइदिन्छु**

**पेली थोत्रा नियम युगको चक्र पल्टाइदिन्छु**

**हरो झन्डा अनि हिमचुलीमाथि झल्काइदिन्छु ॥**

वीर रससित सम्बन्धित रोमांस भन्नाले गद्य वा पद्यमा लिखित मध्यकालीन आख्यानको बोध हुन्छ । रोमांसको उत्पत्ति फ्रान्समा बाह्रौँ शताब्दीमा भयो। पद्यको स्थान क्रमशः गद्यले लिंदै गयो । वीर महाकाव्य (हिरोइक एपिक) युद्धमा केन्द्रित हुन्छ तर रोमांसमा दरबारिया बहादुरीको चित्रण हुन्छ । शूर (नाइट) हरूका खोज, खेल, जादू, प्रतिस्पर्धा, राक्षस, अजिंगर, बाउन्ने, राम्री युवती आदिसित गाँसिएका विषय यसमा आउँछन्। बेलायती आर्थरसम्बन्धी, फ्रेन्च शार्लिमनरोलाँसम्बन्धी तथा क्लासिक अलेग्जेण्डरहरूसम्बन्धी सामग्रीको उपयोग रोमांसमा हुन्छ । बाह्रौँ शताब्दीका फ्रेन्च कवि क्रेशन डि ट्रोयेस रोमांस कृतिहरू प्रभावकारी छन् । आनुप्रासिक पद्यमा लिखित चौधौँ शताब्दीको"सर गवेन एण्ड दि ग्रीन नाइट" र गद्यमा लिखित सिडनीको "आर्केडिया" टमस मेलोरीको "मर्ट डि आर्थर" रोमांस हुन् । इटालियन अरियोस्टोको "ओल्र्याण्डो फ्यूरियोसो " स्पेन्सरको "फ्रेयरी क्वीन" रोमांश हुन् र टेनिसनको "आइडिल्स अफ दि किंग" शास्त्रीयता र रोमांशको मिस्कट हो । सर्भेण्टिसद्वारा लिखित उपहास रोमांस (मक रोमांस) "डन क्विक्सट" १६०५) आएपछि यसले पुरानो ढंगको दरबारी रोमांसलाई कमजोर पारयो । पछिका गद्य - रोमांस याथार्थिक, सामाजिक निरिक्षणमाभन्दा रूपक र मनोवैज्ञानिक खोजमा जोड दिन्छन् । आजका वैज्ञानिक आख्यान सामान्यतः रोमांस नै हुन्। वर्णनात्मक वा वस्तुपरक कविताका अन्य रूप पनि हुन सक्छन् जसमा कुनै कथाको वर्णन हुन्छ । जियोफ्री चसर (१३४० - १४००) को क्याण्टबरी - टेल्स वर्णनात्मक कविताको आकार नै हो । चसरमा हास्य, यथार्थ, दार्शनिक सूक्ष्मता र कविताको अपूर्व मेल छ । वस्तुपरक कविताको अर्को रूप नाटकीय कविता पनि हो,जस्तो

टेनिसनको ''युलिसिस''१८४२) इलियटको ''दि लभ संग अफ जे अल्फ्रेड'' आदि ।

वीर कविता भन्नाले यहाँ त्यस्ता काव्य - कृतिको बोध हुन्छ, जो लामा र गम्भीर हुनाले छोटा वीर कविताभन्दा फरक छन् र महाकाव्यको श्रेणीमा पर्छन् । ''इलियड'', ''बेउल्फ'', ''सँग अफ रोलाँ'' यसै प्रकारका काव्य हुन् । यस्ता सादा, मौखिक, लोक - प्रचलित विकसनशील वीर कविता वा महाकाव्यको युगपश्चात् लिखित, साहित्यिक वा कलातक महाकाव्यहरू आए, जुनकिसिमका कृति अहिलेसम्म निर्मित हुँदै छन् । महाकाव्यको शुरुवात वीर भावनामा भयो । यसैले आरमभका मौखिक महाकाव्यहरू वीर कविताको नामले पनि अभिहित हुन्छन् । वीर भावना गौण भएका, प्रकारान्तरित भएका वा हुँदै नभएका लामा, वर्णनात्मक कविता पनि महाकाव्यको संज्ञा भिरेर देखापर्दै आएका छन् । वस्तुत यस विधाको केन्द्र वीरभाव हो र अन्य भाव यसका सहायक हुन् ।

### 12.2.3 करुण रसः परिचय र उदाहरण

शोक स्थायीभाव हुने रसलाई करुण रस भनिन्छ । यसमा विनष्ट व्यक्ति वा वस्तु आलम्बन विभाव, त्यस्ता व्यक्ति वा वस्तुको सम्झना, सम्झेर हुने डाहा, पीडा, छटपटी आदि उद्दीपन विभाव, रुनु, कराउनु, विलाप गर्नु, मुर्च्छा पर्नु, आँसु झार्नु, काम्नु, लड्नु आदि अनुभाव तथा निर्वेद, मोह, ग्लानि, स्मृति, चिन्ता, विषाद्, दैन्य, अपस्मार, उन्माद आदि व्यभिचारीभाव हुन्छ । जस्तै -

*टोपी सिर्फ छ नाम मात्र शिरमा जम्मै टुपी निस्कने,*

*भोटो जीर्ण धुजाधुजा छ उसको छाती पिठ्युँ देखिने,*

*धोती केवल चार अंगुल धरो, नंगा छ सर्वाङ्गमा,*

*काम्यो लुगलुग त्यो गरीब विचरा त्यस्मा दया गर्छ को ?*

\- भीमनिधि तिवारी

आफ्नो प्यारो वस्तुको विनाश र अप्रिय वस्तुको प्राप्तिबाट करुण रसको उत्पत्ति हुन्छ । मनमा उर्लिएर आउनेशोक भाव नै करुण रसको स्थायी भाव हो । विनष्ट वस्तु आलम्बन र विनष्ट वस्तुको गुण र स्मरण वा स्मरण वा स्मरण गराउने चिजबिज उद्दीपन विभाव हुन् । रुनु, कराउनु आदि अनुभाव र मूर्च्छा, उन्माद, ग्लानि, चिन्ता आदि व्यभिचारी भाव भन्छन् । उदाहरण -

*हाम्रा हर्ष र शोक मान, ममता, सन्तोष एकै थिए*

*एकै प्राण थियो र ज्यान दुईका सन्तान एकै थिए*

*बाँचु भिन्न भएर आज कसरी आधा मर्यो जीवनी*

*हाम्रो भेट हुँदैन हो कि सँगिनी धिक्कार कैल्यै पनि॥*

*टोपी सिर्फ छ नाममात्र शिरमा जम्मै टुप्पी निस्कने*

*भोटो जीर्ण धुजाधुजा छ उसको छाती पिठ्युँ देखिने*

*धोती केवल चार अङ्गुल धरो, नङ्गा छ सर्वाङ्गमा*

*काम्यो लुगलुग त्यो गरीब बिचरा त्यस्म दया गर्छ को ?*

करूण रस वास्तवमा दुख होः, आँसु हो, छटपटि हो, शोकमय भावसम्प्रेषणबाट करूण रसानन्द प्राप्त हुन्छ । जस्तै –

*कहाँ गयो नि सौन्दर्य ? बैंस*

*मेरो सुक्यो किन ?*

*ए एड्  के गरिस् तैंले !? झरेको फूल*

*झैं छु म !*

## 12.2.4 अद्भुत रसः परिचय र उदाहरण

विस्मय स्थायीभाव हुने रसलाई उद्भुत रस भनिन्छ। यसमा अनौठो वा असाधारण व्यक्ति, वस्तु, ठाउँ आदि आलम्बन विभाव, विस्मय, आश्चर्य, विचित्रता आदि उद्दीपन विभाव; आँखा ठूला हुनु, ट्वाल्ल पर्नु, पसिना आउनु, अक्क न बक्क हुनु, काम छुट्नु आदि अनुभाव तथा आवेद, तर्क, दैन्य, जडता, चपलता, औत्सुक्य, हर्ष आदि व्यभिचारीभाव हुन् । जस्तै -

*केही दुर् हनुमान् पुग्या पछि तहाँ एक् सिंहिका राक्षसी*

*छाया पक्रि उ जन्तु खैंचि बलले खान्थी जलैमा बसी*

*छाया पक्रि ऊ तान्न लागि हनुमान्ज्यूको गती बन्द भो*

*कसले बन्द गर्‌यो गती भनि दिशा दस्‌मा तसै दृष्टि गो ।*

- भानुभक्त आचार्य

अलौकिक अथवा विचित्र वस्तु, दृश्य वा घटनालाई देख्दा वा सुन्दा उत्पन्न हुने विष्मयात्मक चित्तवृत्ति अद्भुत रस हो । अलौकिक वा अनौठो विषय व वस्तु यसको आलम्बन हुन्छ र त्यस अलौकिक विषय वा वस्तुको महिमा अथवा चमत्कार यसको उद्दीपन हुन्छ । पसिना, रोमाञ्च, आँखा फैलाउनु आदि यसका अनुभाव हुन् भने त्रास, जडता आदि यसका व्यभिचारी भाव हुन् । विस्मय वा आश्चर्य यस रसको स्थायीभाव हो । उदाहरण -

*केही दूर् हनुमान् पुग्यापछि तहाँ एक् सिंहिका राक्षसी*
*छाया पक्री ऊ जन्तु खैंची बलले खान्थी जलैमा बसी*
*छाया पक्री ऊ तान्न लागि हनुमान् ज्युको गति बन्द भो*
*कस्ले बन्द गर्यो गति भनी दिशा दस्मा तसै दृष्टि गो ॥*

*मुख खोलिदिँदा सब विश्व खुली*
*न त मट्टी मिली झलमल्ल बली*
*सब दिव्य चराचर छक्क परी*
*जननी स्तुति गर्दी भइन् विचरी ॥*

कल्पना शक्तिबाट अस्वभाविक दृष्यहरू देखाई पाठकहरूलाई छक्क पारिने रचनाहरूमा अद्भुत रस हुन्छ । कविको सोच्ने र संयोजन गर्न सक्ने विचित्र सामर्थ्यको पहिचान यसमा हुन्छ । भ्रमको उपस्थिति गराई मनको उत्सुकता बढाउनुमा यस रस मुल कार्य मानिन्छ ।  जस्तै –

*हाम्फाल्दछ आगोमा स्वाट्टै*
*समुद्र निल्दछ*

*तारा उन्दछ*

*धागोमा धर्ती बोकेर कुद्दछ ।*

## 12.2.5 रौद्र रसः परिचय र उदाहरण

क्रोध स्थायीभाव हुने रसलाई रौद्र रस भनिन्छ । यसमा शत्रु, विरोधी, विपक्षी आदि आलम्बन विभाव; शत्रुको हमला वा घात, कठोर बोली आदि उद्दीपन विभाव; दारा किट्नु, ओठ टोक्नु, पाखुरा सुर्किनु, तालु ठोक्नु, हतियार उठाउनु, हाँक दिनु आदि अनुभाव तथा उग्रता, आवेद, अमर्ष, मद, असूया, स्मृति आदि व्यभिचारीभाव हुन् । जस्तै -

*खरानी हुन्छ भर्भराउँदो, हुरी चल्न थाल्दछ*

*कायर पनि वीर हुन्छन्, वेग चल्छ जोशको*

*हाहाकार मच्छ यहाँ पाप खुल्न थाल्दछ*

*एक जुगमा एक दिन एकचोटि आउँछ।*

- गोपालप्रसाद रिमाल

शत्रुहरूको आफूप्रति अपमानजनक एवं अपराधपूर्ण क्रियाकलाप हाम्रा मनमा एक किसिमको बदलाको भाव उत्पन्न हुन्छ। त्यसलाई हामी क्रोध भन्दछौं । यही भाव रौद्र रसमा स्थायी भाव हुन्छ । यसमा शत्रु आलम्बन, उसका क्रियाकलाप उद्दीपन, राताराता आँखा बनाउनु, ओठ टोक्नु, दाह्रा किट्नु, हतियार उठाउनु आदि अनुभाव र गर्व, आवेग आदि व्यभिचारी भाव हुन् ।

उदाहरण-

*खरानी हुन्छ झर्झराउँदो, हुरी चल्न थाल्दछ*

*कायर पनि वीर हुन्छन्, वेग चल्छ जोसको*

*हाहाकार मच्छ यहाँ, पाप खुल्न थाल्दछ*

*एक जुगमा एक दिन एक चोटि आउँछ ॥*

बिरोधी माथिको तिब्र आक्रोश, अपमान प्रति प्रतिशोध, क्रोधको आँखामा रगत रसाउनु, ओठ काम्नु, दाँतमा राक्षस आउनु, आँखीभुइँ सर्प बन्नु, मुड्की बज्रनु, रौद्र रस हो । यसमा उग्रता, आवेग, उद्वेग, घमण्ड र असहिष्णुता प्रसस्त हुन्छ । जस्तै –

***नउठा रिस***

***यो मेरो आज्ञा अन्तिम गर्छु म !***

***घर भत्काउने तैँ होस् तेरै सर्वस्व***

***हर्छु म !***

### 12.2.6 हास्य रसः परिचय र उदाहरण

हास वा हाँसो स्थायीभाव हुने रसलाई हास्य रस भनिन्छ । यसमा विकृत वा हाँस उठ्दो अनुहार, क्रियाकलाप र बोली भएको पात्र आदि आलम्बन विभाव; विकृत आकार, प्रकार, रूप, रङ्ग, चेष्टा आदि उद्दीपन विभाव; आँखाको खुम्चाइ वा चिम्लाइ, थोरै हँसाइ आदि अनुभाव तथा निद्रा, आलस्य, अवहित्था आदि व्यभिचारीभाव हुन् । जस्तै -

***विना ह्विस्कीले शान्ति औ चैन छैन,***

*गिलासै विना पर्व कोही हुँदैन ।*

*ठूलालाई पक्री कहाँ ढुन्मुनायो,*

*अनौठा जमाना नयाँ आज आयो ।*

- लक्ष्मीप्रसाद देवकोटा

अनौठा र विकृत आकार भएका चिजहरूले र अनौठा वर्णनहरूले हाम्रा मनमा एक किसिमको हांसोको भाव उत्पन्न हुन्छ, यही भाव साहित्यमा हास्य रसमा परिणत भएको हुन्छ। यस रसको स्थायीभाव हाँसो हो । अनौठा र विकृत आकार भएका चिज आलम्बन र विकृत एवं अनौठा किसिमका चेष्टाहरू उद्दीपन विभाव हुन् । हाँसो आउनु, आँखा केही चिम्लनु, मुख खुकुलिनु या विकृत हुनु आदि व्यभिचारी भाव हुन् । उदाहरण -

*झुप्पा पुच्छरको पछिल्तिर ठूलो हल्लन्छ चारैतिर*

*खुट्टा चारवटा अनी खुर पनि लामू छ घाँटी फिर ।*

*खाई घाँस ऊ हग्छ आँपसरिका डल्लाहरू बर्बर*

*आऊ जाऊँ सबै मिलेर दगुरी त्यो जाइजाला पर॥*

*कटि, कूच कसी हिंडन्या युवती*

*चलन्या पथमा नलजाई रति ।*

*सँगमा छ युवादल ओरिपरी*

*अमरावति कान्तिपुरी नगरी ॥*

*ध्यायेत् सेतीं पहेलीं अलिअलि धमिलीं गेरु जस्तो च रातीं*

Notes

*नीलीं आकास जस्तीं मरकतमणिको झोल जस्तीं हरियीं*

*घ्याम्पा, गाग्रा र ठेकीं टिन, फटिअक, सिसीं आदिमा वास गर्दीं*

*गन्धाढ्यां फुर्तिमूर्तीं नवरसजननीं सम्झँदा रालभर्दीं ॥*

व्यङ्ग्य मिश्रित हाँस्यमा नै साहित्यको हाँस्य रस हुन्छ। भावभङ्गि, वोलिवचन, चिन्तन, क्रियाशीलता यो दुष्टका लागि र सज्जनका लागि सुखानन्दका रूपमा हुन्छ। जस्तै –

*न्यायाधीश नियाँ गर्दै*

*दुखको साथ भन्छन्*

*"के छ अन्तिम इच्छा? भन,*

*मर्नलाई तयार बन्"*

*पूरा हुन्छ भने इच्छा न्यायाधीश"*

*महोदय*

*म बस्छु त्यस*

*कुर्सीमा फाँसीमा तिमी नै चढ"*

### 12.2.7 वीभत्स रसः परिचय र उदाहरण

घृणा वा जुगुप्सा स्थायीभाव हुने रसलाई वीभत्स रस भनिन्छ । यसमा घिनलाग्दो वा दुर्गन्धित प्राणी (व्यक्ति वा जनावर), वस्तु (मलमूत्र, रगत, सडेको मासु आदि), ठाउँ (मसान आदि) आदि आलम्बन विभाव; दुर्गन्ध,

विकृति (किरा पर्नु, सड्नु, गल्नु) आदि उद्दीपन विभाव; नाक थुन्नु वा खुम्च्याउनु, आँखा चिम्लिनु, मुख फर्काउनु, थुक्नु आदि अनुभाव तथा आवेग, मोह, ग्लानि, व्याधि, चिन्ता आदि व्यभिचारीभाव हुन् । जस्तै –

*हाय ! क्षत - विक्षत धरा छ*

*रगत चुस्ने हृदय लुछ्ने*

*कामकै फलिफाप हुन्छ*

*खोइ र मानवता कहाँ छ ?*

- सिद्धिचरण श्रेष्ठ

घृणित वस्तु वा व्यक्तिलाई देखेर उत्पन्न हुने चित्तवृत्ति बीभत्स रस हो । यसको आलम्बन दुर्गन्धित र घृणित वस्तु हुन्छ र उद्दीपन घृणालाई सम्बर्द्धित गर्ने तत्त्व हुन्छन् । थुक्नु, आँखा चिम्लनु, नाक थुन्नु आदि यसका अनुभव हुन् र आवेग, मूर्च्छा, व्याधि आदि यसका सञ्चारी भाव हुन् । घृणा यस रसको स्थायी भाव हो । उदाहरण -

***खैरे कुक्कुर एक घाउ छ हरे ! रोगी लुत्याहाकन***

***पालेको मलमा लुते पुछरको डोलाउ त्यो सज्जन***

***साह्रै भक्त भई, शिलाहरू खप्यो ढुङ्गामुढा बेस्सरी***

***फोरी खप्पर क्याक्ल्याङ गरि पियो यो रक्त आफ्नै हरि !!***

***हाय! क्षतविक्षत धरा छ, रगत चुसने, हृदय लुछ्ने***

***कामकै फलिफाप हुन्छ, खोइ ! मानवता कहाँ छ ?***

दुर्घन्धित, विकृत र कुत्सित रूप वीभत्स रस हो । आँखा बन्द हुन्छन्, हृदय पाक्दछ, मुखले वाक्छ, नाक खुम्चाउछ, ओठले थुक्छ, रयाल, सिगान, रगतको आहाल, घाउको पीप, दुर्गन्छ हुन्छ । जस्तै –

*आन्द्राभुँडी मीठो मान्छ,*

*गिजोल्दै रयाल च्वाउँदै*

*लुछ्दै चोक्ट्याउँदै खान्छ*

*गिदी संसारको सधैँ*

*जिब्रो चुहाउँदै प्युँछ रक्त,*

*को हो नि त्यो ? बता*

*त्यो हो मानवतावादी दैत्यराज*

*अमेरीका!*

### 12.2.8 भयानक रसः परिचय र उदाहरण

भय स्थायीभाव हुने रसलाई भयानक रस भनिन्छ । यसमा डरलाग्दा जनावर (बाघ, भालु, सर्प आदि) भूतप्रेत, मसान, अत्याचारी आदि आलम्बन विभाव, डर, त्रास, शङ्का, घोर क्रियाकलाप आदि उद्दीपन विभाव, रङ्ग फुस्रो हुनु, काम छुट्नु, स्वर बिग्रिनु, रौ ठाडा हुनु, पसिना आउनु, रुनु, कराउनु आदि अनुभाव तथा त्रास, दैन्य, आवेग, मोह, चिन्ता, शङ्का आदि व्यभिचारीभाव हुन् । जस्तै –

*रागोपाटे अतिशय ठूलो लौन नि बाघ आयो*

*झम्ट्यो गाई थरथर भएँ होश मेरो हरायो*

*कामे गोडा ढुकढुक मुटु ठाउँ नै छोड्न लाग्यो*

*भागौ हामी घरतिर छिटै साहिंलो फुत्त भाग्यो ।*

- मेदिनीनाथ शर्मा

भयप्रद जन्तु, घटना वा दृश्य देखेर मनमा जुन डरलाग्दो चित्तवृत्ति उत्पन्न हुन्छ, त्यसबाट भयानक रसको अभिव्यक्ति हुन्छ। भयानक जन्तु वा विषय यसको आलम्बन र भयङ्कर जन्तुका भयप्रद चेष्टा यसका उद्दीपन हुन्। गदगद स्वरले बोल्नु, पसिना काड्नु आदि यसका अनुभाव हुन् भने शङ्का, मूर्च्छा, मृत्यु आदि व्यभिचारी भाव हुन्। भय यस रसको स्थायीभाव हुन्छ।

उदाहरण -

*कालाग्निसरिको भयङ्कर स्वरूप् राम्को भयाथ्यो जसै*

*कामिन् पृथ्वि पनि भयङ्कर स्वरूप् देखिन् र राम्को तसै*

*रावणका पनि चित्तमा भय पर्यो उल्का बहुतै भयो*

*क्या गर्छन् प्रभुले यहाँ भनी त्यहाँ सब् लोक् डराइ रह्यो ॥*

*रागेपाटे अतिशय ठूलो लौन नि बाघ आयो*

*झम्ट्यो गाई थरथर भएँ होस मेरो हरायो*

*कामे गोडा ढुकढुक मुटु ठाउँ नै छोड्न लाग्यो*

*भागौं हामी घरतिर छिटै साहिंलो फुत्त आयो ॥*

भयानक रस डरप्रेरित रसानन्द हो । यसले भयभित, त्रसित, र आतंकित मानसिकतामा पुर्याए पछि हलचल मच्चाउने सामर्थ्यले रौँ ठड्याउदछ, शरीर कमाउछ, सातो लिन्छ, पसिनाले निथ्रुक्कै भिजाउछ । जस्तै –

*भुस्तिघ्रे टिल्ल*

*मातेका गुण्डा थिए बडेबडे*

*झसङ्ग मन भो तर्से, जिरिङ्ग तन*

*भो लडे ।*

**12.2.9 शान्त रसः परिचय र उदाहरण**

शम (समता वा भित्री शान्ति) स्थायीभाव हुने रसलाई शान्त रस भनिन्छ । यसमा अनित्य संसार, वैराग्यभाव, तत्त्वज्ञान आदि आलम्बन विभाव; सत्सङ्ग, तीर्थ, शास्त्र चिन्तन, नीतिशिक्षा, ईश्वर दर्शन आदि उद्दीपन विभाव; त्याग, रोमाञ्च, भीरुता आदि अनुभाव तथा निर्वेद, हर्ष, दया, मति, स्मृति, धृति आदि व्यभिचारीभाव हुन् । जस्तै –

*अति सुन्दर मानव जीवन यो*

*अझ सुन्दर पार्नु कसोगरि हो ?*

*गरि काव्य – सुधा – रस - पान अरे*

*गर मानव-जीवन सार्थक रे ।*

- धरणीधर कोइराला

शान्त रस संसार एक सपना हो, यहाँ भएका सबै प्राणी र चिजबिजहरू क्षणभङ्गुण र असार छन् भन्ने ज्ञानले हामीमा संसारप्रति एक किसिमको वितृष्णाको भाव उत्पन्न हुन्छ । यही भावलाई निर्वेद अर्थात् वैराग्य भन्दछन् । यही वैराग्यको स्थिति नै शान्त रसमा स्थायीभाव बनेको हुन्छ । यसमा निस्सार संसार अथवा परमात्मा आलम्बन र पुण्यस्थान, तीर्थ, देवमन्दिर, साधुसज्जनको सङ्गत आदि उद्दीपन विभाव हुन्छन् । यस्ता विभावहरूबाट उत्पन्न भएको सात्विक रोमाञ्च, आँसु आदि अनुभाव र हर्ष, स्मृति, विरक्ति, पश्चात्ताप आदि सञ्चारी भाव हुन् । उदाहरण -

*लायौं दृष्टि जता उतैतिर कठै! यो शृष्टि अस्पष्ट छ*

*पाऊ पक्ष कुनै विपक्षमय छन् चल्दा बडो कष्ट छ*

*खाली तर्कवितर्कका भुमरिमा घुम्दो छ यो जीवनी*

*मानूँ अर्जुन-भेद्ययन्त्रबिचको दुर्दर्श माछो बनी ॥*

*अति सुन्दर मानव जीवन यो*

*अझ सुन्दर पार्नु कसो गरि हो?*

*गरि काव्यसुधारस पान अरे*

*गर मानव जीवन सार्थक रे ॥*

मान्छेको लक्ष्य शान्त रसमा गएर सकिन्छ । शान्त रस त्यस्तो रस हो जो स्वयं साधारणीकरण को अर्को रूप हो । वैराग्य, समता, शुद्धता, प्राप्ति, सन्तुष्टिहरू शान्त रसका परिचायक उपकरणहरू हुन् । विकास, उन्नति, शान्ति, सौम्यतामा शान्त रस उपस्थित हुन्छ । धार्मीक गतिविधि,

आध्यात्मिक चिन्तन, सत्सङ्ग, दैवी स्तुतिगानहरूमा शान्त रसानन्द प्राप्त हुन्छ । जस्तै –

*ठूलो छ प्रेमको शक्ति मीठो छ*

*प्रेमको रस*

*प्रेमको स्पर्शले मात्रै सभ्य बन्दछ*

*मानिस ।*

यस अरिरिक्त केही – कोही काव्यमा विभिन्न नौवटै रसहरू आ – आफ्नै प्रकारले सारगर्भित सूक्तिमय रूपमा प्रस्तुति भएको पाइन्छ । यसका केही उदाहरणहरु निम्नानुसार छन् –

*धर्ती यौटै विजन छ उही काम उस्तै गरेको,*

*माटो भित्रै जमिन बिचमै एक साथै छरेको*

*लाग्छन् बाला अति रहरिला छैन क्यै दाग काहीँ,*

*भेट्छौँ हामी फल रहितको बाट रित्तो छ काहीँ ७÷३*

*चारो भर्छछन् मुख द्वय मिली ख्वाउँछन् ती मजाले*

*भाले पोथी फरक नगरी खान दिन्छन् मजाले*

*देख्छौँ हामी सरल मनले गर्दछन् प्रेम सच्चा*

*खोज्दैनन् ती तनय तनया पाल्दछन् बालबच्चा ३०÷३*

*परम्परा भनौँ यद्वा देखे क्यै विज्ञले कतै*

स्वर्गको मार्गले बाँध्यो बने छोरी दुखी सधैँ ४६÷३

आमा बाबु पुगे स्वर्ग छोरी विपत्तिमा परे

बने अन्ध सबै मान्छे झरे तल गिरे पर ४७÷३

मान्छे नै गुणदोष जान्दछ सबै आत्मा परात्मा पनि

भित्रैदेखि छ चेतना गजबको हो श्रेष्ठ प्राणी पनि

आफ्नो त्यो गुण बिर्सिएर कहिले लाछी यही बन्दछ

फस्तै लोभ र मोहमा गजबका खेला यही गर्दछ ४८÷१६

को हो कताको कति ठाउँ पुग्छ,

उद्देश्य के के कति साथ मिल्छ,

यो रम्य संसार घुमौं भनेर,

दौडिन्छ मान्छे बटुवा बनेर ३÷१७

म नारी कहाँ सक्छु यो काम गर्न,

सबै मर्दको काम हो गर्छ कर्म,

भनी भाग्न खोज्ने समाजै अगाडि,

बनिन् एक तारा हटाई पछाडि ९÷१९

सफा चित राखौं नहोस् व्रmोध साथ,

दुखी हाँस्न पाऊन् रही सुख्ख साथ,

*यहाँ छैन कोही यर्गौ बाँच्न सक्ने,*

*यहाँ छैन केही मरी लान सक्ने १८÷१९*

*गरे कीर्ति बस्नेछ यो लोकभित्र,*

*त्यही बन्न जाला सफा शुद्ध मित्र,*

*नहौं आज बैरी निजी स्वार्थ बोकी,*

*नहाँसून् अरूले कुनै काम देखी १९÷१९*

रससिद्धान्तको मान्यता अनुसार साहित्यको रस काव्यानन्द हो । काव्य - साहित्यमा वर्णित पात्र र तिनका चरित्र, स्वभाव, परिवेश, विषय आदिको प्रस्तुतिमा भावक वा पाठक, श्रोता र दर्शकको भाव एकाकार भएर सम्बन्धित साहित्यमा भावक डुब्नु वा हराउनु अथवा काव्यसहित्यमा वर्णित भावलाई भावकले ह्दयतः अनुभव गर्नु नै रसावस्था हो । यसलाई अर्को ढङ्गले भन्नुपर्दा काव्यमा वर्णित विभावादिका संयोगबाट मानवह्दयस्थित रति आदि स्थायी भाव वा संवेगहरू जागृत भएर भावक काव्य–साहित्यको भावनामा एकाकार हुने प्रस्तुतिमा रसको अभिव्यक्ति हुन्छ । संस्कृत साहित्यशास्त्र परम्परामा ईसापूर्व द्वीतिय शताब्दीतिरका आचार्य भरतमुनिले प्रतिपादन गरेको र उत्तरवर्ती आचार्यहरूले व्याख्या गरी व्यापकता दिएको यो रसवाद पूर्वीय साहित्य जगत्को जेठो र महत्वपूर्ण शास्त्रीय समालोचना सिद्धान्त हो।

## 12.3 उपसंहार

काव्य रस तथा भावमयका माध्यम प्रस्तुत हुने गर्दछ । काव्यमा प्रयोग हुने रसहरूलाई अध्ययन गर्दा भावकमा धेरै जसो प्रसंगमा सम तथा वैराग्य भाव,

धेरै जसो प्रसंगमा आँखा रसाउने वा मन पग्लने करुण भाव तथा कतिपय अवस्थामा उत्साह भाव उत्पन्न हुने प्रसंगहरु लिप्त रहेका छन् । खास गरी काव्य नायिका आलम्बन, उनको जीवनमा आइपरेको विषम परिस्थिति उद्दीपन, उनले भोगेको व्रिmयाकलाप अनुभाव तथा समय समयमा देखापर्ने विभिन्न भावहरु सञ्चारीका रूपमा आएर भावकलाई साधारणीकरण गर्ने अवस्थाहरु यत्रतत्र पाइन्छन् । यस काव्यमा मुख्य रूपमा शान्त, करुण र वीर रसको अभिव्यक्ति भएको छ ।

शान्त रस काव्यको अंगी रस हो । जीवनका अनेक अप्ठ्यारा र सजिला खुट्किला टेक्तै पारिवारिक तथा सामाजिक जीवन भोग्दा उत्पन्न रागलाई बोधपूर्वक त्यागेर सांसारिक सुख - दुःख, लौकिक आफन्त पराय सबैमा समभाव राखी वैराग्य नै उत्तम मार्ग हो भन्ने पुष्टि गरिएकाले यसमा शान्त रस परिपुष्ट रूपमा अभिव्यक्त छ । काव्यमा करुण रसलाई पनि उत्तिकै परिपुष्ट मानिन्छ । काव्यमा वर्णन हुने सात वर्षकी अबोध बालिकाको विवाह, बिरानो ठाउँमा पठाइनु, विवाह भएको सात दिनमा विधवा हुनु, एक वर्षसम्म आमाबाबासँग भेट्न नपाउनु र मृत्यु संस्कारका कहाली लाग्दा झमेलामा त्रसित भएर रुमल्लिनु, एक वर्षपछिको आमाबाबासँगको भेटको विलाप, बाबा, भाइ र आमासँगको वियोग, घरबाट बिदा भएर सन्यास लिने प्रसंग तथा अन्त्यमा देह त्याग गर्दाको प्रसंगमा करुण रसको सफल प्रस्तुति छ । काव्यमा वीर रसको पनि महŒवपूर्ण अभिव्यक्ति रहेको हुन्छ ।

काव्यमा वस्तु ध्वनि, अलंकार ध्वनि र रसध्वनिको अभिव्यक्त भएको पाइन्छ । पारिवारिक वस्तुको अभिधात्मक प्रस्तुतिबाट कलात्मक तथा व्यञ्जनात्मक ढंगले सामाजिक व्यापक पक्षको अभिव्यक्ति हुनु वस्तु ध्वनि हो ।

उपर्युल्लिखित उपमा, उत्प्रेक्षा आदि आलंकारिक अभिव्यक्तिका माध्यमबाट सामाजिक पक्षको व्यञ्जनात्मक प्रस्तुति भएकाले अलंकार ध्वनि व्यक्त छ । त्यसै गरी शान्त, करुण, वीरजस्ता रसात्मक अभिव्यक्तिका माध्यमबाट नितान्त निजी स्वार्थपूर्ण मानव प्रवृत्ति, सामाजिक, संस्कार, राजनीति, तथा धार्मिक पक्षका विडम्बनाप्रति व्यंग्य गरिएको हुँदा उत्कृष्ट ढंगको रसध्वनि अभिव्यक्त भएको पाइन्छ ।

कुनै पनि साहित्य आनन्दानुभूतिको साधन हो । साहित्यमा रसको आस्वादनको कारणले साहित्यानन्दको प्राप्ति हुन्छ । त्यसैले साहित्यमा रस आस्वादनको मुख्य उद्देश्य आनन्दानुभूति प्राप्त गर्नु हो । आचार्य मम्मटले सम्पूर्ण लौकिक प्रयोजनलाई त्यागेर तत्कालै साहित्य रसास्वादनको अनुभूति प्राप्त भई बाह्य विषयमा छरिएको चित्तलाई बिस्तारै अन्तर्निहित गर्नुलाई आनन्द भनिन्छ भनेर साहित्यानन्दको परिभाषा दिएका छन् ।

## 12.4 सार

यस प्रखण्डमा **विविध रसहरूको सोदाहरण परिचय**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- रसवादका संस्थापक भरतमुनिलाई मानिन्छ । उनले रसलाई प्रधानरूपमा स्वीकारेका छन् ।
- रस कविता वा साहित्यको सबैभन्दा एउटा पुरानो सिद्धान्त हो साहित्यमा शास्त्रीय रूपमा रसको विवेचना गर्ने प्रथम आचार्य भरतमुनिलाई मानिन्छ ।

- भरतले काव्यको आवश्यक तत्वका रूपमा रसको प्रतिष्ठा गर्दै शृङ्गार, हास्य, रौद्र, करुण, वीर, अद्भुत, बीभत्स र भयानक आदि आठवटा भेदलाई स्पष्टतः उल्लेख गरेका छन् तथा विद्वान्हरू उनैले शान्त नामक नवौं रसलाई पनि स्वीकृति दिएको बताउँदछन् ।
- मदलेखाः प्राकृतिक सौन्दर्यको वर्णनका लागि उपयुक्त
- चम्पकमालाः कोमल पदावलीका साथ श्रृङ्गार
- शशिवदनाः प्राकृतिक सौन्दर्यको वर्णनका लागि उपयुक्त
- समानिकाः वीर र रौद्ररसका लागि
- अनुष्टुप् सबै रसका लागि
- प्रमाणिकाः वीर रस
- इन्द्रबज्राः करुण रस
- स्वागताः वीर र करुण रस
- इन्दिराः भक्तिरस वा गीति रचनामा
- भुजङ्गप्रयातः शान्तरस कोमल पदावली
- इन्द्रवंशाः सबै भावमा उपुक्त
- द्रुतविलम्बितः प्रकृतिको वर्णनमा । यमक अलङ्कार विशेष
- प्रहर्षिणीः सौन्दर्य वर्णन
- वसन्ततिलकाः प्राकृतिक सौन्दर्यको वर्णनमा र करुण रस
- शृङ्गार रसले सबैलाई संवेदित तुल्याउन सक्दछ। त्यसैले यसलाई रसराज (रसको राजा)पनि भनिन्छ। यो स्त्रीपुरुषको पवित्र प्रेमबाट व्यक्त हुन्छ। यसलाई मुख्य रूपमा दुई किसिमको मानिएको छ - सम्भोग श्रृङ्गार र विप्रलम्भ श्रृङ्गार।

- शत्रु वा प्रतिद्वन्द्वीको पराक्रम, उदारता, दानशीलताको प्रशंसा सुनेर आफूले पनि त्यस्तै कार्य गरेर यशस्वी हुने जुन उत्साह मनमा जाग्छ, त्यसबाट वीर रसको उत्पत्ति हुन्छ। यस रसको आलम्बन शत्रु वा प्रतिद्वन्द्वी हुन्छ भने युद्धदर्शन, वीरता प्रदर्शन आदि यसका उद्दीपन हुन्छन्।
- आफ्नो प्यारो वस्तुको विनाश र अप्रिय वस्तुको प्राप्तिबाट करुण रसको उत्पत्ति हुन्छ । मनमा उर्लिएर आउनेशोक भाव नै करुण रसको स्थायी भाव हो । विनष्ट वस्तु आलम्बन र विनष्ट वस्तुको गुण र स्मरण वा स्मरण वा स्मरण गराउने चिजबिज उद्दीपन विभाव हुन् ।
- अलौकिक अथवा विचित्र वस्तु, दृश्य वा घटनालाई देख्दा वा सुन्दा उत्पन्न हुने विष्मयात्मक चित्तवृत्ति अद्भुत रस हो । अलौकिक वा अनौठो विषय व वस्तु यसको आलम्बन हुन्छ र त्यस अलौकिक विषय वा वस्तुको महिमा अथवा चमत्कार यसको उद्दीपन हुन्छ ।
- शत्रुहरूको आफूप्रति अपमानजनक एवं अपराधपूर्ण क्रियाकलाप हाम्रा मनमा एक किसिमको बदलाको भाव उत्पन्न हुन्छ। त्यसलाई हामी क्रोध भन्दछौं । यही भाव रौद्र रसमा स्थायी भाव हुन्छ ।
- अनौठा र विकृत आकार भएका चिजहरूले र अनौठा वर्णनहरूले हाम्रा मनमा एक किसिमको हांसोको भाव उत्पन्न हुन्छ, यही भाव साहित्यमा हास्य रसमा परिणत भएको हुन्छ। यस रसको स्थायीभाव हाँसो हो ।

- ❖ घृणित वस्तु वा व्यक्तिलाई देखेर उत्पन्न हुने चित्तवृत्ति बीभत्स रस हो । यसको आलम्बन दुर्गन्धित र घृणित वस्तु हुन्छ र उद्दीपन घृणालाई सम्बर्द्धित गर्ने तत्त्व हुन्छन् ।
- ❖ भयप्रद जन्तु, घटना वा दृश्य देखेर मनमा जुन डरलाग्दो चित्तवृत्ति उत्पन्न हुन्छ, त्यसबाट भयानक रसको अभिव्यक्ति हुन्छ। भयानक जन्तु वा विषय यसको आलम्बन र भयङ्कर जन्तुका भयप्रद चेष्टा यसका उद्दीपन हुन्।
- ❖ शम (समता वा भित्री शान्ति) स्थायीभाव हुने रसलाई शान्त रस भनिन्छ ।

यस प्रखण्डको अध्ययनले **विविध रसहरूको सोदाहरण परिचय**बारे बुनियाँदी जानकारी प्राप्त भयो । रसको परिचय र यसको नौवटा प्रकार सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 12.5 अनुशीलनी

१. रसवादको उद्भवबारे चर्चा गर्दै यसका पूर्वीय साहित्यमा रहेको रस – सिद्धानतलाई सविस्तार चर्चा गर्नु होस् ।

२. रसवादको अर्थ सम्बन्धि उल्लेख गर्दै यसको परिभाषाबारे पूर्वीय र पाश्चात्य मतको टिप्प्णी गर्नुहोस् ।

३. साहित्यमा रसवादको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस् ।

४. विभन्न रसका प्रकारबारे विश्लेषण गर्नुहोस् ।

५. रसराजबारे पूर्वीय आचार्यहरूको मत र विचारलाई सबिस्तार चर्चा गर्नुहोस्।

६. रसवादी चिन्तनको विकासक्रम पूर्वीय साहित्यमा कसरी र किन भएको पाइन्छ ? विवेचना गर्नुहोस् ।

७. कुन रसलाई रसराज मानिन्छन् ? आफ्नो तर्क दिनुहोस् ।

८. पूर्वीय साहित्यको रस - सिद्धान्तले अन्य भाषा वा साहित्यमा के - कस्तो प्रभाव पारेको ठान्नुहुन्छ ? चर्चा गर्नुहोस्।

९. रसवादी सिद्धान्तको पृष्ठभूमिबारे एउटा टिप्पणी लेख्नुहोस् ।

१०. 'विभाव, अनुभव, व्यभिचारी भाव संयोगान्त रसनिष्पत्ति' - बारे लेख लयार पार्नुहोस् ।

१२. हास्य, करूण र शान्त प्रमुख प्राप्तिहरू के के हुन् ? आफ्नो मनतव्य लेख्नुहोस् ।

## 12.6 अतिरिक्त अध्ययन

१००. सिग्देल, सोमनाथ - **साहित्य प्रदीप** ।

१०१. उपाध्याय, डा. केशवप्रसाद - **साहित्य प्रकाश** ।

१०२. श्रेष्ठ, डा. दयाराम - **वीरकालीन कविता** ।

१०३. अधिकारी, हेमाङ्गराज - **पूर्वीय समालोचना - सिद्धान्त** ।

१०४. हिमांशु, राजुप्रधान - **साहित्य परिचय** ।

१०५. उपाध्याय, केशवप्रसाद - **पूर्वीय काव्य सिद्धान्त** ।

१०६. लुइँटेल, खगेन्द्रप्रसाद - **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** ।

१०७. गोतम, लक्ष्मीप्रसाद - **कविताको सैद्धान्तिक विमर्श** ।

१०८. न्यौपाने, टङ्कप्रसाद - **साहित्यको रूपरेखा** ।

१०९. तिवारी, डा. रामचन्द्र - **भारतीय व पाश्चात्य काव्यशास्त्र तथा हिन्दी आलोचना** ।

११०. आनन्दवर्धन - **ध्वन्यालोक**, वाराणसी, चौखम्बा विद्याभवन ।

१११. कुन्तक – **वक्रोक्तिजीवित** ,वाराणसी ।

११२. जगन्नाथ – **रसगङ्गाधर** ,वाराणसी, चौं विद्याभवन ।

११३. जयदेव – **चन्द्रालोक** ,वाराणसी ।

११४. दण्डी – **काव्यादर्श** ,वाराणसी ।

११५. भरत - **नाट्यशास्त्र** – २, वाराणसी, काशी ।

११६. भामह –**काव्यालङ्कार** ,पटना, विहार राष्ट्रभाषा परिषद् ।

११७. मम्मट - **काव्यप्रकाश**, वाराणसी ज्ञानमण्डल लिमिटेड ।

११८. वामन – **काव्यालङ्कार सूत्रवृत्ति**, वाराणसी ।

११९. विश्वनाथ – **साहित्यदर्पण** ,वाराणसी ।

१२०. वेदव्यास – **अग्निपुराण** ,दिल्ली , चौखम्बा संस्कृत प्रतिष्ठान ।

१२१. शर्मा, मोहनराज - **नेपाली कविता, नाटक र इतिहास**, काठमाण्डौं , नवीन प्रकाशन ।

१२२. त्रिपाठी, वासुदेव - **नेपाली कविता**, भाग –४ ।

१२३. व्यास - **अग्नि पुराण** ।

१२४. **तैतरीयोपनिशद्** ।

१२५. डा. नगेन्द्र - **भारतीय काव्यशास्त्र की परम्परा** ।

१२६. डा. नगेन्द्र - **रस सिद्धान्त** ।

१२७. गुप्त, डा. गणपति चन्द्र - **रस सिद्धन्त का पुनर्विवेचन** ।

१२८. राकेश, विष्णुदत्त - **इतिहास और समीक्षा** ।

१२९. अवस्थी, बच्चूला - **ध्वनि - सिद्धान्त तथा तुलनीय साहित्य** ।

१३०. गौतम, देवीप्रसाद – **रस, नेपाली साहित्यकोश** ।

१३१. भट्टराई, गोविन्दप्रसाद – **पूर्वीय काव्य सिद्धान्त** ।

१३२. सिंह, डा. राज किशोर - **आचार्य मम्मट और काव्यप्रकाश**, लखनऊ ।

१३३. पाण्डेय, डा. लक्ष्मीकान्त - **भारतीय तथा पाश्चात्य काव्यशास्त्र**, कानपुर ।

१३४. थापा, डा. मोहन हिमांशु - **साहित्य परिचय**, साझा प्रकाशन ।

यस अतिरिक्त **विविध रसहरूको सोदाहरण परिचय**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 12.7 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

२१. रसको सामान्य परिचय ।

..........................................................................................
.......

..........................................................................................
.......

..........................................................................................
.......

**(प्रश्न १ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १२.२ को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२२.रसका विभिद प्रकारहरू ।

........................................................................................
.......

........................................................................................
.......

........................................................................................
.......

**(प्रश्न २ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १२.३ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२३.शृङ्गार, हास्य र करूण रस ।

........................................................................................
.......

........................................................................................
.......

........................................................................................
.......

**(प्रश्न ३ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १२.३.१, १२.३.२ र १२.३.३ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२४.रौद्र, वीर र भयानक रस ।

**Notes**

...............................................................................................

.......

...............................................................................................

.......

...............................................................................................

.......

**(प्रश्न ४ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १२.३.४, १२.३.५ र १२.३.६ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२५. वीभत्स, अद्भूत र शान्त रस ।

...............................................................................................

.......

...............................................................................................

.......

...............................................................................................

.......

**(प्रश्न ५ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १२.३.७, १२.३.८ र १२.३.९ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 13 वक्रोक्तिको अर्थ र परिभाषा, वक्रोक्तिबारे चिन्तनको विकासक्रम

**संरचना**

13.0 उद्देश्य

13.1 परिचय

13.2 वक्रोक्तिको अर्थ र परिभाषा

13.3 वक्रोक्तिबारे चिन्तनको विकासक्रम

13.4 उपसंहार

13.5 सार

13.6 अनुशीलनी

13.7 अतिरिक्त अध्ययन

13.8 मूल्यबृद्धिको निम्ति उत्तर

## 13.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- वक्रोक्तिको सामान्य परिचय
- वक्रोक्तिको अर्थ र परिभाषा

- वक्रोक्तिबारे चिन्तनको विकासक्रम

## 13.1 परिचय

वास्तवमा मानवको सोचाइ नै मानव विवेकको उचित र अनुचितको मापदण्ड हो । मानव विकास सँगसँगै उचित – अनुचित, सोझा र बाङ्गो, सिधा र धुमाउरो, सरल र बक्र भन्ने कुराहरू गाँसिदै आएको पाइन्छ । कहिले र कहाँ कसरी र कुन रुपमा रहनु पर्छ, कुरा गर्नु पर्छ भन्ने तथ्यका कारण भाषा वा साहित्यमा अभिधा, लक्षणा र व्यञ्जना भन्ने शब्द बोधका विभागहरू छुट्टियएको पनि देखिन्छ । कुनै अर्थ सोझै बुझिने, कुनै अर्थ अलिक अर्कै पाराले बुझिने, कुनै अर्थको अर्थ खोज्न गुढार्थसम्म पुग्नु पर्ने हुन्छ । यसरी कुनै कुरा सोझै र सरल रूपमा नभएर धुमाउरो वा व्यञ्जनाको रूपमा बुझिने वा भनिनेलाई नै वक्रोक्ति भन्न सकिन्छ ।

भाषा वा साहित्यमा लेखकको कतिपय कुराहरू स्तरीयतामा भर पर्छ । कुनै लेखकको भाषा सरल वा सहज हुन्छन् भने कतिको बक्र, पाण्डित्य वा क्लिष्ट प्रकारका । कुन वस्तुको सन्निवेश कहाँ उपयुक्त हुन्छ, कससँग बोल्दा कस्ता शब्दहरुको प्रयोग आवश्यक हुन जान्छ आदि कुराहरुलाई ध्यानमा राखेर धुमाउरो प्रकारले कुरालाई प्रस्तुत गर्नु नै वक्रोक्ति हो । यो क्लिष्ट भाषाहरूमा मात्र होइन साधारण र ग्रामिण भाषामा पनि महत्त्व रहेको कुरा स्पष्ट हुन्छ । साहित्य सभ्य संसारको उत्कृष्ट देन भएकोले यस क्षेत्रमा वक्रोक्तिको महत्त्व अझ मार्मिक बन्दै गएको देखिन्छ । कोही – कोही समय भाषा र साहित्यमा मुख्यार्थमा बाधा उत्पन्न नभइकन लक्ष्यार्थमा बाधा उत्पन्न भइ भिन्दै व्यङ्ग्यार्थको भरमा वाक्यहरूको अर्थ प्रतीत हुने गर्छ । यसरी वाक्यमा प्रयोग

भएको कुनै पनि शब्दले आफ्नो वाचक र लक्षक अर्थ भन्दा भिन्दै व्यङ्ग्यको रूपमा अर्थ प्रदान गर्दछ । अतः कहिले - काँही वक्ताले भनेको कुरा स्रोताले सुन्दा अभिधा र लक्षणा अर्थमा कुरा स्पष्ट हुँदैन । त्यससमय भिन्दै अर्थद्वारा वाक्य बुझिने गरिन्छ । वास्तवमा यो व्यङ्ग्यर्थ नै वक्रोक्ति पनि हो ।

मुख्य गरेर **वक्रोक्ति** दुइवटा शब्दहरू 'वक्र' र 'उक्ति' - का सन्धिले निर्मित भएको शब्द हो । यसको शाब्दिक अर्थ हुन्छ – यस्तो उक्ति, जुन सामन्य भन्दा अलग र विशिष्ट प्रभृतिको हुन्छ । 'वक्र' – को अर्थ धुमाउरो, बाङ्गो, टेडो र 'उक्ति' - को अर्थ भनाइ, बोलाइ, कुरा गराई आदि हो । यसर्थ वक्रोक्तिलाई टेडो कथन वा भनाई पनि भनिने गरिन्छ । कता – कता यो लक्षणा र व्यन्जना दुवै शब्द शक्तिसित सामिप्यमा रहेको पनि हुन्छ । पूर्वीय साहित्य सिद्धान्तमा आचार्य कुन्तकलाई वक्रोक्ति – सिद्धान्तका आचार्य मानिने गरिन्छ । आचार्य भामह पछि उनको प्रदार्पण पूर्वीय साहित्य संसारमा भएको मानिन्छ । यसैले भामहको परवर्ती आचार्यको रूपमा उदाएको आचार्य **कुन्तक**ले वक्रोक्तिलाई एक सम्पूर्ण सिद्धान्तको रूपमा विकसित गरेर काव्यका समस्त अङ्गहरूलाई पनि यस सिद्धान्तमा समाविष्ट गरेको पाइन्छ । यसर्थ आचार्य कुन्तकलाई नै **वक्रोक्ति सम्प्रदाय**को प्रवर्तक आचार्य मानिने गरिन्छ । कतिपय विद्वानहरूले वक्रोक्ति र व्यञ्जनालाई एउटै मानेका पनि छन् । **वि** उपसर्गमा **अञ्ज्** धातु मिलेर बनिएको **व्यञ्जना** शब्दको अर्थ विशेष रूपले हेर्नु वा अर्थ प्रकट गर्नु हो । कल्पना र क्षमता ( बोध्य) - को भरमा रसात्मक र आनन्दानुभूतिपूर्ण वाक्यको अर्थ स्पष्ट हुनुलाई नै **व्यञ्जना शब्दशक्ति** भनिन्छ । यस शब्दशक्तिद्वारा उत्पन्न भावलाई व्यङ्ग्यार्थ अनि व्यङ्ग्यार्थ प्रकट गर्ने शब्दलाई चाहिँ व्यञ्जक भनिने गरिन्छ ।

**उदाहरण –** साझको ३ बजेछ ।

उपर्युक्त वाक्यमा साझको ३ बजेछ भन्दा मुख्यार्थमा बाधा उत्पन्न नभए तापनि लक्ष्यार्थमा बाधा उत्पन्न भएको छ । यस वाक्य सबैको निम्ति समान भएको भए तापनि अर्थ आ-आफ्नै रूपले प्रकट हुने गर्दछ । उक्त वाक्यमा साझको ३ बजेछ भन्दा गोठालाहरूका निम्ति गाई-बाख्रा चरनबाट फर्किने समयको बोध, विद्यार्थीहरूका निम्ति विद्यालय बन्द हुने समयको बोध, ग्रहिणीको निम्ति बेलुकीको भोजन तयार गर्ने समयको बोध आदि अर्थ प्रकट भएको छ । वास्तवमा यो नै व्यङ्ग्यार्थ हो ।

## 13.2 वक्रोक्तिको अर्थ र परिभाषा

**वक्रोक्ति** शब्दको निर्माण वक्र + उक्ति शब्दको योगबाट भएको हो । वक्रको अर्थ टेढो वा घुमाउरो तथा उक्तिको अर्थ भनाइ वा कथन भन्ने हुन्छ । यसरी वक्रोक्तिको शाब्दिक अर्थ घुमाउरो भनाइ भन्ने हो । शास्त्रीय दृष्टिबाट चाहिँ यसको तात्पर्य शास्त्र एवं लोकव्यवहारमा प्रसुद्ध उक्तिभन्दा विलक्षण तथा चमत्कारपूर्ण अर्थ बुझाउनु हो । वक्रोक्तिमा विचित्र उक्ति पाइने हुँदा यसलाई विचित्रोक्ति पनि भनिन्छ । वक्रोक्तिवादका प्रवर्तक कुन्तककले वक्रोक्तिको परिभाषा र व्याख्या आफ्नो ग्रन्थ **वक्रोक्ति जीवितम्**मा विभिन्न ठाउँमा गरेका छन् । वक्रोक्ति परिभाषित हुने उनका मुख्यमुख्य भनाइ तल दिइन्छ –

(1) वक्रोक्ति काव्यको जीवन वा आत्मा हो ।

(2) शब्द र अर्थको सहभावयुक्त, वक्रोक्ति भएको, काव्यज्ञातालाई आनन्द दिने व्यवस्थित रचना (बन्ध) काव्य हो ।

(3) वक्रोक्ति प्रसिद्ध कथन भन्दा भिन्न कुनै वैचित्र्यपूर्ण वर्णन शैली हो ।

(4) वक्रोक्ति वैदग्ध्य भङ्गिभणिति हो । वैदग्ध्य भनेको निपुणता वा चतुरतापूर्ण कवि कर्म अथवा काव्य निर्माण कौशल र भङ्गी भनेको विच्छित्ति अर्थात् चमत्का, चारुता, शोभा हो भने भणिति भनेको उक्ति, भनाइ वा वर्णन हो ।

वक्रोक्ति सम्बन्धी कुन्तकका उपर्युक्त भनाइमा अभावात्मक तथा भावात्मक पक्षबाट वक्रोक्तिलाई परिभाषित गरिएको छ । भावात्मक पक्षबाट हेर्दा शास्त्रीय र लौकिक व्यवहारमा प्रयुक्त शब्दार्थ भन्दा विलक्षण उक्ति नै वक्रोक्ति हो । भावात्मक पक्षबाट हेर्दा सहृदयका हृददयमा आह्लाद उत्पन्न गर्ने सामर्थ्य र प्रतिभाजन्य वैदग्ध्य अर्थात् कि कर्मकौशलको चमत्कारयुक्त वर्णन नै वक्रोक्ति हो ।

माथिका सबै कुरालाई समेटेर अझ संक्षेपमा भन्ने हो भने काव्यको आत्मा वक्रोक्ति विदग्ध भङ्गीयुक्त विलक्षण, विचित्र तथा आह्लादपूर्ण वर्णन हो । **वक्रोक्ति** दुइवटा शब्दहरू 'वक्र' र 'उक्ति' - का सन्धिले निर्मित भएको शब्द हो । यसको शाब्दिक अर्थ हुन्छ – यस्तो उक्ति, जुन सामन्य भन्दा अलग र विशिष्ट प्रभृतिको हुन्छ । 'वक्र' – को अर्थ धुमाउरो, बाङ्गो, टेडो र 'उक्ति' - को अर्थ भनाइ, बोलाइ, कुरा गराई आदि हो । यसर्थ वक्रोक्तिलाई टेडो कथन वा भनाई पनि भनिने गरिन्छ । कता – कता यो <u>लक्षणा</u> र व्यञ्जना दुवै शब्द शक्तिसित सामिप्यमा रहेको पनि हुन्छ । पूर्वीय साहित्य सिद्धान्तमा आचार्य कुन्तकलाई वक्रोक्ति – सिद्धान्तका आचार्य मानिने गरिन्छ । आचार्य भामह पछि उनको प्रदार्पण पूर्वीय साहित्य संसारमा भएको मानिन्छ । यसैले भामहको परवर्ती आचार्यको रूपमा उदाएको आचार्य

**<u>कुन्तक</u>**ले वक्रोक्तिलाई एक सम्पूर्ण सिद्धान्तको रूपमा विकसित गरेर काव्यका समस्त अङ्गहरूलाई पनि यस सिद्धान्तमा समाविष्ट गरेको पाइन्छ । यसर्थ आचार्य कुन्तकलाई नै **वक्रोक्ति सम्प्रदाय**को प्रवर्तक आचार्य मानिने गरिन्छ ।

पूर्वीय काव्य साहित्यमा वक्रोक्ति सम्प्रदायको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । भाषाको विकासको पृष्ठभूमिसँगै वक्रोक्तिको पृष्ठभूमि पनि गासिएको छ । वैदिक कालीन ग्रन्थ ऋग्वेद, यास्कको निरुक्त, पाणिनीको अष्टाध्यायी जस्ता ग्रन्थमा अलङ्कारको प्रयोग अनौपचारिक रूपमा भएको मानिन्छ । भरतमुनिको नाट्यशास्त्रमा चारवटा वक्रोक्तिको उल्लेख भएको देखिन्छ । वक्रोक्ति चिन्तन परम्पराको औपचारिक रूपमा प्रारम्भ र विकास गर्ने छैटौं शताब्दीका आचार्य भामह र उनको ग्रन्थ **काव्यालङ्कार** हो । उनीलाई अलङ्कार सम्प्रदायका संस्थापक आचार्य वा अलङ्कारवादका जन्मदाता पनि मानिन्छ । भामहपछि आचार्य दण्डीले पनि वक्रोक्तिको महत्त्वलाई उजागर गर्ने प्रयत्न गरेका छन्। उनको 'काव्यादर्श नामक ग्रन्थमा वक्रोक्तिको परिभाषा, वर्गीकरण गरेको पाइन्छ । दण्डीपछि उद्भटले 'काव्यालङ्कार सार सङ्ग्रह, रुद्रटले 'काव्यालङ्कार, रूप्यकले 'अलङ्कार सर्वस्व नामक ग्रन्थमा वक्रोक्तिको सम्बन्धी आफ्ना विचार र अवधारणा व्यक्त गरेको देखिन्छ । मंमट, विश्वनाथ, जगन्नाथ जस्ता पूर्वीय विद्वान्हरूले पनि कुनै न कुनै रूपमा वक्रोक्तिको महत्त्व र आवश्यतालाई उल्लेख गरेका छन् । त्यसैले अलङ्कार चिन्तनको परम्परागत इतिहास लामो र विशिष्ट देखापर्छ । तथापि वक्रोक्ति सिद्धान्तको मूल प्रतिष्ठा तथा प्रतिपादन गर्ने श्रेय भने आचार्य कुन्तकलाई नै दिइन्छ ।

वक्रोक्ति - सिद्धान्तको परम्परा पूर्वीय साहित्यमा प्राचीन रहेको पाइन्छ । भामहभन्दा पूर्ववर्ती कविहरू बाण, सुबन्धु आदिका काव्यहरूमा वक्रोक्तिको सन्दर्भ विशेष रूपमा प्राप्त हुँदछ । आचार्य भामहले वक्रोक्तिको प्रयोग व्यापक अर्थमा गरेका छन् । उनले वक्रोक्तिमा शब्द र अर्थ दुवैलाई अन्तर्भाव मानेको पाइन्छ । उनले विशेष गरेर वक्रोक्ति तथा अतिशयोक्तिलाई समान अर्थमा प्रयोग गरेका छन् । अतिशयोक्तिको अर्थ हुन्छ –

लोक तिक्रान्त गोचरता : ।

वक्रोक्तिलाई यसै कारण काव्यको विशिष्ट सम्प्रदाय र आचार्य भामहले यसलाई मूल अलङ्कार मानेका छन् । यसको बिना वाक्य काव्य न रहेर वार्ता मात्र हुन जान्छ । आचार्य दण्डीले पनि वक्रोक्तिलाई भामह कै समान महत्व दिएका छन् । उनले वाङ्मयको दुई भेद रहेको बताएका छन् । ती हुन् - स्वाभावोक्ति तथा वक्रोक्ति । आचार्य दण्डीले वक्रोक्ति तथा अतिशयोक्तिलाई समस्त अलङ्कारहरूका मूलमा स्वीकार गरेका पनि छन् । भामह र दण्डीमा केवल यही अन्तर पाइन्छ कि भामह स्भावोक्तिलाई वक्रोक्तिको परिधिमा स्वीकार गर्दछन् भने दण्डी यसलाई भिन्न मान्दै वक्र कथनभन्दा कम महत्वपूर्ण समझन्छन् ।

आचार्य आनन्दवर्धनले वक्रोक्तिको स्वतन्त्र व्याख्या त्यति गरेको पाइन्न । उनले यसलाई विशिष्ट अलंकार मानेर यसका सामान्य तथा व्यापक रूपलाई स्वीकार गरेको देखिन्छ । आनन्दवर्धनले भामहको वक्रोक्ति सम्बन्धी महत्वलाई स्वीकार गर्दै करते अतिशयोक्ति तथा वक्रोक्तिको पर्याय मानेका छन् अनि सबै अलङ्कारहरूलाई अतिशयोक्ति गर्भित स्वीकार गरेका पनि पाइन्छ। १० औं – ११ औं शदाब्दीका आचार्य रहेको अभिनवगुप्तले वक्रोक्तिको सामान्य रूपलाई स्वीकार गरेको पाइन्छ । उनको मतअनुसार शब्द र अर्थ रहेको

वक्रताका आशय त्यसको लोकोत्तर स्थिति हो तथा यस लोकोत्तरको अर्थलाई नै अतिशय मान्न सकिन्छ भनेर भनेका छन् । उनले **अतिशय** भनेको अरू केही नभएर **वक्रोक्ति** नै हो भनेका छन् । वक्रोक्ति सिद्धान्तका प्रवर्तक मानिने आचार्य कुन्तकले आफ्नो ग्रन्थ **वक्रोक्ति जीवितम्** - मा वक्रोक्तिबारे विस्तृत रूपमा अर्थ्याउदै यसलाई काव्यको आत्मा भनेका छन् । उनले वक्रोक्ति अन्तर्गत सबै काव्य सिद्धान्तहरूलाई समाहार गर्दै समस्त काव्याङ्गहरू वर्ण चमत्कार -, शब्द सौन्दर्य, विषयवस्तुको रमणीयता, अप्रस्तुत - विधान, प्रबन्ध, कल्पना आदिलाई वक्रोक्तिमा उचित स्थान दिएका छन् ।

आचार्य कुन्तकको मतअनुसार वक्रोक्ति केवल वाक् - चातुर्य अथवा उक्ति चमत्कार मात्र होइन , यो कवि व्यापार अथवा कवि कौशल हो । डॉ॰ नगेन्द्रको विचार अनुसार आधुनिक शब्दावली"मा यसलाई कलावाद भन्न सकिन्छ ।" वक्रोक्ति काव्यका सर्वप्रमुख तत्व कला हो । यसको अर्थ यही साबित हुँदैन कि कुन्तकले आफ्नो सिद्धान्तमा विषय – वस्तुलाई निषेध गरेका छन् ।

## 13.3 वक्रोक्तिबारे चिन्तनको विकासक्रम

घुमाउरो भनाइ भनेकै ***वक्रोक्ति*** हो । कुटिल भन्ने अर्थमा वक्रोक्ति शब्दको प्राचीन प्रयोग वेद तथा लोकमा पाइए तापनि यस शब्दलाई काव्यशास्त्रमा भित्र्याउने प्रथम व्यक्ति आचार्य **भामह** हुन् । यिनले अलङ्कारलाई चिनाउने क्रममा अतिशयोक्तिको चर्चा गरेका छन् र त्यही अतिशयोक्तिलाई नै वक्रोक्तिको संज्ञा दिएका छन् । उनले अलौकिक उक्ति वा विशिष्ट कथनलाई

अतिशयोक्ति वा वक्रोक्ति मानेका छन् । उनका विचारमा सामान्य लौकिक वचनभन्दा विलक्षण उक्ति नै वक्रोक्ति हो । यसरी भामहले वक्रोक्तिलाई सबै अलङ्कारको आधार वा आश्रयका अर्थमा प्रयोग गरेको देखिन्छ । छैटौँ शताब्दीका आचार्य भामह **काव्यालङ्कार**मा शब्द र अर्थको सहभाव काव्य हो भनेका छन् । भामहले शब्द र अर्थ भनेझैँ यिनले पद शब्दको प्रयोग गरी काव्यलाई भाषावादी ढङ्गले हेर्ने दृष्टिकोण प्रस्तुत गरेका छन् ।

वक्रोक्तिबारे विचार गर्ने दोस्रा महत्त्वपूर्ण आचार्य **दण्डी** हुन् । यिनले सिङ्गो वाङमयलाई स्वभावोक्ति (वस्तुको स्वाभाविक वर्णन) र वक्रोक्ति (वस्तुको अलङ्कारयुक्त वर्णन) गरी दुई भागमा बाँडेका छन्। स्वभावोक्ति र वक्रोक्तिमा पृथकता देखाउन यिनले प्रायः सबै वक्रोक्तिमा श्लेषले शोभा बढाउँछ भनेका छन् । यसरी यिनले वक्रोक्तिलाई अलङ्कारविशेषमा सीमित गरी भामहहभन्दा सङ्कुचित अर्थमा प्रयोग गरेका छन् । इस्वीको सातौँ शताब्दीको अन्त्यतिरका आचार्य दण्डीले **काव्यादर्श**मा इष्ट अर्थले युक्त पदावली काव्यको शरीर हो भनेका छन् । वामन र रुद्रटले वक्रोक्तिलाई एउटा विशिष्ट अलङ्कार मानेर झन् सीमित अर्थमा प्रयोग गरेका छन् । **वामन** नवौँ शताब्दीका आचार्यले **काव्यालङ्कार सूत्रवृत्ति**मा काव्यको आत्मा रीति हो भनेका छन् । **रुद्रट** इस्वीको नवौ शताब्दीतिरका आचार्यले **काव्यालङ्कार**मा शब्द र अर्थ नै काव्य हो ।

आनन्दवर्धनले वक्रोक्तिलाई भामह जत्तिकै व्याप्ति दिएका छन् । उनले यसलाई काव्यको प्रमुख तत्त्व नमाने पनि काव्यको एक अङ्ग समस्त अलङ्कारमा व्याप्त रहने तत्त्व मानेका छन् । आनन्दवर्धन नवौँ शताब्दीका आचार्यले **ध्वन्यालोक**मा काव्यको आत्मा ध्वनि हो । आचार्य **कुन्तक**का उत्तरवर्ती

आचार्यमध्ये मम्मट र विश्वनाथले वक्रोक्तिको उल्लेख गरेका छन् । कुन्तक एघारौँ शताब्दीका आचार्यले **वक्रोक्तिजीवित**मा शब्द र अर्थको सहभावयुक्त, वक्रोक्ति भएको, काव्यज्ञातालाई आनन्द दिने व्यवस्थित रचना (बन्ध) काव्य हो । यसरी उपर्युक्त आचार्यहरूले मूल रूपमा आचार्य रुद्रटकै भनाइलाई पछ्याई वक्रोक्तिलाई एउटा अलङ्कार विशेष मानेका छन् ।

डा. तुलसीप्रसाद गौतमको **संस्कृत काव्य सिद्धान्त** नामक पुस्तकमा पूर्वीय साहित्यिक चिन्तनको उत्खननसितै वक्रोक्तिबारे नयाँ प्रकारले अध्ययन गरिएको पाइन्छ । तर अहिले एक्काइसौं शताब्दीको दोस्रो दशकमा पनि के ती साहित्यिक सिद्धान्तहरूको प्रयोजन छ ? भन्ने प्रश्न स्वाभाविक रूपमा उठ्छ । यो कुरा पनि सत्य हो कि ज्ञान अतीतबाट वर्तमान हुँदै भविष्यतर्फ मात्र बग्दैन कि भविष्यबाट वर्तमान हुँदै अतीततर्फ पनि बग्छ । त्यसैले शताब्दीयौंअघि पूर्वीय विशेष गरेर भारत वर्षमा गरिएको साहित्यको चिन्तन र ज्ञानमीमांसा आजसम्म पनि जीवित छ र पठनपाठन भइरहेकै छ । यससम्बन्धी वाद, प्रतिवाद र संवाद गरिएका पुस्तकहरू प्रकाशित भइराखेका छन् । यस पुस्तकलाई यसै सन्दर्भमा लिनु बाञ्छनीय हुन्छ । प्राचीनता भन्ने कुरा सबै समाजमा हुन्छ । मानव सभ्यताको विकास क्रममा ती समाजमा ज्ञान, विज्ञान र सौन्दर्यशास्त्रको आविष्कार हुन्छ। आज विश्वमा प्रभुत्वशाली र व्यापक बनेको पश्चिमी विशेष गरेर अंग्रेजी सभ्यतामात्रै आधुनिक र वैज्ञानिक हो कि भन्ने अन्धविश्वास छ । अंग्रेजी सभ्यता विश्वका धेरै सभ्यतामध्ये एक हो तर विशेषगरी औद्योगिक क्रान्तिसँगै बेलायतले सुरु गरेको उपनिवेशवादबाट यो भाषा र सभ्यता एसिया, मध्यपूर्व, अफ्रिका र ल्याटिन अमेरिका पुग्यो ।

युरोपेलीकरणको अभियान चल्यो, जसले रैथाने र मौलिक स्थानीय सभ्यतामाथि आक्रमण गऱ्यो । धर्मको नाममा इसाईकरणको अभियान चालियो र पश्चिम प्रमुख अनि गैरपश्चिमचाहिँ गौण बन्यो । दोस्रो विश्वयुद्धपछि अमेरिकाले नेतृत्व गरेको विश्वमा यो अभियान झन् तीव्र बन्यो । आज पनि रैथाने र मौलिक सभ्यता, जस्तै अरबी -, संस्कृत, चिनियाँ र प्राचीन ग्रीकमा पाउन सकिन्छ । पश्चिमीकरणको तीन सय वर्षको यत्रो प्रचार र प्रभुत्वका बाबजुद पनि यी सभ्यताहरू जीवित र उच्च नै रहेका छन् । पश्चिमलाई उत्कृष्ट र गैरपश्चिमलाई निकृष्ट ठान्ने प्रवृत्ति पनि यसका लागि जिम्मेवार छ । प्रस्तुत ग्रन्थको महत्व यस कारण छ कि यो विश्वकै सबैभन्दा प्राचीन र वैज्ञानिक भाषामा चिन्तन गरिएको काव्यशास्त्र हो । काव्यका विधिविधान र अनुशासनबारे पूर्व र पश्चिम दुवैतर्फ चिन्तन गरिएको छ तर प्रस्तुत पुस्तक विशेषगरी हिन्दू समाजको उद्गमस्थल भारत वर्षमा गरिएका विभिन्न चिन्तन प्रणालीहरूको विवेचना हो । ई संका ३००-१०० . बीचमा भरतले गरेको नाट्य सिद्धान्तको चिन्तन र ग्रीकका अरस्तुको विरेचन सिद्धान्तमा समानताहरू पाइन्छन् । अहिले समकालीन विश्वमा अत्यन्त द्रुतगतिमा विकसित न्युरोसाइन्स अर्थात् मस्तिष्क विज्ञानको आविष्कारले साहित्य र कलालाई नयाँ रूपमा हेरेको छ ।

मस्तिष्कको संज्ञान क्षेत्रमा हुने बोधबाट उत्पन्न अनुभूति भरतकै रस सिद्धान्तसित मिल्दोजुल्दो छ । वक्रोक्ति सिद्धान्त त बीसौं शताब्दीमा रुसी रूपवादीहरूले विपरिचितीकरणको सिद्धान्त प्रतिपादन गरेपछि मात्र पश्चिमले थाहा पायो । त्यो कुरा संस्कृत काव्यशास्त्रमा कुन्तकले पहिल्यै आविष्कार गरिसकेका थिए । त्यस्तै अलंकार, रीति र ध्वनि सिद्धान्तको उत्तिकै महत्व

छ । आज प्रचलनमा रहेको विनिर्माणवाद भाषा दर्शनको हिसाबले हजारौं वर्षअघि बौद्ध दार्शनिक नागार्जुन, अद्वैत वेदान्तका प्रणेता शंकराचार्य र भाषावैज्ञानिक भर्तृहरिले सोचिसकेका थिए। उनीहरू हाम्रा प्राचीन विनिर्माणवादका डेरिडाहरू हुन् । प्राचीन दर्शन र तत्वमीमांसा एकत्वको खोजी थियो, जहाँ अद्वैतसत्य अर्थात् परमसत्य ईश्वरलाई महत्व दिइएको थियो । यसर्थ संस्कृत काव्य सिद्धान्तको पनि आत्मा र परमात्मासँग सम्बन्ध छ । देवत्व प्राप्तिका लागि मन्त्रोचारण र काव्य रचना गर्ने चलन त्यसबखत थियो । पाँच हजार वर्षको लेख्य इतिहास भएको वेदबाट आरम्भ हुने संस्कृत काव्यशास्त्र विभिन्न कालखण्डमा विभिन्न विद्वान्हरूबाट परिभाषित हुँदै आएको हो । पछिबाट यो ज्ञान पश्चिमी संसारमा पनि पुग्यो । हामी जसरी पश्चिमबाट प्रभावित छौं, त्यसरी नै पूर्वबाट पनि पश्चिम प्रभावित छ ।

पूर्वीय दर्शन र चिन्तनबाट प्रभावित हुनेहरूमा सोपेनहावर, टीएस इलियट, एल्डस हक्सले, जेम्स ज्वायस, थोमस मान, चिन्तक केन विलवर र विट कवि एलेन गिन्सवर्ग पनि हुन् । आज हिन्दु धर्म र दर्शनका विश्वप्रसिद्ध ज्ञाता विन्डी डोनिगर हार्वर्ड विश्वविद्यालयमा प्राध्यापन गरिरहेकी छिन् । पछिबाट सामाजिक, आर्थिक, ऐतिहासिक, रूपवादी, संरचनावादी, भाषावादी, विनिर्माण र मनोवैज्ञानिक रूपमा कला, साहित्यको अध्ययन गर्ने पद्धतिहरू विकसित भए। यसको अर्थ प्राचीनताको महत्व घटेको भन्ने होइन, अतीतको ज्ञानबाट नै हामी भविष्यतर्फ उन्मुख हुन्छौं भन्ने प्रमाणित हुन्छ । पश्चिमी भाषाविज्ञान संस्कृत भाषा र व्याकरणको अध्ययन अनुसन्धान पछिमात्र आधुनिक बनेको हो, जसमा पाणिनि व्याकरणको महत्वपूर्ण योगदान छ । मानवजातिले

सिर्जनात्मक अभिव्यक्तिका लागि पहिलोपल्ट गुफामा रेखा कोऱ्यो, अनिमात्र सिर्जनात्मक बुद्धिको प्रयोग भयो । अहिले विज्ञान कृत्रिम मान्छेको निर्माणमा लागेको छ। जीवविज्ञानको सिद्धान्त अनुसार ब्याक्टेरियाबाट मानवको उत्पत्ति भयो । यो कुरा मान्ने हो भने अहिले हामीसँग स्टिफन हकिन्सजस्ता ब्रह्माण्डशास्त्रीको उत्कृष्ट मस्तिष्क पनि छ। यही मस्तिष्क विकास हुने क्रमकै रूपमा संस्कृत काव्यशास्त्र प्राचीन आर्य मनिषीहरूको उत्कृष्ट कलात्मक मस्तिष्कको उत्खनन हो भन्ने कुरामा दुईमत छैन । यस सन्दर्भमा पनि यस पुस्तकको महत्व छ ।

पूर्वीय साहित्य चिन्तनमा वक्रोक्ति सम्बन्धी चिन्तन एकै पटक थालिएको होइन । यस सम्बन्धमा पुराणहरूमा पनि केही कुराको उल्लेख पाइन्छ । पौराणिक कालबाट हालसम्म आइपुग्दा यसका बारेमा व्यापक चर्चा भएको पाइन्छ । यसै सन्दर्भमा वक्रोक्तिका केही पूर्वीय परिभाषालाई यहाँ उठाइएको छ । सर्वप्रथम **वक्रोक्तिजीवित**मा वक्रोक्तिलाई यसरी चिनाइएको छ – संक्षेपमा अभीष्ट अर्थ व्यक्त गर्ने दोषरिहत, गुणसहित पदावलीहरू भएको धुमाउरो कथन नै वक्रोक्ति हो । यस परिभाषामा वक्रोक्तिलाई भन्दा पनि समग्र काव्यलाई परिचित गराउने काम गरिएको छ । यस भनाइले समग्र वाङ्मयलाई समेटेको हुनाले यो परिभाषाले वक्रोक्तिलाई पनि सङ्केत गरेको बुझ्नुपर्ने हुन्छ । यसले काव्यमा बाङ्गो कथनलाई अपेक्षित सामग्री र सोझो कथनलाई वर्जित सामग्रीका रूपमा लिएको छ । यो प्रथम परिभाषा पछि मात्र वक्रोक्ति सम्बनधिको विधागत रूपमा चिन्तन अगाडि आएको छ।

वास्तवमा वक्रोक्ति सिद्धान्तका बारेमा सर्वप्रथम धारणा राख्ने पूर्वीय चिन्तक आचार्य कुन्तक भन्दा पनि आचार्य भामह हुन् । उनका अनुसार वक्रोक्ति भनेको लामो कथानक नभएको महान चरित्रमा आधारित, नाटकीय पञ्च सन्धि समन्वित उत्कृष्ट एवं अलङ्कृत शैलीमा रचित तथा जीवनका विविध रूप र कार्यको वर्णन गर्ने सर्गबद्ध र सुखान्तले युक्त टेढो कथन भएको काव्य हो । उनको यो परिभाषाले वक्रोक्तिलाई लामो कथानक नभएको, महान् चरित्रमा आधारित, सन्धियुक्त र आलङ्कारिक भाषा भएको धुमाउरो कथन रचनाका रूपमा सङ्केत गरेको छ । उनले यस्तो परिभाषा निर्माणका लागि **महाभारत** र **रामायण** जस्ता काव्यलाई आधारका सामग्रीका रूपमा लिएको देखिन्छ । यस परिभाषामा आएको लामो कथानक नभएको रचना वक्रोक्तिमय काव्य हो भन्ने कुराले केही विवाद सिर्जना गरेको छ । यस कुरालाई वक्रोक्तिमय काव्यहरूको कथामा अनावश्यक विस्तार हुनु हुँदैन भन्ने सन्दर्भमा बुझ्नु जरुरी हुन्छ ।

यसैगरी वक्रोक्तिलाई परिभाषित गर्ने अर्को आचार्य दण्डी हुन् । उनका अनुसार वक्रोक्तिमय काव्य आशीर्वाद , नमस्क्रिया वा वस्तुनिर्देशमध्ये कुनै एउटाबाट थालिएको हुनु  पर्दछ । सर्गबद्ध र इतिहास प्रसिद्ध कथानक भएका सदाश्रयी, चतुर एवं उदात्त किसिमको नायक हुनु पर्दछ । वक्रोक्तिमय काव्यले चतुर्वर्गफल दिनुपर्छ । नगर, शैल, सँगर, चन्द्रोदय तथा रत्युत्सव आदिको वर्णन गरिएको हुनुपर्छ । त्यस्तै मन्त्रदूतप्रयाणादि र नायकको उदयको वर्णन भएको अलङ्कृत संक्षिप्त रस निरन्तरतायुक्त सन्तुलित सर्गयुक्त पञ्चसन्धि समन्वित एवं लोक रञ्जक कथानक भएको रचना हो । दण्डीको यस

परिभाषाले वक्रोक्तिलाई व्यापक रूपमा परिभाषित गर्ने काम गरेको छ । वस्तु निर्देश, मङ्गलाचरण, कथानक, नायक, परिवेश र भाषाशैली आदि विषय वक्रोक्तिमय काव्यमा कस्ता रहन्छन् भन्ने सन्दर्भमा पनि यस परिभाषाले प्रकाश पारेको छ । वक्रोक्तिमय काव्यको परिभाषाका क्रममा आचार्य रुद्रटले महाकाव्यलाई यसरी परिभाषित गरेका छन् – वक्रोक्तिमा कथानक कल्पित वा अकल्पित जुनसुकै भए तापनि महान् हुन्छ । यस कथानकभित्र अवान्तर कथाहरू पनि समाविष्ट हुन सक्दछन् । यसले युग र जीवनको चित्रण गर्दछ । नायक सर्वगुण सम्पन्न द्विजकुलोत्पन्न र शक्तिशाली हुनुका साथै युद्धमा विजय प्राप्त गर्नसक्ने खालको हुनुपर्छ ।

आचार्य दण्डीले इतिहास प्रसिद्ध कथालाई वक्रोक्तिमय काव्यको कथास्रोत मानेका थिए तर रुद्रटले कल्पित वा अकल्पित कथानक भनेर कल्पनालाई पनि कथानकको स्रोत मानेका छन् तर कथानक महान् हुनुपर्छ भन्नेमा भने दुवैको एकमत रहेको छ । कथानकभित्र अवान्तर कथाहरू पनि आउने कुराको थप व्यवस्था रुद्रटको परिभाषाको नवीन पक्ष हो । यसै क्रममा आचार्य हेमचन्द्रले वक्रोक्तिमय काव्यलाई यसरी परिभाषित गरेका छन् – पद्यबद्ध रूपमा प्रायः संस्कृत, अपभ्रंश आदि भाषामा विभिन्न कथानकलाई लिएर शब्द वैचित्र्य, अर्थ वैचित्र्य, रसयुक्त, छन्दोबद्ध एवं लोकरञ्जक गुण बोकेको काव्य नै वक्रोक्ति हो । आचार्य हेमचन्द्रले संस्कृतेतर भाषालाई पनि वक्रोक्तिमय काव्योचित भाषाका रूपमा स्वीकार गरेका छन् । शब्द र अर्थको वैचित्र्य हुनुपर्छ भन्ने कुराले वक्रोक्ति अन्योक्ति मूलक रचनामा प्रयोग हुने कुरा हो भन्ने कुरालाई बुझाएको छ ।

संस्कृत साहित्यका विशिष्ट चिन्तक आचार्य विश्वनाथले वक्रोक्तिलाई यसरी परिभाषित गरेका छन् । उनका आनुसार– वक्रोक्तिमय काव्य सर्गबद्ध हुन्छ र त्यसको नायक शूर सद्वंशी, क्षेत्रीय, एकै वंशका धेरै पनि हुन सक्दछन् । श्रृङ्गार, वीर र शान्तमध्ये कुनै एक अङ्गी र अन्य अङ्ग रस हुनुपर्दछ । कथानक नाटकीय पञ्च सन्धि समन्वित हुनु पर्दछ । कथानक इतिहासप्रसिद्ध र सज्जनाश्रित हुनु आवश्यक हुन्छ । सुरुमा वस्तु निर्देश, नमस्क्रिया वा आशीर्वाद रहनु पर्दछ । सत्पात्रको गुणको बयान र दुर्जनको निन्दा गरिएको हुनु पर्दछ । न धेरै लामा न धेरै छोटा कम्तीमा आठ वटा सर्ग रहनु पर्छ । सर्गको अन्त्यमा भावीसर्गको सूचना हुनु पर्दछ ।

सम्पूर्ण कालचक्र (सन्ध्या, प्रभात, रजनी, मध्याह्न, आदि) सम्पूर्ण ऋतुचक्र, स्वर्गदेखि धर्तीसम्म र धर्तीदेखि स्वर्गसम्मको सम्पूर्ण परिवेशको वर्णन वक्रोक्तिमय काव्यमा हुनुपर्दछ । सम्भोग, विप्रलम्भ, पुत्रोत्पत्ति आदिको वर्णन महाकाव्यमा हुनु पर्दछ । रणप्रयाण एवं सत्को विजय देखाइएको हुनुपर्दछ । नायक, कथानक वा कविको नामबाट वक्रोक्तिमय काव्यको नामकरण गरिएको हुनु पर्दछ । विविध छन्दको प्रयोग गरिनुका साथै सर्गको अन्त्यमा छन्द बदल्नु पर्दछ । आचार्य विश्वनाथ वक्रोक्तिबारे प्रस्तुत परिभाषाले परम्परित परिभाषाहरूको समर्थन मात्रै नगरी केही नवीन पक्षलाई पनि समेटेको देखिन्छ । चतुवर्गफलको सिद्धिमध्ये कुनै एउटाको प्राप्तितर्फ परिभाषाले सङ्केत गरेकोले उनको विचार ललित वा कलात्मक वक्रोक्तिमय काव्यतिर बढी झुकेको पाइन्छ । यस्तै अङ्गीरसमा करुण रसको कुरा उल्लेख नगर्नाले पनि यो कुरालाई पुष्टि गर्न थप मद्दत पुगेको छ ।

विश्वनाथको यस परिभाषाले वक्रोक्तिमय काव्यलाई ज्यादै औपचारिक रचनाका रूपमा परिभाषित गरेको छ । विश्वनाथपछि आचार्य जगन्नाथले सम्पूर्ण काव्यलाई नै परिभाषित गरेकाले भामहदेखि विश्वनाथसम्मका परिभाषालाई समेटेर वक्रोक्तिमय काव्यलाई विश्वनाथलाई जुन रूपमा चिनाएका छन् सोही रूपमा चिनाउने काम गरेका छन् । माथि प्रस्तुत गरिएका पूर्वीय वक्रोक्ति र वक्रोक्तिमय काव्य परिभाषालाई हेर्दा भामह र दण्डीय आर्ष महाकाव्यलाई आधार बनाएर वक्रोक्तिको परिभाषा निर्माण गरेका छन् भने अन्य आचार्यहरूले ललित वा कलात्मक काव्यलाई आधार बनाएका छन् ।

संस्कृत साहित्यका चिन्तकहरूले प्रस्तुत गरेका वक्रोक्तिको परिभाषाका सारलाई समेट्दा वक्रोक्ति र वक्रोक्तिमय काव्यलाई सर्गबद्धता, छन्दोबद्धता, पञ्सन्धियुक्तता, अलङ्कृत भाषाशैली, इतिहासप्रसिद्ध, काल्पनिक वा दन्त्य कथामा आधारित कथानाक, सत्पात्रको चरित्र चित्रण, रसभावको निरन्तर प्रवाह भएको चतुवर्ग फलमध्ये कुनै एकको प्राप्ति हुने जीवनको सुखान्त अभिव्यक्तिका रूपमा, सोझै रूपमा नभएर धुमाउरो शैलीमा, बाङ्गो कथन आदिको रूपमा चिनाएको देखिन्छ ।

पूर्वीय साहित्यमा जस्तै पाश्चात्य साहित्य चिन्तनमा पनि **वक्रोक्ति**को परिभाषा विद्वानहरूले आ – आफ्नै प्रकारले दिएको पाइन्छ । पाश्चात्य साहित्यमा युनानी स्रष्टा होमरद्वारा रचित इलियड र ओडिसी जस्ता प्रसिद्ध रचनाद्वारा साहित्य सिर्जनाको सुरुवात भएको हो । पश्चिमको सिङ्गो साहित्य चिन्तन परम्पराको आरम्भ प्लेटो (सन् ४२७ - ३५ ) - ले गरेका हुन्

(सुवेदी, २०३२ पृ. १)। तर वक्रोक्तिमय काव्यका बारेमा चिन्तनको सुरुवात भने एरिस्टोटल (सन् ३८४ - ३२२) - बाट भएको मानिन्छ । एरिस्टोटलले वक्रोक्तिमय काव्यका बारेमा छुट्टै सिद्धान्तको प्रतिपादन नगरे पनि दुःखान्तको चर्चा गर्ने क्रममा आफ्नो काव्यशास्त्र (पेरूपोइतिकेस) - मा दुःखान्तक र महाकाव्यका बिचमा तुलना गर्दै वक्रोक्तिको अर्थलाई पनि खुटाएका छन् । यस क्रममा एरिस्टोटलले वक्रोक्तिमय काव्यलाई यसरी चिनाएका छन् – वक्रोक्तिमा आफ्नो सीमामाथि विस्तार गर्ने विशिष्ट क्षमता हुन्छ । यस प्रकारको काव्यहरूका रूप आख्यानात्मक तथा छन्द एउटामात्र प्रयोग भएको हुन्छ । कथानकको विकास आदि मध्य र अन्त्यमा भएको हुन्छ । यसमा एक पूर्ण घटनाको उल्लेख हुनु आवश्यक छ र यसले एउटा जीवन्त प्राणीले जस्तै आनन्द प्रदान गर्दछ । एरिस्टोटलको यस परिभाषमा होमरद्वारा रचित इलियड र ओडिसी जस्ता विकसित वक्रोक्तिमय काव्यलाई समेटिएको छैन । उनले दुःखान्तक र महाकाव्यका बिचमा तुलना गर्दा केवल कलात्मक महाकाव्य (इपिक अफ आर्ट) - लाई मात्र सङ्केत गरेका छन् , वक्रोक्तिको त्यति उल्लेख गरेको पाइन्न । उनको परिभाषाले एक छन्दको प्रयोगलाई जोड दिएको छ । जे भए तापनि पश्चिममा वक्रोक्तिमय काव्यका बारेमा गरिएको यो प्रथम अभिव्यक्ति भएका कारणले उनको धारणा बढी महत्वपूर्ण रहेको छ ।

एरिस्टोटलपछि पश्चिममा वक्रोक्तिमय काव्यसम्बन्धी चिन्तन धेरै समयसम्म अवरुद्ध भएको छ । धेरै समयको अन्तरालपछि मात्र यसमा निरन्तरता आएको छ । यसै क्रममा जोसेफ एडिसनले जान मिल्टनको प्याराडाइज

लस्टको भूमिकामा वक्रोक्तिमय काव्य सम्बन्धी आफ्नो विचारलाई अगाडि सारेका छन् । उनका अनुसार – वक्रोक्तिमय काव्य दन्त्य कथा पूर्ण वा अपूर्ण हुन्छ । यसमा कम्तीमा तिन कुरा प्रमुख रूपमा रहेका हुन्छन् । वक्रोक्तिमय काव्य हुनको लागि एउटा घटना हुनुपर्छ, घटना महान् हुनुपर्छ (दि नोर्तोन एएन्थोलजी अफ इङ्लिस लिटेरचर, सन् १९७३, पृ. १७७) । एडिसनले वक्रोक्तिमय काव्यमा कथानकलाई मात्र महत्व दिएका छन् । कथानकलाई गतिशील बनाउने नायक परिवेश आदि कुराका बारेमा उनको विचार ज्यादै मौन बसेको छ । उनका विचारमा घटनालाई पूर्णतामा पुर्याउन सक्ने खालको महान् पात्रको आवश्यकता वक्रोक्तिमय काव्यमा हुन्छ भन्ने कुराको अनुमान हामीले गर्न सकिन्छ । यसर्थ उनको वक्रोक्तिमय काव्य सम्बन्धी प्रस्तुत धारणा पूर्ण छैन । यसै गरी पाश्चात्य साहित्य चिन्तक एवर क्रम्बेले वक्रोक्तिमय काव्यको परिभाषा दिने क्रममा महाकाव्यलाई साहित्यिक र ऐतिहासिक हाँगाहरूमा विभाजन गर्दै आलङ्कारिक रूपमा मनोरञ्जन पाराले लेखिएको रचनालाई साहित्यिक महाकाव्य र ऐतिहासिक पारामा कथानकमा समय अनुसार स्वरूप निर्माण गरिएको वक्रोक्तिमय काव्यलाई उत्तम काव्य मानेका छन् । उनको यस विचारले विषयअनुरूप वक्रोक्तिमय काव्यलाई विभाजन गरेर अध्ययन गर्न सकिने कुरालाई सङ्केत गरेको छ ।

यसैगरी पाश्चात्य समालेचक सि. एम. बाबराले वक्रोक्तिमय काव्य सम्बन्धी परिभाषा अनुसार – त्यो बृहदाकार कथात्मक काव्य वक्रोक्तिमय काव्य हो जसमा महत्वपूर्ण र गरिमामय घटनाको वर्णन हुन्छ तथा त्यसमा केही पात्रहरूको क्रियाशील एवं भयङ्कर कार्यले भरिएको जीवनकथा हुन्छ । त्यो

पढ्दा हामीलाई घटना र पात्रले हाम्रो हृदयमा मानवीय उपलब्धिहरू तथा गौरव र महत्वमाथि दृढ आस्था उत्पन्न गरिदिन्छन् (सि. एम. बाबरा, सन् १९४५, पृ. १६) । उनको यस भनाइले वक्रोक्तिमय काव्यलाई ज्यादै गहन काव्यका रूपमा परिभाषित गरेको छ । यसै गरी अन्य केही ग्रन्थहरूले पनि वक्रोक्तिमय काव्यलाई परिभाषित गर्ने काम गरेका छन् । जसमध्ये एक उल्लेख्य परिभाषा अनुसार वीरतापूर्ण कार्यको सुविस्तृत रूपमा वर्णन गरिएको वर्णनात्मक कविता नै वक्रोक्तिमय काव्य हो । यसमा नायक प्रायः एउटै हुन्छ । उच्चस्तर राष्ट्रिष्ता, सार्थकता शौर्य आदिको विस्तृत वर्णन समेत यसमा हुन्छ । यस विचारले वक्रोक्तिमय काव्यलाई वीरतापूर्ण एउटा भएको विस्तृत कथाका रूपमा चिनाएको छ । यसै गरी अर्को थरि परिभाषा अनुसार वक्रोक्तिमय काव्य भनेको गम्भीर रूपमा लेखिएको आख्यानात्मक एवं आलङ्कारिक पदावलीको प्रयोग गरिएको दैवी वा अर्ध दैवी पात्रको समावेश भएको औपचारिक एवं वृत्ताकार शैलीमा लेखिएको रचना हो (एम. एच. अब्राहम्स्, सन् १९९३, पृ. ५३)। यस परिभाषाले वक्रोक्तिमय काव्यलाई आख्यानात्मक, आलङ्कारिक भाषा भएको दैवी पात्रको प्रयोग हुने विशिष्ट रचनाका रूपमा चिनाएको छ ।

पाश्चात्य साहित्यको चिन्तन परम्परालाई हेर्दा वक्रोक्ति र वक्रोक्तिमय काव्य बारेका प्रमुख धारणाहरूमा, वक्रोक्तिमय काव्य वर्णनात्मक कविता भएको, छन्दोबद्धता र आलङ्कारिक भाषिक योजना रहने, महान् कथामा महान् नायक रहनु पर्ने, सिङ्गो युग सभ्यता समाज र संस्कृतिको प्रतिबिम्बका रूपमा महाकाव्य रहने जस्ता चिन्तन उल्लेख्य रहेका छन् । यसबाट

वक्रोक्तिमय काव्यमा महान नायकले महान कथा बोकेको हुन्छ र त्यो छन्दोबद्ध गरिमामय लामो वर्णनात्मक रचना हो साथै बाङ्गो – टेढो कथनले युक्त काव्य पनि हो भन्ने निष्कर्ष निस्कन्छ । संस्कृत र पाश्चात्य काव्य चिन्तनका अतिरिक्त नेपाली र हिन्दी साहित्यमा पनि **वक्रोक्ति**लाई चिनाउने विविध प्रयासहरू भएका छन् । यसै सन्दर्भमा केही उल्लेखनीय विचारहरूलाई यहाँ समेटिएको छ । वक्रोक्तिमय काव्यलाई चिनाउने क्रममा भारतीय समालोचक नागेन्द्रका अनुसार - महाकाव्यलाई उदात्त कथानकयुक्त, उदात्त नायकयुक्त, उदात्त उद्देश्ययुक्त एवं उदात्त भाव र शैलीयुक्त वर्णनयुक्त रचना हो (नगेन्द्र, सन् १९८१, पृ. १२७) । उनको यस विचारले वक्रोक्तिमय काव्यलाई गरिमामय काव्यका रूपमा चिनाएको छ ।

यसैगरी अर्का भारतीय समालोचक भगीरथ मिश्रका अनुसार– वक्रोक्तिमय काव्य कविको कल्पनासंयम तर प्रबल हुन्छ । ऊ भित्र नवनिर्माणको चेतनाका सार्थ हरेक वस्तुका विशेषताहरूलाई सूक्ष्म रूपमा निरीक्षण गर्न सक्ने क्षमता रहन्छ । महाकविभित्र रहेको पदावलीको जादुले महाकवि र अन्य कविका बिचमा भिन्नता रहेको हुन्छ (मिश्र, २०४७, पृ. ५५) । अतः महाकाव्य आफ्नो महत्तामा अक्षुण रहन्छ । उनको यस भनाइले पनि महाकाव्यलाई महान् रचनाका रूपमा नै परिभाषित गरेको छ । यसैगरी नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाले पनि वक्रोक्तिका बारेका आफ्नो विचार प्रस्तुत गरेका छन् । उनका अनुसार– 'साधारण सामाजिक औपन्यासिक सामग्री र युक्तिको कल्पनाद्वारा रचना गरिएको कविता उपन्यास जसलाई वक्रोक्तिमय काव्य भन्ने साधारण समझको उपाधि सायद उपाधि नै

हुने गरी दिइएको छ । कति मात्रामा सुहाउँदो छ म भन्न सक्दिन' (देवकोटा, २००३) । देवकोटाले वक्रोक्तिमय काव्यलाई कवितामा रचना गरिएको औपन्यासिक कृतिका रूपमा चिनाएका छन् जुन कुरा उनका वक्रोक्तिमय काव्यका भूमिकामा उनले प्रस्तुत गरेका विचारबाट स्पष्ट हुन्छ । यसैगरी नेपाली साहित्यका समालोचक वासुदेव त्रिपाठीले वक्रोक्तिमय काव्यलाई यसरी चिनाएका छन् – 'वक्रोक्तिमय काव्य भनेको वस्तुगत रूपमा समसामयिक धरातलमा टेकेर मानसिक भावनात्मक र वैचारिक चिन्तनात्मक स्तरमा महत्तम कविता छविद्वारा जीवनको विस्तृत अझ विराट् अभिव्यञ्जना गरिएको रचना हो ।' (त्रिपाठी, २०४८, पृ. १०९) । उनको यस भनाइले वक्रोक्तिमय काव्यलाई कविताको वृहत् स्वरूप भएको हार्दिक र बौद्धिक पक्ष समेटिएको रचनाका रूपमा चिनाएको छ ।

नेपाली समालोचना क्षेत्रका व्यक्ति ईश्वर बरालद्वारा सम्पादित नेपाली साहित्यकोशमा वक्रोक्तिमय काव्यलाई यसरी चिनाइएको छ : "कुनै पनि राष्ट्र वा जातिका महत्वमा आदर्श संस्कार, संस्कृति इतिहास जीवन दर्शन र नीति जस्ता सम्पूर्ण राष्ट्र वा जातिद्वारा गौरव गरिने सम्पूर्ण राष्ट्र वा जातिकै स्वाभिमानको प्रतिनिधित्व गर्ने सम्पदाहरूको सङ्गठन भएको सबै अङ्ग र रूपले परिष्कृत र परिमार्जित उत्कृष्ट काव्य नै महाकाव्य हो" (बराल, २०५२, पृ. ५९७) । यस परिभाषाले पनि वक्रोक्तिमय काव्य विधालाई जीवन जगत्का विविध पक्ष समेट्ने आदर्श र गरिमामय बृहद् आयामयुक्त रचनाका रूपमा परिभाषित गरेको छ । समालोचक कृष्ण गौतमले वक्रोक्तिमय काव्यका सन्दर्भमा आफ्नो धारणा यसरी प्रस्तुत गरेका छन् : "कुनै कृतिले ठूलो हुँदैमा महाकाव्यको अभिधान पाउँदैन वक्रोक्तिमय काव्यका निम्ति उच्चता हुनु पर्दछ

र एउटै शब्दमा भन्ने हो भने गाम्भीर्य हुनु पर्दछ" (गौतम, २०५५, पृ. ३) । उनको यस परिभाषाले काव्यको कलात्मक उचाइलाई ध्यान दिनुका सार्थ आकारमा व्यापक नभए पनि भावमा गाम्भीर्य, उच्च भाव, भव्य र गरिमामय रचना विधालाई काव्यका रूपमा परिचित गराएको छ।

पूर्वमा भामह र पश्चिममा एरिष्टोटलका विचारहरू नै वक्रोक्ति सम्बन्धी चिन्तन परम्परालाई अगाडि बढाउने प्रथम उद्गम विन्दु हुन् । यिनीहरूका विचारका उत्तरवर्तीहरूले चिन्तन मनन गर्दै वक्रोक्ति चिन्तनलाई वर्तमानसम्म ल्याइ पुरायाएका छन् । पूर्वमा र पश्चिममा वक्रोक्तिलाई चिनाउने सन्दर्भमा आ - आफ्नै किसिमले परिभाषाहरू गरिएका छन् । यी दुवै थरीका विचारमा कतै समानता कतै असमानता देखिएका छन् । भामह र एरिस्टोटल दुवैले महान् चरित्रको वर्णन भएको परिष्कारूपूर्ण र बोलीचालीको भन्दा ज्यादै भिन्न कलात्मक भाषामा रचना गरिएको एउटै मूल कथावस्तु भएको छन्दोबद्ध रचना साथै घुमाउरो कथनलाई वक्रोक्ति मानेका छन् । पूर्वमा पञ्चसन्धिको आवश्यकतालाई अनिवार्य ठानिएको छ भने एरिस्टोटल त्रासदीमा हुने वस्तु सङ्गठनलाई वक्रोक्तिमा अपेक्षित ठान्दछन् । सन्धिको अनिवार्यतालाई पूर्वमा विश्वनाथले पनि समर्थन जनाएका छन् । यसैगरी अन्य केही कुरामा पूर्व र पश्चिममा केही भिन्नता रहेको पाइन्छ ।

पूर्वमा वक्रोक्तिमय काव्यमा छन्दको विविधतालाई स्वीकार गरिएको छ, तर पश्चिममा केवल एक छन्द (वीर छन्द) - को अपेक्षा गरिएको छ । पूर्वमा श्रृङ्गार शान्त र वीर रसमध्ये एक रसलाई वक्रोक्तिमय काव्यको अङ्गी रस मानिएको छ भने अन्य रसलाई अङ्ग रस मानिएको छ । पश्चिममा भने करुण रसलाई अङ्गी रसको मान्यता दिइएको छ । यसैगरी पूर्वमा

वक्रोक्तिमय काव्यमा आदर्श विचारलाई मान्यता दिइएको छ र त्यसको अपेक्षा वक्रोक्तिमय काव्यमा गरिएको हुन्छ । तर पश्चिममा जीवन र जगत्को वास्तविकतालाई देखाउने दुःखान्तक र भौतिकतालाई प्रतिनिधित्व गर्ने विचारलाई महत्व दिइएको छ । तुलनात्मक रूपमा हेर्दा पूर्वको वक्रोक्तिमय काव्य चिन्तन परम्परा भामहदेखि विश्वनाथसम्म आइपुग्दा जति विकसित भएको छ पश्चिममा त्यसको अभाव रहेको देखिन्छ । काव्यात्मक विचारको स्थापनाको निम्ति यी दुवैको महत्व उत्तिकै रहेको छ । पूर्व र पश्चिमको वक्रोक्तिमय काव्य चिन्तनलाई समेटेर वक्रोक्तिमय काव्यको परिभाषा गर्दा महाकाव्य गम्भीर कथानक बोकेको, उच्च नायकको चरित्रमा आधारित, युग, सभ्यता, समाज, संस्कृति तथा इतिहासका विविध पक्षहरूलाई समेटी लयात्मक तथा कलात्मक भाषाको प्रयोग भएको, पञ्चसन्धि समन्वित बृहत् आयामयुक्त गरिमामय आख्यानयुक्त सर्गबद्ध शाश्वत् कृति, धुमाउरो कथन, टेढो भनाई, बाङ्गो बोली आदि हो । वक्रोक्ति ग वक्रोक्तिमय काव्य समसामयिक विधाका रूपमा पनि रहेको हुनाले यसलाई वर्तमानको सापेक्षतामा पनि परिभाषित गर्नु जरुरी हुन्छ ।

वक्रोक्ति र वक्रोक्तिमय काव्यको स्वरूपबारे पनि विभिन्न आचार्यहरूको आ – आफ्नै धारणा – मान्यता रहेको पाइन्छ । माथि प्रस्तुत गरिएको वक्रोक्ति र वक्रोक्तिमय काव्यको परिचय र परिभाषाले वक्रोक्ति भनेको के हो ? भन्ने कुरालाई स्पष्ट पारेका छन् । त्यसैले ती कुरालाई समेटेर वक्रोक्तिको स्वरूपलाई चिनारि गराउने केही बुँदाहरूमाः काव्य ज्यादै पुरानो विधा हो; काव्य बृहत् आयाम भएको आख्यानात्मक कविता हो; काव्यमा जीवनजगत्को बृहत् प्रस्तुति हुन्छ; काव्य सर्गबद्ध रचना हो; काव्य कलात्मक र आलङ्कारिक

भाषामा रचित हुन्छ भन्ने आदि स्वरूप पाइने हुनाले वक्रोक्तिलाई मुल अफ्नाएर लेखिएका काव्यहरू पनि कथनमा धुमाउरो भए तापनि यसै अनुरूप अभिव्यक्त हुन्छ भन्ने बुझिन्छ ।

पूर्वीय काव्य साहित्यमा वक्रोक्ति सम्प्रदायको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । भाषाको विकासको पृष्ठभूमिसँगै वक्रोक्तिको पृष्ठभूमि पनि गासिएको छ । वैदिक कालीन ग्रन्थ ऋग्वेद, यास्कको निरुक्त, पाणिनीको अष्टाध्यायी जस्ता ग्रन्थमा अलङ्कारको प्रयोग अनौपचारिक रूपमा भएको मानिन्छ । भरतमुनिको नाट्यशास्त्रमा चारवटा वक्रोक्तिको उल्लेख भएको देखिन्छ । वक्रोक्ति चिन्तन परम्पराको औपचारिक रूपमा प्रारम्भ र विकास गर्ने छैटौं शताब्दीका आचार्य भामह र उनको ग्रन्थ **काव्यालङ्कार** हो । उनीलाई अलङ्कार सम्प्रदायका संस्थापक आचार्य वा अलङ्कारवादका जन्मदाता पनि मानिन्छ । भामहपछि आचार्य दण्डीले पनि वक्रोक्तिको महत्त्वलाई उजागर गर्ने प्रयत्न गरेका छन्। उनको 'काव्यादर्श नामक ग्रन्थमा वक्रोक्तिको परिभाषा, वर्गीकरण गरेको पाइन्छ । दण्डीपछि उद्भटले 'काव्यालङ्कार सार सङ्ग्रह, रुद्रटले 'काव्यालङ्कार, रूप्यकले 'अलङ्कार सर्वस्व नामक ग्रन्थमा वक्रोक्तिको सम्बन्धी आफ्ना विचार र अवधारणा व्यक्त गरेको देखिन्छ । मंमट, विश्वनाथ, जगन्नाथ जस्ता पूर्वीय विद्वान्हरूले पनि कुनै न कुनै रूपमा वक्रोक्तिको महत्त्व र आवश्यतालाई उल्लेख गरेका छन् । त्यसैले अलङ्कार चिन्तनको परम्परागत इतिहास लामो र विशिष्ट देखापर्छ । तथापि वक्रोक्ति सिद्धान्तको मूल प्रतिष्ठा तथा प्रतिपादन गर्ने श्रेय भने आचार्य कुन्तकलाई नै दिइन्छ ।

वक्रोक्ति - सिद्धान्तको परम्परा पूर्वीय साहित्यमा प्राचीन रहेको पाइन्छ । भामहभन्दा पूर्ववर्ती कविहरू बाण, सुबन्धु आदिका काव्यहरूमा वक्रोक्तिको

सन्दर्भ विशेष रूपमा प्राप्त हुँदछ । आचार्य भामहले वक्रोक्तिको प्रयोग व्यापक अर्थमा गरेका छन् । उनले वक्रोक्तिमा शब्द र अर्थ दुवैलाई अन्तर्भाव मानेको पाइन्छ । उनले विशेष गरेर वक्रोक्ति तथा अतिशयोक्तिलाई समान अर्थमा प्रयोग गरेका छन् । अतिशयोक्तिको अर्थ हुन्छ –

*लोक तिक्रान्त गोचरता : ।*

वक्रोक्तिलाई यसै कारण काव्यको विशिष्ट सम्प्रदाय र आचार्य भामहले यसलाई मूल अलङ्कार मानेका छन् । यसको बिना वाक्य काव्य न रहेर वार्ता मात्र हुन जान्छ । आचार्य दण्डीले पनि वक्रोक्तिलाई भामह कै समान महत्व दिएका छन् । उनले वाङ्मयको दुई भेद रहेको बताएका छन् । ती हुन् - स्वाभावोक्ति तथा वक्रोक्ति । आचार्य दण्डीले वक्रोक्ति तथा अतिशयोक्तिलाई समस्त अलङ्कारहरूका मूलमा स्वीकार गरेका पनि छन् । भामह र दण्डीमा केवल यही अन्तर पाइन्छ कि भामह स्भावोक्तिलाई वक्रोक्तिको परिधिमा स्वीकार गर्दछन् भने दण्डी यसलाई भिन्न मान्दै वक्र कथनभन्दा कम महत्वपूर्ण समझन्छन् ।

आचार्य आनन्दवर्धनले वक्रोक्तिको स्वतन्त्र व्याख्या त्यति गरेको पाइन्न । उनले यसलाई विशिष्ट अलंकार मानेर यसका सामान्य तथा व्यापक रूपलाई स्वीकार गरेको देखिन्छ । आनन्दवर्धनले भामहको वक्रोक्ति सम्बन्धी महत्वलाई स्वीकार गर्दै करते अतिशयोक्ति तथा वक्रोक्तिको पर्याय मानेका छन् अनि सवै अलङकारहरूलाई अतिशयोक्ति गर्भित स्वीकार गरेका पनि पाइन्छ। १० औं – ११ औं शदाब्दीका आचार्य रहेको अभिनवगुप्तले वक्रोक्तिको सामान्य रूपलाई स्वीकार गरेको पाइन्छ । उनको मतअनुसार शब्द र अर्थ रहेको वक्रताका आशय त्यसको लोकोत्तर स्थिति हो तथा यस लोकोत्तरको अर्थलाई नै अतिशय मान्न सकिन्छ भनेर भनेका छन् । उनले **अतिशय** भनेको

अरू केही नभएर **वक्रोक्ति** नै हो भनेका छन् । वक्रोक्ति सिद्धान्तका प्रवर्तक मानिने आचार्य कुन्तकले आफ्नो ग्रन्थ **वक्रोक्ति जीवितम्** - मा वक्रोक्तिबारे विस्तृत रूपमा अर्थ्याउदै यसलाई काव्यको आत्मा भनेका छन् । उनले वक्रोक्ति अन्तर्गत सबै काव्य सिद्धान्तहरूलाई समाहार गर्दै समस्त काव्याङ्गहरू वर्ण चमत्कार -, शब्द सौन्दर्य, विषयवस्तुको रमणीयता, अप्रस्तुत - विधान, प्रबन्ध, कल्पना आदिलाई वक्रोक्तिमा उचित स्थान दिएका छन् ।

आचार्य कुन्तकको मतअनुसार वक्रोक्ति केवल वाक् - चातुर्य अथवा उक्ति चमत्कार मात्र होइन , यो कवि व्यापार अथवा कवि कौशल हो । डॉ॰ नगेन्द्रको विचार अनुसार आधुनिक शब्दावलीम"ा यसलाई कलावाद भन्न सकिन्छ ।" वक्रोक्ति काव्यका सर्वप्रमुख तत्व कला हो । यसको अर्थ यही साबित हुँदैन कि कुन्तकले आफ्नो सिद्धान्तमा विषय – वस्तुलाई निषेध गरेका छन् । उनले काव्य वस्तुलाई स्वाभाविक रमणीयताको रूपमा स्वीकार गरेको पाइन्छ । कविहरूले काव्य वस्तुलाई सहृदय - रमणीय धर्महरूलाई व्यक्त गर्नु जरूरी छ । यही कवि प्रतिभादेखि मात्र सम्भव हुने गर्दछ । यसर्थ अन्ततः वक्रोक्तिको अन्य केही नभएर कवि व्यापार नै वक्रोक्ति हो भन्न सकिन्छ ।

## 13.4 उपसंहार

**वक्रोक्ति** दुइवटा शब्दहरू 'वक्र' र 'उक्ति' - का सन्धिले निर्मित भएको शब्द हो । यसको शाब्दिक अर्थ हुन्छ – यस्तो उक्ति, जुन सामन्य भन्दा अलग र विशिष्ट प्रभृतिको हुन्छ । 'वक्र' – को अर्थ धुमाउरो, बाङ्गो, टेडो र 'उक्ति' - को अर्थ भनाइ, बोलाइ, कुरा गराई आदि हो । यसर्थ वक्रोक्तिलाई

टेडो कथन वा भनाई पनि भनिने गरिन्छ । कता – कता यो लक्षणा र व्यञ्जना दुवै शब्द शक्तिसित सामिप्यमा रहेको पनि हुन्छ । पूर्वीय साहित्य सिद्धान्तमा आचार्य कुन्तकलाई वक्रोक्ति – सिद्धान्तका आचार्य मानिने गरिन्छ । आचार्य भामह पछि उनको प्रदार्पण पूर्वीय साहित्य संसारमा भएको मानिन्छ । यसैले भामहको परवर्ती आचार्यको रूपमा उदाएको आचार्य **कुन्तक**ले वक्रोक्तिलाई एक सम्पूर्ण सिद्धान्तको रूपमा विकसित गरेर काव्यका समस्त अङ्गहरूलाई पनि यस सिद्धान्तमा समाविष्ट गरेको पाइन्छ । यसर्थ आचार्य कुन्तकलाई नै **वक्रोक्ति सम्प्रदाय**को प्रवर्तक आचार्य मानिने गरिन्छ । कतिपय विद्वानहरूले वक्रोक्ति र व्यञ्जनालाई एउटै मानेका पनि छन् ।

**वक्रोक्ति** शब्दको निर्माण वक्र + उक्ति शब्दको योगबाट भएको हो । वक्रको अर्थ टेढो वा घुमाउरो तथा उक्तिको अर्थ भनाइ वा कथन भन्ने हुन्छ । यसरी वक्रोक्तिको शाब्दिक अर्थ घुमाउरो भनाइ भन्ने हो । शास्त्रीय दृष्टिबाट चाहिँ यसको तात्पर्य शास्त्र एवं लोकव्यवहारमा प्रसुद्ध उक्तिभन्दा विलक्षण तथा चमत्कारपूर्ण अर्थ बुझाउनु हो । वक्रोक्तिमा विचित्र उक्ति पाइने हुँदा यसलाई विचित्रोक्ति पनि भनिन्छ । वक्रोक्तिवादका प्रवर्तक कुन्तककले वक्रोक्तिको परिभाषा र व्याख्या आफ्नो ग्रन्थ **वक्रोक्ति जीवितम्**मा विभिन्न ठाउँमा गरेका छन् । वास्तवमा भावात्मक पक्षबाट हेर्दा शास्त्रीय र लौकिक व्यवहारमा प्रयुक्त शब्दार्थ भन्दा विलक्षण उक्ति नै वक्रोक्ति हो । भावात्मक पक्षबाट हेर्दा सहृदयका हृददयमा आह्लाद उत्पन्न गर्ने सामर्थ्य र प्रतिभाजन्य वैदग्ध्य अर्थात् कि कर्मकौशलको चमत्कारयुक्त वर्णन नै वक्रोक्ति हो । संक्षेपमा भन्ने हो भने काव्यको आत्मा वक्रोक्ति विदग्ध भङ्गीयुक्त विलक्षण, विचित्र तथा आह्लादपूर्ण वर्णन हो ।

घुमाउरो भनाइ भनेकै ***वक्रोक्ति*** हो । कुटिल भन्ने अर्थमा वक्रोक्ति शब्दको प्राचीन प्रयोग वेद तथा लोकमा पाइए तापनि यस शब्दलाई काव्यशास्त्रमा भित्र्याउने प्रथम व्यक्ति भामह हुन् । यिनले अलङ्कारलाई चिनाउने क्रममा अतिशयोक्तिको चर्चा गरेका छन् र त्यही अतिशयोक्तिलाई नै वक्रोक्तिको संज्ञा दिएका छन् । उनले अलौकिक उक्ति वा विशिष्ट कथनलाई अतिशयोक्ति वा वक्रोक्ति मानेका छन् । उनका विचारमा सामान्य लौकिक वचनभन्दा विलक्षण उक्ति नै वक्रोक्ति हो । आचार्य कुन्तकको मतअनुसार वक्रोक्ति केवल वाक् - चातुर्य अथवा उक्ति चमत्कार मात्र होइन , यो कवि व्यापार अथवा कवि कौशल हो । डॉ॰ नगेन्द्रको विचार अनुसार आधुनिक " शब्दावलीमा यसलाई कलावाद भन्न सकिन्छ ।"

वक्रोक्ति सिद्धान्तका प्रवर्तक मानिने आचार्य कुन्तकले आफ्नो ग्रन्थ **वक्रोक्ति जीवितम्** - मा वक्रोक्तिबारे विस्तृत रूपमा अर्थ्याउदै यसलाई काव्यको आत्मा भनेका छन् । उनले वक्रोक्ति अन्तर्गत सबै काव्य सिद्धान्तहरूलाई समाहार गर्दै समस्त काव्याङ्गहरू वर्ण चमत्कार -, शब्द सौन्दर्य, विषयवस्तुको रमणीयता, अप्रस्तुत - विधान, प्रबन्ध, कल्पना आदिलाई वक्रोक्तिमा उचित स्थान दिएका छन् ।

## 13.5 सार

यस प्रखण्डमा **वक्रोक्तिको अर्थ र परिभाषा, वक्रोक्तिबारे चिन्तनको विकासक्रम**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- वक्रोक्तिवादका संस्थापक आचार्य कुन्तकलाई मानिन्छ । उनले काव्यमा वक्रेक्तिलाई प्रधानरूपमा स्वीकारेका छन् ।
- **वक्रोक्ति** दुइवटा शब्दहरू 'वक्र' र 'उक्ति' - का सन्धिले निर्मित भएको शब्द हो । यसको शाब्दिक अर्थ हुन्छ – यस्तो उक्ति, जुन सामन्य भन्दा अलग र विशिष्ट प्रभृतिको हुन्छ। '
- वक्र' – को अर्थ धुमाउरो, बाङ्गो, टेडो र 'उक्ति' - को अर्थ भनाइ, बोलाइ, कुरा गराई आदि हो । यसर्थ वक्रोक्तिलाई टेडो कथन वा भनाई पनि भनिने गरिन्छ ।
- पूर्वीय साहित्य सिद्धान्तमा आचार्य कुन्तकलाई वक्रोक्ति – सिद्धान्तका आचार्य मानिने गरिन्छ । आचार्य भामह पछि उनको प्रदार्पण पूर्वीय साहित्य संसारमा भएको मानिन्छ ।
- भामहको परवर्ती आचार्यको रूपमा उदाएको आचार्य **कुन्तक**ले वक्रोक्तिलाई एक सम्पूर्ण सिद्धान्तको रूपमा विकसित गरेर काव्यका समस्त अङ्गहरूलाई पनि यस सिद्धान्तमा समाविष्ट गरेको पाइन्छ ।
- आचार्य कुन्तकलाई नै **वक्रोक्ति सम्प्रदाय**को प्रवर्तक आचार्य मानिने गरिन्छ । कतिपय विद्वानहरूले वक्रोक्ति र व्यञ्जनालाई एउटै मानेका पनि छन् ।
- **वक्रोक्ति** शब्दको निर्माण वक्र + उक्ति शब्दको योगबाट भएको हो । वक्रको अर्थ टेढो वा घुमाउरो तथा उक्तिको अर्थ भनाइ वा कथन भन्ने हुन्छ । यसरी वक्रोक्तिको शाब्दिक अर्थ घुमाउरो भनाइ भन्ने हो ।
- शास्त्रीय दृष्टिबाट चाहिँ यसको तात्पर्य शास्त्र एवं लोकव्यवहारमा प्रसुद्ध उक्तिभन्दा विलक्षण तथा चमत्कारपूर्ण अर्थ बुझाउनु हो ।

- वक्रोक्तिमा विचित्र उक्ति पाइने हुँदा यसलाई विचित्रोक्ति पनि भनिन्छ । वक्रोक्तिवादका प्रवर्तक कुन्तकले वक्रोक्तिको परिभाषा र व्याख्या आफ्नो ग्रन्थ **वक्रोक्ति जीवितम्**मा विभिन्न ठाउँमा गरेका छन् ।
- वास्तवमा भावात्मक पक्षबाट हेर्दा शास्त्रीय र लौकिक व्यवहारमा प्रयुक्त शब्दार्थ भन्दा विलक्षण उक्ति नै वक्रोक्ति हो ।
- भावात्मक पक्षबाट हेर्दा सहृदयका हृददयमा आह्लाद उत्पन्न गर्ने सामर्थ्य र प्रतिभाजन्य वैदग्ध्य अर्थात् कि कर्मकौशलको चमत्कारयुक्त वर्णन नै वक्रोक्ति हो ।
- काव्यको आत्मा वक्रोक्ति विदग्ध भङ्गीयुक्त विलक्षण, विचित्र तथा आह्लादपूर्ण वर्णन हो ।
- घुमाउरो भनाइ भनेकै ***वक्रोक्ति*** हो । कुटिल भन्ने अर्थमा वक्रोक्ति शब्दको प्राचीन प्रयोग वेद तथा लोकमा पाइए तापनि यस शब्दलाई काव्यशास्त्रमा भित्र्याउने प्रथम व्यक्ति भामह हुन् ।
- भामहले अलङ्कारलाई चिनाउने क्रममा अतिशयोक्तिको चर्चा गरेका छन् र त्यही अतिशयोक्तिलाई नै वक्रोक्तिको संज्ञा दिएका छन् । उनले अलौकिक उक्ति वा विशिष्ट कथनलाई अतिशयोक्ति वा वक्रोक्ति मानेका छन् ।
- भामहका विचारमा सामान्य लौकिक वचनभन्दा विलक्षण उक्ति नै वक्रोक्ति हो ।
- आचार्य कुन्तकको मतअनुसार वक्रोक्ति केवल वाक् - चातुर्य अथवा उक्ति चमत्कार मात्र होइन , यो कवि व्यापार अथवा कवि कौशल हो।
- डॉ॰ नगेन्द्रको विचार अनुसार आधुनिक शब्दावली"मा यसलाई कलावाद भन्न सकिन्छ ।"

- ❖ वक्रोक्ति सिद्धान्तका प्रवर्तक मानिने आचार्य कुन्तकले आफ्नो ग्रन्थ **वक्रोक्ति जीवितम्** - मा वक्रोक्तिबारे विस्तृत रूपमा अर्थ्याउदै यसलाई काव्यको आत्मा भनेका छन् ।
- ❖ कुन्तकले वक्रोक्ति अन्तर्गत सबै काव्य सिद्धान्तहरूलाई समाहार गर्दै समस्त काव्याङ्गहरू वर्ण चमत्कार -, शब्द सौन्दर्य, विषयवस्तुको रमणीयता, अप्रस्तुत - विधान, प्रबन्ध, कल्पना आदिलाई वक्रोक्तिमा उचित स्थान दिएका छन् ।

यस प्रखण्डको अध्ययनले **वक्रोक्तिको अर्थ र परिभाषा, वक्रोक्तिबारे चिन्तनको विकासक्रम**बारे बुनियाँदी जानकारी प्राप्त भयो । रसको परिचय र यसको नौवटा प्रकार सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 13.6 अनुशीलनी

१. वक्रोक्तिवादको उद्भवबारे चर्चा गर्दै यसका पूर्वीय साहित्यमा रहेको रस – सिद्धानतलाई सविस्तार चर्चा गर्नु होस् ।

२. वक्रोक्तिको अर्थ सम्बन्धि उल्लेख गर्दै यसको परिभाषाबारे पूर्वीय र पाश्चात्य मतको टिप्प्णी गर्नुहोस् ।

३. साहित्यमा वक्रोक्तिवादको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस् ।

४. वक्रोक्तिको भेद तथा प्रकारबारे विश्लेषण गर्नुहोस् ।

५. वक्रोक्ति सिद्धान्तका प्रवर्तक आचार्य कुन्तकबारे आफ्नो विचारलाई सबिस्तार चर्चा गर्नुहोस् ।

६. वक्रोक्तिवादी चिन्तनको विकासक्रम पूर्वीय साहित्यमा कसरी र किन भएको पाइन्छ ? विवेचना गर्नुहोस् ।

७. कुन वक्रोक्तिलाई काव्यको उत्तम कथन मानिन्छन् ? आफ्नो तर्क दिनुहोस् ।

८. पूर्वीय साहित्यको वक्रोक्ति - सिद्धान्तले अन्य भाषा वा साहित्यमा के - कस्तो प्रभाव पारेको ठान्नुहुन्छ ? चर्चा गर्नुहोस्।

९. वक्रोक्तिवादी सिद्धान्तको पृष्ठभूमिबारे एउटा टिप्पणी लेख्नुहोस् ।

१०. 'वक्र कवि व्यापार शालिन काव्यम् ' -बारे लेख लयार पार्नुहोस् ।

१२. वक्रोक्तिवादका प्रमुख प्राप्तिहरू के के हुन् ? आफ्नो मनतव्य लेख्नुहोस्।

## 13.7 अतिरिक्त अध्ययन

१३५. सिग्देल, सोमनाथ - **साहित्य प्रदीप** ।

१३६. उपाध्याय, डा. केशवप्रसाद - **साहित्य प्रकाश** ।

१३७. अधिकारी, हेमाङ्गराज - **पूर्वीय समालोचना - सिद्धान्त** ।

१३८. हिमांशु, राजुप्रधान - **साहित्य परिचय** ।

१३९. उपाध्याय, केशवप्रसाद - **पूर्वीय काव्य सिद्धान्त** ।

१४०. लुइँटेल, खगेन्द्रप्रसाद - **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** ।

१४१. न्यौपाने, टङ्कप्रसाद - **साहित्यको रूपरेखा** ।

१४२. तिवारी, डा. रामचन्द्र - **भारतीय व पाश्चात्य काव्यशास्त्र तथा हिन्दी आलोचना** ।

१४३. आनन्दवर्धन - **ध्वन्यालोक**, वाराणसी, चौखम्बा विद्याभवन ।

१४४. कुन्तक – **वक्रोक्तिजीवित** ,वाराणसी ।

१४५. जगन्नाथ – **रसगङ्गाधर** ,वाराणसी, चौं विद्याभवन ।

१४६. जयदेव – **चन्द्रालोक** ,वाराणसी ।

१४७. दण्डी – **काव्यादर्श** ,वाराणसी ।

१४८. भरत - **नाट्यशास्त्र** – २, वाराणसी, काशी ।

१४९. भामह –**काव्यालङ्कार** ,पटना, विहार राष्ट्रभाषा परिषद् ।

१५०. मम्मट - **काव्यप्रकाश**, वाराणसी ज्ञानमण्डल लिमिटेड ।

१५१. वामन – **काव्यालङ्कार सूत्रवृत्ति**, वाराणसी ।

१५२. विश्वनाथ – **साहित्यदर्पण** ,वाराणसी ।

१५३. वेदव्यास – **अग्निपुराण** ,दिल्ली , चौखम्बा संस्कृत प्रतिष्ठान।

१५४. शर्मा, मोहनराज - **नेपाली कविता, नाटक र इतिहास**, काठमाण्डौं ,नवीन प्रकाशन ।

१५५. त्रिपाठी, वासुदेव - **नेपाली कविता**, भाग –४ ।

१५६. व्यास - **अग्नि पुराण** ।

१५७. **तैतरीयोपनिशद्** ।

१५८. डा. नगेन्द्र - **भारतीय काव्यशास्त्र की परम्परा** ।

१५९. डा. नगेन्द्र - **रस सिद्धान्त** ।

१६०. राकेश, विष्णुदत्त - **इतिहास और समीक्षा** ।

१६१. अवस्थी, बच्चूला - **ध्वनि - सिद्धान्त तथा तुलनीय साहित्य** ।

१६२. भट्टराई, गोविन्दप्रसाद – **पूर्वीय काव्य सिद्धान्त** ।

१६३. सिंह, डा. राज किशोर - **आचार्य कुन्तक और वक्रोक्तिजीवितम्** ।

१६४. पाण्डेय, डा. लक्ष्मीकान्त - **भारतीय तथा पाश्चात्य काव्यशास्त्र**, कानपुर ।

१६५. थापा, डा. मोहन हिमांशु - **साहित्य परिचय**, साझा प्रकाशन ।

यस अतिरिक्त **वक्रोक्तिको अर्थ र परिभाषा, वक्रोक्तिबारे चिन्तनको विकासक्रम**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 13.8 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

२६. वक्रोक्तिको अर्थ र परिभाषा ।

..................................................................................

.......

..................................................................................

.......

..................................................................................

.......

**(प्रश्न १ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १३.३ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२७. वक्रोक्तिबारे चिन्तनको विकासक्रम ।

.........................................................................................

.......

.........................................................................................

.......

.........................................................................................

.......

**(प्रश्न २ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १३.४ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२८.वक्र कवि व्यापर शालिनी काव्यम् ।

.........................................................................................

.......

.........................................................................................

.......

.........................................................................................

.......

**(प्रश्न ३ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १३.४ को खण्डमै उत्तर खोज्न सक्नेछन् )**

२९.लोक तिक्रान्त गोचरता: ।

.........................................................................................

.......

.....................................................................................

.......

.....................................................................................

.......

**(प्रश्न ४ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १३.२ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

३०. वक्रोक्तिवादी आचार्य कुन्तक ।

.....................................................................................

.......

.....................................................................................

.......

.....................................................................................

.......

**(प्रश्न ५ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १३.४ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 14 वक्रोक्तिका भेदहरू, काव्य तथा समीक्षा सिद्धान्तमा वक्रोक्तिको स्थान र महत्व

संरचना

14.0 उद्देश्य

14.1 परिचय

14.2 वक्रोक्तिका भेदहरू

14.3 समीक्षा सिद्धान्तमा वक्रोक्तिको स्थान

14.4 समीक्षा सिद्धान्तमा वक्रोक्तिको महत्व

14.5 उपसंहार

14.6 सार

14.7 अनुशीलनी

14.8 अतिरिक्त अध्ययन

14.9 मूल्यबृद्धिको निम्ति उत्तर

## 14.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- वक्रोक्तिको सामान्य परिचय
- वक्रोक्तिका भेदहरू
- समीक्षा सिद्धान्तमा वक्रोक्तिको स्थान
- समीक्षा सिद्धान्तमा वक्रोक्तिको महत्व

## 14.1 परिचय

मुख्य गरेर **वक्रोक्ति** दुइवटा शब्दहरू 'वक्र' र 'उक्ति' - का सन्धिले निर्मित भएको शब्द हो । यसको शाब्दिक अर्थ हुन्छ – यस्तो उक्ति, जुन सामन्य भन्दा अलग र विशिष्ट प्रभृतिको हुन्छ । 'वक्र' – को अर्थ धुमाउरो, बाङ्गो, टेडो र 'उक्ति' - को अर्थ भनाइ, बोलाइ, कुरा गराई आदि हो । यसर्थ वक्रोक्तिलाई टेडो कथन वा भनाई पनि भनिने गरिन्छ । कता – कता यो लक्षणा र व्यञ्जना दुवै शब्द शक्तिसित सामिप्यमा रहेको पनि हुन्छ ।

जुन शव्दशक्तिको शाव्दिक अर्थ र भाव्रार्थ समान हुँदैन, त्यसलाई लक्षणा शब्दशक्ति भनिन्छ । मुख्यार्थमा बाधा उत्पन्न भएर सोझै रूपमा वक्ताले भनेको कुरा वा उच्चारण गरेको शब्दको अर्थ श्रोतालाई प्रदान नभएर भिन्दै लश्र्य अर्थको भरमा शब्दको अर्थ प्रतित भए , त्यसलाई **लक्षणा शब्दशक्ति** भन्न सकिन्छ । यस शब्दशक्तिमा कुनै पनि शब्दले आफ्नो मूल अर्थलाई छोडेर भिन्दै लक्षकको रूपमा अर्थ प्रदान गर्दछ । अतः वाचक शब्दले भन्न चाहेको वाच्यार्थलाई नबुझाएर सम्बद्ध कुनै अर्थ प्रतीति भए, त्यो नै **लक्षणा शब्दशक्ति** हो । यस शब्दशक्तिले वाक्यको कुनै संज्ञा, सर्वनाम आदिको विशेषतालाई दर्शाउछ । त्यतिमात्र नभएर मुख्यार्थसँग सम्बद्ध अन्य अर्थ बुझ्नका लागि कुनै प्रयोजन ( उद्देश्य र आशय )- को खाचो परे,

त्यसप्रकारको शब्दशक्तिलाई **लक्षणा शब्दशक्ति** भनिन्छ । उदाहरण – **हरी कस्तो गोरू रहेछ ।** यस वाक्यमा हरी सिङ र पुच्छर भएको पशु भन्ने अर्थ नबुझाएर मुख्यार्थमा बाधा उत्पन्न भइ गोरू जस्तै विवेकहिन पशु समान अर्थ प्रदान गरेको छ । यसैलाई लक्षयार्थ भनिन्छ ।

यसरी नै जुन शव्दशक्तिमा शाव्दिक अर्थ सबैको निम्ति समान भए पनि भाव्रार्थ आ-आफ्नै रूपले प्रतीत हुन्छ , त्यसलाई **व्यञ्जना शब्दशक्ति** भनिन्छ । मुख्यार्थमा बाधा उत्पन्न नभइकन लक्ष्यार्थमा बाधा उत्पन्न भइ भिन्दै व्यङ्ग्यार्थको भरमा वाक्य प्रतीत भए , त्यसलाई **व्यञ्जना शब्दशक्ति** भन्न सकिन्छ । यस शब्दशक्तिमा कुनै पनि शब्दले आफ्नो वाचक र लक्षक अर्थ भन्दा भिन्दै व्यङ्ग्यको रूपमा अर्थ प्रदान गर्दछ । अतः कहिले काँही वक्ताले भनेको कुरा स्रोताले सुन्दा अभिधा र लक्षणा अर्थमा कुरा स्पष्ट हुँदैन । त्यससमय भिन्दै अर्थद्वारा वाक्य बुझिए, त्यो नै **व्यञ्जना शब्दशक्ति** हो । **वि** उपसर्गमा **अञ्ज्** धातु मिलेर बनिएको **व्यञ्जना** शब्दको अर्थ विशेष रूपले हेर्नु वा अर्थ प्रकट गर्नु हो । कल्पना र क्षमता ( बोध्य) - को भरमा रसात्मक र आनन्दानुभूतिपूर्ण वाक्यको अर्थ स्पष्ट हुनुलाई नै **व्यञ्जना शब्दशक्ति** भनिन्छ । यस शब्दशक्तिद्वारा उत्पन्न भावलाई व्यङ्ग्यार्थ अनि व्यङ्ग्यार्थ प्रकट गर्ने शब्दलाई चाहिँ व्यञ्जक भनिने गरिन्छ।

पूर्वीय साहित्य सिद्धान्तमा आचार्य कुन्तकलाई वक्रोक्ति – सिद्धान्तका आचार्य मानिने गरिन्छ । आचार्य भामह पछि उनको प्रदार्पण पूर्वीय साहित्य संसारमा भएको मानिन्छ । यसैले भामहको परवर्ती आचार्यको रूपमा उदाएको आचार्य **कुन्तक**ले वक्रोक्तिलाई एक सम्पूर्ण सिद्धान्तको रूपमा विकसित गरेर काव्यका समस्त अङ्गहरूलाई पनि यस सिद्धान्तमा समाविष्ट गरेको पाइन्छ

। यसर्थ आचार्य कुन्तकलाई नै **वक्रोक्ति सम्प्रदाय**को प्रवर्तक आचार्य मानिने गरिन्छ ।

काव्यको एउटा वाद वा सम्प्रदायका रूपमा यसलाई एक व्यक्तीय सम्प्रदाय भन्ने सकिन्छ । यो मुख्यतः कुन्तकमा केन्द्रित सम्प्रदाय हो । पृष्ठभूमिका रूपमा भामहदेखि नै वक्रोक्तिको उल्लेख पाइए तापनि कुन्तकले यसलाई व्यापक स्वरूप प्रदान गरेका हुन्छ । उनीभन्दा पछिका आचार्यहरूले पनि वक्रोक्तिको प्रयोग गरेको पाइन्छ, तर तिनले पनि यसको प्रयोग कुन्तकको जस्तो व्यापक अर्थमा नगरी सीमित अर्थमा गरेका छन् । कुन्तक पूर्ववर्ती आचार्य तथा सम्प्रदायबाट परिचित र प्रभावित रहे तापनि उनले वक्रोक्तिलाई मौलिक स्वरूप प्रदान गरेर एउटा छुट्टै सम्प्रदाय खडा गरेका हुन् ।

## 14.2 वक्रोक्तिका भेदहरू

कुन्तकले आफ्नो ग्रन्थ वक्रोक्तिजीवितम्मा वक्रोक्तिका मुख्य छ भेद र तिनका अनेक उपभेद गरेका छन् । वक्रता अर्थात सौन्दर्यका आधामरा यिनले प्रस्तुत वक्रोक्तिका मुख्य ६ वटा भेदहरूको परिचय तल दिइन्छ -

(1) **वर्णविन्यास वक्रता -**

काव्यकृतिमा वर्ण वा वर्णहरूको पुनरावृत्तिद्वारा उत्पन्न गरिने सौन्दर्यलाई वर्णविन्यास वक्रता भनिन्छ । रचनामा यसको विधान अनुप्रास, यमकजस्ता शब्दालङ्कार तथा माधुर्य आदि रीति एवं उपनागरिका आदि वृत्तिद्वारा गरिएको हुन्छ । जस्तै –

(क) ***हल्ली खल्ली छ कल्लिको चरणमा घन्कन्छ गल्ली पनि***

*चिल्लीबिल्लि  उडाउँदो छ म यसै रल्लिन्छु सिल्ली बनी ।*

- चक्रपाणि चालिसे

(ख) *उदय भो अब सन्त वसन्तको*

*प्रकट भो छवि चित्र विचित्रको*

*कम भयो बल शीतल शीतको*

*रुचि र भो अनि सर्ग निसर्गको।*

- सोमनाथ सिग्देल

वर्णविन्यास वक्रताको पनि वर्णावृत्ति वक्रता र गुणवृत्ति वक्रता गरी दुई भेद हुन्छन् ।

**(2) पदपूर्वार्ध वक्रता**

पदको पूर्वभागमा रहने वक्रतालाई पदपूर्वार्ध वक्रता भनिन्छ । पदको पूर्वभाग प्रकृति (प्रातिपादिक वा धातु) हुने हुँदा यसलाई प्रकृति वक्रता पनि भनिन्छ । जस्तै –

*नाच्छन्  आँखा चपल मृगका चल्मलाई रहेका*

*हावा चल्दा ललित लहरा हात हल्ली रहेका*

*बोली खोल्छन् सुमधुर गला कोइली मग्नमस्त*

*ढल्की ढल्की अलस गतिले हाँस हिँड्छन् समस्त ।*

- भरतराज पन्त

पदपूर्वार्ध वक्रताका रूढीवैचित्र्य वक्रता, पर्याय वक्रता, उपचार वक्रता, विशेषण वक्रता, संवृत्ति वक्रता, वृत्ति वक्रता, लिङ्गवैचित्र्य वक्रता र क्रियावैचित्र्य वक्रता गरी आठ भेद हुन्छन् ।

**(3) पदपरार्ध वक्रता**

पदको पश्चभागमा रहने वक्रतालाईआ पदपरार्ध वक्रता भनिन्छ । पदको पश्चभागमा प्रत्यय हुने हुँदा सुप र तिङ् प्रत्यक्ष्यबाट यो वक्रता उत्पन्न हुन्छ । जस्तै –

***न वा त्यो चरी हो, न वा त्यो परी हो***

***न वा कृष्णको मोहनी माधुरी हो***

***न वा विश्व सौन्दर्यको चातुरी हो***

***यसै कान पीयुषले नै भरी भो ।***

- लक्ष्मीप्रसाद देवकोटा

पदपरार्ध वक्रताका कालवैचित्र्य वक्रता, कारक वक्रता, वचन वक्रता, पुरुष वक्रता, उपग्रह वक्रता, प्रत्यय वक्रता, उपसर्ग वक्रता (निपात वक्रता) गरी मुख्य सात भेद हुन्छन् ।

**(4) वाक्य वक्रता**

पदसमूहबाट निर्मित वाक्यको वक्रतालाई वाक्य वक्रता भनिन्छ । कुन्तकले अनन्तस्वरूपी मानेको यो वक्रता सबै अर्थालङ्कार र रसपूर्ण उकितिमा पाइन्छ । जस्तै –

(क) *सुवर्ण जति ठोकिन्छ गहना मात्र बन्दछ,*

*फलामलाई ठोके पो घातकी अस्त्र बन्दथ्यो ।*

- बालकृष्ण सम

(ख) *छाती उर्ल्यो, खुलबुल चल्यो धीरता दूर भाग्यो,*

*चिन्ता उर्ल्यो, तुलबुल बढ्यो पीर चौपट्ट लाग्यो ।*

- सोमनाथ सिग्देल

वाक्य वक्रताका सहजा र आहार्या गरी दुई भेद हुन्छन् ।

**(5) प्रकरण वक्रता**

वाक्यहरूको समूहबाट निर्मित प्रकरण (प्रसङ्ग वा घटना) बाट प्रकट गरिने वक्रतालाई प्रकरण वक्रता भनिन्छ । भावपूर्ण स्थितिको उद्भावना, उत्पाद्य कथा, प्रधान कार्यसँग सम्बद्ध प्रकरणको उपकार्योपकारक भाव, विशिष्ट प्रकरणको अतिरञ्जना, रोचक प्रसङ्गह (जलक्रीडा, उत्सव, ऋतु, सन्ध्या आदि) प्रधान उद्देश्यको सिद्धिका लागि सुन्दर अप्रधान प्रसङ्गको उद्भावना, गर्भाङ्ककको विधान, मुखादि (मुख, प्रतिमुख, गर्भ, विमर्श र निर्वहण) को विधानबाट प्रकरण वक्रता पैदा हुन्छ । जस्तै

(क)अभिज्ञान शकुन्तलम्मा दुर्वासाद्वारा शकुन्तलालाई श्राप दिने प्रसङ्ग

(ख)रघुवंशमा कौत्स र रङुको याचना तथा दानसम्बन्धी प्रसङ्ग,

(ग)मुद्राराक्षसमा आत्महत्याको निहँ रची चाणक्यद्वारा राक्षसलाई जिउँदै बन्दी बनाएको प्रसङ्ग आदि ।

**(6) प्रबन्ध वक्रता**

प्रकरणहरूको समूहबाट निर्मित प्रबन्ध (खण्डकाव्य, महाकाव्य, नाटक आदि) काव्यमा प्रसिद्ध (ऐतिहासिक, पौराणिक) कथानक लिए तापनि आफ्नै कल्पना र रचनाकौशलबाट प्रभावोत्पादक ढङ्गमा उत्पन्न गरिने वक्रतालाई प्रबन्ध वक्रता भनिन्छ । जस्तै –

(क) शम्भुप्रसाद ढुङ्गेलको शकुन्तला,

(ख) बालकृष्ण समको अमरसिंह,

(ग) जगदीश सम्शेर राणाको नरसिंह अवतार,

(घ) भरतराज पन्तको शैलपुत्री आदि ।

प्रबन्ध वक्रताका मूलरस परिवर्तन वक्रता, समापन वक्रता, कथाविच्छेद वक्रता, आनुषङ्गिक फल वक्रता, नामकरण वक्रता र तुल्यकथा वक्रता गरी छ भेद हुन्छन् ।

कुन्तकका विचारमा कवि प्रतिभा अनन्त हुने भएकाले उसबाट सिर्जित वक्रताका भेद पनि अनन्त हुन्छन् । वक्रोक्तिका आधारमा काव्य विश्लेषण गर्दा सबैभन्दा तल्लो भाषिक एकाइ वर्णदेखि सबैभन्दा माथिल्लो एकाइ प्रबन्ध (सङ्कथन)सम्मको क्रमशः विश्लेषण गरिन्छ ।

## 14.3 समीक्षा सिद्धान्तमा वक्रोक्तिको स्थान

वक्रोक्ति सम्प्रदायका संस्थापक र प्रवर्तक आचार्य कुन्तक हुन् । यिनले आफ्नो ग्रन्थ वक्रोक्तिजीवितम्मा वक्रोक्तिवादको स्थापना गरी काव्य चिन्तनमा नयाँ मोड ल्याएका छन् । वक्रोक्ति सम्बन्धी चिन्तन पूर्ववर्ती र परवर्ती आचार्यहरूबाट भए पनि कुन्तकले तिनीहरूको भन्दा भिन्न खालको वक्रोक्तिसम्बन्धी धारणा प्रस्तुत गरेका छन् । यिनले वक्रोक्तिलाई सिङ्गो काव्यसिद्धान्तको ढाँचा, दृष्टि र प्रारूप प्रदान गरेको देखिन्छ ।

कुन्तकले अघि सारेको वक्रोक्तिवाद साहित्य समालोचनाको वस्तुवादी सिद्धान्त हो । उनले काव्यमा वक्रतालाई विशिष्ट स्थान दिई त्यसलाई काव्यको आत्मासमेत मानेका छन्। उनी काव्यमा चमत्कारमय उक्तिलाई विशेष मान्यता र ग्राह्यता दिने विचारका हुन् । वक्रोक्तिवादको स्थापनामा कुन्तकको समन्वयवादी दृष्टि रहेको मानिन्छ । एकातिर उनले अलङ्कारवादी, रीतिवादी आदि सौन्दर्यवादी विचारधाराको र अर्कातिर रसवादी, ध्वनिवादी आदि आनन्दवादी विचारधाराको समन्वय गरी बीचबाट वक्रोक्तिवादको मार्ग प्रशस्त गरेका छन् । यसै समन्वयवादी दृष्टिका कारण कतिपय अवस्थामा उनी ध्वनि विरोधी पनि देखिएका छन् ।

काव्यको एउटा वाद वा सम्प्रदायका रूपमा यसलाई एक व्यक्तीय सम्प्रदाय भन्ने सकिन्छ । यो मुख्यतः कुन्तकमा केन्द्रित सम्प्रदाय हो । पृष्ठभूमिका रूपमा भामहदेखि नै वक्रोक्तिको उल्लेख पाइए तापनि कुन्तकले यसलाई व्यापक स्वरूप प्रदान गरेका हुन्छ । उनीभन्दा पछिका आचार्यहरूले पनि वक्रोक्तिको प्रयोग गरेको पाइन्छ, तर तिनले पनि यसको प्रयोग कुन्तकको

जस्तो व्यापक अर्थमा नगरी सीमित अर्थमा गरेका छन् । कुन्तक पूर्ववर्ती आचार्य तथा सम्प्रदायबाट परिचित र प्रभावित रहे तापनि उनले वक्रोक्तिलाई मौलिक स्वरूप प्रदान गरेर एउटा छुट्टै सम्प्रदाय खडा गरेका हुन् ।

भारतीय काव्य सिद्धान्तमा रस सिद्धान्त अनुभूति अथवा भावना पर आधारित रहेको पाइन्छ । यसरी नै अलङ्कार सिद्धान्त कवि कल्पनामा आधारित रहेको देखिन्छ । वक्रोक्ति सिद्धान्त चाहिँ यस दृष्टिले अलङ्कार सिद्धान्तसित नै विशेष साम्य रहेको पाइन्छ । वक्रोक्तिमा अलङ्कारहरूको कल्पना वैचित्र्यका व्यापक आधारमा स्वीकार गरिएको हुन्छ । यही कल्पना कवि निष्ठ रहेको हुन्छ , सहृदय निष्ठ होइन । ध्वनि तथा वक्रोक्ति बीचको अन्तर पनि यही रहेको पाइन्छ कि ध्वनिको कल्पना सहृदय निष्ठ रहेको हुन्छ भने वक्रोक्तिको कल्पना काव्य निष्ठ रहेको हुन्छ । अतः ध्वनिका दृष्टिकोण व्यक्तिपरक हुन्छ अनि वक्रोक्तिका वस्तु निष्ठ हुन्छ । आचार्य कुन्तकले रसलाई वक्रोक्तिको प्राण मानेर कल्पनाका साथै भावनाका महत्वलाई पनि स्वीकार गरेको पाइन्छ । उनले रसलाई काव्यका वक्रताको विशिष्ट अङ्ग मानेर पनि अझ अङ्गी वक्रतालाई पनि मानेका छन् ।

वक्रताको बिना रसको स्थिति कुनै रूपमा पनि सम्भव नहुने आचार्यहरूले बताएका छन् । जबकि रसको बिना वक्रताको आफ्नै स्वतन्त्र स्थिति रहेको हुन्छ । यसर्थ कुन्तकले यस्तो स्थितिलाई कुनै महत्व नदिइ रस विहीन वक्रतालाई तिरस्कारको योग्य मानेको पाइन्छ । आचार्य
कुन्तकले वक्रोक्तिलाई एक सम्पूर्ण सिद्धान्तको रूपमा विकसित गरेर काव्यका समस्त अङ्गहरूलाई पनि यस सिद्धान्तमा समाविष्ट गरेको पाइन्छ । यसर्थ

आचार्य कुन्तकलाई नै वक्रोक्ति सम्प्रदायको प्रवर्तक आचार्य मानिने गरिन्छ । कतिपय विद्वानहरूले वक्रोक्ति र व्यञ्जनालाई एउटै मानेका पनि छन् ।

## 14.4 समीक्षा सिद्धान्तमा वक्रोक्तिको महत्व

अलङ्कारका तहमा रहेको वक्रोक्तिलाई कुन्तकले चरमोत्कर्षमा लगी काव्यको प्रमुख तत्त्व तुल्याएका छन् र वक्रोक्तिसम्बन्धी धारणालाई एउटा सिङ्गो सम्प्रदायको रूपमा स्थापित गरेका छन् । यिनको वक्रोक्तिवादको प्रमुख मान्यताहरू निम्नलिखित छन् -

(1) वक्रोक्तिवाददले काव्यको केन्द्रीय तथा व्यापक तत्त्व वक्रोक्तिलाई मान्दछ । यसअघि रस, ध्वनि, अलङ्कार आदिलाई काव्यको मुख्य तत्त्व आत्मा मानी आएकामा यसले तिनका विरुद्व वक्रोक्तिकरो मुख्यता स्थापित गरेको छ । यस वादका अनुसार वक्रोक्ति नभएको काव्य नीरस भई साधारण वार्ता मात्र बन्छ । काव्यमा सौन्दर्यको अभिवृद्धि गराउने तत्त्व वक्रोक्ति नै हो । तसर्थ यस वादले वक्रोक्तिलाई काव्यको आत्मा मान्दछ।

(2) यो वाद अभिधावादी सिद्धान्त हो । अभिधाकै विभिन्न रूपलाई वक्रोक्तिको नाम दिइए तापनि त्यसको विशिष्ट रूपमा मात्र मान्यता दिइएको छ । अभिधाको यसै विशिष्ट रूपभित्र लक्षणा र व्यञ्जना समाविष्ट छन् । य़सरी यस सिद्धान्तले सोझै व्यञ्जनालाई नमानेको हुँदा यसलाई ध्वनि विरोधी मान्यता पनि ठानिन्छ ।

(3) यो समन्वयवादी सिद्धान्त हो । यसमा एकातिर अलङ्कारवाद र रीतिवाद जस्ता वस्तुवादी काव्य धारणाको र अर्कातिर रसवाद र

ध्वनिवाद जस्तो आत्मवादी काव्य धारणाको समन्वय गरी मध्यममार्गको अनुसरण गरिएको छ । यसले सम्पूर्ण पूर्ण परम्पराहरू आत्मसात गरेको हुँदा यो समन्वयवादी मान्यता हो ।

(4) यसले वक्रोक्तिका रूपमा विलक्षणता, विचित्रता, चमत्कार आदिलाई प्रधानता दिने हुँदा यो वस्तुवादी सिद्धान्त हो । यसले निर्धारित गरेका वक्रोक्तिका ६ वटा प्रमुख भेदहरू काव्यको वस्तुवादी विश्लेषण गर्ने प्रारूप, प्रक्रिया र सिद्धान्त हुन् । यस वस्तुवादी दृष्टिको आलोचना गर्दै कतिपय विद्वानहरूले यसलाई चामत्कारिक आलोचना पद्धतिको प्रवर्तन गर्ने सिद्धान्त मानेका छन् ।

(5) यसले कवि कर्मकौशललाई मान्यता दिई कवि व्यक्तित्वको प्रतिष्ठालाई स्थापित गरेको छ । कवि स्वभावलाई बढी महत्त्व दिँद यसले रचनाकारले भूमिकालाई महत्त्व दिएको छ। कवि स्वभावका आधारमा कुन्तकले सुकुमारमार्ग, विचित्रमार्ग र उभयमार्ग समेत तीन मार्ग निर्धारित गरी कविले आफ्ना स्वभावअनुसार जुनसुकै मार्ग रोजे पनि हुन्छ भन्ने मान्यता अघि सारेका छन् ।

(6) यस वादले वक्रोक्तिलाई साध्य र साधन मान्नु यसको नवीन धारणा र मौलिक मान्यता हो ।

कुन्तकको वक्रोक्तिवादको अत्यधिकत विरोध भएकाले यिनी यस सम्प्रदायका एकल चिन्तक हुन् ।

वक्रोक्तिको कारण काव्य कही पढौ – पढौ लाग्ने भन्ने उत्साह, केही नवीन आग्रह, अन्तर्राृरिय र अन्तारा्रिय साहित्य धाराप्रति सजगता दर्शाएको पाइन्छ । वक्रोक्ति विषयक विमर्श गर्नु धर्म र कर्म ठानिने गरुन्छ काव्य वा

साहित्यमा । संस्कृत शब्दकोश अनुसार चलन शब्दमा चलाइएको वि उपसर्गको अर्थ भिन्नता, हीनता, असमानता हुन्छ । विशेष हुँदैन । यसरी ने वक्र शव्दको अर्थ धुमाउरो र उक्तिको अर्थ भनाई हुन्छ । वक्रोक्ति काव्य वा साहित्यमा देखिएको विचलन जस्तो विलोम चलन होइन, प्रचलन हो । विचलनको विलोम त अचलन हो । अचल वा अचलन भनेको नचलेको हो भने विचल भनेको बिग्रोको पनि हो । यसर्थ चलनदेखि वाहिरको नभएर वक्रोक्ति चाहिँ काव्यमा चलेको एउटा शैली विशेष हो ।

भाषाको ध्वनि र साहित्यको ध्वनिमा आकाश पातालको- भिन्नता हुन्छ। भाषाको ध्वनि सुनिन्छ, phono/ phone हो । साहित्यको ध्वनि भनेको प्रतीयमान अर्थ वा व्यङ्ग्यार्थ हो । ठीक त्यस्तै हो विचलन ।उत्तराधुनिक ऐनाको विचलनले पनि भाषाविषयक कलात्मक अभिव्यक्तिको एउटा उपकरण संसूचित गरेको हो । प्राचीनकालदेखि नै साहित्यमा साहित्यिक भाषाको सन्दर्भमा विचलनको प्रचलन छँदैछ । साहित्यमा चलाइने भाषा विचलनकै भाषा हुन्छ । अलङ्करावाद, रसवाद, वक्रोक्तिवाद, ध्वनिवाद जस्तै वक्रोक्तिवाद पनि साहित्यमा रहेको हुन्छ । उनीहरूले भाषाको लेखनलाई स्वीकारीकन साहित्यलाई भिन्दै परिपाटीमा प्रस्तुत गरेको देखिन्छ । सामान्य भाषामा वक्रोक्ति नभई साहित्यको भाषा हुँदैन । उदाहरणका लागि आवेदन पत्रादिमा लेखिने भाषा प्रचलनलाई लिन सकिन्छ । कतिपय समकालीन धाराका कविहरूले पो वक्रोक्तिको भाषा नचलाई प्रचलनकै भाषाबाट पनि साहित्य हुनसक्ने उदाहरण दिँदैछन् । समकालीन धारा राम्ररी समाएर लेख्न सक्ने नेपाली साहित्यका प्रतिनिधि कवहरूले पनि सक्दो वक्रोक्तिको भाषालाई

प्रयोग गरेको देखिन्छ । साहित्य प्रचलनको भाषामा नभई प्रचलनेतर भाषामा हुन्छ भन्नुलाई शैली विज्ञानमा **डिभाइसन** भनिने गरिन्छ ।

अङ्ग्रेजीमा डिभाइसन (deviation) - को कोशसम्मत अर्थ हुन्छ turning aside or away । सामान्य भाषालाई उक्ति मानेर साहित्यको भाषालाई वक्रोक्ति मान्ने वा गुण - लङ्कारयुक्त रीतिमा साहित्य गर्नुपर्ने विचार भारतीय काव्यशास्त्रमा भएकै हुन् । आचार्य कुन्तकले वक्रोक्ति काव्य जीवितम् भन्नु र आचार्य वामनले रीतिरात्मा काव्यस्य: भन्नुसित पनि डेभिएशन-ले समनता राख्दछ । तर कालान्तरमा रीति वक्रोक्ति काव्य पुरूषको शरीर सिद्ध भएको देखिन्छ ।

कुन्तकको वक्रोक्ति सिद्धान्त व्यापक र समन्वयशील सिद्धान्त मानिन्छ । यस सिद्धान्तको उद्भावनाका मूलमा अलङ्कार सिद्धान्तको परम्पराका साथ ध्वनि सिद्धान्तलाई पनि लिएको पाइन्छ । कुन्तकको **वक्रोक्ति सिद्धान्त**मा सम्पूर्ण काव्यलाई स्वीकृति मिलेको पाइन्छ । उनको सिद्धान्तको लक्ष्य कला पक्षमा रहेको देखिए पनि उनको व्याख्याका अन्तर्गत वस्तु पक्ष तथा भाव पक्षलाई यस वक्रोक्ति सिद्धान्तमा समाहार गरेको पाइन्छ । वक्रोक्ति जस्तै औचित्यबारे यसो भनिएको पाइन्छ -

***औचित्य रस सिद्धस्य स्थिर काव्यस्य जीवितम् !***

उपर्युक्त औचित्यवादी समस्त चर्चालाई समेटेर क्षेमेन्द्रले औचित्यलाई साहित्यको स्वतन्त्र तत्त्व मानेका छन् आनन्दवर्धन र कुन्तकले यद्यपि ! ध्वनिवाद र वक्रोक्तिवादलाई यसै आधारमा अडेको देखिसकेका थिए तथापि औचित्यलाई ध्वनि र वक्रक्तिको पोषक तत्त्वका रूपमा मात्र उनीहरुले

यसलाई स्थान दिएका थिए तर क्षेमेन्द्र साहित्यमा सबभन्दा उत्कृष्ट तत्त्व ! सलाई समस्त काव्यतत्त्वहरुभन्दा रसको पनि जीवन औचित्य नै हो भनेर य उनका अनुसार रससिद्ध काव्यको स्थायी जीवन औचित्य नै ! उत्कृष्ट मान्दछ ! हो

*उचितं प्राहुराचार्या ! सदृश किल यस्य यत् :*

*उचितस्य हि यो भावस्तदौचित्य प्रचक्षते !!*

औचित्यले रसलाई जीवनशक्ति दिएको हुन्छ जहाँ औचित्यको विचार ! अलंकारको थुप्रो लगाउनु ! पुर्‍याएको छैन त्यहाँ गुण दोष बन्न पुग्छ औचित्यविना यिनीहरु निर्जीव तत्त्व ! काव्यलाई भद्दा बनाउनु हो मानिन्छन् उचित स्थानमा सन्निवेश गरिएका अलंकार वास्तविक ! भने कसैले गलामा लगाउने सुनको सिकी खुट्टामा लगाइयो ! अलंकार हुन् यसैले क्षेमेन्द्र जुन कुरा जसका लागि अनुकूल एवं ! पनि उचित भन्न सक्तैन उपयुक्त छ त्यही उचित हो र उचितको भाववाचक शब्द औचित्य हो भनेर औचित्यको परिभाषा गर्छन् ! औचित्यले नै काव्यलाई जीवन्त बनाउँछ भन्ने क्षेमेन्द्रको पक्ष हो रचर्चामा औचित्यका उनले आफ्नो औचित्यविचा ! काव्यात्मक भेदलाई बढाएर26 वटा पुर्‍याएका छन् ।

पद औचित्य !, वाक्य औचित्य, प्रबन्ध औचित्य, गुण औचित्य, अलंकार औचित्य, रस औचित्य, क्रिया औचित्य, कारक औचित्य, लिंग औचित्य, वचन औचित्य, विशेषण औचित्य, उपसर्ग औचित्य, निपात औचित्य, काल औचित्य, देश औचित्य, कुल औचित्य, व्रत औचित्य, तत्त्व औचित्य, सत्त्व औचित्य, अभिप्राय औचित्य, सारसंग्रह औचित्य, प्रतिभा औचित्य, अवस्था औचित्य,

विचार औचित्य, नाम औचित्य, आशीर्वाद यी सबैको संयोजनमा औचित्यको समुचित ख्याल राख्नुपर्छ गप्रत्यंगका उपर्युक्त काव्यतत्त्व र काव्यका अं ! संयोजनमा रसलाई केन्द्रबिन्दु मानेर औचित्यको रक्षा गर्नु औचित्यवादको यसैले औचित्य नै औचित्यवादको मूल रहस्य एवं स्तम्भ ! मूल उद्देश्य हो ! भएको छ रसलाई अनुकूल हुने र यसलाई पुष्ट पार्ने जुनसुकै संयोजना औचित्यभित्रका हुन् र रसलाई खलवल्याउन खोज्ने जुनसुकै काव्य योजना अनौचित्य एवं दोष बनेका हुन्छन् जसरी उचित स्थानमा सन्निवेश गर्नाले ! मात्र अलंकार अलंकार र गुण गुण हुन सक्छन् त्यसरी नै रसको उचित संयोजनाले काव्यको मूल तत्त्व सुरक्षित हुन सक्छ यही अभिप्रायले ! औचित्यवाद ! औचित्यलाई रसको पनि जीवन अथवा आत्मा मानिन्छ काव्यमा अनुभूति अथवा भावपक्ष बनेको रसको पनि आधार भएकाले यस मा समालोचकहरुले स्थान दिएका छन्बादलाई पनि अनुभूति पक्षका रूप ।

स्क्लोभ्स्की र तिन्यानोभले परम्पराबाट अभिव्यक्तिमा विचलन (Deviation) ल्याई दियो भने, सौन्दर्य उत्पन्न हुन्छ भन्नेदृष्टि कोण राखे (Erlich, Russian Formalism) । स्क्लोभ्स्की (Sklovsky) 'द थ्योरी अफ प्रोउज' (१९२५ ईमा भन्दछन् , 'साहित्यको सिद्धान्त भित्र कृतिका बाहिरी पक्षमा नभएर आन्तरिक नियमहरुको खोजीमा चाहिँ मेरो रुचि एकोहोरिएको छ' (Steiner) । नवलीकरण (Estrangement) र अपरिचितीकरण (Defamiliarization) अस्क्लोभ्स्कीले उल्लेख गरेको यस शैलिकीय . प्रविधिलाई'अद्भुतीकरण' \ 'चमत्कार' [Shklovsky 'ostraniene' (N), 'ostranit' (V), 'अपरिचितीकरण' (Lee T. Lemon & Marion Reis. 1965. Russian Formalist Criticism)] आदि अनेक नाम दिइएका छन् र दिन सकिन्छ ।

बेन्जामिन सेर (Sher) के भन्छन् भने, यो प्रक्रिया अपरिचितीकरण नभएर परिचित उपमान, लक्षणा र अलङ्कारका माध्यमले अपरिचित विचारलाई परिचित बनाउने प्रक्रिया भएकाले कला र काव्यमा बरु परिचितीकरण भन्नु ठिक हुन्छ भन्ने दृष्टि कोण राख्छन् ।

कलाकारलाई स्क्लोभ्स्की पुराना संरचनाहरु भत्काएर पुराना निर्माणका तिनै भत्केका सर्दाम जोडजाड गरेर नयाँ स्वर्गको निर्माण गर्ने यसै धर्तीको मानव रूपको साक्षात सृष्टि कर्ता भ (ब्रह्मा जस्तै) गवान् हो भन्ने ठान्छन् । यसै धारणाले गर्दा कवि वा कलाकार परम्परागत र प्रचलित विज्ञान, दर्शन र समालोचनाका रूढिले हलचल भएको अवस्थाबाट कलाले मुक्ति पाउँदछ । स्क्लोभ्स्कीले रूढि भई सकेका काव्यात्मक तत्त्वहरुलाई टड्कारा बनाउन प्यारोडीको उपयोग गरिने विचार राखेका छन् । काव्यमा अलङ्कारै हुनु पर्छ भन्ने केही छैन, त्यसैले अप्रस्तुत उपमानलाई प्रस्तुत उपमेयसित जोडेर परिचितीकरण गरिने आलङ्कारिक अभ्यासको साटो आफुले सधैँ चिनी राखेको कुरालाई नौलो र उदेक लाग्दो पारेर 'अपरिचितीकरण' प्रस्तुत गरेर पनि काव्यात्मकता ल्याउन सकिन्छ भन्ने स्क्लोभ्स्कीले नेतृत्व गरेको ओपायाजकै मान्यता छ ।

भिक्टर स्क्लोभ्स्कीले 'अपरिचितीकरण' अथवा नौल्याइँलाई नै काव्यको मुख्य विशेषता ठहराएर भाषाका वक्ताहरुको दैनिक प्रयोगमा बानी परेको संरचनालाई खल्बल्याएर (Deautomatization) अनि बोलचालमा कहिल्यै नजिक नजिक नआउने शब्दहरुलाई काव्यमा नयाँ अर्थको सिर्जना गर्न जानाजान नजिक ल्याएर पनि दैनिक बोलचालमा प्रयोग गरिने शब्दहरुबाटै भाषामा सिर्जनात्मक नौल्याइँ ल्याउन वा अपरिचितीकरण गर्न सकिन्छ भनेका छन्

। बोलचालको भाषाको प्रयोगमा वर्ण (अकलात्मक), शब्द र वाक्य विन्यास जस्ता घटक र तिनीहरुको संरचना वा विन्यास बानीका खटनमा चलेको हुन्छ, तर कलात्मक रचनाका भाषामा बानीका आधारमा गर्न सकिने सबै किसिमको अड्कल सके सम्म काम लाग्दैन । स्क्लोभ्स्कीको भनाइ अनुसार बोलचालका भाषामा परिचितीकरण (Automatization) हुन्छ भने काव्यका भाषामा अपरिचितीकरणको प्राधान्य हुन्छ । त्यसले गर्दा बोलचालको भाषा सजिलै बुझिन्छ भने, काव्यको भाषा बुझ्न त्यसमा प्रयोग भएका वर्ण, शब्द, पदावली, वाक्य र ताल जस्ता सबै पक्षमा ध्यान दिनु पर्ने हुनाले सजिलै बुझिँदैन । कुनै कृतिलाई कला बनाउँदा उपमान जनाउने वस्तु र शब्दहरुलाई प्रचलित प्रसङ्गबाट बाहिर निकालेर अर्कै प्रसङ्गमा प्रयोग गरिन्छ । कलाका लागि नौला प्रसङ्गमा प्रयोग गरिएका वस्तुहरु मानव जीवनकै तथ्यसँग मात्र सम्बन्धित हुनु पर्छ ।

अपरिचितीकरणलाई नै काव्यको मूल तत्त्व मानेर याकोब्सनले के भनेका छन् भने कुनै भाषाका साहित्यको वक्रोक्तिमय भाषाको लेख्नेले अपरिचितीकरण अथवा शैलीगत कलात्मकता बनाउँछ । स्क्लोभ्स्कीका समकालीन भए पनि र आपसी भेट नभए पनि एज्रा पाउन्डले समेत काव्य सिर्जना गर्ने प्रविधिलाई 'नमिल्ने असमान विचारहरुलाई मिलाउने' (Unification of disparate ideas) र 'नौलो र अनौठो बनाउने प्रविधि' (Device of making strange) भनेर परिचय दिएका छन् । संस्कृत साहित्यमा 'शिशुपालवध' महाकाव्यका महाकवि माघले पनि सौन्दर्यको परिभाषा 'नवता' कै आधारमा गरेका छन् ।

मुकारोब्स्कीले काव्यको भाषा सके सम्म टड्कारो बनाइएको अथवा अग्रभूमीकरण गरिएको हुन्छ भन्ने परिभाषा बनाएका छन् । मुकारोब्स्कीले गरेको कलाको यो परिभाषा पनि अपरिचितीकरणकै घुमाउरो रूप हो । यसैले अपरिचितीकरण र वक्रोक्तिलाई एउटै मानिने पाश्चात्य साहित्यमा उपर्युक्त विद्वानहरूले बताएका छन् । विशेष गरी एउटा टड्कारै चिनिने उपमानको प्रयोगबाट मिल्ने शक्तिले गर्दा जानकारीमा आएका दुइटा बेग्ला बेग्लै वस्तु र तिनीहरुको प्रयोग क्षेत्रलाई एउटै धारणा र भावनामा खप्टिइन्छ र समेटिन्छ अनि उपमानलाई लेन्स बनाएर उपमेयलाई कसरी हेरिन्छ भने, उपमानले नै उपमेयको शाब्दिक अर्थ दिन थाल्छ अर्थात् अर्थगत अपसरण वा अर्थ ) (परिवर्तन हुन्छ, जसले गर्दा बुझ्न लागेको कुरो अथवा विषय एकदम नौलो लाग्छ, किन भने उपमानको शाब्दिक अर्थ पनि त्यहाँ लुँडिएर आउँछ ) । कला, साहित्य, मनोविज्ञान र भाषामा रूपक (Metaphor) र लक्षणा (Metonymy/Synecdoche) भन्ने दुई ओटा प्रक्रियाहरु क्रियाशील हुन्छन् । यी दुइटै प्रक्रियामा शब्द कोशमा एउटा कुरो जनाउने शब्दले कुराका प्रसङ्गमा अर्कै अर्थ दिन्छ । यस्तो शब्दले त्यस विशेष प्रसङ्गमा जे जनाउँछ, शब्द कोशमा चाहिँ त्यसको त्यस्तो अर्थ हुँदैन । शब्द कोशमा पाइने त्यस शब्दको अर्थ चाहिँ शाब्दिक (Lexical), रूढ (Fossilized) वा स्थायी (Permanent) अर्थ अथवा वाच्यार्थ (Denotation) हो भने, कुरो, बोलचाल वा वर्णनका खास खास प्रसङ्गमा शब्दहरुले लिने अस्थायी अर्थलाई चाहिँ लक्ष्यार्थ (Metonym/ Connotation), (आ) रोप्यार्थ(-Metaphoric Meaning) वा व्यङ्ग्यार्थ )Ironic Meaning) भन्ने चलन छ । यसरी जुनसुकै भाषामा पनि निश्चित वा तात्कालिक प्रयोजनका लागि कुनै शब्दको वाच्यार्थमै परिवर्तन हुने प्रक्रियालाई याकोब्सनले लक्षणा र रूपक भन्ने मुख्य

दुइटा प्रक्रिया मानेको पाइन्छ , जो पूर्वीय आचार्य कुन्तकको वक्रोक्तिवादसित धेरै समान रहेको देखिन्छ ।

काव्यको भाषामा रूपक एउटा प्रक्रिया समानता र तुलयतामा रहेको हुन्छ भने लक्षणा चाहिँ दुइटा बेग्ला बेग्लै सङ्केतहरु जोड्न वा संयोजन (Combination) गर्न क्रियाशील हुन्छन् । यसरी नै कवितामा चाहिँ रूपक वा सादृश्यको ठुलो भूमिका हुन्छ भने, गद्यमा चाहिँ लक्षणाको ठुलो भूमिका हुन्छ । विस्थापनबाट आउने लघुतम युग्म (Minimal Pair) र उपमेयलाई उपमान (Metaphor) - ले विस्थापन गरेरै बन्ने रूपक अलङ्कारमा झन्डै एउटै प्रक्रियाले काम गर्छ । कविताको श्लोक बनाउन चाहिँ छन्द, लय, यति र ताल मिलाउन कृत्रिम वा कलात्मक रूपले हरेक चरण, हरेक पाउ, हरेक गण, हरेक अक्षर र हरेक मात्रा (Syllable Weight) गनेर बराबर नापो मिलाउनु आवश्यक हुन्छ । याकोब्सनको माथि लेखिएको काव्यको परिभाषा अनुसार उल्लेख गरिएका सबै तुल्यताका उदाहरणहरु ठाडो तुल्यता वा समानता भित्र पर्छन्, किन भने कविताको एउटा श्लोकमा सबै हरफहरु बराबर हुन खोज्छन्, हरेक हरफमा बिजोडी चरण वा पाउहरु परस्परमा बराबर नापोका हुन्छन्, जोडी चरण वा पाउहरु पनि आपसमा बराबर हुन खोज्छन् ।

संस्कृतको वार्णिक छन्दमा लघु अक्षर भएका ठाउँमा लघु अक्षर नै दोहोरिन्छ, गुरु अक्षर भएका ठाउँमा गुरु अक्षर नै दोहोरिन्छ भने, लेखनाथको ‘पिँजराको सुगा’ लेखिए जस्तोमात्रिक छन्दमा चाहिँ हरेक चरण वा पाउमा जम्मा मात्रा बराबर हुन्छ । पद्यकवितामा जस्तो सारो नापो मिलाउनु गद्य कविता अथवा निबन्ध, कथा र उपन्यास जस्ता गद्य साहित्यमा पर्दैन भने, बोलचालको भाषामा त झन एक रत्ति पनि पर्दैन ।

Notes

आसमान वर्ण र (अनुप्रास वा यमक जस्ता शब्दालङ्कारमा झैँ) कवितामा . एर पनि अथवसमान वर्ण समूहहरु पटक पटक दोहोऱ्या श्लेष जस्तो ) फरक अर्थ भए पनि उस्तै उच्चारण हुने अनेकार्थी (उभयालङ्कारमा झैँ शब्दहरु बिचको उच्चारणको समानता भए पनि समानता र तुल्यताको नापो त्यमा यस्तो वर्ण वा वर्ण समूहहरु कवितामा जस्तो मिलाइन्छ । गद्य साहि ठुलो मात्रामा मिलाइँदैन । बोलचालको भाषामा त यसरीखोजी खोजी अनुप्रास मिलाउने कुरै हुँदैन ।

अगस्ट स्लेगेल ले के भनेका छन् भने (०ई १८०१), कुनै कृति जति गद्यमय हुन्छ, त्यति त्यसलाई गायन गर्न सकिँदैन, अर्थात् त्यसको गेयात्मकता घट्छ, तर कवितामा चाहिँ त्यसको उल्टो बराबर उच्चारण कालमा यति वा विश्राम आउँछ र कृतिमा ताल उत्पन्न हुन्छ । यसरी कवितामा श्रोतालाई खेलमा झैँ वास्तविकतासँग नमिल्ने काव्य लोकमा पुऱ्याइन्छ, जहाँ भाषाका एकाइहरु बिचमा बोलचालका भाषामा जस्तो ध्वनि र अर्थका बिचमा काकतालिक साइनो नभएर लक्ष्यानुरूप अर्थ निर्माण गर्न सकिन्छ । सेलिङ ले चाहिँ काव्यको बाहिरी लक्ष्य नभएकाले आन्तरिक रूपमा नै (०ई १८०३) पनि पाइन्छ त्यसको लक्ष्य सके सम्म नियमित हुन्छ भन्ने विचार राखेको । पद्यमा चाहिँ वर्णले अर्थ वक्रताको खटन गर्छ भन्ने धारणा राखेका छन् । भिक्टर स्क्लोभ्स्की ले गद्य भाषामा भन्दा पद्य भाषामा त (०ई १९१९) ध्वनिकै पनि बेग्लै अर्थ, शब्दको उच्चारणमा प्रयोग हुने अवयवको पनि बेग्लै अर्थ, शब्दको पनि कोशमै नभेटिने अर्थ अनि संरचना र शब्दको विन्यासकै मात्र पनि छुट्टै अर्थ हुन सक्छ भन्ने दृष्टि कोण राखेका छन् ।

कविहरूले उपमेय र उपमान बीचको साद्दश्य र समानता जस्ता अनेक किसिमका तुल्यताको निर्माण वा सिर्जना मात्र गर्छै भन्ने याकोब्सनको धारणा छ । कविता वा काव्यमा उपमान र उपमेयका बिचको साद्दश्य अथवा उपमानमा उपमेयको अर्थ परिवर्तन, आरोप र अर्थ ग्रहण खालि कृतिगत, तात्कालिक र प्रसङ्ग सापेक्ष मात्र हुन्छ, बोलचालका भाषामा जस्तो स्थायी अर्थ परिवर्तन हुँदैन । अतिशयोक्ति अलङ्कारमा उपमान (Metaphor) ले उपमेयको अर्थ जनाउँछ, तर त्यो अर्थ परिवर्तन पनि बोलचालका भाषामा जस्तो स्थायी हुँदैन । गद्य र पद्यमा फरक छुट्ट्याउन याकोब्सन (Jakobson and Halle, The Metaphoric and Metonymic Poles) - ले काव्य शास्त्रमा प्रचलित दुई ओटा पारिभाषिक शब्द को अर्थलाई व्यापक (रूपक र लक्षणा) का आधारमा उपमान र उपमेयमा साद्दश्य बनाएका छन् । केही बेहोरा स्थापना गर्ने‘उपमा, रूपक, उत्प्रेक्षा र अतिशयोक्ति’ अलङ्कारमा आधारभूत रूपमा उपमेयको अर्थ उपमानमा सरेर तुल्यता (Equivalence) स्थापना गरिने हुनाले याकोब्सनले कवितामा ‘घोषअघोष-’, ‘अनुनासिकअननुनासिक-’, ‘अल्प प्राणमहाप्राण -’ जस्ता विभेदक अभिलक्षण (Distinctive Features) मा समानता र व्यतिरेक (Contrast) - को निर्माण, ‘छेकानुप्रास’ र ‘वृत्यनुप्रास’ जस्ता अनुप्रास (Rhyme), छन्दका हरफ हरफमा र चरण चरणमा बराबर अक्षर सङ्ख्या वा मात्राको निर्माण, समानार्थी शब्दहरुको सजावट अथवा विपरीतार्थी शब्दहरुको सजावट, एउटै अर्थ परिवारका शब्दहरुको सजावट जस्ता सबै किसिमका तुल्यताको निर्माण र आवृत्ति गर्ने प्रक्रियाहरुको नमुना वा आदर्शको साझे नाम ‘रूपक’ (Metaphor) भन्ने दिएका छन् र कवितामा यसै प्रक्रियाको सर्वोपरि मुख्य भूमिका हुने विचार व्यक्त गरेका छन् ।

याकोब्सनले गद्यमा चाहिँ लक्षणा (Metonymy) - को भूमिका हुन्छ भन्ने मानेका छन् । जसरी अतिशयोक्ति अलङ्कारमा निश्चित प्रसङ्गमा उपमानले उप अर्थ परिवर्तन भएरमेय जनाउँछ, त्यसै गरी लक्षणामा पनि एउटै प्रसङ्ग र परिस्थितिसँग निकट सम्बन्ध राख्ने एउटा शब्दले अस्थायी, तात्कालिक र प्रसङ्ग सापेक्ष अर्थ परिवर्तन भएरअर्को शब्दले दिने अर्थ जनाउँछ । स्क्लोभ्स्कीका अनुसन्धानको रुचि पद्यमा भन्दा गद्यमा र त्यस भित्र पनि आख्यानमा थियो, त्यसैले उनले कच्चा माल र उपकरणको (अथवा पदार्थ) अवधारणालाई'कथा बीज' (फाबुला वा स्टोरीको (स्युजेत) र कथानक अवधारणामा उपयोग गरे । स्क्लोभ्स्कीका विचारमा कला र काव्य त उद्द्ेश्यमूलक हुन्छ, त्यसले वास्तविक घटना (Fabula) बाट काव्यको कथानक (Sjuzhet) - लाई फरक पार्छ, किन भने वास्तविक घटनामा चाहिँ समय क्रमको नियन्त्रण वा खटन हुन्छ, तर त्यसै वास्तविक घटनाबाट समयको बन्धन र क्रम खुस्काई दिए पछि र त्यसलाई कथाकारले उद्देश्य अनुसार आफुखुसी खज्मज्याए पछि मात्र काव्यको कथानक बन्छ । कथानकमा पाइने कलात्मक नियमबद्धता साँच्चैको घटनामा हुँदैन । स्क्लोब्स्कीका विचारमा कथामा पात्र, जीवन दर्शन, मनोविज्ञान, आदि सबै कुरा कथानकमा आश्रित हुन्छन् र कथानकको संरचना र कलात्मकता नै कथाको मुटु हो । डिस्कोर्स (Foucault, The Order of Discourse) - बाटै डिस्कोर्सको निष्कासन गर्ने आन्तरिक प्रक्रिया वर्गीकरण), क्रम निर्धारण, वितरणमन्त्र) समाजमा प्रचलित कृति वा डिस्कोर्स , तन्त्र, महावाणी, वेद, पुराण, गीता, रामायण, महाभारत, कानुन, धर्म शास्त्र, ज्ञान, विज्ञान, काव्य, साहित्य, अनि ती ग्रन्थका मीमांसा, भाष्य, टीका, व्याख्या, शिक्षा, आदि हरुमा जेठ्कान्छी हुन्छ । समय क्रममा टीका, भाष्य, व्याख्या र समीक्षाले मूल

ग्रन्थको ठाउँ लिन्छन् र कहिले त मूल ग्रन्थले कतै नभनेको कुरो पनि व्याख्या, उपव्याख्या, टीका, उपटीका र विश्लेषणमा रूढि बनेर चल्छ । लेखकको नाउँ र उपस्थितिले पनि डिस्कोर्सलाई जटिल बनाउँछ । एउटा लेखकका सबै कृतिहरुमा निश्चित सङ्गति हुन्छ भन्ने भ्रम समाजमा रूढि बनेर चल्छ र त्यस रूढिलाई जिउँदो लेखकले आफैं गरेको टिप्पणीले पनि डिस्कोर्सको अर्थमा जटिलता ल्याउँछ । एउटै शास्त्र र ज्ञान विज्ञानको विधामा पनि समय समयमा भएको परिवर्तनले गर्दा एउटै विषयको पनि स्थायी परिभाषा हुँदैन । मेन्डलले बनाएको आनुवंशिक नियमा जीव विज्ञानको प्रचलित रूढिसँग नमिलेकाले गर्दा उनको विषयले जीव विज्ञानमा मान्यता सजिलै पाएन । सारांश के भने, ज्ञान विज्ञानका स्थापित रूढिको शैली र प्रस्तुतिको रूढिले पनि त्यो रूढि नमिलाई आएका नयाँ आविष्कारलाई पनि सहजै मान्यता नदिएर छेकारो हाल्छन् । कुनै कुनै डिस्कोर्ससँग समूह गत गोप्यता पनि गाँसिएको हुन्छ । यसैले काव्य वा साहित्यमा वक्रोक्तिको पनि महत्व र मूल्य डिस्कोर्स, उपमेय र उपमान, लक्षणा, व्यञ्जना, व्यतिरेक, तुल्ययोगिता, अतिशयोक्ति जस्तै रहेको हुन्छ भन्नुमा कुनै दुई मत नहोला ।

भरतले नाटकमा मात्र वक्रोक्तिको आवश्यकताप्रति विशेष संकेत गरेका छन् तर आनन्दवर्धनले काव्य  नाटक दुवैको लागि यसको आवश्यकता ठान्दछन् -  क्षेमेन्द्रले यसभन्दा अघि बढेर !वक्रोक्तिलाई साहित्यको स्वतन्त्र सिद्धान्तको रूप दिएका छन्  संक्षेपमा !वक्रोक्तिबादले रस, अलंकार, ध्वानि, गुण, रीति आदि सबै काव्यतत्त्वलाई एक मूल परिवेशमा समेटेका छन् सबै  !  काव्यतत्त्वलाई रसकेन्द्री बनाउनुवक्रोक्तिको उद्देश्य हो यसरी रसमय  ! काव्यमहल खडा गर्न वक्रोक्ति सबै काव्यतत्त्वको कसी एवं अंकुश बनेको हुन्छ

साहित्यमा !वक्रोक्तितत्त्व आवश्यक छ र अनुपेक्षणीय पनि अरू सबै !

काव्यतत्त्व रसकेन्द्री बनेका हुन्छन् तर रस स्वंय पनिवक्रोक्तिकेन्द्री भएर

मात्र साहित्यिक उद्देश्य पूर्ति गर्न अथवा काव्यानन्द दिन सफल हुन्छ !

यसैले यहाँ रसलाई छोडेरवक्रोक्तिलाई नै साहित्यको सार्वभौम सिद्धान्त

मानिएको छ अर्को शब्दमा क्षेमेन्द्रको औचित्यबादको उद्देश्य रसलाई !

काव्यका लघुतम अंग शब्द र अर्थदेखि ! संरक्षण गर्नु र पुष्ट बनाउनु हो

लिएर गुण, अलंकार, वस्तु, पात्र, चरित्र ,प्रवन्ध आदि महत्तम अंगहरुको

काव्यमहल बनाउँदा जुन ठाउँमा रसका दृष्टिले जुन कुरा उपयुक्त र अनुकूल

हुन्छ त्यसको उचित संयोजना गर्नु औचित्यवादको मूल आश्य गुन आउँछ !

भिन्न भिन्न कुरामा पनि भिन्न भिन्न सोचाइ भएको संसारमा उचित

अनुचितको प्रश्न ज्यादै जटिल हुन पुग्छ हामी जसलाई उचित भन्दछौं !

त्यही अर्काका निम्ति अनुचित हुन सक्छ तर साहित्य समाजबाट

देश ! असग्गिएको कुरा होइन, काल, परिस्थि एवं मर्यादाअनुसार समाजमा

आफ्नै किसिमको धारणा हुन्छन् यिनै धारणाले विशेष गरेर साहित्यमा !

! औचित्य र अनौचित्यको रेखा निर्धारण गरेको पाइन्छ परम्परागत औचित्य

र अनौचित्यको विषयमा देश, काल, वातावारणमा परिसीमाले महत्त्वपूर्ण ठाउँ

ओगटेको हुन्छ गाई पुज्नु औचितेय हो र घोडा पुज्नु अनौचित्य भन्ने !

यस्ता ! सम्झनु हाम्रो परम्परागत मान्यतासँग सम्बन्धित विषय हो

रीतिरिवाज वा प्रथासँग सम्बन्धित मान्यताले साहित्यलाई विश्वव्यापीपनबाट

केही सीमित गराएको हुन्छ तर यसलाई अनौचित्यको संज्ञा दिन सकिन्न !

अर्का देश या जातिविशेषको साहित्यलाई मूल्यांकन -यही सापेक्षता नै एक

उक्त किसिमका साहित्यमा आफ्नो ! गर्दा त्यही परिसीमाभित्र रहेर गर्नुपर्छ

राष्ट्रियता तथा संस्कृति ब ोलेको हुन्छ समयसापेक्ष साहित्यलाई पनि यस्तै ! रामायणकालीन साहित्यको समाजलाई पूरा ! किसिमले लिन सकिन्छ ! आजको नजरले हेरेर साहित्यिक औचित्य र अनौचित्य केलाउनु ठिक हुन्न तत्कालीन परिस्थिति र धारणाअनुसार नै त्यसको औचित्यलाई विशेष ख्याल :अत ! राख्नुपर्ने हुन्छदेशबोध र युगबोध साहित्यका महत्त्वपूर्ण वैशिष्ट्य हुन् ! यही कुरालाई क्षेमेन्द्रले देशौचित्य र कालौचित्यले संकेत गर्दछ ! परम्परागत धारणाले साहित्यलाई प्रशस्त प्रभाव पारेको हुन्छ देश !, कालको परिवर्तनशीलताले वक्रोक्तिप्रतिको धारणा पनि परिवर्तन भइरहेरो पाइन्छ ! यसैले विशेष गरेर परम्परागतवक्रोक्तिका मान्यताहरु लचिला हुन्छन् भन्न सकिन्छ !

साहित्यकारको प्रतिभा र व्युत्पत्ति कमीले गर्दा पनि साहित्यमा प्रशस्त मात्रामा अनौचित्य देखा परेको हुन्छ जस्तो वयर सुन्तलाजस्तो हुन्छ भनेर ! वर्णन गर्नु,हिमालयमा आँप लटरम्म फलेको वर्णन गर्नु ,शिशिर ॠतुमा तलाउमा कमलको फूल ढकमक्क फुलेको वर्णन गर्नु आदिलाई उद्धारणका रूपमा लिन सकिन्छ उक्त उद्धारणहरुमा कुनै चीजको स्वरूप ज्ञान !, भौगोलिक ज्ञान र मौसम ज्ञानको कमी देखाइएको छ यस किसिमका ! वर्णनलेवक्रोक्तिलाई ठूलो आघात पारेको हुन्छ !वक्रोक्तिवादले प्रतिभा एवं व्युत्पत्तिसम्बन्धी उपर्युक्त ढंगका वक्रोक्तिमा पनि उपयुक्त दृष्टि दिएको छ ! अझ स्पष्टताका लागि यहाँ हामी विशेषणको संयोजनामा भएको अनौचित्यलाई लिन सक्छौ एउटा डरपोक मानिस बाघ देखेर डराउदै भन्छ ! कस्तो अचम्मको " बाघ त्रस्त मानिसले भयङ्कर वस्तुलाई " ! यसैले यहाँ अचम्मको सट्टा ! अचम्मलाग्दो नदेखेर डरलाग्दो नै देख्छ

यसरी उपयुक्त विशेषणको प्रयोगले पनि ! डरलाग्दो विशेषण उपयुक्त हुन्छ वक्रोक्तिलाई प्रशस्त मद्दत गरेको पाइन्छ !

हामीले यो कुरा पहिलेदेखि नै स्पष्ट्याइसकेका छौ रसलाई पुष्ट बनाउनु यस बादको उद्देश्य हो यस उद्देश्यले काव्यरचनाका लागि केही शास्त्रीय ! नियमहरुको उल्लेख काव्यशास्त्रीयहरुले गरेका छन् तर धेरैजसो नियमहरु यस्ता ! साहित्यप्रतिको परिवर्तनशील धारणाले गर्दा बन्धनजस्ता बनेका छन् नियमहरु पनि परम्परागत मान्यताजस्तै लचिला मानिनुपर्छ भन्ने कुरा समय समयमा विद्वानहरुको परिवर्तनशील धारणाले सम्झाउँछ श्रृंगार र ! वीररस मात्र नाटकमा प्रधान रस हुनुपर्छ भन्ने शास्त्रीय नियमलाई शास्त्रीय युगमा नै महाकवि भवभूतिले तोडेर करूणरसमा रसपरिपूर्ण एवं उत्कृष्ट फ ! नाटक दिएका थिएैरि शास्त्रीय मान्यताअनुसार वियोगान्त नाटक लेख्नु हुँदैन नाटक वा महाकाव्यमा धीरोदत्त चरित्र भएको नायक हुनुपर्छ !, अरू जनसाधारण नायक हुन सक्तेनन् भन्ने मान्यतालाई लिएर आधुनिक साहित्यका वियोगान्त रचनालाई उपेक्षा गर्न सकिन्न शास्त्रीय ! मान्यताप्रतिकूल नायकको आधारमा पनि कुनै रचनालाई अनुपयुक्त मान्नु असम्भ हुन जान्छ किनभने हाम्रा सोचाइमा उपर्युक्त शास्त्रीय नियममा ! यी रचनामा पनि दर्शक या ! प्रतिकूल रचना पनि उचित वनिसकेका छन् यसैले शास्रीय ! पाठकलाई समुचित रूपमा साधारणीकरण हुन सक्छ

विद्वानहरुले मानेको औचित्यकोपरिसीमा कही संकुचित र कही विस्तृत हुँदै गएको छ भन्न सकिन्छ तर औचित्यको मूलद्वारा वस्तुको यथार्थ रूपकथन यसैले त राजा ! भने उत्तिकै अटल छ ( स्वभावअनुकूल वर्णन) युधिष्ठिरजस्तो पात्रमा भीमसेनको जस्तो उद्धत व्यवहार, सामान्य अनपढ़

पात्रले गम्भीर दार्शनिक कुरा गर्नु आदि निश्चय नै अनुचित एवं अस्वाभाविक मानिन्छ यसरी !वक्रोक्तिले शास्त्रीय एवं बाह्य मर्यादालाई केही छोडे पनि आफ्नो मूल धारालाई लिएर साहित्यमा आफ्नो मूल बढाइरहेको छ भन्नु उपयुक्त हुन्छ !वक्रोक्तिबादका आफ्नै मान्यता र धारणाहरु केही हदसम्म परिवर्तनशील साहित्यसँग प्रवाहित भएका छन् र केही हदसम्म यिनीहरुले साहित्यलाई नियन्त्रण गरिरहेकै देखिन्छन् !

कुन्तकले साहित्यमा औचित्यको व्यापकतालाई स्पष्टत ! बुझेका थिए : यसैले उनलेवक्रोक्तिको केही भेद गरेर अरू यसै गरी कल्पना गर्नुपर्छ भनी परिवर्तनशील साहित्यिक मान्यताप्रति संकेत गरेका छन् गुण !, रीति, अलंकारको केन्द्रीय रससँग उपयुक्त सम्बन्धको व्यवस्था गर्न अथवा काव्य सौन्दर्यतत्त्वहरुको पारस्परिक सम्बन्ध एवं अन्वितिमा उपयुक्त ध्यान दिनु वक्रोक्तिबादको मुख्य उद्देश्य हो यसवादले साहित्यलाई रस !, गुण, अलंकार, रीति आदिले मात्र मूल्यांकन नगरेर प्रतिपाद्य विषयको औचित्य र अनौचित्यका दृष्टिले पनि मूल्यांकन गर्न एक प्रवल आलोचनात्मक आधार दिएको छ साहित्यमा वस्तु !, विषय, पात्र, चरित्र आदिको स्वाभविकता रक्षा गर्नु यसलाई उत्कृष्टता दिने आधार हो यस बादको मूल धारा स्वाभविकता ! हो रयसैले साहितेयको रस एवं भावधारालाई बढी पुष्ट बनाउँछ सारांशमा ! साहितेयको मूल तत्त्व रस या भावलाई खजमजिन नदिनु र रसको उद्देश्यपूर्तिमा यसका सहायक तत्त्वका रूपमा गुण, अलंकार, रीतिलाई वाधक हुन नदिनु वक्रोक्तिको मूल उद्देश्य भएकाले यस वादलाई रससंरक्षकवाद भन्नु उपयुक्त हुनेछ यसरी !वक्रोक्तिले रस एवं भावपूर्ण काव्यलाई जीवनशक्ति

दिएको छ र काव्यलाई भव्य, शुद्ध एवं परिष्कृत बनाउन यसको आवश्यकता सधै सधै अटल रहने विश्वास लिन सकिन्छ !

## 14.5 उपसंहार

भाषा विश्लेषणका आधारमा काव्य कृतिका सौन्दर्यपरक अर्थको विश्लेषण गर्ने जुन वस्तु वादी समालोचनाको आविर्भाव बिसौँ शताब्दीको दोस्रो दशकमा रुसी रूप वादका नाउँमा पश्चिममा देखा पर्‍यो । संस्कृत साहित्यमा ढिलो भए, आठौँ शताब्दी सम्मै 'वक्रता' का आधारमा काव्यको परिभाषा गर्ने काम भामह र दण्डीले गरेको देखिन्छ । नवौँ शताब्दीमा वामनले त्यसैलाई 'पद सङ्घटना' का रूपमा अघि बढाएको र दशौँ वा एघारौँ शताब्दीमा कुन्तकले 'वक्रोक्तिजीवित' भन्ने सिङ्गै ग्रन्थ लेखेर काव्यको वर्ण, मुक्त रूप, वद्ध रूप, पद, वाक्य, प्रबन्ध र प्रकरणकै वक्रताका आधारमा काव्यको परिभाषा गरेको देखिन्छ । भामह, वामन र कुन्तकको प्रभाव रुसी रूप वादी याकोब्सन जस्ता भाषा वैज्ञानिकलाई परेको थियो कि थिएन भन्ने कुरो गम्भीर अनुसन्धानको विषय छ । भाषा विज्ञान नै संस्कृतको आविष्कार पश्चिमलाई भए पछि जन्मेको हो र ससुर जस्ता पहिलेका भाषा वैज्ञानिकहरु त संस्कृतबाट सशक्त रूपले प्रेरणा र प्रभाव लिएका हुन्थे ।

कथाकार राजेन्द्र पराजुलीको पछिल्लो कथासङ्ग्रह "शुक्रराज शास्त्रीको चस्मा" राजनैतिक पूर्वाग्रहबाट लगभग मुक्त छ । सङ्ग्रहमा प्रकाशित बीस कथामा अधिकांश कथा बद्लिएको नेपाली राजनैतिक परिदृश्यमा देखिएका विकृति, विसङ्गति र विग्रहमाथि गरिएका तीक्ष्ण व्यङ्ग्यहरू हुन्, यद्यपि केही कथा

व्यक्तिगत स्वभाव, प्रेम, यौन र आकष्मिकतामाथि पनि कुँदिएका छन् । त्यहाँ सबै पार्टीसँग सम्बन्धित प्रशङ्गहरू छन्, र सबै भूगोलका पात्रहरू छन्।

**वक्रोक्ति** दुइवटा शब्दहरू 'वक्र' र 'उक्ति' - का सन्धिले निर्मित भएको शब्द हो । यसको शाब्दिक अर्थ हुन्छ – यस्तो उक्ति, जुन सामन्य भन्दा अलग र विशिष्ट प्रभृतिको हुन्छ । 'वक्र' – को अर्थ धुमाउरो, बाङ्गो, टेडो र 'उक्ति' - को अर्थ भनाइ, बोलाइ, कुरा गराई आदि हो । यसर्थ वक्रोक्तिलाई टेडो कथन वा भनाई पनि भनिने गरिन्छ । कता – कता यो लक्षणा र व्यञ्जना दुवै शब्द शक्तिसित सामिप्यमा रहेको पनि हुन्छ ।

पूर्वीय साहित्य सिद्धान्तमा आचार्य कुन्तकलाई वक्रोक्ति – सिद्धान्तका आचार्य मानिने गरिन्छ । आचार्य भामह पछि उनको प्रदार्पण पूर्वीय साहित्य संसारमा भएको मानिन्छ । यसैले भामहको परवर्ती आचार्यको रूपमा उदाएको आचार्य **कुन्तक**ले वक्रोक्तिलाई एक सम्पूर्ण सिद्धान्तको रूपमा विकसित गरेर काव्यका समस्त अङ्गहरूलाई पनि यस सिद्धान्तमा समाविष्ट गरेको पाइन्छ । यसर्थ आचार्य कुन्तकलाई नै **वक्रोक्ति सम्प्रदाय**को प्रवर्तक आचार्य मानिने गरिन्छ ।

## 14.6 सार

यस प्रखण्डमा **वक्रोक्तिका भेदहरू, काव्य तथा समीक्षा सिद्धान्तमा वक्रोक्तिको स्थान र महत्व**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- वक्रोक्तिवादका संस्थापक आचार्य कुन्तकलाई मानिन्छ । उनले काव्यमा वक्रेक्तिलाई प्रधानरूपमा स्वीकारेका छन् ।

- वक्र' – को अर्थ धुमाउरो, बाङ्गो, टेडो र 'उक्ति' - को अर्थ भनाइ, बोलाइ, कुरा गराई आदि हो । यसर्थ वक्रोक्तिलाई टेडो कथन वा भनाई पनि भनिने गरिन्छ ।
- पूर्वीय साहित्य सिद्धान्तमा आचार्य कुन्तकलाई वक्रोक्ति – सिद्धान्तका आचार्य मानिने गरिन्छ । आचार्य भामह पछि उनको प्रदार्पण पूर्वीय साहित्य संसारमा भएको मानिन्छ ।
- आचार्य कुन्तकलाई नै **वक्रोक्ति सम्प्रदाय**को प्रवर्तक आचार्य मानिने गरिन्छ । कतिपय विद्वानहरूले वक्रोक्ति र व्यञ्जनालाई एउटै मानेका पनि छन् ।
- **वक्रोक्ति** शब्दको निर्माण वक्र + उक्ति शब्दको योगबाट भएको हो । वक्रको अर्थ टेढो वा घुमाउरो तथा उक्तिको अर्थ भनाइ वा कथन भन्ने हुन्छ । यसरी वक्रोक्तिको शाब्दिक अर्थ घुमाउरो भनाइ भन्ने हो ।
- वक्रोक्तिमा विचित्र उक्ति पाइने हुँदा यसलाई विचित्रोक्ति पनि भनिन्छ । वक्रोक्तिवादका प्रवर्तक कुन्तकले वक्रोक्तिको परिभाषा र व्याख्या आफ्नो ग्रन्थ **वक्रोक्ति जीवितम्**मा विभिन्न ठाउँमा गरेका छन् ।
- काव्यको आत्मा वक्रोक्ति विदग्ध भङ्गीयुक्त विलक्षण, विचित्र तथा आह्लादपूर्ण वर्णन हो ।
- घुमाउरो भनाइ भनेकै *वक्रोक्ति* हो । कुटिल भन्ने अर्थमा वक्रोक्ति शब्दको प्राचीन प्रयोग वेद तथा लोकमा पाइए तापनि यस शब्दलाई काव्यशास्त्रमा भित्र्याउने प्रथम व्यक्ति भामह हुन् ।
- भामहले अलङ्कारलाई चिनाउने क्रममा अतिशयोक्तिको चर्चा गरेका छन् र त्यही अतिशयोक्तिलाई नै वक्रोक्तिको संज्ञा दिएका छन् । उनले

अलौकिक उक्ति वा विशिष्ट कथनलाई अतिशयोक्ति वा वक्रोक्ति मानेका छन् ।

- ❖ भामहका विचारमा सामान्य लौकिक वचनभन्दा विलक्षण उक्ति नै वक्रोक्ति हो ।
- ❖ आचार्य कुन्तकको मतअनुसार वक्रोक्ति केवल वाक् - चातुर्य अथवा उक्ति चमत्कार मात्र होइन , यो कवि व्यापार अथवा कवि कौशल हो।
- ❖ कुन्तकले वक्रोक्ति अन्तर्गत सबै काव्य सिद्धान्तहरूलाई समाहार गर्दै समस्त काव्याङ्गहरू वर्ण चमत्कार -, शब्द सौन्दर्य, विषयवस्तुको रमणीयता, अप्रस्तुत - विधान, प्रबन्ध, कल्पना आदिलाई वक्रोक्तिमा उचित स्थान दिएका छन् ।
- ❖ वक्रोक्तिवाददले काव्यको केन्द्रीय तथा व्यापक तत्त्व वक्रोक्तिलाई मान्दछ । यसअघि रस, ध्वनि, अलङ्कार आदिलाई काव्यको मुख्य तत्त्व आत्मा मानी आएकामा यसले तिनका विरुद्ध वक्रोक्तिकरो मुख्यता स्थापित गरेको छ ।
- ❖ यस वादका अनुसार वक्रोक्ति नभएको काव्य नीरस भई साधारण वार्ता मात्र बन्छ । काव्यमा सौन्दर्यको अभिवृद्धि गराउने तत्त्व वक्रोक्ति नै हो ।
- ❖ यो वाद अभिधावादी सिद्धान्त हो । अभिधाकै विभिन्न रूपलाई वक्रोक्तिको नाम दिइए तापनि त्यसको विशिष्ट रूपमा मात्र मान्यता दिइएको छ ।
- ❖ अभिधाको यसै विशिष्ट रूपभित्र लक्षणा र व्यञ्जना समाविष्ट छन् । य़सरी यस सिद्धान्तले सोझै व्यञ्जनालाई नमानेको हुँदा यसलाई ध्वनि विरोधी मान्यता पनि ठानिन्छ ।

- ❖ यो समन्वयवादी सिद्धान्त हो । यसमा एकातिर अलङ्कारवाद र रीतिवाद जस्ता वस्तुवादी काव्य धारणाको र अर्कातिर रसवाद र ध्वनिवाद जस्तो आत्मवादी काव्य धारणाको समन्वय गरी मध्यममार्गको अनुसरण गरिएको छ ।
- ❖ यसले सम्पूर्ण पूर्ण परम्पराहरू आत्मसात गरेको हुँदा यो समन्वयवादी मान्यता हो ।
- ❖ यसले वक्रोक्तिका रूपमा विलक्षणता, विचित्रता, चमत्कार आदिलाई प्रधानता दिने हुँदा यो वस्तुवादी सिद्धान्त हो ।
- ❖ यसले निर्धारित गरेका वक्रोक्तिका ६ वटा प्रमुख भेदहरू काव्यको वस्तुवादी विश्लेषण गर्ने प्रारूप, प्रक्रिया र सिद्धान्त हुन् । यस वस्तुवादी दृष्टिको आलोचना गर्दै कतिपय विद्वानहरूले यसलाई चामत्कारिक आलोचना पद्धतिको प्रवर्तन गर्ने सिद्धान्त मानेका छन्।
- ❖ यसले कवि कर्मकौशललाई मान्यता दिई कवि व्यक्तित्वको प्रतिष्ठालाई स्थापित गरेको छ। कवि स्वभावलाई बढी महत्त्व दिँद यसले रचनाकारले भूमिकालाई महत्त्व दिएको छ ।
- ❖ कवि स्वभावका आधारमा कुन्तकले सुकुमारमार्ग, विचित्रमार्ग र उभयमार्ग समेत तीन मार्ग निर्धारित गरी कविले आफ्ना स्वभावअनुसार जुनसुकै मार्ग रोजे पनि हुन्छ भन्ने मान्यता अघि सारेका छन्।
- ❖ यस वादले वक्रोक्तिलाई साध्य र साधन मान्नु यसको नवीन धारणा र मौलिक मान्यता हो ।

यस प्रखण्डको अध्ययनले **वक्रोक्तिका भेदहरू, काव्य तथा समीक्षा सिद्धान्तमा वक्रोक्तिको स्थान र महत्व**बारे बुनियाँदी जानकारी प्राप्त भयो ।

रसको परिचय र यसको नौवटा प्रकार सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 14.7 अनुशीलनी

१. वक्रोक्तिवादको उद्भवबारे चर्चा गर्दै यसका पूर्वीय साहित्यमा रहेको रस – सिद्धानतलाई सविस्तार चर्चा गर्नु होस् ।

२. वक्रोक्तिको अर्थ सम्बन्धि उल्लेख गर्दै यसको परिभाषाबारे पूर्वीय र पाश्चात्य मतको टिप्प्णी गर्नुहोस् ।

३. साहित्यमा वक्रोक्तिवादको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस् ।

४. वक्रोक्तिको भेद तथा प्रकारबारे विश्लेषण गर्नुहोस् ।

५. वक्रोक्ति सिद्धान्तका प्रवर्तक आचार्य कुन्तकबारे आफ्नो विचारलाई सबिस्तार चर्चा गर्नुहोस् ।

६. वक्रोक्तिवादी चिन्तनको विकासक्रम पूर्वीय साहित्यमा कसरी र किन भएको पाइन्छ ? विवेचना गर्नुहोस् ।

७. कुन वक्रोक्तिलाई काव्यको उत्तम कथन मानिन्छन् ? आफ्नो तर्क दिनुहोस् ।

८. पूर्वीय साहित्यको वक्रोक्ति - सिद्धान्तले अन्य भाषा वा साहित्यमा के - कस्तो प्रभाव पारेको ठान्नुहुन्छ ? चर्चा गर्नुहोस् ।

९. वक्रोक्तिवादी सिद्धान्तको पृष्ठभूमिबारे एउटा टिप्पणी लेख्नुहोस् ।

१०. 'वक्र कवि व्यापार शालिन काव्यम् ' -बारे लेख लयार पार्नुहोस् ।

१२. वक्रोक्तिवादका प्रमुख प्राप्तिहरू के के हुन् ? आफ्नो मनतव्य लेख्नुहोस् ।

## 14.8 अतिरिक्त अध्ययन


१६६. सिग्देल, सोमनाथ - **साहित्य प्रदीप** ।

१६७. उपाध्याय, डा. केशवप्रसाद - **साहित्य प्रकाश** ।

१६८. अधिकारी, हेमाङ्गराज - **पूर्वीय समालोचना - सिद्धान्त** ।

१६९. हिमांशु, राजुप्रधान - **साहित्य परिचय** ।

१७०. उपाध्याय, केशवप्रसाद - **पूर्वीय काव्य सिद्धान्त** ।

१७१. लुइँटेल, खगेन्द्रप्रसाद - **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** ।

१७२. न्यौपाने, टङ्कप्रसाद - **साहित्यको रूपरेखा** ।

१७३. तिवारी, डा. रामचन्द्र - **भारतीय व पाश्चात्य काव्यशास्त्र तथा हिन्दी आलोचना** ।

१७४. आनन्दवर्धन - **ध्वन्यालोक**, वाराणसी, चौखम्बा विद्याभवन ।

१७५. कुन्तक – **वक्रोक्तिजीवित** ,वाराणसी ।

१७६. जगन्नाथ – **रसगङ्गाधर** ,वाराणसी, चौं विद्याभवन ।

१७७. जयदेव – **चन्द्रालोक** ,वाराणसी ।

१७८. दण्डी – **काव्यादर्श** ,वाराणसी ।

१७९. भरत - **नाट्यशास्त्र** – २, वाराणसी, काशी ।

१८०. भामह –**काव्यालङ्कार** ,पटना, विहार राष्ट्रभाषा परिषद् ।

१८१. मम्मट - **काव्यप्रकाश**, वाराणसी ज्ञानमण्डल लिमिटेड ।

१८२. वामन – **काव्यालङ्कार सूत्रवृत्ति**, वाराणसी ।

१८३. विश्वनाथ – **साहित्यदर्पण** ,वाराणसी ।

१८४. वेदव्यास – **अग्निपुराण** ,दिल्ली , चौखम्बा संस्कृत प्रतिष्ठान।

१८५. शर्मा, मोहनराज - **नेपाली कविता, नाटक र इतिहास**, काठमाण्डौं ,नवीन प्रकाशन ।

१८६. त्रिपाठी, वासुदेव - **नेपाली कविता**, भाग –४ ।

१८७. व्यास - **अग्नि पुराण** ।

१८८. **तैतरीयोपनिशद्** ।

१८९. डा. नगेन्द्र - **भारतीय काव्यशास्त्र की परम्परा** ।

१९०. डा. नगेन्द्र - **रस सिद्धान्त** ।

१९१. राकेश, विष्णुदत्त - **इतिहास और समीक्षा** ।

१९२. अवस्थी, बच्चूला - **ध्वनि - सिद्धान्त तथा तुलनीय साहित्य**।

१९३. भट्टराई, गोविन्दप्रसाद – **पूर्वीय काव्य सिद्धान्त** ।

१९४. सिंह, डा. राज किशोर - **आचार्य कुन्तक और वक्रोक्तिजीवितम्** ।

१९५. पाण्डेय, डा. लक्ष्मीकान्त - **भारतीय तथा पाश्चात्य काव्यशास्त्र**, कानपुर ।

१९६. थापा, डा. मोहन हिमांशु - **साहित्य परिचय**, साझा प्रकाशन ।

यस अतिरिक्त **वक्रोक्तिका भेदहरू, काव्य तथा समीक्षा सिद्धान्तमा वक्रोक्तिको स्थान र महत्व**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 14.9 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

३१. वक्रोक्तिको सामान्य परिचय ।

..........................................................................................

.......

..........................................................................................

.......

..........................................................................................

.......

**(प्रश्न १ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १४.२ को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

३२. वक्रोक्तिका भेदहरू ।

..........................................................................................

.......

..........................................................................................

.......

..........................................................................................

.......

**(प्रश्न २ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १४.३ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

३३. समीक्षा सिद्धान्तमा वक्रोक्तिको स्थान ।

…………………………………………………………………………………

…….

…………………………………………………………………………………

…….

…………………………………………………………………………………

…….

**(प्रश्न ३ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १४.४ को खण्डमै उत्तर खोज्न सक्नेछन् )**

३४.समीक्षा सिद्धान्तमा वक्रोक्तिको महत्व ।

…………………………………………………………………………………

…….

…………………………………………………………………………………

…….

…………………………………………………………………………………

…….

**(प्रश्न ४ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १४.५ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

३५. वर्णविन्यास वक्रता, पदपूर्वाद्ध वक्रता, पदपरार्ध वक्रता, वाक्य वक्रता।

…………………………………………………………………………………

…….

**Notes**

………………………………………………………………………………………

…….

………………………………………………………………………………………

…….

(प्रश्न ५ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १४.३ को खण्डमा उत्तर खोज्न सक्नेछन् )